CC-0. Digitized by eGangotri and MIDF- Delhi

# योग वाशिष्ट

[वैराग्य प्रकरण]

लेखक

स्व. कृष्ण भक्त श्रेष्ठ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# योग वाशिष्ट
## (वैराग्य प्रकरण)

लेखक

**स्व. कृष्णभक्तश्रेष्ठ**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तक:– योग वाशिष्ट (वैराग्य प्रकरण)

प्रकाशक:– तुलसी माया श्रेष्ठ

मूल्य:– . . . .

मुद्रक:– आभा छापाखाना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# ईश्वर तिमी छौ जता-तता

ईश्वर तिम्रो दिव्य छटा,
फैलिरहेको जता - तता,
खोजूँ कसरी कता-कता,
ईश्वर तिमी छौ जता-तता ।।१।।

लोक-लोकको तह-तह भिन्न,
सुन्दर प्राणी चित्र-विचित्र,
हृदय पवित्र मानवता,
कहाँ म खोजूँ कता-कता ।।२।।

बाग-बँगैंचा रूप अनेका,
नाना रंगी फूल फुलेका,
मस्त-भ्रमरी-कीट घुमेका,
खोजिरहेका जता-तता ।।३।।

व्यापकताको जुन हो खास,
ज्योति झलमल दिव्य प्रकाश,
कण-कणमा जो रहेको भास,
ईश्वर तिम्रो हास-विलास, ।।४।।

ईश्वर तिम्रो दिव्य छटा,
फैलिरहेको जता-तता,
खोजूँ कसरी कता-कता,
ईश्वर तिमी छौ जता-तता,

लेखकः- कृष्णभक्त "दु"
चाबहिल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# उपोद्घात

श्रुति-स्मृति-पुराण एव प्रागैतिहासिक धर्मग्रन्थ अनुसार त्रेतायुगीन सूर्यवंशी सम्राट दशरथका शेषपछि राज्याधिकार भएका जेठा छोरा श्रीरामलाई यौवराज्यको अभिषेक दिने निर्णय राजसभाबाट पारित भएपछि झन विरक्त र एकान्तवासी हुन थालेका रामलाई क्रमैले सबैले आफ्ना आफ्ना तरीकाले संझाइ–बुझाइ गरेपछि पनि झनझनै तटस्थ हुन थालेको देखि राजगुरु तथा कुलगुरु महर्षि वसिष्टले ,,किन यसरी तिमी व्यस्त्रिएका? साम्राज्यभरका व्यक्ति-व्यक्तिमा आनन्दोल्हासले चकाचौंध पारेको छ भनै यस्तो महिमामय यौवराज्यको प्राप्ति के सुखकारी भएन? तिमीले त युवा राजा भई आफ्ना तथा प्रजाका लागि सुखैश्वर्य भरि दिनु छ, वूढा-राज्यभार थाम्दा थाम्दा शारीरिक र कार्मिक रूपले थाकिसकेको पिताको भार संपूर्ण थामेर प्रतापी सूर्यवंशको रौनकमा परिपूर्ण प्रकाश भर्नु छ तिमीले त युवराज ! भने''

कुलगुरुको विषययोगको महान् प्रलोभन र हौसलादिलाइ सुनेर श्रीरामले वेदान्त दर्शनको अवलम्बन गरी जो जे भने ती कुरालाई लिएर आफ्ना प्रश्नहरुसंग संलग्न पारी महामुनि वसिष्टले वेदान्त चिन्तनका आधारमा रचिएको योगवासिष्ट नामक महान् ग्रन्थको वैराग्य प्रकरण नामको यो एक प्रकरण मात्र हो। वेदान्त तत्वको बारेमा योगवासिष्ट सर्वोच्चकोटिको ग्रन्थ मानिन्छ । साथै वेदान्त शास्त्रमा चिन्तन अनुचिन्तन प्रतिचिन्तन गरिने परंपरा वा पाठशालाको क्रम चालू हुनुभन्दा कहिले-कहिले अघिको प्राचीन परिपाटीमा रचित यस ग्रन्थले आफ्नो विषयको प्रवर्तन नै गरिदिएको छ भन्दा अतिशयोक्ति हुने कुरै भएन । अपितु यो ग्रन्थ नै वेदान्ततत्व चिन्तनको निम्ति गुरुग्रन्थ भने हुन्छ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ाचीन वेदान्त सम्बन्धी विषयको रचना संभवतः यसभन्दा पुरानो पा-न मुश्किल होला ।

यस्तो उत्तम ग्रन्थरत्नको नेपाली राष्ट्रभाषामा भाषान्तरित हुनु कम हत्वको कुरा होइन, र स्व. कृष्णभक्तज्यू एक कर्मण्य चिन्तनशील व्यक्ति हुनुहुन्थ्यो भन्ने कुरा गर्नु पनि वास्तवमा यहाँ त्यति उपयुक्त पनि न्न किनभने वहाँको मननशीलताको प्रमाण यही ग्रन्थ हाम्रो समक्ष स्तुत छ । प्रमाणान्तरको निम्ति पनि पछि परन्तुसम्म वहाँको उत्तराधिकारी श्रीमती सुपुत्र आदिको सहृदयता जागरुक भइरहेमा यस्ता बाईसौं करणका ग्रन्थरत्नहरु क्रमशः हामी पढ्न पाउने छौं । म त आशा तथा रोसा राख्दछु वहाँहरुमा यस्ता सदाशय, भाषाप्रीति, नेपाली माया था जागरुकताको अभावले कहिले पनि बाधा नपारोस्, यसरी नै सामान्य शुद्धाशुद्धिसम्म भए पनि पाण्डुलिपि हेर्ने अवसर पाउँदा म आफूलाई कृतकृत्य ठान्दछु । अस्तु !

२०४६ रामनवमी । —वसन्त कुमार शर्मा 'नेपाल'
चावेल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

# योगवासिष्ट

## प्रथम खण्ड

## वैराग्य प्रकरण

### प्रथम सर्ग

यतः सर्वाणि भूतानि प्रतिभांति स्थितानि च ।
तत्रैवोपशमं यांति तस्मै सत्यात्मने नमः । १
ज्ञाता ज्ञानं तथा ज्ञेयं द्रष्टा दर्शन दृष्य भूः ।
कर्ता हेतुः क्रिया यस्मात्तस्मैज्ञप्त्यात्मने नमः २।
स्फुरंति सीकरा यस्मादानंदस्या वरे वनौ ।
सर्वेषां जीवनं तस्मै ब्रह्मानंदात्मने नमः ३।

#### भाषा

जस्बाट सब ती भूत उत्पन्नस्थिति आलय ।
सत्ता त्यो खास ब्रह्म को सत्य आत्मा नमानमः १
ज्ञाता ज्ञान तथा ज्ञेय, दृश्य द्रष्टा सुदर्शन ।
कर्म-कर्ता-क्रिया शुद्ध-ज्ञान आत्मा नमो नमः २।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**प्राणीका जीवनाधार स्फुरणा चेतना मन ।**
**आनंदै भावमा व्याप्त ब्रह्म-आत्मा नमोनमः ३।**

भावार्थः– जसबाट आकाशादि सम्पूर्ण महाभूत प्रकट हुन्छन् अर्थात् प्रतीत भै सबैमा देखापरेको छ र स्थितिको बेलामा जसको सत्ताबाट स्थित रही नै रहेको छ तथा प्रलय-कालमा जन सत्ता मात्रामा प्रलीन हुने गर्दछ त्यही सत्य-स्वरूप परब्रह्ममा नमस्कार तथा प्रणाम छ ॥१॥

ज्ञाता (जान्ने) ज्ञान - ज्ञेय (जानिने विषय), द्रष्टा (देख्ने) दर्शन-दृश्य (देखिने विषय) समस्त प्राणी-इन्द्रियादि-को ग्रहण गर्ने कर्ता अर्थात् गर्ने भएका हेतु र क्रिया, यी सबैको जुन परब्रह्मबाट अविर्भाव हुने हुन्छ त्यही ज्ञानस्वरूपमा अर्थात् ज्ञानरूप आत्मामा मेरो नमस्कार तथा प्रणाम छ ॥२।

जसबाट स्वर्गदेखि लिएर भूमि, पाताल आदि समस्त लोकहरूमा जलका कणहरू झैं अमन्दानन्दका कणहरू स्फुरित भैरहने हुन्छ र सम्पूर्ण प्राणी मात्रको जीवनको आधारस्वरूप परिपूर्ण चित्स्वरूप आनन्दको महासागर परब्रह्म परमेश्वरमा नमस्कार तथा प्रणाम छ ॥३॥

**सुतीक्ष्णो ब्राह्मणः कश्चित्संशयाकृष्ट मानसः ।**
**अगस्तेराश्रमं गत्वा मुनिं पप्रच्छ सादरम् ४।**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भगवन् धर्मतत्त्वज्ञ सर्वशास्त्र - विनिश्चित ।
संशयोऽस्तिमहानेकस्त्वमेतं कृपया वद ५।
मोक्षस्य कारणं कर्म ज्ञानं वा मोक्ष-साधनम् ।
उभयं वा विनिश्चित्य एकं कथय कारणम् ६।

भाषा

सुतीक्ष्ण ब्राह्मणैमा नै भयो शंका जसै मन ।
आस्ति आश्रमैमा गै साधे लो त्यो झुकेर ४।
भगवन् धर्म तत्त्वज्ञ सर्वशास्त्र विशारदा !
शंका मेरो विनासै लौ गर्नुहोस गरो कृपा ५।
मोक्षको कारणै कर्म ज्ञान वा मोक्ष-साधना ।
दुई मध्ये कुनै एक सुन्न पाउँ सुनिश्चित ६।

भावार्थः- परापूर्वकालमा सुतीक्ष्ण नाम गरेका ब्राह्मण-को हृदयमा संशय समुत्पन्न भयो र तिनले अगस्त्य-आश्रममा गएर उनले श्रद्धापूर्वक श्री अगस्त्यमुनिज्यूसँग विनम्रतासाथ सोध्नुभयो– हे भगवन् ! तपाईं खास धर्मको यथार्थ तत्त्व-हरूका पूर्ण ज्ञाता हुनुहुन्छ र साथै समस्त शास्त्रहरूका सुनिश्चित ज्ञानले सुसम्पन्न हुनुहुन्छ । ममा एउटा भारी शंका मनमा लाग्यो, त्यसैको निवारणार्थ म प्रभुकै सामु आएको छु । अनुग्रहपूर्वक त्यसको उचित सुन्दर समाधान गरिदिनु-होस् । परम पुरुषार्थ मोक्षको साधन कर्म हो कि, ज्ञान हो ?



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अथवा ज्ञान र कर्म नै यसको कारण हुन्छ कि यस मध्ये एउटा निश्चय जुन छ त्यो साधन राम्रो तर्फ कावाट बताइदिनुहोस् जो सुनेर मोक्ष हुने साधना गर्न सकूं ।

श्री अगस्त्य -उवाचः--

उभाभ्यामेव पक्ष्याभ्यां यथा खे पक्षिणां गतिः ।
तथैव ज्ञान-कर्मभ्यां जायते परमं पदम् ७।
केवलात्कर्मणो ज्ञानान्नहि मोक्षोऽभिजायते ।
किंतूभाभ्यां भवेन्मोक्षः साधनं तूभयं विदुः ८।।

भाषा

पंछी जो उड्नलाई पखेटा दुइटा पर ।
त्यस्तै नै मोक्षको लागि कर्म-ज्ञान सुसाधन ७।
केवल ज्ञान वा कर्म एक्लै हुन्न साधन ।
दुवै नै चाहिने हुन्छन् मोक्ष-ब्रह्म सुमिलन ८।

भावार्थः— श्री अगस्त्य मुनि सुतीक्ष्णको यस्तो महा जटिल प्रश्न सुनेर बोल्नुभोः— हे ब्रह्मन् ! जसरी आकाशमा उड्नलाई पंछीहरु अपनो दुई पखेटा प्रयोग गर्दछन्, त्यस्तै नै मोक्ष-भूमिमा जान ज्ञान र कर्मको प्रयोग गर्नुपर्ने हुन्छ । न त केवल कर्मबाट र न त ज्ञानबाट हुन्छ, दुवै समान रूपले साधक-ले प्रयोग गरेमा मात्र मोक्ष-पदको भूमिमा जान सकिने हुन्छ ।

अस्मिन्नर्थे पुरावृत्तमितिहासं वदामि ते ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कारुण्याक्षः पुरा कश्चिद् ब्राह्मणोऽधीतवेदकः ९।
अग्निवेशस्य पुत्रोभूद् वेदवेदांगपारगः ।
गुरोरधीतविद्य सन्नाजगाम गृहं प्रति १० ।
तस्थावकर्मकृ त्तूष्णीं संशयानो गृहे तथा ।
अग्निवेश्यो विलोक्याय पुत्र कर्मविवर्जितम् ११।
प्राह एतद् वचोनिन्द्यं गुरुः पुत्रं हिताय च ।
किमेतत्पुत्र कुरुषे पालनं न स्वकर्मण : १२।
अकर्मनिरतः सिद्धिः कथं प्राप्स्यसि तद्वद ।
कर्मणोस्मान्निवृत्तोः किं कारणं तन्निवेद्यताम् १३

भाषा

भन्दछु म यही यस्तो पहिलेको कथा अब ।
कारुण्याक्ष कुनै एक ब्राह्मणै थ्यो विचारक ९
पुत्र त्यो अग्निवेशैको वेदवेदांग पुस्तक ।
गुरुबाटै पढेरै नै आए त्यो घरमा जब १०।
कर्म त्यो नगरी त्यस्तै बसे लौ घरमा पर ।
पिताले पुत्रको चाल देखेर अति विस्मित ११
उसैको हितको लागि निन्दा गर्दै सुतैकन ।
गर्दैनौ किन यो कर्म आफ्नो धर्म सनातन १२।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**नगरे कर्म लौ सिद्धि कसरी प्राप्त लौ भन ।**
**हटेको किन हो यस्तो पढ्यौ शास्त्र अकारण १३।**

भावार्थ :– यस विषयमा एक परम प्राचीन इतिहास छ, त्यही म तिमीमा वर्णन गर्दछु । पुरातन समयमा कारुण्य नामको ब्राह्मण थियो उसको पिताको नाम अग्निवेश्य थियो । कारूण्य आफ्नो गुरुकुलबाट वेद-वेदाङ्ग सबै विद्या अध्ययन समाप्त गरी आफ्नो घरमा फर्केको थियो । आफूले पढेका विद्याको केही मर्म नबुझेर केवल बाहिरकै भावमा ऊ ब्राह्मणोचित कर्महरू नगरी एकदम चुपचाप लागेर बस्न थाल्यो र ऊसको मनमा अति शंका लागिरहेको थियो शंका उपशंका गरिरहन्थ्यो । अपनो पुत्रको त्यस्तो चाल देखेर उसका पिताले बोलाएर भने "बाबु तिमीले गुरुकुलमा विद्या पढेर आएको त्यहीं बमोजिम आफ्नो परम्परानुगत सन्ध्या-वन्दना स्नान ध्यान गर्ने जुन वैदिक कर्म हो त्यो किन पालन गर्दैनौ ?" यदि तिमी आफ्नो विप्रोचित एवं शास्त्रविहित सत्कर्महरूको अनुष्ठान गर्दैनौ भने कसरी सिद्धि प्राप्त गर्ने हुन्छौ - यो सबै कुरो बताऊ, चुपचाप लागेर बस्ने कारण के हो ?" १३

**कारुण्योवाच:--**

**यावज्जीवमग्निहोत्रं नित्यं संध्यामुपासयेत् ।**
**प्रवृत्तिरूपो धर्मोथ श्रुत्यास्मृत्या च चोदित: १४।**
**न धने न भवेन्मोक्षः कर्मणा प्रजया न वा ।**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्याग मात्रेण किंत्वेकेन तयोऽश्नंति चामृतम् १५।
इतिश्रुत्योर्द्वयोर्मध्ये किं कर्तव्यं मया गुरो।
इति संदिग्धतां गत्वा तूष्णीभूतोस्मि कर्मणि१६।

भाषा

नित्य संध्या तथा होत्र गर्नु त्यो जीवनैभर।
स्मृति श्रुति यहाँ वाक्य प्रवृत्ति मार्गकै तर १४
निवृत्ति मार्ग मोक्षैको न धनै न जनै मन।
प्रवृत्ति गृहकार्यैमा मोक्षप्राप्ति असम्भव १५
श्रुति दुवैविषे कुन गर्नुपर्ने हो पालन।
शंका यै मनमा हुन्छ, उदासी नै छ जीवन १६।

भावार्थः-कारूण्य आफना पिताजीमा भन्दछन्:—"पिताजी! जीवनं भरी अग्निहोत्रको साथै सन्ध्या वन्दन आदि कर्महरू गर्नुपर्छ-यस्तो श्रुति र स्मृति सबैमा प्रतिपादन गरिएको छ, तर यी सबं प्रवृत्तिकै रूप भएका धर्म हुन्, यो कर्मानुष्ठान बाटै हुने कुरो छ, मोक्ष पुरुषार्थ प्राप्तिको लागि यो कुनै पनि हुन आउँदैन अर्थात् गार्हस्थ्यमा रहेर सन्तानोत्पादनबाट मोक्ष प्राप्ति सम्भवं छैन। यतिगणहरू केवल यी सबै त्याग गरेरै अमृतरूप मोक्षको आनन्द प्राप्त गर्ने हुन्छन्। यी दुवै श्रुतिहरूमा जुन आदेशपालनाका उल्लेखहरु छन्, तसर्थ अब मैले कुन चाहिं ठीकसँग पालना गरे मेरो कल्याण हुने हो यही मनमा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



संशय भैरहेको छ र साथै सबै कर्मानुष्ठानहरुबाट अर्थात् मोक्षप्राप्तिको लागि के गर्नुपर्ने कर्तव्य हो त्यो बुद्धि-दोषले गर्दा म त एकदम उदासीनतामा परिरहेको छु।

इत्युक्त्वा तात विप्रोऽसौ कारुण्यो मौनमागतः ।
तथाविधं सुतं दृष्ट्वा पुनः प्राह गुरुः सुतम् १७।
शृणु पुत्र! कथामेकां त्वदर्थं हृदयोऽखिलम् ।
मत्तोवधाय पुत्र तत् यथेच्छसि तथा कुरु १८।

भाषा

पिताजी! यस्तो यो वाक्य भनी चूप त्यो कारुण
पुत्रको भाव त्यो देखी बोल्नुभो ऋषिज्यू अब
कथा लौ सुन यो एक चित्त दिई परै मन ।
बुझेमा तिम्रो कल्याण गर्नुपर्ने जो छ गर १८।

भावार्थः— कारूण्यविप्र पिताजी! भनी उनी मौन भएर बसे। पुत्रको त्यस्तो सरल भाव देखेर अग्निवेश बोल्नुभो :- बाबु! हेर म यसै सम्बन्धको कथा तिमीमा सुनाउँछु जसबाट तिम्रो चित्तमा लागेको दोष- निवारण हुनेछ, त्यसपछि तिम्रा जुन कर्तव्य हो तिमी आफैं गर्नेछौ।

सुरूचिर्नामा काचित्स्त्री अप्सरोगण-उत्तमा ।
उपविष्टा हिमवतः शिखरे शिखिसंवृते १९।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रमन्ते काम-संतप्ताः किन्नर्यो यत्रकिन्नरैः ।
स्वर्धुन्योघेनसंसृष्टे महायौघविनाशिना २०।

भाषा

वैराग्य प्रकरण प्रथम सर्ग

अप्सरामा जति राम्रो सुरुचि नामकी परी ।
हिमकै पर्वतैमाथि बसेकी भाव-सुन्दरी १९ ।
पुष्प-पल्लव-वृक्षादि वनै त्यो रमणस्थल ।
झर्ना गंगाबिचै गान मस्त त्यो किन्नरै गण २०।

भावार्थः– अप्सराहरूमा स्वभावतः त्यसै नै सौन्दर्य-राशि विद्यमान हुन्छ तापनि तिनमा न्यूनाधिक्यता भएकै हुन्छ। त्यस्तै चित्तको चंचलतावश सुरुचि नामकी अप्सरामा अति राम्री श्रेष्ठ सुन्दरी हिमालयको शिखरमा एक दिन बिहार गर्न गएकीले प्राकृतिक दृश्यको अवलोकन हुँदा मन त्यसै मुग्ध हुने– जुन स्थानमा किन्नर किन्नरी गणहरू कामले संतप्त भै रमण गर्दै हुन्छन् । त्यसै स्थान गंगाजीको कलकल नादको मधुर शब्द भर्ने बहिरहेको किनारमा मग्न आनन्दमा सुरुचि बसेकी थिइन् ।

दूतमिन्द्रस्य गच्छन्तमन्तरिक्षे ददर्श सा ।
तमुवाच महाभागा सुरुचिश्चाप्सरो बरा २१ ।

भाषा

अन्तरिक्ष-मार्गबाट इन्द्रकै दूत लौ अब ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आएको देखीती बोले सुरुचि मधुरै स्वर २१।

भावार्थः– त त्यसै वेलामा अन्तरिक्षको मार्गबाट इन्द्रको दूतलाई सुरुचिले देखिन् र बोलिन् :–

देवदूत महाभाग कुत आगम्यते त्वया ।
अधुना कुत्र गंतासि तत्सर्वं कृपया वद २२ ।

भाषा

देवदूत महाभाग! सोद्धछु म यसै मन ।
कहाँबाट तिमी आयौ, जानु छ लौ कहाँ भन२२।

भावार्थः– हे महाभाग देवताका दूत ! म विनयपूर्वक यही सोद्धछु कि तपाईं कहाँबाट आउनुभएको र अब कहाँ जानुहुन्छ, भन्नु हुने भए कृपया भन्नुहोस् ।

देवदूतोवाचः–

साधु पृष्टं त्वया सुभ्रू यथावत्कथायामि ते ।
अरिष्टनेमि राजर्षि दत्वा राज्य सुताय वै २३ ।
वीतरागः स धर्मात्मा निर्ययौ तपसेवनम् ।
तपश्चरत्यसौ राजा पर्वते गंधमादने २४ ।
कार्यं कृत्वा मया तत्र तत् आगम्यतेधुना ।
गंतास्मि पार्श्वे शक्रस्य तं वृत्तान्तं निवेदितुम्२५।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

तिमीबाट जो भो प्रश्न भएको भन्दछु कथा ।
अरिष्टनेमि राजा त्यो राज्य दिई सुतै महा२३।
वैराग्ययुक्त धर्मात्मा वनैमा तपसाधन ।
गरेको जुन हो खास गंधमादन पर्वत २४।
गरी सम्पन्न कार्य त्यो फर्केको जान लौ अब ।
इन्द्रदेवै समीपैमा विन्ति गर्नु छ लौ सब २५।

भावार्थः– श्री देवदूतले सुरुचिमा बोले :- हे सुभ्रू! तपाईंले मसँग जुन राम्रो कुरो सोध्नुभएको हो त्यसको उत्तर म ठीकसँग बताउँछु कि एउटा अरिष्टनेमि राजा थिए आफ्ना योग्य पुत्रलाई राज्यको शासनको भार सुम्पेर धीरात्मा भै त्यो धर्मात्मा तपश्चर्या गर्नलाई वनमा जानु भएको थियो । राजर्षि यही गन्धमादन पर्वतमा तपस्याको समाचरण गर्दै हुनुहुन्छ । म उहाँका समीपमा गएर आफ्नो कार्य समाप्त गरी त्यहाँबाट अहिले यहाँ आइरहेको छु । अब म इन्द्रदेवका समीपमा यो वृत्तान्त निवेदन गर्न जानेछु

सुरुचि उवाच:–

वृत्तान्तः कोभवत्तत्र कथयस्व मम प्रभो ।
प्रष्टुकामा विनीतास्मि नोद्वेगं कर्तुमर्हसि २६ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

भयो के लौ तहाँ त्यस्तो सुन्न इच्छा हुँदा प्रभो ।
वृत्तान्त भन्नु लौ नाथ नमानीकन नै झिजो २६।

भावार्थ:– अप्सरा सुवचि बोलिन् हे प्रभो! त्यहाँ के के भयो, त्यो कुरो मभा बताउनुहोस् जसमा सुन्न मनमा इच्छा भएको छ र तपाईं यसमा झिजो नमान्नुहोस् ।

देवदूतोवाच:–

श्टणु भद्रे यथा वृत्तं विस्तरेण वदामि ते ।
तस्मिन् राज्ञि वने तत्र तपश्चरति दुस्तरम् २७।
इत्याह देवराजेन शुभ्रू राज्ञापित स्तदा ।
दूत त्वं तत्र गच्छाशु गृहीत्वेदं विमानकम् २८।

भाषा

भएको जुन हो सार विस्तारै भन्दछु सुन ।
उग्र त्यो तप राजाको जानेर शीघ्रता पर २७ ।
आज्ञा भो इन्द्रबाटै त्यो ममाथि शीघ्रता तहाँ ।
विमानै साथमा लिई जाऊ है प्रेमले त्यहाँ २८।

भावार्थ:– देवदूतले भने - हे भद्रे! त्यहाँ जुन कुरो भयो त्यो सबै विस्तारसँग भन्दछु, अब ध्यान दिएर सुन, राजा बनमा परम दुस्तर तपयोगको साधना गरिरहेको कुरो इन्द्रदेवले जानेर मलाई बोलाई विमान साथमा लिएर राजालाई स्वर्गमा ल्याउन आज्ञा प्रदान गर्दै बोल्नुभो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अप्सरो गण संयुक्त नाना वादित्र शोभितम् ।
गंधर्व सिद्ध यक्षैश्च किन्नराद्यैश्च शोभितम् २९।
ताल वेणु मृदंगादि पर्वते गंधमादने ।
नाना वृक्ष समाकीर्णे गत्वा तस्मिन् गिरौ शुभे३०।
अरिष्टनेमि राजानं दूतारोप्य विमानके ।
आनय-स्वर्ग भोगाय नगरीममरावतीम् ३१।
इत्याज्ञां प्राप्य शक्रस्य गृहीत्वा तद्विमानकम् ।
सर्वोपस्कर संयुक्तं तस्मिन्नद्रावहं ययौ ३२ ।

भाषा

नाना वाद्यादिले युक्त अप्सरागण शोभिता ।
गंधर्व सिद्ध यक्षै र किन्नरादि मनोहरा २९ ।
मृदंग वंशिको ताल पर्वत गन्धमादन ।
नाना वृक्षलता पुष्प फुलेका गिरिशोभन ३० ।
अरिष्टनेमि राजामा स्वर्गभोगार्थ लौ यहाँ ।
विमानैमा तिमी ल्याऊ आनन्दी स्वर्ग राज्यमा३१।
आज्ञा त्यो इन्द्रको मानी गएँ म लौ त्यसै स्थल ।
विमानै भोगको साथ सामान अरू मोहक ३२।

भावार्थः— अनेक दिव्य अप्सराहरुले युक्त भएका अनेक प्रकारका वाद्ययन्त्रले शोभित भएका, जहाँ गन्धर्व,सिद्ध, यक्ष किन्नर किन्नरी आदि आनन्दले विहार गरिरहेका, त्यस्तो



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



परम शुभ रमणीय स्थल गन्धमादन पर्वतमा जाऊ,जहाँ ताल तालमा मृदंगादिवंशी आदिको नाद शोभासम्पन्न तथा नाना मनोहर वृक्ष लता पुष्पहरू फुलेका शुभगिरि शोभित भएको छ। त्यहाँ अरिष्टनेमि राजा तपस्या गरिरहनु भएको छ । त्यहीं तपस्वी राजालाई यही विमानमा स्वर्गसुखको भोगको लागि शीघ्र लिएर आऊ । यस्तो इन्द्रको आज्ञा मानी, हे सुभ्रे, म त्यस शोभित गिरिमा गएको थिएँ ।

**आगत्य पर्वते तस्मिन् राज्ञो गत्वाश्रमं मया ।**
**निवेदिता महेन्द्रस्य सर्वाज्ञारिष्टनेमये ३३ ।**
**इति मद्वचनं श्रुत्वा संशयालो वदच्छु मे ।**
**प्रष्टुमिच्छामि दूत त्वां तन्मेवं ववतुमर्हसि ३४।**
**गुण दोषाश्च के तत्र स्वर्गे वद समाग्रतः ।**
**ज्ञात्वा स्थितिं तु तत्रस्थां करिष्यंउ हं यथारुचि३५।**

**भाषा**

**अरिष्टनेमिका सामु गएँ म पर्वतैमहाँ ।**
**इन्द्रको जुन हो आशा सबै मैले भनें त्यहाँ /३३/**
**वचन्मेरो सुनी यस्तो मन्मा शंका लिईकन ।**
**नृपैले सोधनु भो फेरि, इच्छा मेरो छ सोधन /३४/**
**वताऊ गुण र दोष स्वर्गको जुन हो तहाँ ।**
**जानेर निश्चितै गर्छु इच्छामाफिक त्यो ममा/३५/**

भावार्थः– त्यस रमणीय सुन्दर पर्वतमा गई श्री महेन्द्रको आज्ञा सविस्तार पूर्वक राजा अरिष्टनेमिमा निवेदन गरें।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मेरो वाणी सुनेर मनमा शंका लिई ममा सोधे– हे दूत! म यो सोध्न इच्छा गर्छु कि अब मेरे सामु स्पष्टसँग यो कुरो भन्नु-होस् कि स्वर्गमा जहाँ मलाई लै जान तपाईं आउनुभएको हो त्यहाँको वातावरण, गुण, दोष के के छ बताउनुहोस्, जसमा सुनेर अर्थात् त्यहाँको स्थितिको पूर्ण ज्ञान प्राप्त गरी यथा रुचि म गर्नेछु ।

दूतोवाचः–

स्वर्गे पुण्यस्य सामग्र्या भुज्यते परमं सुखम् ।
उत्तमेन तु पुण्येन प्राप्नोति स्वर्गमुत्तमम् /३६/
मध्यमेन तथा मध्यः स्वर्गो भवति नान्यथा ।
कनिष्टेन तु पुण्येन स्वर्गो भवति तादृशः/३७/
परोत्कर्षा सहिष्णुत्वं स्पर्धा चैव समैश्च तैः ।
कनिष्टेषु च संतोषो यावत्पुण्यक्षयो भवेत् /३८/
क्षीणे पुण्ये विशंत्येते मर्त्यलोकं च मानवाः ।
इत्यादि गुण-दोषाश्च स्वर्गे राजन्नवास्थिता/३९/

भाषा

स्वर्गमा सुखको भोग पुण्यानुसारको तहाँ ।
अत्युत्तम पुण्यकै फल अत्युत्तम सुख नै त्यहाँ /३६/
मध्यम ठीकको पुण्य मध्यम सुख-भोग छ ।
कनिष्ट पुण्यको फल देख्न सुन्न त्यो पाउँछ /३७/
उच्च अर्को देखे डाह, समानैमा रिसै पर ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कनिष्टैमा छ सन्तोष, क्षीणपुण्ये भए तर /३८/
पुण्ये क्षीण भए फेरि प्रवेश मृत्युलोक छ ।
गुण-दोष स्वर्गको यो रहेको बुझ्न लौ नृप /३९/

भावार्थ.– दूत बोल्दछ– राजन्! स्वर्गमा पुण्यको सामग्रीको प्रभावले परम सुखको उपभोग हुनेछ । अत्यधिक एवं अत्युत्तम पुण्यद्वारा उत्तम स्वर्गको प्राप्ति हुने हुन्छ । स्वर्गमा पनि आफूभन्दा उच्चासनमा बसेर सुखभोग गर्नेहरूलाई देखेमा मनमा डाह ईर्ष्याले असह्य वेदना उठ्ने र आफू समान सङ्गेमा स्पर्धाको भावना हुने र आफूभन्दा अलि तल कनिष्ट श्रेणीको भए देखेमा अभिमान तथा सन्तोष मानिने प्रवृत्ति हुने हुन्छ । हे राजन्, जब पुण्य सकिदै जान्छ अनि तिनीहरू कर्मानुसारको भोग गन फेरि मर्त्य-मण्डलमा झर्नुपर्ने हुन्छ । स्वर्गको गुण र दोष यही हो ।

इति श्रुत्वा बच्चो भद्रे स राजा प्रत्यभाषत ।
नेच्छामि देवदूतोहं स्वर्गमीदृग्विधं फलम् /४०/
अतः परमहोग्रं तपः कृत्वा कलेवरम् ।
त्यक्ष्याम्यहमशुद्धं हि जीर्णां त्वचमिवोरगः /४१/
देवदूत ! विमानेदं गृहीत्वा त्वं यथागतः ।
तथागच्छ महेन्द्रस्य सन्निधौ त्वं नमस्तुते /४२/

भाषा

बाणी सुनेर राजाले दिनु भो यही उत्तर ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



न इच्छा स्वर्गमा जान नभोगै फल लौ पर /४०/
अतः म तप गर्दै नै बिताउँछु यो जीवन ।
जीर्ण वस्त्र सरो हेर छोड्छु म देह यो वन /४१/
देवदूत विमानै या लिई फर्क अब त्यहीं ।
गर्छु म यो नमस्कार, आनन्द मानिल्यो तिमी /४२/

भावार्थः– हे भद्रे, मेरो यो कथन सुनेर राजाले यो भने कि हे दूत! यस प्रकारको गुण र दोषले भरिएको स्वर्ग फल भोग्न तथा बस्न मलाई इच्छा छैन। जुन कि परिणाममा चक्रवत् घुमि नै रहनु पर्ने। अब म फेरि उग्र तप गर्दै यो कलेवर छोड्ने छु, जुन कि यो देह अशुद्ध तथा जीर्ण हुने स्वभावको तन सर्पले काँचुली फेरे झैं फेर्नै हुन्छ। तपाईं जुन मार्गबाट आउनुभएको हो त्यही मार्ग फर्कनुहोस् र यो विमान पनि साथै लैजानुहोस्, तपाईंमा मेरो नमस्कार छ।

इत्युक्तोहं गतो भद्र, शक्रस्याग्रे निवेदितुं ।
यथावृत्त निवेद्याथ महदाश्चर्यतां गतः /४३/
पुनः प्राह महेन्द्रो मां श्लक्ष्णं मधुरया गिरा ।
दूत गच्छ पुनस्तत्र तं राजानं नयाश्रमम् /४४/
वाल्मीके र्ज्ञाततत्वस्य स्वबोधार्थं विरागिणम् ।
संदेशं मम वाल्मीके महर्षेस्त्वं निवेदय /४५/

भाषा

भनेको सुनि लौ फर्के, इन्द्र साम्नु निवेदन ।
वृत्तान्तैका कुरा सुनी आश्चर्य भावना मन /४३/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सोचेर इन्द्रले फेरि अति नम्र मधुरस्वर ।
गरी बोले फेरि जाऊ राजाकै आश्रमै पर /४४/
लैजाऊ ज्ञान प्राप्तिको राग शून्य नरेन्द्रमा ।
बाल्मीकि आश्रमै सामु, सन्देश मेरो यो तहाँ/४५/

भावार्थः— देवदूतले सुरुचिमा भन्नुहुन्छः— हे भद्रे यस्तो प्रकारले राजाले भनेको हुँदा म स्वर्गमा विभानसाथ फर्केर महेन्द्रको सामु उपस्थित भई सारा भएको वृत्तान्त निवेदन गरें। यो मेरो निवेदन सुनेर देवताका राजा इन्द्रमा बड़ो आश्चर्य तथा हर्षमान भै फेरि नम्र तथा मधुर स्निग्ध स्वरले मलाई भन्नुभो! हे दूत! अब फेरि म आज्ञा यो गर्छु कि त्यो राग-द्वेषदेखि रहित राजामा यथार्थ ज्ञानको अधिकारी हुँदा श्री बाल्मीकि ऋषिज्यूको आश्रममा पुऱ्याई मेरो तर्फबाट यही सन्देश सुनाउनू कि यी राजा ब्रह्मज्ञानको अधिकारी भएको हुँदा यिनलाई यथार्थ ज्ञान प्रदान गर्नुहुन्यैछ ।

महर्षे त्वं विनीताय राज्ञेस्मै वीतरागिणे ।
नस्वर्गमिच्छते तत्त्वं प्रबोधय महामुने /४६/
तेन संसार दुःखार्तो मोक्षमिच्छति च क्रमात् ।
इत्युक्त्वा देवराजेन प्रेषितो हतदंतिके /४७/
स्याागत्य पुनस्तत्र राजा बाल्मीक जन्मने ।
निवेदितो महेन्द्रस्य राज्ञा मोक्षस्य साधनम्/४८/

भाषा

महर्षे ! विन्ती छ मेरो शून्यराग छ यो नृप ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



न स्वर्ग सुखको इच्छा, तत्त्व ज्ञानार्थ लायक/४६/
संसार दुःखले आर्त भएको प्रभु यो नृप।
'दिनू लौ तत्वकै ज्ञान, 'सुनाऊ जाऊ लौ अब/४७/
फेरि म नृप कै साथ गएँ बाल्मीकि आश्रम।
सुनाएमा बोले राजा मुनिमा मुक्ति–साधन/४८/

भावार्थः– हे महामुने! हे महर्षि- प्रवर! विनयशील वीतराग तथा स्वर्ग जस्तो ऐश्वर्य सुखको शुभ स्थानको पनि इच्छा नभएको यी राजालाई तत्त्वज्ञानको उपदेश दिनुहोस्। यी जन्म-मरण रूप सांसारिक दुःखबाट उत्पीडित छन् तसर्थ तपाईंबाट प्रदान गरिएको तत्त्वज्ञानबाट अवश्यै मोक्ष लाभ गर्न सक्ने हुन्छन् भन्ने कुरा श्री वाल्मीकिज्यूमा मेरो तर्फबाट निवेदन गर्नू। पुनः राजा अरिष्टनेमिलाई साथमा लिई इन्द्राज्ञानुसार पुऱ्याई निवेदन गरें। अनि ती राजाले श्री महर्षिका समीपमा मोक्षको साधन सोध्नुभो।

ततो वाल्मीकजन्मासौ राजानं समपृच्छत।
अनामयमति प्रीत्या कुशल प्रश्न वार्तया /४९/

भाषा

महर्षि बाल्मीकिज्यूले प्रसन्नै भावमा मन।
सोध्नु भो आदरै प्रेम कुशल क्षेमकै तन /४९/

भावार्थः–त्यस उप्रान्त महर्षि वाल्मीकि ज्यू परम प्रेम र प्रसन्नतासाथ राजामा क्षेम–कुशलको वार्ता आरम्भ गर्दै आरोग्यको खवर सोध्नुभयो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



राजोवाचः–

भगवन् ! धर्मतत्त्वज्ञ ज्ञात ज्ञेय विदां वर ।
कृतार्थोहं मम दृष्टया तदेव कुशलं मम /५०/
भगवन् ! प्रष्टुमिच्छामि तदविघ्नेन मे वद ।
संसार बन्ध दुःखार्तः कथं मुंचामि तद्वद /५१/

भाषा

भगवन्! धर्मको ज्ञाता, ज्ञानी योग्य महेश्वर ।
दर्शनै प्रभुको पाई कृतार्थ आज यो तन /५०/
सोध्न इच्छा प्रभु मेरो संसारै विघ्नकारक ।
दुःखबाट हुने मुक्त साधनै कुन हो भन /५१/

भावार्थः– राजाले मुनिज्यूलाई वन्दना गरी बोले:– हे भगवन् तपाईं धर्मको तत्त्वलाई भलीभाँती जान्नुहुन्छ र जानिने योग्य जो जति छन् ती सर्वबाट पूर्ण रूपले जान्नुहुन्छ । हे महामनीषिहरूमा परम श्रेष्ठ महर्षि प्रवर ! म प्रभुको दर्शनैबाट कृतार्थ भएको छु । यही नै मेरो परम कुशलता हो । हे भगवन् म प्रभुसँग यही प्रार्थना गर्दछु कि यो विघ्नकारी दुःखको हेतु यो संसारबाट कसरी मुक्ति भै ज्ञान लाभ गर्ने त्यो कुरो विस्तार पूर्वक साधन सहितको वाणी अमृत–रस पिउन पाऊँ ॥

वाल्मीकि उवाचः–

शृणु राजन् प्रवक्ष्यामि रामायणमखंडितम् ।
श्रुत्वावधार्थ यत्नेन जीवन्मुक्तो भविष्यसि /५२/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वसिष्ट राम संवादं मोक्षोपायकथां शुभाम् ।
ज्ञातस्व भावो राजेन्द्र वदामि श्रूयतां वुध /५३/

भाषा

सुन राजा ! म भन्नेछु पूर्ण रामायणै कथा ।
हुनेछ मुक्त त्यो खास सुन्नाले प्रेम धारणा /५२/
वसिष्ट-राम संवाद उपाय मोक्ष साधना ।
स्वभाव मति त्यो शुद्ध भावो आनन्द कामना/५३/

भावार्थ:– श्री महर्षिवाल्मीकि ज्यूले राजामा भन्नुभयो - राजन्! म अब सम्पूर्ण रामायणको कथा भन्नेछु। तपाई यसनूर्णमा ध्यान दिई श्रवण गर्नु भएमा वा धारण गर्नुभएमा तपाईमा यो जीवन मुक्तावस्था प्राप्त हुने हुन्छ ।

यो रामायण महर्षि वसिष्ट र रामजीको संवाद स्वरूपको छ तथा मंगलमयी रुचिकर भावमा पूर्णताको छ जसमा तपाई जस्तै शुद्ध हृदय र विद्वान नरेशले नै सुन्नु पर्ने लायकको छ र दुर्लभ कथा तपाई पूर्ण अधिकारी सम्झेर म तपाईमा सुनाउन लागिरहेको छु ।

ततः अरिष्टनेमी राजोवाचः–
को रामः कीदृशः कस्य वद्धो वा मुक्त एव वा ।
एतन्मे निश्चितं ब्रूहि ज्ञानं तत्त्व विदांवर /५४/.

भाषा

श्रीराम कुन हो, को हो बद्ध वा मुक्त जीवन ।
निश्चित ज्ञान जुन हो आज्ञाहोस् हे मुनिवर /५४/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थः- राजाले सोधे:- हे मुनिवर ! तपाई खास ज्ञानीहरु मा परम श्रेष्ठ हुनुहुन्छ साथै तत्वको पूर्ण ज्ञाता हुंदा मलाई यो बताउनुहोस् कि श्रीरामजी को हुनुहुन्छ र उहाँको स्वरुप कस्तो छ तथा कुन वंशमा उत्पन्न भएको तथा स्वयं बद्ध थिए वा मुक्त नै थिए ?

**महर्षि वाल्मीकि उवाच:-**

**शाप व्याजवशादेव राजवेषधरो हरिः ।**
**आहृता ज्ञान सम्पन्नः किंचिद्ज्ञो सोमवत्प्रभुः /५५/**

**भाषा**

**बहाना शापकँ लिई विष्णुले पृथिवी तल ।**
**लीला गर्ने अवतार स्वतन्त्र ज्ञानी ईश्वर /५५/**

भावार्थः- श्री वाल्मीकि ऋषिबाट आज्ञा भयो:- हे राजन् ! भगवान श्री हरि स्वयं शापको परिपालन गर्ने वहानाले राजा श्री रामचन्द्रको स्वरुपमा अवतीर्ण हुनु भएको थियो । प्रभु सर्वज्ञ भए तापनि भक्तहरूको वाणी सत्य प्रमाणित गर्नलाई स्वेच्छाले ग्रहण गरी अज्ञानी अल्पज्ञ झैं मानिसको रुपमा बन्नु-भएको थियो ।

**पुनः राजा पृच्छतिः-**

**चिदानंद स्वरूपं हि रामे चैतन्य विग्रहे ।**
**शापस्य कारणंब्रूहि कः शप्ता चेति मे वद /५६/**

**भाषा**

**चिदानन्द स्वरूपैका राम चैतन्य बिग्रह ।**
**शापको कारणै के हो, दिने शाप को हो भन /५६/**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थ :- फेरि राजा प्रश्न गर्नुहुन्छः- मुनिवर! श्रीराम जब चिदानन्द चैतन्यविग्रह हुनुहुन्थ्यो भने, उनलाई शापको ख्याल हुनु नपर्ने साथै शापको कारण के पर्न गयो र शाप दिने व्यक्ति को रहेछ ? कृपया स्पष्ट रूपमा संझाई बताउनुहोस् ।

सनत्कुमारो निष्काम अवसद् ब्रह्मसद्मनि ।
वैकुण्ठाद्दागतो विष्णु स्त्रैलोक्याधिपतिः प्रभुः ।५७।

भाषा

सनत्कुमार निष्कामी ब्रह्मकै निकटै स्थित ।
त्रैलोक्यपति श्री विष्णु ब्रह्मलोकै पुगे जब ।।

भावार्थः- श्री वाल्मीकि ऋषि आज्ञा हुन्छः- हे राजन्. ब्रह्माजीको मानस पुत्र सनत्कुमारजी पूर्ण रूपमा निष्काम भिए र ब्रह्माजीको निवासस्थानमा रहनु हुन्थ्यो । एक दिन त्रैलोक्यको अधिपति प्रभु श्री विष्णु भगवान् वैकुण्ठ लोकबाट ब्रह्मलोकमा जानुभएको थियो ।

ब्रह्मणा पूजितस्तत्र सत्यलोकनिवासिभिः ।
विना कुमारं तं दृष्टवा ह्युवाच प्रभुरीश्वरः ।५८।
सनत्कुमार स्तब्धोसि निष्कामो गर्वचेष्टया ।
अतस्त्वं भवकामार्तः शरजन्मेति नामतः ।५९।
तेनापि शापितो विष्णुः सर्वज्ञत्वं तवास्ति यत् ।
किंचित्कालंहि तत्यक्त्वा त्वमज्ञानी भविष्यसि।६०।

भाषा

निवासी सत्यलोकैका ब्राह्मणबाट पूजित ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कुमारै मात्र थ्यो चूप देखी बोले हरि पर ।५८।
चूप लाग्यौ कुमारैजी गर्वले तिमी लौ पर ।
कामार्त शरजन्माको देह लौ गर धारणा ।५९।
हरिको शाप थ्यो यस्तो सुनी बोले कुमारजी ।
सर्वज्ञबाट अल्पज्ञ नररूपा तिमी पनि ।६०।

भावार्थः– तहाँ विष्ण भगवान्को ब्रह्माजीले सविधि अभ्यर्चना गर्नुभो अरू सत्यलोक-निवासीहरूले पनि सत्कार-भावपूर्ण स्वागत पूजन गरका थिए। केवल सनत्कुमार मात्र चूपचाप लागेर बसेका थिए। यस्तो ब्रह्मज्ञानीको अहंकारको भावना बुझी भगवान् विष्णुले सनत्कुमारको हितको लागि बोल्नुभो,:- हे सनत्कुमार, तिमी जड़वत् चेष्टाहीन जड़समान भै बसेको हुँदा तथा गर्वले ज्ञानी हुँ भन्ने भावनाको कारण तिमी दण्डको भागी छौ, अतः तिमीले कामार्त शरजन्माको देह धारण गर्नुपर्नेछ। यस्तो विष्णु भगवान्का वाणी सुनेर मोहवश सनत्कुमारले पनि भने:- हे विष्णु! सर्वज्ञ भएर पनि यस्तो वचन ममा बोल्नुभएको हुँदा सर्वज्ञबाट अल्पज्ञ नररूप अज्ञानी साधारण जीवात्मा समान हुनुहुनेछ।

भृगुर्भार्याहितां दृष्ट्वा ह्युवाच क्रोधमूर्च्छितः ।
विष्णो तवापि भार्याया वियोगो हि भविष्यति।६१।
वृन्दया शापितो विष्णुश्छलनं यत्त्वया कृतम् ।
अतस्त्वं स्त्रीवियोगं तु वंचकनान्मया हयसि।६२।
भार्या हि देवदत्तस्य पयोष्णी-तीर-संस्थिता ।
नृसिंहद्वेषधृग्विष्णुं दृष्ट्वा पंचत्वमागता ।६३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



### भाषा

भृगुपत्नी हरिचक्र तेजले भस्म भो जब ।
सरापे भृगुले फेरि वियोगै पत्नीको पर ।६१।
छलै गर्दा बिष्णुमा नै वृन्दाको शापले पनि ।
वियोग पत्नीको भो लाग्न गो हरिमा पछि।६२।
नृसिंह रूप त्यो देखि पत्नी श्री देवदत्तको ।
तर्सेर प्राण त्यो छोड्दा बियोग-शाप त्यो पऱ्यो।६३।

भावार्थः— परापूर्व कालको समयको कुरा यो छ कि महर्षि भृगुकी पत्नी श्रीहरिको चक्रको तेजमा परी निहत भएकी थिइन् । यो देखी भृगुमा क्रोध उत्पन्न भएको थियो र क्रोधावेशमा श्रीहरिमा सराप दिए "हे विष्णु! तिमोले पनि मेरै जस्तो पत्नीको वियोगमा पर्नु परोस् । फेरि अर्को कुरा जालन्धरकी पत्नीलाई श्रीविष्णु भगवान्ले छल गर्दा वृन्दाले पनि पत्नी वियोगको सराप सरापिन् । पयोष्णांको किनारमा देवदत्तकी पत्नीले नरसिंहको रूप देखी तर्सेर प्राण छोडेकी थिइन् र देवदत्तका पनि पत्नी-वियोग सराप विष्णु भगवान्-लाई परेको थियो ।

तेन शप्तो हि नृहरि दुःखार्तः स्त्रीवियोगतः ।
तवापि भार्यया सार्धं वियोगो हि भविष्यति।६४।
भृगुणैव कुमारेण शापितो देवशर्मणा ।
वृन्दया शापितो विष्णु स्तेन मानुष्यतांगतः ।६५।
एतत्ते कथितं सर्वं शापण्या जस्य कारणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



इदानीं बक्ष्मि तत्सर्बं सावधानतथा श्रृणु ।६६।

भाषा

बियोग शापकोबश दुःखार्त्त स्त्री बियोगको
भोग गर्नु थियो जान आनन्द रूपधारिको।६४।
बृन्दा र देबदत्तैको कुमार भृगुको पनि ।
लीलाधारी प्रभु शाप मनुष्यै रूपमा हरि ।६५।

भावार्थः– यसरी महर्षि भृगु-सनत्कुमार-देव शर्मा र वृन्दाको शापमोचनको लागि श्रीहरि विष्णुले आफ्नै इच्छाले मनुष्यको रूप धारण गर्नुभएको थियो किनभने यी सबैको शापलाई सत्य प्रमाणित गर्नुपर्ने थियो भगवान्को भक्तको हितकै कारण शापको केवल वहाना अर्थात् निहुँ लीला हुने कुरा सबै वताइयो। अब खूब सावधान भएर यो मुक्ति हुने मार्गको कथा श्रवण गर्नुहोस् ।

योगवासिष्ट महारामायणको अरिष्टनेमी राजाको र
महर्षि वाल्मीकिको सम्वाद पहिलो सर्ग सकियो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब दोस्रो सर्ग प्रारम्भ हुन्छ

# (२)

## (मंगलाचरण)

दिविभूमौ तथाकाशे वाहिरंतश्च मे विभुः ।
यो विभात्य च भासात्मा तस्मै सर्वात्मने नमः ।१।

भाषा

बाहिर भित्र सर्बत्र आकाश स्वर्ग भूतल ।
रहेको व्याप्त ईश्वर सर्वात्मैमा नमोनमः ।१।

भावार्थ :– आरम्भिक मङ्गलाचरण गर्दै यो भन्नुहुन्छ कि जुन सर्वव्यापी ज्ञान स्वरूप आकाश परमेश्वर स्वर्गलोक, पृथ्वी, तलातल आकाशमा तथा हामी सबैका भित्र बाहिर सर्वत्र प्रकाश भैरहेका, त्यही सर्वआत्मा परमेश्वरमा नमस्कार गर्दछु ।

श्री वाल्मीकि उवाचः–

अहं वद्धो विमुक्तः स्यामिति स्यात्ति सुनिश्चयः ।
नात्यतमज्ञोनोतज्ञः सेस्मिञ्छास्त्रेधिकारवान् ।२।

भाषा

संसारै बन्धनै भित्रै मुक्तिको जुन कामना ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भएका अधिकारीमा श्रवण आत्म–शास्त्रमा ।२।

वा

वद्धमा मुक्तिको इच्छा शास्त्रादि श्रवणै मन ।
न त ज्ञानी न अज्ञानी अधिकारी त्यो पुरूष ।२।

भावार्थ:– महर्षि वाल्मीकि आज्ञा हुन्छ:– हे राजन्! जो मनुष्य- म सांसारिक वन्धनमा परेको छु, उपाय र साधनद्वारा मुक्त हुनेछु भन्ने निश्चयात्मक भएका तथा जो न त अत्यधिक अज्ञानी नै छ न त तत्त्वको ज्ञाता नै छ, त्यही पुरुषमा मात्र यो महारामायणय सुन्न वा श्रवण अध्ययनको अधिकारी बन्ने हुन्छ ।

कथोपायान्विचार्यादौ मोक्षोपायानिमानथ ।
यो विचारयति प्राज्ञो न स भूयोभिजायते ।३।
अस्मिन् रामायणे कथोपायान् महाबलान् ।
एतास्तु प्रथमं कृत्वा पुराहमरिमर्दन ।४।
शिष्यायास्मि विनीताय भरद्वाजाय धीमते ।
एकाग्रदत्त वां तस्मै मणिमब्धिरिवार्थिने ।५।

भाषा

कथाको सार जो जो छन् मनन नित्यतावश ।
गर्ने त्यो ज्ञानी नै हुन्छ जन्म-मृत्यु सदा पर ।३।
पूर्वार्ध उत्तरार्धैको सुगून्थ रचनात्मक ।
राग र द्वेषको भाव मेटिने भावनात्मक ।४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मेरो शिष्य भरद्वाजै श्रद्धाले युक्त त्यो नर ।
त्यसैमा भावना शुद्ध प्रदान प्रेम साक्षर ।५।

भावार्थः– जुन सर्वप्रथम कथारूपी उपायहरूबाट बालकाण्ड, अयोध्याकाण्ड आदि सम्पूर्ण काण्डहरूको रामसँग परिशीलन गरेर मोक्षको उपायभूत वैराग्य प्रकरण आदि छ प्रकरणको अनुशीलन गर्ने हुन्छ त्यो विद्वान् पुरुषले फेरि यो संसारमा जन्मग्रहण तथा जन्म-मृत्युमा पर्नु पर्दैन । रामायण दुई खण्डमा रचिएको छः पूर्व खण्ड र उत्तर खण्ड । यो रामायणमा विस्तारपूर्वक राग-द्वेषादि दोषहरू निराकरण गर्नाको निमित्त श्रीरामको कथारूपी महान् प्रबल बताइएको छ, सातै काण्डको रचना भैसकेपछि मेरो परम श्रद्धालु शिष्य भरद्वाजलाई प्रदान गरियो ।

तत एते कथोपाया भरद्वाजेन धीमता ।
कस्मिंश्चिन्मेरू गहने ब्रह्मणोग्र उदाहृताः ।६।
अथास्य तुष्ठो भगवान् ब्रह्मलोक-पितामहः ।
वरं पुत्र गृहाणेति तमुवाच महाशय ।७।
भगवन्भूत भव्येश वरोयं मेद्य रोचते ।
येनेयं जनता दुःखान्मुच्यते तदुदाहर ।८।

भाषा

मेरू गिरी कुनै वन्मा ब्रह्माजीकै समीपमा ।
धीर बुद्धि भरद्वाज उपाय सारको कथा ।६।
भनेको सुनि सन्तुष्ट ब्रह्माजी ब्रह्मलोकको ।
भन्नु भो "बर लौ माग इच्छा पूर्णै त्यसै छ यो ।"।७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**"भगवन् तिमी सर्वज्ञ, माग्दछु यो प्रभु बर ।**
**सम्पूर्ण दुःखले मुक्त हुने त्यो मानवै हित" /८/**

भावार्थ – तहाँ उप्रान्त बुद्धिमान् भरद्वाजले यो कथाको सार र उपाय समेत पढी सिकेर मेरु गिरिको कुनै परम गहन वनमा ब्रह्माजीको समक्ष यी सबै उपायहरू पूरा पूरा वर्णन गरे । यस्तो भावभय कथा श्रवण गरेर ब्रह्मलोकहरूको पितामह महान् आशय बुझ्ने ब्रह्माजी भरद्वाजबाट अति प्रसन्न हुनु भै आज्ञा भयो "बाबु भरद्वाज! तिमीबाट सुनेको कथा बडो मार्मिक मुक्ति मार्गको उपायहरू लोकको कल्याणकारी भएकोले म वरदान दिन्छु" भरद्वाजले अति नम्रतासाथ विनयमय भएर विन्ति गरे "भगवन्, प्रभु भूत भविष्यको ज्ञाता तथा ज्ञामी हुनुहुन्छ । यस बेलामा मलाई यही प्रिय लाग्दछ कि लोकको कल्याण उपाय बताइदिनुस् -जसमा समस्त मानव-समुदाय सम्पूर्ण दुःखबाट उन्मुक्त होओस् यही वरदानको इच्छा छ ।

**ब्रह्मोवाचः–**

**गुरु वाल्मीकिमत्राशु प्रार्थयस्व प्रयत्नतः ।**
**तेन ददःसमारब्धं रामायणमनिंदितम् /९/**
**तस्मिञ्छ्रुते नरो मोहात्समग्रात्संतरिष्यति ।**
**सेतुनेवा बुधेः पारमपार गुणशालिना /१०/**
**इत्युक्त्वा स भरद्वाजं परमेष्टी सदाश्रमम् ।**
**अभ्यागच्छत्समेतेन भरद्वाजेन भूतकृत् /११/**
**तूर्णं संपूजितो देवो सोर्घ्यपाद्यादिना मया ।**
**अवोचन्मां महासत्त्वः सर्वभूतहिते रतः /१२/**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

वाल्मीकि गुरु कै सामु प्रार्थना प्रेमपूर्वक ।
रामायण ग्रन्थसार रचना भाव भावुक /९/
रामायण ग्रन्थसार सुनेमा मानवै सब ।
संसारी मोहबाटै नै पार हुनेछ यो बुझ /१०/
भरद्वाज ऋषिसाथ भनेर लोकका पति ।
पाल्नुभो आश्रमै मेरो आनन्द भावना मति /११/
त्यसै बेला गरें मैले स्वागत प्रेम पूजन
लोकको स्वामी ब्रह्माजी बोल्नु भो खुसी भैमन/१२/

भावार्थः– श्री ब्रह्माजीले भरद्वाजसँग भन्नुभोः– हे पुत्र! यस विषयमा तिमी शीघ्र गएर प्रयत्नपूर्वक आफ्नो गुरुदेव वाल्मीकि महर्षि समीप प्रार्थना गर । जसले यो निर्दोष रामायणको रचना गरे । यो रामायण श्रवण मात्र गरे पनि मनुष्यहरु समस्त मोहवाट पार हुने हुन्छन् । यो अपार गुणशाली सागरको सेतु झैं संसाररूप समुद्रवाट सहजै पार गराउने ग्रन्थ छ । श्रीलोकका पति श्री ब्रह्माजी भरद्वाजका साथमा वाल्मीकि आश्रममा पाल्नु भएपछि वाल्मीकि ऋषिले अर्घ्य-पाद्यादिद्वारा पूजन गरी स्वीकार भएपछि ब्रह्माजीले वाल्मीकिमा बोल्नुभो ।

राम स्वभाव कथनादस्माद्वर मुने त्वयाः ।
नोद्वेगात्स परित्याज्य आसमाप्तेरनिंदितात् /१३/
ग्रन्थेनानेन लोकोयमस्मा त्संसारसंकटात् ।
समुत्तरिष्यति क्षिप्रं पोतेनेवाशु सागरात् /१४/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वक्तुं तदेवमेवार्थमहमागतावानयम् ।
कुरु लोकहितार्थंत्वं शास्त्रमित्युक्त वानजः /१५/
मम पुण्याश्रमा त्तस्मात्क्षणादेवर्द्धिमागतः ।
मुहूर्त मुयुत्थित प्रोच्चै स्तरंग इव वारिणः /१६/

भाषा

कथा श्रीरामको वेश उल्लेख भावना मय ।
पूर्णग्रन्थ तयारीमा नमानी दुःख लौ पर /१३/
सुनेमा ग्रन्थ यो सार मोह संसार-सागर ।
पार गर्ने सेतु बन्छ ज्ञानी भक्त सुलायक /१४/
लोकहितार्थकै लागि आएको म यसै स्थल ।
आई भन्नु भयो ब्रह्मा अति शिक्षा सुउज्ज्वल /१५/
त्यस्पछि–आश्रमै पुण्य छोडेर ब्रह्मलोकमा ।
जानु भो प्रेमले हेर आर्शीर्बाद दिई ममा /१६/

भावार्थः– हे परम श्रेष्ठ महर्षे! श्रीरामको स्वरूप एवं स्वभावको परम सुन्दर वर्णन गरिएको निर्दोष रामायण महान् ग्रन्थको रचना आरम्भदेखि पूरा नभएसम्म कस्तै विघ्नवाधा परे पनि यो ग्रन्थ पूर्ण लग्नतासाथ लेख्न नछोड्नू । यो ग्रन्थ संसारको मोहरूप जुन महान् सागर हो त्यसबाट पार हुने सेतु बन्ने हुन्छ । लोकको कल्याण हुनेछ, यही कुरा तिमीमा भन्न भरद्वाजसाथै तिम्रो आश्रममा आएको छु । मेरो आशीर्वाद छ यो ग्रन्थ पूर्ण तयार गरी भरद्वाजलाई बोध गराउनू, र साथै मुक्तिको इच्छा गर्ने मुमुक्षुहरूलाई यो उत्तम ग्रन्थ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुनेछ। यति भनेर श्रीब्रह्माजी मेरो पवित्र आश्रम छाडेर ब्रह्मलोकमा जानुभयो।

तस्मिन्प्रयाते भगवत्यहं विस्मयमागतः।
पुनस्तत्र भरद्वाजमपृच्छ स्वस्थया धिया ।१७।
किमेतद् ब्रह्मणा प्रोक्त भरद्वाज वदाश्रमे।
इत्युक्तेन पुनः प्रोक्त भरद्वाजेन तेन मे ।१८।

भाषा

अन्तर्धान जब ब्रह्मा भएमा विस्मित मन।
भारद्वाजसंगै सोधें आनन्द स्थिरता मन ।१७।
आदेश के रमा यस्तो भएको भन लौ अब।
भारद्वाज सुनी बोले नम्रताले झुकीकन ।१८।

भावार्थः– जब भगवान् ब्रह्माजी अन्तर्धान हुनुभएपछि मलाई अत्यधिक आश्चर्य भएको थियो र त्यसपछि चित्त स्थिरता अथवा होश-मा आइसकेपछि मैले आफ्नो परमप्रिय शिष्य भरद्वाजमा भनें "पितामह जीले मलाई त्यस बेलामा के आदेश दिनुभएको हो, बताऊ" भरद्वाज-ले अनि विनम्रतासाथ भने:–

एतदुक्तं भगवता यथा रामायणं कुरु।
सर्वलोक-हितार्थाय संसारार्णवतारकम् ।१९।

राजोवाच:–

मह्यञ्च भगवन् ब्रूहि कथं संसार-सङ्कटे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रामो ब्यबत्छतोट्यास्मिन् भरतश्च महामना /२०/
शत्रुघ्नो लक्ष्मणश्चापि सीता चापि यशस्विनी ।
रामानुयायिनस्ते वा मन्त्रिपुत्रा महाधियः /२१/
निर्दु:खिता यथैते नु प्राप्तास्तद् ब्रूहि मे स्फुटम् ।
तथैवाहं भविष्यामि ततो जनतया सह /२२/

भाषा

लोकहितार्थकं लागि रामायणै सुग्रन्थको ।
रचना गर्नु लौ पूरा संसारैबाट मुक्त यो /१६/
संसारी सङ्कटैबाट मुक्त भै कसरी तन ।
आज्ञाहोस ममा पूरा राम र भरतै जन /२०/
शत्रुघ्न, लक्ष्मणै, सीता, अरु मन्त्रीगणै सब ।
पछि तो लागिदै मुक्त आनन्दपरमं पद /२१/
दु:खबाट छुटी सारा गए लौ कसरी सब ।
भन्नुहोस, अनि त्यस्तै गर्नेछु म पनि अब /३२/

भावार्थ:– श्रीभरद्वाजले श्रीवाल्मीकिमा निवेदन गरे: प्रभो! भगवान श्रीब्रह्माजीले तपाईंलाई भन्नुभएको छ महामना श्रीरामचन्द्रजीको परम पवित्र चरित्रको महारामायण पवित्र ग्रन्थ रचना गर्नुहोस् जसबाट लोकको हित भै सबैको कल्याण हुन्छ, तसर्थ यो ग्रन्थ अवश्यै पूरा गर्नुपर्ने हुन्छ । राजा अरिष्टनेमी वाल्मीकिमा भन्नुहुन्छ:– हे महर्षे प्रभु! अब तपाईं महामना श्रीरामचन्द्रजी, भरत, लक्ष्मण,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



शत्रुघ्न, परम यशस्विनी सीतादेवी तथा श्रीरामको अनुसरण गर्नेहरू परम मतिमान् मंत्रीहरू र तिनीहरूका पुत्र-पुत्रीहरू यी सबैले यो संसार रूपी घोर संकटबाट पार हुन के कस्तो व्यवहार हुन गर्दो, आज्ञा होस्, म पनि त्यस्तै व्यवहार गरी पार हुने यत्न गर्नेछु ।

**भरद्वाजेन राजेन्द्र वदेत्युक्तोऽस्मि सादरम् ।**
**तदा कर्तुं विभो राज्ञामहं वक्तुं प्रवृत्तवान् ।२३।**
**श्रृणु वत्स भरद्वाज यथा पृष्टं वदामि ते ।**
**श्रूतेन येन संमोह–मल दूरे करिष्यसि ।२४।**

**भाषा**

**भरद्वाजैबाट जस्तो अनुरोध गरे त्यही ।**
**सार तत्व छ जो शुद्ध रामगाथा यथामति ।२३।**
**त्यस्तै नै वर्णनै गर्छु सुन लौ प्रेमपूर्वक ।**
**सुनेमा मुक्त यो जीव पार संसार यो बुझ ।२४।**

भावार्थः– हे राजेन्द्र! जुन समयमा भरद्वाजले पूर्वोक्त विषयको प्रतिपादन गर्नालाई मसँग अत्यधिक आदरकासाथ गरिएको अनुरोधानुसार ब्रह्माजीको आदेश परिपालन गर्नालाई उक्त विषय अर्थात् श्रीरामचन्द्रजीको शुद्ध पवित्र लीलाको वर्णन गर्न प्रवृत्त भएको थिएँ । मैले त्यस बेलामा यही कुरा भनेको हुँ त्यही कुरा जसमा तपाईंले सोध्नु भएको, त्यही बिस्तारपूर्वक भन्दछु । अब समाहित भएर श्रवण गर्नुहोस् । जसमा यो सुन्नाले यो संसारको मोहलाई छाड्न सक्ने समर्थ हुने हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तथा व्यवहार प्राज्ञ यथा व्यवहृतः सुखी ।
सर्वा संसक्तया बुध्द्या रामो राजीवलोचनः /२५/
लक्ष्मणो भरतश्चैव शत्रुघ्नश्च महामनाः ।
कौसल्या च सुमित्रा च सीता दशरथस्तथा /२६/
कृतास्त्रश्चा विरोधश्च बोध पारमुपागताः ।
वसिष्टो वामदेवश्व मन्त्रिणोष्टो तथेतरे /२७/
धृष्टिर्जयन्तो भासश्व सत्यो विजय एव च ।
विभीषणो सुषेणश्व हनुमान्निन्द्रजित्तथा /२८/
एतेष्टौ मन्त्रिणः प्रोक्ताः समनीरागचेतसः ।
जीवन्मुक्ता महात्मानो यथा प्राप्तानुवर्तिनः ।२९।
एतैर्यथा हुतं दत्तं गृहीतमुषितस्मृतम् ।
तथा चेद्वर्त्तसे पुत्र मुक्त एवासि सङ्कटात् ।३०।

भाषा

आसक्तिभाव छोडेर जस्तो श्रीरामले गरे ।
त्यस्तै नै सबमा हेरी ब्यबहार तिमी गरे ।२५।
श्रीमान् भरत भाइ त्यस्तै शत्रुघ्न लक्ष्मण ।
कौसल्या र सुमित्रादि सती सीता दशरथ ।२६।
कृतास्त्र र अविरोध वामदेव–वसिष्टजी ।
अरु साथी विशुद्धैका आठ मन्त्री जनै पनि ।२७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**जयन्त धृष्टि र भास, विजय सत्यमित्र र।**
**विभीषण हनूमान इन्द्रजीतहरू सब ।२८।**
**समदर्शी ज्ञानी योगी आठ मन्त्री सुशोभित ।**
**अनासक्त महान् आत्मा संतुष्ट प्रेमजीवन ।२९।**
**श्रौत-स्मार्त यज्ञ याग कर्मको गरि पालन ।**
**गरेमा, पुत्र लौ! यस्तो मुक्ति प्राप्त स्वतः सब।३०।**

भावार्थ – हे बुद्धिमान् श्रेष्ठ भरद्वाज! सबै प्राणीहरूलाई सुखी बनाउने कार्यबाटै आचार-व्यवहार गर जस्तो श्रीरामजीले समस्त संसारको भोगाशक्तिलाई भित्री मनले त्यागी बाहिर प्राणीहरूमा तथा जनतामा जो जस्तो व्यवहार गर्नुपर्ने त्यस्तै व्यवहार गरी रहनुभएको थियो। महान् तथा उदारचित्त भएका कौसल्यादि रानीहरू तथा लक्ष्मण, भरत, शत्रुघ्न, पतिव्रता सीताजी, महाराजा दशरथ, श्रीरामजीको सखा कृतास्त्र, तथा अविरोध, पुरोहित वसिष्ट-वामदेव र अरू विशुद्ध मति भएका आठ मन्त्रीहरू सबै परम ज्ञानी भई विशुद्धतामा प्राप्त भएका थिए। धृष्टि, जयन्त, भास, सत्यवादी विजय, विभीषण सुषेण, हनुमान् र इन्द्रजित यी सबै श्रीरामचन्द्रजीका आठ मन्त्रीहरू बताइएको छ। यी सब समदर्शी विद्वान् थिए। थिनीहरूको चित्त विषयदेखि पर भएको तथा जीवनोपयोगी कर्तव्य-कर्ममा रहेका जीवन्मुक्त शुद्ध महान् आत्मा भएका थिए। प्रारब्धानुसार जो जे प्राप्त हुन्थ्यो त्यस्तैमा सन्तुष्ट भै त्यस्तै अनुकूल व्यवहार गर्नुहुन्थ्यो। हे पुत्र! यी उपर्युक्त महापुरुषबाट बाहिरी कर्म होम, दान, आदान, प्रदान, गर्नुभएको थियो, साथै जुन विधिबाट स्मरण चिन्तन एवं श्रौतस्मार्त कर्महरूको परिपालन गर्नुभएको थियो, त्यस्तै नै यदि तिमीले पनि बर्ताव अर्थात्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पालन गरेमा सांसारिक घोर संकटबाट छुटेर शुद्ध आत्मा भै मुक्तावस्थामा प्राप्त हुने हुन्छौं ।

अपार संसार समुद्र पाती
लब्ध्वा परांयुदत मुदा सुसत्वरः ।
न शोकमायाति न दैन्यमेति
गतज्वरस्तिष्ठति नित्य तृप्तः ।३१।

भाषा

अपार संसार समुद्रमा नै
रहे पनि त्यो छ उदारचित्त ।
भुक्तातिवस्था नर शुद्ध जीवन
न शोक, मोहै, न छ दैन्य कष्ट ।३१।

भावार्थः– उदार एवं सत्व गुणहरूले सुसम्पन्न पुरुषहरू यस संसाररूप सागरमा रहे तापनि यदि माथि लेखिए बमोजिम उत्कृष्ट साधनहरूलाई अपनाइरहेमा त्यो मनुष्य शोक, मोह, दैन्यको भाव कहिल्यै पनि हुँदैन अर्थात् दुःखमा पर्दैन । सबै चिन्ताहरूबाट मुक्त भै परमानन्दरूपी सुधा पान गरेर सर्वदाको लागि संतृप्त हुने हुन्छ ।

यसरी योगवासिष्टको दोस्रो सर्ग वैराग्य
प्रकरण भूमिका समाप्त भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## तृतीय सर्ग

## (३)

# (श्रीराम तिर्थाटनगमन)

**श्री भारद्वाजोवाच:–**

जीवन्मुक्त स्थितिं ब्रह्मन्कृत्वा राघवमादितः ।
कर्मात्कथय मे नित्यं भविष्यामि सुखी यथा ।१।

भाषा

भगवन् ! रामको गाथा शुद्ध मानस जीवन ।
सुनाऊ, म पनि हुन्छु, ब्रह्म स्थिति सुखी मन ।१।

भावार्थ:– श्री भरद्वाजजी, गुरु बाल्मीकिमा निवेदन गर्नुहुन्छ हे ब्रह्मन्! प्रभु, अब भगवान् श्रीरामजीको शुद्ध चरित्र ममा आरम्भ गरेर क्रमशः जीवन्मुक्तिको स्थितिको वर्णन भएको जो छ त्यो सुनाउनुहोस् । जसबाट म पनि सदा-सर्वदा परम सुखसम्पन्न भै जाऊँ ।

**श्री वाल्मीकि मुनिज्यू भन्नुहुन्छ:–**

भ्रमस्य जाग्रतस्यास्य जातस्याकाश वर्णयत् ।
अपुनः स्मरणं मन्ये साधो विस्मरणं वरम् ।२।
दृष्यात्यताभाव बोधं विनातन्नानुभूयते ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कदाचित्केनचिन्नाम स्वबोधोन्विष्यतामत ।३।
सचेह संभवत्येव तदर्थमिदमाततम् ।
शास्त्रमाकर्णयसि चेत्तत्त्वमाप्स्यसि नान्यथा ।४।
जगद् भ्रमोयं दृश्योपि नास्त्येवेत्यनुभूयते ।
वर्णोव्योम्न इवाखेदाद्विचारेणमुनानघ ।५।
दृश्यं नास्तीति बोधेन मनसो दृश्यमार्जनम् ।
संपन्नं चेत्तदुत्पन्ना परा निर्वाण निर्वृतिः ।६।
अन्यथा शास्त्रगर्तेषु लुटतां भठतामिह ।
भवत्यकृत्रिमा ज्ञानां कल्पैरपि न निर्वृतिः ।७।
अशेषेण परित्यागो वासनानां य उत्तमः ।
मोक्ष इत्युच्यते ब्रह्मन्स एवं विमलक्रमः ।८।

भाषा

जस्तो आकाश नीलादि त्यस्तै यो जगतै भ्रम ।
तटस्थ भावमा चित्त स्थिर ज्ञानी सु-उत्तम ।२।
प्रपञ्च दृश्य जो देखा परेको चित्तमा सब ।
नहटेसम्म यो मुक्त भएको छैन त्यो बुझ ।३।
मुक्तिको शास्त्र-पाठादि श्रवण-शुद्धता मन ।
अरुबाट हुनेछैन विचारै चित्तसाधन ।४।
जगतै भ्रम यो देखा परेको जुन हो सब ।
विचार-ध्यानले खुल्छ मिथ्या भान यसै अब ।५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

अयोध्या नगरीबाट जब निस्के रघुपति ।
नर-नारी रूपै पान तूर्यघोष गरे अति ।२८।
ग्रामीण वासिनी नारी सेता हिमकणै सरी ।
छरिन् लावा श्रीराममैमा, आनन्द-मोह-सुन्दरी ।२९।
सत्कार दान र मान रामजी विप्रजन्महा ।
सुन्दर प्रकृतिमार्ग भ्रमण प्रेमले तहाँ ।३०।
अयोध्यादेखि श्रीराम हेरी आनन्दले मन ।
क्रमशः स्नान र दान समस्त तीर्थदर्शन ।३१।

भावार्थः— जुन वेलामा श्रीरामजी अयोध्या नगरीबाट बाहिर निर्गमन गरिरहनु भएको थियो, त्यसै वेला पुरवासिनी नारीहरू भ्रमरा-को समुदाय सरी हूल बथान पंक्ति मिलेर प्रेम-रसपान गर्न तथा हेर्न निस्केका थिए र नगरवासी जनले अनेक बाजा सुमधुर ध्वनि तूर्य-घोष गरे र महिला तथा ललनाहरूले सेता हिमकण झैं लावा पुष्पहरू श्रीराम-जीमा छरे । श्रीरामजीले मार्गमा देखा परेका विप्र ब्राह्मण वर्गहरूलाई सत्कार-मान-दानले संतुष्ट पार्दै प्राकृतिक वन तथा मार्गहरूको दृश्यहरू नजर गर्दै अयोध्या तथा कोसलपुरीदेखि मार्गमा परेका तीर्थहरूमा स्नान, दान तथा दर्शन गर्नुभएको थियो ।

नदीतीराणि पुण्यानि वनान्यायतनानि च ।
जङ्गलानि जनान्तेषु तटान्यब्धि महीभृताम् ।३२।
मन्दाकिनीमिन्दुनिभां कालिन्दी चोत्पलाभजाम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सरस्वतीं शतद्रूं च चन्द्रभागामिरावतीम् ।३३।
वेणीं च कृष्णवेणीं च निर्विध्यां सरयूं तथा ।
चर्मण्वतीं वितस्तां च विपाशां बाहुदामपि ।३४।
प्रयागं नैमिषं चैव धर्मारण्यं गयां तथा ।
वाराणसीं श्री गिरिञ्च केदारं पुष्करं तथा ।३५।
मानसं चक्रमसर स्तथैवान्तरमानसम् ।
वडबावक्त्रं चैव तीर्थवृन्दं ससादरम् ।३६।
अग्नितीर्थं महातीर्थं मिन्द्रद्युम्न सरस्तथा ।
सरांसि सरितश्चैव तथानदङ्कुदावलीम् ।३७।

भाषा

पवित्र नदीकै तट पुण्य वनै सु-आश्रम ।
जंगलै जनकै सीमा समुद्र पर्वतै-स्थित ।३२।
चन्द्रमा तुल्य श्रीगङ्गा कालिन्दी यमुना नदी ।
सरस्वती, शतद्रू र चन्द्रभागा इरावती ।३३।
कृष्ण वेणी तथा वेणी निर्बिन्ध्या सरयु मति ।
चर्मण्वति, वितस्ता र विपाशा, बाहुदा सति ।३४।
प्रयाग, नैमिषारण्य धर्मारण्य गया पर ।
वाराणसी श्रीशैलजा केदार पुष्करै क्रम ।३५।
सरोवर्मानसै शुद्ध मानसै वडवामुखः ।
चक्रतीर्थ पक्षितीर्थ अन्य तीर्थादि सन्मुखः ।३६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**अग्नितीर्थ महातीर्थ इन्द्रद्युम्नै सरोवर।**
**सरिता नद तालाब कुण्डसारा सुसुन्दर /३७/**

भावार्थः— नदीहरूको किनार पुण्य, वन, आश्रम, जंगल जनपद स्थित समुद्र, पर्वत, चन्द्रमाको तुल्य आभाले सम्पन्न गङ्गा, नीलकमल समान कान्तिले युक्त परम निर्मल कलिन्दजा यमुना, सरस्वती, शतद्रू, चन्द्रभागा, इरावती, वेणी, कृष्णावेणी, निर्विन्ध्या, सरयू, चर्मण्वती, वितस्ता, विपाशा, बाहुदा, प्रयाग, नैमिषारण्य, धर्मारण्य, गया, बारा-णसी, श्रीशैल, केदारनाथ, पुष्कर, मानस-सरोवर, उत्तर मानस, बडवामुख, अन्य तीर्थ समुदाय, अग्नितीर्थ, महातीर्थ इन्द्रद्युम्न सरोवर आदि पुण्यतीर्थ सरोवर सरिताहरू नद, पोखरी, कुण्ड-यी सारा तीर्थस्थ-लहरूको श्रीरामजीबाट आदर तथा श्रद्धासाथ दर्शन-स्पर्शन भयो।

**स्वामिन कार्तिकेयं च शालग्रामं हरिं तथा।**
**स्थानानि च चतुःषष्टि हरेरथ हरस्य च /३८/**
**नानाश्चर्यं विचित्राणि चतुरब्धि तटानि च।**
**बिन्ध्यं मन्दरं कुञ्जांश्च कुलशैलस्थलानि च /३९/**
**राजर्षीणां च महतां ब्रह्मर्षीणां तथैव च।**
**देवानां ब्राह्मणानां च पावनानां श्रमाञ्छुभान् /४०/**
**भूयोभूयः स बभ्राम भ्रातृभ्यां सहमानदः।**
**चतुष्वपि दिगन्तेषु सर्वानेव महीतरान् /४१/**

**भाषा**

**कार्तिकेय प्रभु खास शालिग्राम हरिहर।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चौसठ्ठी लिंग आश्चर्य शोभारूप मनोहर /३८/
सागर तटको दृश्य वृन्द बिन्ध्य गिरि पर ।
हिमाल पर्वतै सात कुञ्ज शैल वनस्थल /३९/
राजर्षीसाथ महर्षि ब्रह्मज्ञानी सुब्राह्मण ।
देवता मानवै शुद्ध पवित्र शुभ-दर्शन /४०/
सम्मान अरुमा शुद्ध समाजै सुखदायक ।
भ्रमण भाइका साथ देश-देशान्तरै सब /४१/

भावार्थः— स्वामी कार्तिकेय, शालग्राम स्वरूप विष्णु, भगवान् हरि तथा भगवान् शिवको चौंसठ्ठी स्थल लिङ्ग, विविध प्रकारका आश्चर्यजनक दृश्यहरुद्वारा अतीव विचित्र शोभा धारण गरिने चारै सागरहरूका तटहरू, विन्ध्यगिरि तथा मन्दरपर्वतहरूका कुञ्जहरू, हिमालय तथा अञ्चलहरूका सात पर्वतहरूका स्थानहरु र महान् राजर्षि, महर्षि देवता गण, एवं ब्राह्मणवृन्दको परम मंगलकारी पावन आश्रमहरू श्रीरामजीबाट श्रद्धापूर्वक दर्शन-स्पर्शन गर्नुभयो । समाजलाई सुख सन्मान दिने श्रीरामचन्द्रजी आपना भाइहरूका साथ चारै दिशाहरूमा तथा प्रान्तहरूमा र महीतलको सम्पूर्ण कुना-कुनामा भ्रमण गर्नुभएको थियो ।

अमर-किन्नर-मानव-मानितः
समवलोक्य महीमखिलामिमाम् ।
उपययौ स्वगृहं रघुनन्दनो
विदृतदिक् शिवलोकमिवेश्वरः /४२/

भाषा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अमर, किन्नर मानवकै सब,
सुखद मान मही शुभमण्डल ।
भ्रमणसाथ फिर्‍यो भवनै अब
जसरी सुख विहार हरेश्वर /४२/

भावार्थ:– जसरी देवताहरूद्वारा वन्द्यमान भगवान् शिव समस्त दिशा–विदिशामा स्वेच्छाले विहार गर्दै पुन: आफ्नो शिवलोकमा फर्केर आउनु भएको थियो, त्यस्तै नै श्री रघुकुलभूषण श्रीराम-देवहरू, किन्नर गणहरू,तथा मानवसमुदायद्वारा परम सन्मान प्राप्त गर्दै यो सम्पूर्ण मही मण्डलको भलीभाँती अवलोकन गरी पुन: आफ्नो पवित्र अयोध्यापुरीमा फर्कनु भयो ।

यसरी श्री योगवासिष्टको वैराग्य प्रकरणको श्रीरामजी तीर्थाटन भ्रमणको आख्यान तृतीय सर्ग सकियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थ सर्ग

(४)

# (अयोध्यामा श्रीरामजी तीर्थाटनबाट फर्कनु भएको उपलक्ष्यमा उत्सव)

श्री बाल्मीकि उवाच:–

राम: पुष्पाञ्जली व्रातै विकीर्ण: पुरवासिभि: ।
प्रविवेश गृहे श्रीमज्जयन्तो विष्टपं यथा /१
प्रणनामथ पितरं वसिष्ठं भ्रातृबान्धवान् ।
ब्राह्मणान् कुलवृद्धांश्च राघव: प्रथमागत: /२
सुहृभ्दिर्मातृभिश्चैव पिताद्विजगणेन च ।
मुहुरालिङ्गिताचारो राघवौ नममौ मुदा /३
तस्मिन् गृहे दाशरथे: प्रिय प्रकथनैर्मिथ: ।
जघूर्ण मधुरैराशा मृदुवंशस्बरैरिव /४

भाषा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



राममाथि पुष्पवृष्टि गरे लौ पुरवासिले ।
सहर्ष भवनैभित्र प्रवेश इन्द्रपुत्र झैं /१/
पहिले नै पिताजीमा प्रणाम श्री वसिष्ठमा ।
ब्राह्मण कुलवृद्धैमा गर्नु श्री रामले तहाँ /२/
वृद्ध गुरु पिताजीले रामको प्रियदर्शन ।
हर्षित गद्गद् चित्त अँगाले प्रेमले तन /३/
प्रेमवार्ता परस्पर ऐश्वर्य रामजी मन ।
वाद्य नाद मधुरैका गीत गानै छ सज्जन /४/

भावार्थः– श्री वाल्मीकिज्यू भरद्वाजमा भन्नुहुन्छ:– जुन समयमा श्रीरामचन्द्रजी तीर्थाटन गरी अयोध्यापुरीमा फर्की आफ्नो भवन भित्रिनु भयो, त्यसबेला अयोध्या नगरका नागरिकहरूले ठूलो आदरकासाथ स्वागत गरेका थिए । नगर-निवासीहरूले रामजीमाथि पुष्पहरू छरे,जस्तै देवेन्द्रको पुत्र जयन्त स्वर्गमा प्रवेश भएको थियो, ठीक त्यस्तै श्रीरामजीले आफ्नो महलमा प्रवेश गर्नुभयो । प्रवेश गर्ने वित्तिकै राजा दशरथ पिताजीमा र माताज्यूहरूका पाउमा वन्दनाको साथै गुरुका पादकमलमा स्पर्श तथा शिर झुकाई प्रणाम गर्नुभयो । त्यसपछि तहाँ रहेका सबैले सुहृद्-बन्धुगणहरु पिता तथा समस्त ब्राह्मणहरूले श्री राघवेन्द्र प्रभुमा बारम्बार आफ्ना हृदयमा प्रीतिपूर्वक लगाएका थिए । श्रीरामजी तथा भाइहरु सबै हर्ष–आनन्दले प्रफुल्ल आनन्दोल्लासमा मग्न हुनुभएको थियो । त्यस बेला भगवान् श्रीरामको भवनभित्र परस्पर प्रियालापबाट वेणुहरूको मधुर ध्वनि समस्त दिशामा आनन्दको ध्वनित भएको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बभूवाथ दिनान्यष्टौं रामागमन-उत्सवः ।
सुखमत्तजनोन्मुक्त कल-कोल-हलाकुलः ।५।
उवास ससुखं गेहे ततः प्रभृति राघवः ।
वर्णयन्विविधाकारान् देशाचारानितस्ततः ।६।

भाषा

शुभागमन रामैको फर्केको उपलक्ष्यमा ।
दिन आठै अविच्छिन्न मनाए उत्सवै तहाँ ।५।
देश विदेश तीर्थका रामबाटै सुवर्णन ।
विराज भवनैभित्रै आनन्द सुखसाधन ।६।

भावार्थः— अयोध्यापुरीमा भगवान् श्रीरामजी तीर्थाटनबाट फर्केको उपलक्ष्यमा लगातार आठ दिनसम्म नगरवासीहरूले बड़ो धूमधामसँग आनन्दोत्सव समारोह मनाएका थिए । त्यसै अवसरमा हर्षोल्लासयुक्त मस्त जनसमाजद्वारा आनन्दपूर्वक गीत-वाद्यपूर्वक कोलाहल चारैतिर छरिएको थियो । तीर्थयात्रामा भएका विभिन्न देशहरुमा प्रचलित अनेक किसिमको रहन-सहन आदिको श्रीरामबाट सबैमा आफ्नै भवनमा राज गरी वर्णन गर्नुभयो ।

प्रातरुत्थाय रामोसौ कृत्वा सन्ध्या यथाविधि ।
सभासंस्थ ददर्शेन्द्र समं स्वपितरं तथा ।७।
कथाभिः सुविचित्राभिः सवसिष्ठादिभिः सह ।
स्थित्वा दिन चतुर्भाग ज्ञानगर्भाभिरादृतः ।८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जगाम पित्रानुज्ञातो महत्या सेनया वृतः ।
बराह-महिषाकीर्णं वनमाखेटकेच्छया /९/
तत आगत्य सदनो कृत्वा स्नानादिकं क्रमम् ।
समित्रबान्धवो भुक्त्वा निनाय समुहृन्निशाम् /१०/
एवं प्रायदिनाचारो भ्रातृभ्यांसह राघवः ।
आगत्य तीर्थं यात्रायाः समुवास पितु गृहे /११/

भाषा

बिहानै उठि श्रीराम सन्ध्या स्नान सकीकन ।
सभामा जुन हो राज पितामाता सुदर्शन /७/
ज्ञानको शुभको गाथा वसिष्ठै गुरुबाट त्यो ।
श्रवण भावना शुद्ध आनन्द जीवनै प्रभो /८/
पिता आज्ञा वनै भित्रै आखेट वन्य जन्तुको
मारेरै फर्किनुहुन्थ्यो आज्ञा सेवक्सरी अहो /९/
फर्कि स्नान गरी देह शुद्धता क्रमले तहाँ
मित्र-बन्धु-सखा साथै प्रीतिभोज सदा अहा /१०/
यस्तै नै दिनचर्यामा भाइसाथ श्रीरामको ।
तीर्थयात्रापछि राज पितृगृह सहर्षको /११/

भावार्थः– श्रीरामचन्द्र नित्यप्रति प्रातः काल उठेर स्नानान्तर सविधि-सन्ध्या वन्दनादिवाट निवृत्त भएर राजसभामा देवेन्द्र समान समवस्थित परम तेजस्वी पिता महाराजा दशरथजीको दर्शन गर्नु-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन्थ्यो । राजसभामा एक प्रहर महर्षि वसिष्ट प्रभृत्तिका साथमा बसेर आदरपूर्वक ज्ञानले भरिएका कथावार्ता सुनिरहनु हुन्थ्यो । श्री पिताजीको आज्ञा प्राप्त गरेर साथमा सेनाहरु लिएर वनमा सिकार खेल्न जानु भै, बराह–महिष आदिले भरिएका जङ्गलमा जानुहुन्थ्यो र तहाँबाट फर्केर आपना निवास–सदनमा आई स्नानादिक कृत्य कर्महरु गर्नुहुन्थ्यो । तहाँ उप्रान्त आपना प्रियजन मित्र तथा भाइहरुका साथमा प्रीति-भोजन गर्नुहुन्थ्यो । यसै क्रमका कार्यहरु गर्दै श्रीरामजी नित्य प्रति दिनचर्याले तीर्थाटनबाट फर्केपछि पिताजीकै समीपकै भवनमा निवास गर्नुहुन्थ्यो ।

नृपति संव्यवहार मनोज्ञया
सुजन चेतसि चन्द्रिकयानया ।
परिनिनाय दिनानि सचेष्टया
स्तुत सुधारस पेशलयानघ /१२/

भाषा

नरपति नृपझैं प्रभु साक्षर
सद्व्यवहार सुसज्जन मानव ।
रसमय चन्द्र समान मन मुग्धता,
स्तुति जनसमाज प्रभुको त्यहाँ /१२/

भावार्थः– हे अनघ भरद्वाज! श्रीरामचन्द्रको प्रत्येक चेष्टा एवं नृपोचित सद्व्यवहार पालनको कारणले सबै जनतामा उहाँ प्रति सुन्दर प्रीति भैरहन्थ्यो श्रीरामजीमा प्रीति सत्पुरुषहरुको चित्तमा चन्द्रमाको ज्योत्स्ना सरी परम आल्हाद–समुत्पन्न भैरहन्थ्यो । श्रीरामचन्द्रको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चेष्टाको बारेमा अत्यधिक प्रशंसा गरिरहन्थे तथा अमृत-रस समान मधुर सुन्दर एवं कोमल भैरहनु हुन्थ्यो। यस्तै क्रमले शुद्ध व्यवहार-द्वारा काल-यापन गर्नुहुन्थ्यो।

यसरी श्री योगवासिष्ट वैराग्य प्रकरणको चतुर्थ सर्ग श्रीरामजीको दिनचर्याको गाथा समाप्त भयो।

# पाँचौं सर्ग

## (५)

## (राम कार्श्य निवेदन वर्णन)

**श्री वाल्मीकि उवाचः—**

अथोन षोडशे वर्षे वर्तमाने रघूद्वहे।
रामानुयायिनि तथा शत्रुघ्ने लक्ष्मणेपि च ।१।
भरते संस्थिते नित्यं मातामह-गृहः सुखम्।
पालयत्यवनिराज्ञि यथा वदखिलाभिमाम् ।२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जन्यत्रार्थं च पुत्राणां प्रत्यहे सहमन्त्रिभिः ।
कृतमन्त्रं महाप्राज्ञे तज्ज्ञे दशरथे नृपे ।३।
कृतायां तीर्थयात्रायां रामो निजगृहे स्थितः ।
जगामानुदिनं कार्श्यं शरदीवामलंसर ।४।

भाषा

पन्ध्र वर्ष पुगीराम सोऽह वर्ष सुआगम ।
शत्रुघ्न लक्ष्मणै भाइ रातकै अनुशासन ।१।
धेरैजसो भरत्जीको बित्तथ्यो मामली घर
शासन शुद्धता राजा गर्दथे परिपालन ।२।
जनता-पुत्रकै हित मंत्रीको साथमा नृप
परामर्शानुको शासन् न्यायोचित सुरक्षण ।३।
तीर्थयात्रा पछि राम विरक्त भावना मन ।
शरीर-क्षीणता दीन शरदी जल झैं तन ।४।

भावार्थः– महर्षि प्रवर वाल्मीकिज्यू भरद्वाजमा भन्नुहुन्छः– जुन समयमा श्रीरघुनाथजी १५ वर्ष पुगी १६ वर्षमा प्रवेश गर्नुभएको थियो, त्यस बेला लक्ष्मण शत्रुघ्नजी पनि वहाँकै साथमा रहनुहुन्थ्यो । श्रीभरतजी धेरैजसो आपनो मात्तामहकै सदनमा रहनुहुन्थ्यो । महाराजा दशरथ सम्पूर्ण महीमण्डलको न्यायोचित रुपले मंत्रीहरुको परामर्शद्वारा रक्षण एवं परिपालन गर्नुहुन्थ्यो साथै सिंहासनमा बसेर जनता र आफ्नो पुत्रहरुकोविवाह सम्बन्धी वार्ता गरिरहनु हुन्थ्यो। उता श्रीरामजी तीर्थयात्रापछि आफ्नै भवनको कोठामा विरक्त भावनाले वसंनंग सम्पर्क

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नगरी रहनु हुँदा उहाँको कोमल देह दुब्लाउँदै गयो, जस्तो शारदी नदी सुक्दै गएझैं दिन प्रतिदिन कृश हुन लागेको थियो ।

कुमारस्य विशालाक्षं पाण्डुतां मुखमाददे
पाक फुल्लदलं शुल्कं शालिमालमिवाम्बुजम् ।५।
कपोलतल संलीन पाणिः पद्मासन स्थितः ।
चिन्ता परवश स्तूष्णीमव्यापारो वभूव ह ।६।
कृशाङ्ग श्चिन्तया मुक्तः खेदीपरम दुर्मनाः ।
नोवाच कस्यचित्किंचित्लिपि कर्मार्पितोपमः ।७।
खेदात्परिजनेनासौ प्रथ्यमानः पुनः पुनः ।
चकाराह्निकमाचारं परिम्लान मुखाम्वुज ।८।

भाषा

विशाल नेत्र मुहार गलेर पीत वर्ण भो ।
जस्तो कमलपुष्पै त्यो घामैले गलिदै, अहो ।५।
एकान्त खिन्नता भाव गालाबिच त्यसै कर ।
नबोली दिक्कमा राम बसेको पद्म आसन ।६।
चिन्ताले देह सुक्दै गो चित्तमा खेद वासना
कुराकानी त्यसै झर्को उदासी दिक भावना ।७।
सुसारे परिजन्बाट वार वार निवेदन ।
गरेमा रामजी खालि आह्निक कर्ममा तन ।८।

भावार्थः– श्रीरामको विशाल नेत्र भएका मुहार जो थियो, त्यो गलेर पीत वर्ण भगो । जस्तो शुक्ल शालिमाल कमलपुष्प गरम भएमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गलेर पहेलो हुन्छ । उहाँ सर्वदा पद्मासनसंस्थित भै हातमाथि हात तथा गालामा हात राखेर चिन्तावश चूपचाप निष्कर्म भएर बस्नु भएको थियो । कृश अङ्ग भएका श्रीरामजी चिन्तायुक्त खिन्न तथा उदास भैरहनु भएको थियो । कुनै कर्सँग हाँसख्याल कुरा गर्न वन्द भै केवल टोल्हा-एर वसिरहनु हुन्थ्यो । परिजन सुसारेहरुले वारम्वार स्नान ध्यान नित्य कर्म गर्नालाई श्रीरामजी ा निवेदन गरेमा केवल स्नान मात्र गरीआह्नि-क कर्म गर्नुहुन्थ्यो यस्तै हुँदा उहाँको तेजिलो मुहार मलिन हुँदै गएको थियो ।

एवं गुण विशिष्टं तं रामं गुणगणाकरम् ।
आलोक्य भ्रातराक्स्य तामेवायथतुर्दशाम् ।९।
तथा तेषु तनुजेषु खेदवत्सकृशेषु च ।
सपत्नीको महीपालाश्चिन्ताविवशतां ययौ ।१०।
का ते पुत्र घनाचिन्तेत्येवरामं पुनः पुनः ।
अपृच्छत्स्निग्धया वाचानैवाकथयदस्य च ।११।

भाषा

विशिष्ट गुण श्रीराम देहचिन्ता देखीं सब ।
उदास खिन्नता भाइ स्वभावैले हुने बुझ ।९।
पुत्रमा के किन यस्तो कारणै के भयो मन ।
पर्यो लौ राजा रानीमा चिन्ता विवश व्याकुल ।१०।
राजा रानी अतिस्नेह पुत्रमा मधुरै स्वर ।
बोले,"बाबु, तिमीलाई, भयो के भन लौ अब ।११।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थः– यस प्रकार श्रीराममा विशिष्ट गुणहरु समालोकित गरी दुई भाइहरु पनि त्यही दशामा प्राप्त हुन गएका थिए। आफ्ना परम प्रिय पुत्रहरु परम खिन्न र कृश भएको हुँदा श्री महाराजा तथा रानीहरु परम चिन्ताले आतुर एवं विवश हुनुभएको थियो। महाराज श्री दशरथ आफ्ना परम प्रिय पुत्र श्रीराममा बारम्बार स्नेहपूर्ण वाणी द्वारा मधुर स्वरमा सोध्नुहुन्थ्यो, "बाबु! तिम्रो मुहार किन मलिन हुन गयो, के कस्तो मनमा ताप तथा चिन्ता पर्न गयो, किन त्यस्तो उदास तथा दुब्लो हुनु परेको ?

न किञ्चित्तात मे दुःखमित्युक्त्वा पितुरङ्कः।
रामो राजीव-पत्राक्ष स्तूष्णीमेव स्मतिष्ठति /१२/
ततो दशरथो राजा रामः किं खेदवानिति।
अपृच्छत्सर्व कार्यज्ञं वसिष्ठं वदतां वरम् /१३/
इत्युक्त्वाचिन्तयित्वा स वसिष्ट मुनिना नृपः।
अस्त्तयत्र कारणं श्री मन्महाराजन्दुखमस्तुते /१४/

भाषा

दुःख केही पनि छैन भनेर पितु अङ्गमा।
रामजी बस्नु नै हुन्थ्यो चूप लागि त्यसै तहाँ /१२/
त्यसपछि दिन एकै त्यो वसिष्ट गुरुमा अब।
सोध्नु भो श्री महाराजा, पुत्रमा खेद कारण /१३/
विचार भावना व्यक्त वसिष्ट शुद्धता मन।
उत्तरै गुरुले दिए, छैन फिक्री हे राजन् /१४/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थः– पिताजीको यस्तो मायालु शब्द सुनेर श्रीरामजी झुकेर पितामा वोल्नुहुन्छ, पिताजी! मलाई केही दुःख - पीडा भएको छैन" भनी पिताजीको काखमा घुस्नु भै चूर लाग्नुभयो। त्यसपछि एक दिन महाराजा दशरथले समस्त कार्यहरुको ज्ञाता तथा वक्ताहरुमा श्रेष्ठ महर्षि वसिष्टसँग सोध्नुभो "हे गुरुदेव! मेरा पुत्रहरु किन यसरी खिन्न भैरहन्छन्? श्री महाराजा दशरथवाट यसरी प्रश्न गरिएकोमा श्रीमहर्षि महामुनि वसिष्टजी केही वेर विचार गरी राजामा वोल्नुहुन्छ- श्रीमान्! यसमा कुनै कारण भएको हुनुपर्छ, तर यसको निमित्त म उपाय गर्नेछु। दुःख मान्नुपर्ने विशेष केही देखिदैन।

**कोपं विषाद कलना विततं च हर्षं**
**नाल्पेन कारणवशे नवहंति सन्तः।**
**सर्गेण संहृति जवेन विना जगत्यां**
**भूतादिभूपन महाति विकारवन्ति /१५/**

**भाषा**

**कोपै-विषाद-मदता न विशेष हर्ष**
**विद्वान सन्तजनमा नविकार हुन्छ।**
**जानेर यो जगतमा अब छोडि चिन्ता,**
**राजन्! पुरुषजनमा गुणकै छ मान /१५/**

भावार्थः– सन्त विद्वान् महापुरुषहरूमा अन्य कारण कालको वशमा पर्न आएका घटनाहरूमा न कोप नै हुन्छ, न विषाद नै हुन्छ न हर्ष भै मदमा पर्ने नै हुन्छ, तिनीहरू संसारका विकारदेखि परै रहेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन्छन् अर्थात् महापुरुषहरूका हृदयमा कुनै पनि क्षोभ विकारहरू हुँदैन राजन्! तिमी विद्वान् छौ, यसमा चिन्ता लिनु असम्भावित भन्ने कुरा जानेकै छौ।

यसरी योगवासिष्ट महारामायणको श्रीरामजीको
विषाद लीला पाँचौं सर्गको वर्णन समाप्त।

## षष्ट सर्ग

## (६)

## (महर्षि विश्वामित्रको दशरथकहाँ आगमन)

श्री वाल्मीकि उवाचः—

इत्युक्ते मुनिनाथेन सन्देहवति पार्थिवे।
खेदवत्त्या स्थिते मौनं किंचित्काल प्रतीक्षणे /१/
परिखिन्नासु सर्वासु राज्ञीषु नूपुरो अमु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स्थितासु सावधानासु रामचेष्टासु सर्वतः ।२।

भाषा

वसिष्ट मुनिबाटै त्यो सम्झाउँदा पनि नृप ।
ससंतोष खेदहीन नभै त्यस्तै केही दिन ।१।
राजामात्र नभै खिन्न रानी र पुरजन् सब ।
चिन्ता श्रीराममा चित्त, देह चिन्ता पऱ्यो अब ।२।

भावार्थ – श्री वाल्मीकि महर्षि बोल्नुहुन्छः– हे भरद्वाज! यसरी मुनिनाथ वसिष्टजीबाट सम्झाउँदा पनि राजा दशरथमा संतोष भएन र तिनी सन्देह तथा खेदयुक्त भएर केही दिन पर्खन थाले । राजा मात्र नभै राजभवनका रानी, केटी सुसारे र पुरजनहरूमा समेत श्रीरामजीको यस्तो चेष्टा विषयमा चिन्ता व्याप्त भै सदैं सावधानीपूर्वक रहन थाले ।

एतस्मिन्नेव कालेतु विश्वामित्र इति श्रुतः ।
महर्षिरभ्यगाद् द्रष्टुं तमयोध्या नराधिपम् ।३।
तस्य यज्ञोथ रक्षोभिस्तथा विलुप्ते किल ।
मायावीर्यं बलोन्मत्तै धर्मकार्यस्य धीमतः ।४।
रक्षार्थं तस्य यज्ञस्य द्रष्टुमैच्छत्सपार्थिवम् ।
न हि शक्नोत्यविघ्नेन समाप्तुं समुनिःक्रतुः ।५।
ततस्तेषां विनाशार्थमुद्यतस्तपसां निधिः ।
विश्वामित्रो महातेजा अयोध्यामभ्यगात्पुरीम् ।६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## भाषा

त्यसैबेला अति शुद्ध, विश्वामित्र महामुनि ।
अयोध्या नगरीभित्र, पाल्नु भो भवनै अनि /३/
यज्ञको मठमा विघ्न मायावी राक्षसै गण ।
हटाई यज्ञ पूर्ण त्यो गर्नु छ यत्नले मन /४/
यज्ञ-रक्षार्थकै लागि चाहिने वीरपूरुष ।
विघ्न नाश अरुबाट नहुने त्यो बुझीकन /५/
विनाश राक्षसै गर्न सहाय नृपको त्यही ।
पाल्नु भो, यही नै काम विश्वामित्र तपोनिधि /६/

भावार्थः– यसै अवसरमा महर्षिप्रवर श्रीविश्वामित्रजी अयोध्याका महाराजा दशरथका समीपमा समागत हुनुभएको थियो । धर्म कार्यमा परायण महान् वुद्धिमान महर्षि विश्वामित्रजीको आश्रममा यज्ञ भैरहेको थियो । तहाँ माया-बल र वीर्यको मदमा उन्मत्त भैरहेका राक्षस गणहरू त्यस यज्ञमा आक्रमण गरेर यज्ञ गर्न दिएनन् आफ्नो यज्ञ पूरा गर्नलाई वीरपुरुषको सहायतार्थ श्रीवसिष्टजीमा र राजा दशरथमा आवेदन इच्छा गर्नुभएको थियो । विना सुरक्षा नभै यज्ञ समाप्ति विना विघ्न वाधाहरूले गर्दा पूर्णतया गर्न नपाएको हुँदा त्यही रक्षाको लागि श्रीविश्वामित्रज्यू राजा दशरथको समीपमा जान अयोध्यापुरीमा आउनुभएको थियो ।

स राज्ञो दर्शनाकांक्षीद्वाराध्यक्षानुवाच ह ।
शीघ्रमाख्यात मां प्राप्तं कौशिकं गाधिनः सुतं /७/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तस्यतद् वचनं श्रुत्वा-द्वास्था राजगृहे ययुः ।
संभ्रान्तमनसाः सर्वे तेन वाक्येन चोदिताः /८/
ते गत्वा राजसदनं विश्वामित्रमृषिं ततः ।
प्राप्तमा वेदया मासुः प्रतिहाराः पतेस्तदा /३/

भाषा

राजामा दर्शनै गर्न आएका गाधिके सुत ।
भन्नु भों द्वारपालैमा देऊ लौ सूचना अब /७/
यस्तो सुनेर शीघ्र नै खबरै गर्न त्यो गयो ।
भित्र राजसदनमा नै निर्भीक भै यसै भन्यो /८/
महर्षि श्री विश्वामित्र पाल्नु भो प्रियदर्शन ।
सुने त्यो द्वारपालैको राजा संम्भ्रान्तता मन /६/

भावार्थः— यज्ञको विनाशकारीहरुको नाश गर्न हेतुले तपोनिधि श्रीविश्वामित्रज्यू अयोध्यापुरीमा पाल्नुभएको थियो । राजासँग मिलन को लागि श्रीविश्वामित्रमुनिज्यूले द्वारपालमा खवर गर्न चाँडोजाऊ भन्नु भएकोमा द्वारपालले भित्र दरवारमा दिक्क भै बसेका राजामा विश्वामित्र ऋषि पाल्नुभएको खवर पुऱ्यायो राजाले महर्षि विश्वामित्र राज सदनमा पाल्नुभएको सुनेर मन केही सुस्थीरता भयो ।

अस्थास्थान गतं भूपं राजमंडलमालिनम् ।
समुपेत्य त्वरायुक्तो याष्टीको सौ व्यजिज्ञयत् /१०/
देव द्वारि महातेजा बालभास्कर भासुरः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ज्वाला रूपां जटाजूटः पुराङ्गश्रीमानवस्थितः /११/
समासुर पताकांता सायश्त्रेम पुरुषायुधम् ।
कृतवांस्तं प्रदेशं यस्तेजोभिः कोर्ण कांचनम् /१२/
वीक्ष्यमाणे तु यशेलोके निरीक्षयति राजनि ।
विश्वामित्रो मुनिः प्राप्त इत्यनुद्धतया गिरा /१२/

भाषा

आदेश मुनिको सुनी शीघ्र त्यो द्वाररक्षक ।
राजाकै समीपै हात जोरेरै विन्ती गर्दछ /१०/
महाराज अति तेजी बाल-सूर्य-प्रभाकर ।
अग्निज्वालासरो वर्ण जटाजूटै सुधारण /११/
मुनिको तेजले गर्दा दर्बारै द्वार फाटक ।
झलमलल त्यसै हुन्छ सम्पूर्ण आयुधाक्षर /१२/
राजदण्ड लिएका ती प्रहरीबाट त्या पर ।
आएको सुनी यो राजा, विश्वामित्र मुनीश्वर /१३/

भावार्थः– श्रीमहामुनि विश्वामित्रजीको आदेश वचन श्रवण गरेर राजद्वारको प्रहरी भृत्यले राजमहलको भित्र राज भैरहेका दशरथजीमा प्रार्थना गरेको थियो "हे महाराज, महर्षि विश्वामित्र पाल्नुभएको छ । त्यस बेला दशरथ राजा अनेक भाइभारादार राजाहरूको सभामण्डलबाट समावृत भैरहेका थिए । द्वारपालले फेरि निवेदन गरेको थियो कि- राजद्वारमा बालसूर्य सरीको महान् तेजस्वी तथा अग्निका ज्वालाहरूको सदृश अरुण वर्णको जटाजूट धारण गरेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



महापुरुष खडा हुनुभएको छ। उहाँ महापुरुषको तेजले द्वारदेखि लिएर भित्र अश्व गज तथा हातहतियार गारद भएको स्थानमा समेत झलमल्ल स्वर्णमय प्रकाश पारेको छ भन्ने लट्ठी लिएका द्वारपाल-को नम्र निवेदन राजा दशरथ समीप गरेको थियो।

इतिस्माष्टीक वचनमाकर्ण्य नृपसत्तमः।
स समंत्री ससामंतः प्रोत्तस्थो हेमविष्टरात् /१४/
पदातिरेव सहसा राज्ञां वृन्देन मालितः।
वसिष्टः वामदेवाभ्यां सह सामंत संस्तुतः /१५/
जगाम यत्र तत्रासौ विश्वामित्रो महामुनि।
ददर्श मुनि शार्दूलं द्वार भूमाववस्थितम् ।१६।

भाषा

विश्वामित्र सुआगम सुनेर नृपजी तहाँ।
सभाको मण्डलै सारा उठे लौ शीघ्रता अहा ।१४।
वसिष्ट वामदेवै र अरू मंत्री सभासद।
राजाकै साथमा द्वार सत्कार भावना पर ।१५।
गए ती सबले हर्ष धन्यभाग सुदर्शन
पर्खेका द्वारमा स्थित विश्वामित्र मुनीश्वर ।१६।

भावार्थः— राजा दशरथ विश्वामित्र आउनुभएको सुन्नासाथ आफ्नो आसनबाट उठ्नुभो र सभासद् मंत्रीगणहरू पनि उठे। वसिष्ट र वामदेव, राजा दशरथ तथा अरू मंत्री गणले द्वारमा पर्खनु भएको महा तेजस्वी विश्वामित्र मुनिज्यूको दर्शन गरे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



केनापि कारणेनोर्वीतल मर्क मुपागतम् ।
ब्राह्मणे तेजसा क्रांतं क्षात्रेण च महौजसा ।१७।
जरा-जरठया नित्यं तपः प्रसर रूक्षया ।
जटावल्यावृतस्कंधं ससन्ध्यां भ्रमिवाचलम् ।१८।
उपशांतं च कान्तं च दीप्तमप्रतिघाति च ।
निभृटं चोर्जिजताकार दधानं भास्वरो वपुः ।१९।
पेशलेनातिभीमेन प्रसन्नेनाकुलेन च ।
गंभीरेणातिपूर्णेन तेजसा रंजितप्रभम् ।२०।

भाषा

मानौं त्यो कारणै वशमा सूर्य भूमि समागत ।
तेजपुञ्ज स्वरूपैका ब्राह्मणै क्षत्रिकै बल ।१७।
तपस्या गरिदा धेरै केश सेता त्यो मष्टिक ।
संध्याकै बादलै झैं त्यो जटाजूटै छ अद्भूत ।१८।
उद्दीप्त विनयशील भावना शांतमूर्ति छ ।
हृष्ट-पुष्ट त्यसै अंग तेजस्वी कान्तियुक्त छ ।१९।
प्रसन्न भावमा देखा परे तापनि त्यो कडा ।
गम्भीर मुखको मुद्रा तेजस्वी मुनि सुखदा ।२०।

भावार्थः— त्यस बेला ती मुनि यस्तो देखापरेका थिए कि कुनै कारणवश साक्षात् सूर्य नै यस भूमण्डलमा उत्रेको हो कि जस्तो भान परेको थियो । उहाँ ब्रह्मणोचित तेज तथा महान् क्षात्रबल संयुक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सम्पन्न थियो। वार्द्धक्यको कारणले गर्दा अत्यधिक पाकेको तथा निरन्तर तपश्चर्यामा संलग्न रहनाको कारण सुकेका जटावल्लरिहरू उहाँको स्कन्ध संध्याकालीन मेघहरू अस्ताचलको समान समावृत थिए। परम सौम्य, शान्त–कान्तिपूर्ण–उदीप्त प्रतिघातरहित विनयशील तथा हृष्टपुष्ट अवयवहरू संयुक्त परम तेजस्वी रुप धारण मुनिज्यूको थियो। उनको तेज परम सुन्दर भए तापनि साथै भयावह पनि थियो। प्रसाद गुण समन्वित एवं टाढा टाढासम्म विस्तृत–परम– गम्भीर एवं अतिशयतामा प्राप्त उहाँको तेज थियो। साथै उहाँको अङ्गको कान्ति अनुरञ्जित भैरहेको थियो।

अनन्त जीवितदशा सखीमकाम्र निन्दिताम्।
धारयंतंकरेश्लक्ष्णा कुंडी मन्लान्मानसं ।२१।
करूणाक्रांत चेतस्त्वात्प्रसन्नैर्मधुराक्षरैः।
वीक्षणैरमृतेनेवसंसित्वांतमिमा प्रजाः ।२२।
युक्तयज्ञोपवीतांगे धवल प्रोन्नतभ्रूवम्।
अनंत विस्मयं चांतः प्रयच्छेततिवेक्षितुः ।२३।
मुनिमालोक्य भूपालो दूरादेवानताकृतिः।
प्रणनाम्र गलन्मौलि मणिमालितभूतलम् ।२४।

भाषा

साथमा मुनिको प्रेमी जीवनैभरी पूर्णतः।
कमण्डलु करै शोभा कालो चिप्लो सुउत्तम ।२१।
अधिक करूणाचित्त निर्भय प्राणीमा पर।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अधिक करुणा चित्त निर्भय प्राणीमा पर ।
मधुरै वाणी त्यो दाता अमृतै रस झर्झर ।२२।
गठित देहमा शुद्ध यज्ञोपवीत धारण ।
आश्चर्य मुनिको वेश चित्त संचारदर्शक ।२३।
टाढैदेखि मुनिज्यूको देखी राजा दशैरथ ।
प्रणाम नम्रतासाथ गर्नु भो लौ झुकीकन ।२४।

भावार्थः- महर्षिजी आफ्नो करकमलमा एक कुण्डी कमण्डलु ग्रहण गरिरहनु भएको थियो, जुन कि चिप्लो निर्दोष एवं अत्यन्त उत्तम थियो । उहाँको साथमा एक सहचरीले समाव साथ दिएको थियो । महामुनिको अन्तःकरण अधिकै निर्भयको साथसाथ करुणाले भरिएको थियो र वाणी अति नै मधुर एवं प्रसन्नताको सूचना दिइरहेको थियो । महर्षि आफ्नो स्नेहमयी दृष्टिले यसरी हेरिरहनु भएको थियो कि मानौं आफ्ना समक्षमा स्थित जन-समाजलाई पीयूषले सिंचित गरिरहनु भएको । उहाँको गठित सुन्दर देहमा यज्ञोपवीतले शोभा दिइरहेको थियो विश्वामित्रजी दर्शकहरुका मनमा अत्यधिक आश्चर्यको संचार गराइरहनु भएको थियो । ती महर्षि-वरिष्टलाई टाढबाट देखेर राजा दशरथ अत्यन्त विनयले झुक्नुभएको थियो र आफ्नो रत्नमुकुटले मण्डित मस्तकबाट महर्षिको चरणकमलमा झुकेर प्रणाम गर्नुभयो ।

मुनिरघ्यवनीनाथं भास्वानिव शतक्रतुम् ।
तत्राभिवादयां चक्रे मधुरोदारया गिरा ।२५।
ततो वसिष्ठप्रमुखाः सर्व एव द्विजातयः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स्वागतादि क्रमेणेनं पूजयामासुरादृताः /२६/
अशंकितोपनीतेन भास्वता दर्शनेन ते ।
साधोस्वनुगृहीताःस्मो रविणेवांबुजा कराः /२७/
यदनादि यदक्षुण्णं यदपाय विवर्जितम् ।
तदानंद सुखं प्राप्तं मयात्व द्दर्शनान्मुने /२८/
अद्य वर्त्तामहे नूनं धन्यानां धुरि धर्मतः ।
भवदागमनस्ये मे मन्दयं लक्ष्यमागताः /२९/

भाषा

मुनिज्यूलेपनि शुध्द दिनु भो शुभ आशिष ।
जस्तो श्रीसूर्यले इन्द्रराजैमा मधुरै स्वर /२५/
वसिष्टादि मुनिद्वारा सत्कार प्रेम पूजन ।
क्रमैले नै सविस्तार वार्ता त्यो क्षेम-कुशल /२६/
तेजस्वी रविको झैं त्यो कमल्युक्त सरोवर ।
प्रफुल्ल प्रेमको वर्षा आनन्द भावमा पर /२७/
प्रभुकैं दर्शनै शुद्ध समाथि यो अचानक ।
भएकोमा अत्यन्तै नै प्रसन्न अति हर्षित /२८/
सार धर्म छ जो हाम्रो त्यसैको यो प्रतापले ।
दर्शनै आज भो यहाँ धन्य भाग्य अहो मुने /२९/

भावार्थः— श्री महामुनिज्यूले पनि जसरी सूर्यदेवले देवराज इन्द्रको प्रत्यभिवाहन गर्नुभएको हो त्यस्तै नै परम मधुर एवं उदार-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ताले भरिएका वाणीद्वारा शुभाशीर्वाद दिएर भूपाल महाराजा दशरथ जीको प्रत्याभिवाहन गर्नुभएको थियो । त्यसपछि श्री गुरु वसिष्टादि सबै समुपस्थित ब्राह्मण समुदायले श्री महर्षिज्यूको स्वागत आदिको क्रमले समादार-सत्कार गर्नुभएको थियो श्री महाराजा दशरथज्यूले श्री महामुनिज्यूमा विन्ती गरी भन्नुभयो । हे महात्मन् परम तेजस्वी भगवान् सूर्यदेव सदृश प्रभुको दर्शनबाट कमलहरुले युक्त सरोवरहरुमा कृपा वर्षण गर्नुभएझैं आज श्रीमान्को जुन यहाँ असम्भावित तेजोमय दर्शन अचानक प्राप्त भएकाले हामीहरु सबै अत्यन्त प्रसन्न एवं अनुग्रहीत भएका छौं । हे मुने ! आज प्रभुको दर्शनले मलाई अनादि–अक्षुण्ण अपाय वर्जित अमन्दानन्दको सुख प्राप्त भैरहेको छ ।

**एवं प्रकथयं तोत्र राजानोथमहर्षया ।**
**आसनेषु सभा स्थानमासाद्यसमुपाविशन् ।३०।**
**स दृष्टवा मालितं लक्ष्म्या मीतस्तमृषिसत्तमम् ।**
**प्रहृष्ट वदनो राजा स्वयमर्घ्यं न्यवेदयत् ।३१।**
**स राज्ञः प्रति गृह्यार्घ्यं शास्त्रदृष्टेन कर्मणा ।**
**प्रदक्षिणं प्रकुर्वन्तं राजानं पर्यपूजयत् ।३२।**
**स राज्ञा पूजितस्तेन प्रहृष्टवदनस्तदा ।**

**भाषा**

**यस्तै नै स्वागता प्रेम दर्बारै भित्र ती गए ।**
**यथोचित स्व स्व स्थान सभामा हर्षले बसे ।३०।**
**तपस्वी मुनिज्यूमा नै प्रेम-हर्षित भैकन ।**
**अर्घ्यादि पुष्पको शुद्ध गर्नु भो नृपले मन ।३१।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



शास्त्रपूर्वक अर्घ्यादि राजाको त्यो निवेदन ।
सहर्ष मुनिलें प्रेम ग्रहणै गर्नु भो क्षण ।३२।
प्रशंसा मुनिले धेरै राजा श्री दशरथैमहा ।
आशीर्वाद कुशल् क्षेम वार्ता प्रेम भयो तहाँ ।३३।

भावार्थः– श्रीमहामुनि विश्वामित्रजीसँग यसप्रकार वार्तालाप गर्दै राजसदनमा भित्र्याई राजसभामा महर्षिगण तथा राजा मंत्री नृप गणहरु यथोचित आफ्ना आपना स्थानको आसनमा बसे । तहाँ उप्रान्त परम श्रेष्ठ महर्षिको दर्शन गरी उनको तपस्यबाट लक्ष्मी भयभीत प्रसन्न मुख राजाले स्वयं अर्घ्य समर्पित गर्नुभएको थियो । शास्त्रोक्त विधिपूर्वकको अर्घ्य राजाबाट निवेदन गरिएको श्रीविश्वामित्रले राजा-मा हेरी प्रशंसा गर्दै राज्यमा प्रजागण तथा अरु रानी पुत्रहरुको क्षेम कुशलको प्रश्न गर्नुभएको थियो ।

वसिष्ठेन समागम्य प्रहस्य मुनिपुंगवः ।
यथार्ह चार्चयित्वैवं पपृच्छानामयं ततः ।३४।
क्षणं यथार्ह मन्योन्यं पूजयित्वा समेत्य च
ते सर्वे हृष्ट मनसो महाराजनिवेशने ।३५।
यथोचितासन गता मिथः संवृद्ध तेजसः ।
परस्परेण पप्रच्छु सर्वेनामयमादरात् ।३६।

भाषा

विश्वामित्र समीपैमा वसिष्ठ मुनिपुङ्गव ।
आएर क्षेम आरोग्य प्रश्नयोग्य समादर ।३४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



क्षणैमा त्यो परस्पर सत्कार प्रेमले मन ।
आनन्द भावना शुद्ध सभा मन्दिर उज्ज्वल /३५/
सवैमा त्यो सुसम्पर्क अत्यधिक तहाँ बढ्यो ।
आपसैमा सुविस्तार क्षेम कुशल प्रश्न भो /३६/

भावार्थः– श्रीमुनिपुङ्गव वशिष्टजीले निश्वामित्र समीप आएर यथोचित रूपले समर्थन गर्दै मुस्काउँदै हसिलो मुखले आरोग्यको प्रश्न गर्नु भएको थियो । त्यस स्थल सर्व एकै क्षणमा सबै एक अर्को–संग परस्पर मिलेर यथायोग्य समादर–सत्कारको साथ सबै प्रसन्न चित्त हुँदै महाराजाको महलमा यथास्थानमा समुपविष्ट भएका थिए । त्यहाँ एक अर्कोसंगको सम्पर्कले त्यस सभामण्डल अत्यधिक शोभित तथा उज्ज्वल थियो र आपसमा कुशल क्षेमको वार्ता चलेको थियो ।

उपविष्टा यतस्मै स विश्वामित्राय धीमते ।
पाद्यमर्घ्यं च गां चैव भूयो भूयो न्यवेदयत् /३७/
अर्चयित्वा तु विधिवद्विश्वामित्रमभाषयत् ।
प्रांजलिः प्रयतो वाक्यमिदं प्रीतमना नृपः /३८/
यथामृतस्य संप्राप्ति यथा वर्षमवर्षके ।
यश्वथां ह्यस्थेक्षण् प्राप्तिर्भवदागमनं तथा /३९/
यथेष्ट दार संपत्कात् पुत्र जन्मा प्रजावतः ।
स्वप्नदृष्टार्थ लाभश्च भवदागमनं तथा /४०/
यथेप्सितेन संयोग इष्टस्यागमनं यथा ।
प्रणष्टस्य यथा लाभो भवदागमनं तथा /४१/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## भाषा

आसनैमा जसै श्रीमान् विश्वामित्र बिराज भो ।
राजाले वार वारै त्यो पाद्य अर्घ्यादि दान त्यो /३७/
विधिवत्अर्चनाभवित विश्वामित्र ऋषिकन ।
हात जोरी बोले राजा हर्षभै त्यो मनै मन /३८/
जस्तो सुक्खा भूमिमा नै अमृतै जलवर्षण ।
अन्धोमा नेत्र त्यो प्राप्त प्रभुको यो सुआगम /३९/
पुत्रहीन महापुत्र निर्धनैमा धनै धन ।
त्यस्तै नै यो ममा प्राप्त प्रभुको शुभ आगम /४०/
इष्ट योग सुसम्पन्न सुखैको योग साधन ।
त्यस्तै यो सहजै प्राप्त प्रभुको यो सुदर्शन /४१/

भावार्थः– जुन वेलामा मुनिवर आसनमा बस्नु भयो तब राजा दशरथजीले पाद्य–अर्घ्य आदि वारम्वार निवेदन गर्नुभएको थियो। महर्षि विश्वामित्रजीको पूर्ण विधि–विधानको साथ समर्चन गरेर फेरि नरेश्वरले प्रसन्न हुंदै दुवै हात जोरेर मुनिज्यूमा भन्नु भएको थियो "हे महर्षे ! जसरी वर्षाको अभावमा पानी वर्षने हुन्छ अर्थात् प्यासले छटपटाइरहेका प्राणीमा जल प्राप्त भएमा अमृत समानको पानले पुनः जीवन प्राप्त हुने हुन्छ तथा अन्धालाई नेत्र लाभ भएमा जस्तो महान् सुख हुन्छ, त्यस्तै यस वेला प्रभुको शुभागमनले सुखै सुखको लाभ पाइरहेको छ । जस्तो अभीष्ट स्त्रीबाट पुत्र जन्मनाले र गरीबमा द्रव्य प्राप्त भएमा जस्तो आनन्द हुन्छ, त्यस्तै प्रभु को दर्शनले मलाई आनन्द भइरहेको छ । जुन रीतिले आफ्नो अभीष्ट वस्तु योगबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आनन्द प्राप्त हुने हुन्छ, त्यस्तै प्रभुको आगमनबाट आनन्द भै रहेकोछ एवं नष्ट भएको वस्तु प्राप्त भएमा जसरी प्रसन्नता हुन्छ, त्यस्तै मलाई प्रसन्नता भैरहेको छ ।

यथा हर्षोनभो गत्यामृतस्य पुनरागमात् ।
तथा त्वदागमाद् ब्रह्म स्वागतं ते महामुने ।४२।
ब्रह्मलोक-निवासो हि कस्य न प्रीतिमावहेत् ।
मुने तवागमस्तद्वत्सत्यमेव ब्रवीमि ते ।४३।
कश्च ते परमः कामः किं च ते करवाण्यहम् ।
पात्र भूतोसि मे विप्र प्राप्तः परमधार्मिकः ।४४।
पूर्वं राजर्षि शब्देन तपसा द्योतित प्रभः ।
ब्रह्मर्षित्वमनुप्राप्तः पूज्योसि भगवन्मया ।४५।

भाषा

आकाश गमनै हर्ष त्यस्तै पनि सु अमृत ।
आनन्द प्राप्तिको साथ ! गर्दछु शुभ स्वागत ।४२।
निवास ब्रह्मलोकैमा असुख किन हुन्छ र ?
सत्यता वाक्य यो शुद्ध ममा सुखै भएको छ ।४३।
परमोत्तमको पाँच ब्राह्मण शुद्ध धार्मिक ।
सौभाग्य आज यो मेरो दान इच्छा सुभावुक ।४४।
राजर्षि पहिले शुद्ध पछि ब्रह्मर्षिको पद ।
तपैले नै प्रभु प्राप्त, गर्छु पूजा प्रभो अब ।४५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थ :– हें मुने ! आकाशगमनबाट जस्तो खुसी हुन्छ तथा अमृत रस मधु बराबर पान गर्नाले जुन आनन्द हुने हुन्छ, त्यस्तै नै प्रभुको आगमनले मलाई आनन्द तथा मन अति तृप्त हुन गएको छ। प्रभु तपाईंको हार्दिक स्वागत छ। ब्रम्हलोकमा निवास भएका पुरुषमा जुन आनन्द सुख प्राप्त छ, त्यस्तै प्राप्त प्रभुको आगमनबाट ममा हर्ष भैरहेको छ। यो कुरो सत्य साथ बोलिरहेको छु। हें महर्षिप्रवर ! प्रभु परमश्रधिक धर्मात्मा हुँदा दानको सुपात्र पनि हुनुहुन्छ। अब कृपा ममाथि होस् कि प्रभुको अभिलाषा के हो ? प्रभु राजर्षि कहलाइएको पछि तपश्चर्याबाट ब्रम्हपदमा पुग्नु भै ब्रम्हर्षि समेत भएको हुँदा परम पूजनीय योग्य पुरुषमा म पूजा गर्न चाहन्छु।

**गंगाजलाभिषेकेण यथाप्रीतिर्भवेन्मम।**
**तथात्वद्दर्शनात्प्रीतिरेत: शीतयतीवमाम् ।४६।**
**विगतेच्छा भय क्रोधो वीतरागो निरामयः।**
**इदमत्यद्भुतं ब्रम्हन्यद् भवान्मामुपागतः ।४७।**
**शुभ क्षेत्रगतं चाहमात्मानम अकल्मषम्।**
**चन्द्रबिंब इवोन्मग्नं वेदवेद्य विदांवर ।४८।**
**साक्षादिव ब्रह्मणो मे तवाभ्यागमनं मतम्।**
**पूतोस्म्यनुगृहीतश्च तवाभ्यागामनान्मुनेः ।४९।**

**भाषा**

**गंगामा ज सरी स्नान गर्दामा तन शीतल।**
**दर्शनै प्रभुको त्यस्तै भयो लौ मन हर्षित ।४६।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्रभुको मन जो शुद्ध राग द्वेषादि वर्जिता ।
आश्चर्य आज यो साम्मु दर्शनै भो अहो यहाँ /४७/

जानिने योग्य त्यो वेद वेदज्ञ प्रभु ईश्वर ।
शुद्धता निर्मलै देह चन्द्रविम्ब सुसागर /४८/

साक्षाद् ब्रह्माजी नै शुद्ध आएझैं यो प्रभुस्थल ।
ठानेको छु प्रभु यस्तै, पवित्र-पद-दर्शन /४९/

भावार्थ:– जसरी गङ्गाजीको पवित्र शीतल जलमा स्नान गर्दा अधिक प्रसन्न हुने हुन्छ, त्यस्तै ममा प्रभुको शुभ आगमनले तथा दर्शनले मन अत्यधिक आनन्द भै रहेको छ । हे ब्रह्मन् ! म जान्दछु, प्रभुको अन्तःकरण अति पवित्र अर्थात् राग द्वेषदेखि पर रहेको यस्तो वीतराग र निरामय भएको पुरुष आज मेरा साम्मु उपस्थित हुनुभएको अहोभाग्य म आफूलाई सम्झिरहेको छु साथै आश्चर्यमा परिरहेको छु । वेदहरुका ज्ञाता परम वरिष्ठ प्रभुको पूजन गर्न पाएकोमा मेरो मन अति नै हर्षित भैरहेको छ । जस्तो पूर्णकलाले शोभित चन्द्रमा सागरमा प्रतिविम्व पर्दा हर्षले आफ्नु सीमादेखि पनि बढेर सीमा नाघ्ने गरेझैं मेरो मन अति हर्ष भैरहेको छ । प्रभुको आगमनले म यही सम्झिरहेको छु कि साक्षाद् ब्रह्माजी ब्रह्मलोक देवलोकबाटै यहाँ पाल्नु भएको । म तपाईंको परम पवित्र पाउको दर्शनले अनुगृहीत भएको छु ।

त्वदागमन-पुण्येन साधो यदनुरंजितम् ।
अद्य मे सफलं जन्म जीवित तत्सु जीवितम् /५०/

त्वामिहाभ्यागतं दृष्टा प्रति पूज्य प्रणम्य च ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आत्मन्येव नमाश्यन्त गृष्टवेदं जलधि र्यथा ।५१।
यत्कार्यं येन वार्थेन प्राप्तोसि मुनिपुंगव ।
कृतामित्येव तद्विद्धि माग्योसींति सदा मम ।५२।
स्वकार्येन विमंशंत्वं कर्तुं मर्हसि कौशिक ।
भगवन्नास्त्यदेयमेत्व मियत्प्रतिपद्यते ।५३।
कार्यस्य नविचारं त्व कर्तुं मर्हसिधर्मतः ।
कर्ता चाह मशेष ते दैवतं परमं भवान् ।५४।

भाषा

प्रभु आगमनै पुण्य मनै मेरो सु रञ्जन ।
सफलै जीवनै आज भाग्य मेरो सुदर्शन ।५०।
अर्चनैं गर्न पाउँदा प्रणाम हर्षले मन ।
आत्मामै नमन शुद्ध, चन्द्रको झैं सरोवर ।५१।
प्रभुकार्य सु-सम्पन्न भएको श्री पदार्पण ।
भएको पूर्णता सिद्ध, हाजिरै दास यो तन ।५२।
विचार मनमा केही नली आज्ञा प्रभो ममा ।
सुपात्र दानकै योग्य वस्तु सार्थकता यहाँ ।५३।
मेरो नै परम पूज्य माननीय मुनि प्रभो ।
कार्य पूरा यथाशक्य गर्ने शक्ति प्रदान यो ।५४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थः– हे साधो ! प्रभो ! प्रभुको समागमको पुण्यले ममा यस्तो आनन्द र यो जीवनै सुफल भएको छ । प्रभुको दर्शन तथा अर्चन प्रणाम गरेर म यस्तो खुसी भै रहेंको छु कि आफ्नो आत्मामै नमनको आनन्द पाइरहेको छु, जस्तो जलधिले चन्द्रमालाई पाएझैं । हे मुनिपुङ्गव ! प्रभुको जुनसुकै कार्य होस् र जुन प्रयोजनको लागि यहाँ पदार्पण भएको छ, त्यो पूर्णतया सिद्ध भएको सम्झनुहोस् किन भने तपाईं खास हाम्रो माननीय पुरुष हुनुहुन्छ । प्रभु ! तपाईं अलि कति पनि मनमा संकोचको विचार नगर्नु होला । प्रभुको लागि यहाँ भएको जो जे छ, तपाईं जस्तो सत्पात्रलाई प्रदान गरिएको वस्तुहरु को सार्थकता हुने हुन्छ । प्रभु आज्ञा होस्! कुन कार्य यो दासबाट गराउन चाहनुहुन्छ, प्रभु हाम्रो परम पूज्य देवता हुनुहुन्छ ।

इदमति मधुरं निशम्य वाक्यं
श्रुति सुखमात्मविदाविनीतमुक्तम् ।
प्रथित गुण यथा गुणै र्विशिष्टं
मुनिवृषभः परमं जगामहर्षम् ।५५।

भाषा

यसरि मधुर वाक्य अमृतैको,
सुखद–आत्मत्व भाव संपन्न ज्ञान ।
सुनि मुनि अति नै गुणै विशेष–
–प्रमुख आत्मा हर्षमा नै प्रसन्न ।५५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थ:— आत्म–ज्ञान सम्पन्न महाराजा दशरथद्वारा कथित अत्याधिक मधुरताको साथँ श्रवणसुखद एवं गुणगानको विशेषताले युक्त वचन सुनेर विख्यात गुण र परम प्रख्यात यश भएका श्रेष्ठ मुनि विश्वामित्रजी अत्यन्त प्रसन्न हुनु भएको थियो ।

यसरी महारामायण वैराग्य प्रकरणको छैठौं सर्ग योगवासिष्ट विश्वामित्रको स्वागत वर्णन सकियो ।

## सात सर्ग

## (७)

### (श्री विश्वामित्रको राक्षसहरुको वधार्थ श्रीरामलाई लैजाने माग)

**श्री वाल्मीकि उवाच:–**

**तच्छ्रुत्वा राजसिंहस्य वाक्यमद्भुत विस्तरम् ।**
**हृष्टरोमा महातेजा विश्वामित्राभ्यभाषत ।१।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सदृशं राजशार्दूल तवैवैतन्महीतले ।
महावंश-प्रसूतस्य वसिष्ठ-वश-वर्तिनः /२/
यत्तु मे हृद्गतं वाक्यं तस्य कार्यविनिर्णयम् ।
कुरु त्वं राजशार्दूल धर्मं समनुपालय /३/

भाषा

सुनेर राजसिंहको वाक्य त्यो मधुरै स्वर ।
हर्ष भै बोल्नु भो हेर विश्वामित्र मुनीश्वर /१/
महान कुलमा जन्म राजा तिम्रो सुभावना ।
वसिष्ठ मुनिज्यू साथ कार्य-सिद्धि सुसाधना /२/
निर्णय कार्यको साथ धर्मको अनुपालना ।
स्वभाव तिमीमा शुद्ध आनन्द सुखसाधना /३/

भावार्थः— महर्षि श्री वाल्मीकि ज्यू बोल्नुहुन्छः- हे भारद्वाज! त्यो राजसिंह दशरथबाट अत्यन्त अद्भूत साथै विस्तृत वाक्यको श्रवण गरेर परम पुलकित भएर महान् तेजस्वी विश्वामित्र महर्षि आज्ञा हुन्छः— हें नृपमा श्रेष्ठ ! तपाईं खास महान् कुलमा समुत्पन्न हुनु परम उचितै छ र तपाईंमा सदा सर्वदा महर्षि वसिष्ठ कै आज्ञा–मा नै पालना गर्नु हुन्छ । अर्थात् उहाँके अधीनमा भै कार्य सम्पादन गर्नुहुन्छ । अब म आफ्नो हृदयमा निहित विचार तपाईंकै समक्ष राख्दछु । हे राजशार्दूल ! तपाई आफूमा पर्न आएको कार्यहरू खूब विचारपूर्वक धर्मको अनुपालन गर्नुहोस् ।

अहं धर्मं समातिष्ठे सिद्ध्यर्थं पुरुषर्षभ ।
तस्य विघ्नकरा घोर-राक्षसा मम संस्थिताः /४/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यदा यदा तु यज्ञेन यजेहं बिबुध व्रजान् ।
तदा तदा तु मे यज्ञं निर्विघ्नंति निशाचरा: /५/
बहुशो विहिते तस्मिन्भया राक्षसनायका: ।
अकिरंस्ते महीं यागे मांसेन रुधिरेण च /६/
अवधूते तथा भूते तस्मिन् याग-कदम्बके ।
कृतश्रमो निरुत्साह स्तस्माद् देशादुपागत: /७/
न च मे क्रोधमुत्स्रष्टुं बुद्धिर्भवति पार्थिवा: ।
तथाभूतं हि तत्कर्म न शापस्तस्य विद्यते /८/
इदृशी यज्ञदीक्षा सा मम तस्मिन्महाक्रतौ ।
त्वत्प्रसादादविघ्नेन प्रापयेयं महाफलम् /९/

भाषा

धर्मको कार्य सिध्दिमा जब गर्दछु यज्ञ म ।
विघ्न गर्न त्यसै गुप्त रहेका-दानवै गण /४/
जब यज्ञ हुने हुन्छ त्यसै बेला निशाचर ।
विध्न गर्न यज्ञ नष्ट आउने हुन्छ लौ पर /५/
पवित्र यज्ञ-भूमिमा आएर राक्षसै गण ।
रक्त मासु अनेकौंका बर्साइदिन्छ लौं क्षण /६/
परिश्रम यत्न साथ गर्दामा पनि राक्षस ।
सफलै त्यो नभै राजन् आएको छु यहाँ अब /७/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



क्रोधको वशमा शाप सबाट नहुने बुझ ।
अनुष्ठान यज्ञ सार कल्याण भूतकै हित ।८।
तसर्थ तिम्रीबाटै नै सहाय भावना बल ।
यज्ञको पूर्णता ज्ञान महान् पुण्यकै फल ।९।

भावार्थ :— हे पुरुषमा परमश्रेष्ठ । म धार्मिक कार्यसिद्धिको लागि यज्ञ गर्दछु त्यस यज्ञमा विघ्न गर्ने गराउने परम घोर राक्षस–हरू मेरै आश्रममा घुस्दछन् । जुन जुन वेलामा म यज्ञको अनुष्ठान–द्वारा देवताहरूको भजन गर्ने हुन्छु, त्यसै त्यसै वेलामा दुष्ट निशाचर–हरू आएर यज्ञ नष्ट गरिदिन्छन् । धेरै बाजि यज्ञ गर्न थालेकोमा त्यस पवित्र भूमिमा राक्षसहरू अनेक जातका मासु, रक्त तथा हाडहरू वर्षाएर अपवित्र गराइदिन्छन् । त्यस्तो भएकोले यज्ञ गर्न निरुत्साह भएर सहायताको लागि म तपाईंको सामु उपस्थित भएको छु । हे राजन्, तिनीहरूलाई क्रोध गरेर शाप दिन म चाहन्न, कारण म शान्तिको अनुष्ठान यज्ञ नै मैले गर्न खोजेको छु, यो यज्ञ सबै भूत प्राणीको हितकै लागि हो । मेरो यही इच्छा छ कि त्यो यज्ञ पूर्ण गर्न तपाईंकै सहयोगबाटै भएर महान् पुण्यको फल प्राप्तिमा योग गर्न सफल हुन सकूँ ।

त्रातुमर्हसि मा मास्तं शरणार्थिनमागतम् ।
अर्थिनां यन्निराशत्वं सत्तमेष्वभिभवो हि सः ।१०।
तवास्ति तनयः श्रीमान् दृप्त शार्दूलविक्रमः ।
महेन्द्रो सदृश वीर्यो रामो रक्षो विदारणः ।११।
तं पुत्रं राजशार्दूलं रामं सत्यपराक्रमम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



काकपक्षधरं शरं ज्येष्ठं मे दातुमर्हसि ।१२।
शक्तो ह्येष मया गुप्ते दिव्येन स्वेन तेजसा ।
राक्षसा येऽपकर्त्तार स्तेषां मूर्द्धं विनिग्रहे ।१३।

भाषा

आर्तजन्को सदा रक्षा कर्तव्य तिम्रो राजन ।
निराशा भावना यै छ तिरस्कारै हुने मन ।१०।
पुत्र तिम्रो महावीर सिंह झैं बलविक्रम ।
महेन्द्रसरी त्यो राम शक्तिशाली पराक्रम ।११।
जेष्ठ पुत्र प्रभु राम सत्य धर्म सुशासन ।
कागको झैं सदा होशी वीर शक्ति सुपालन ।१२।
रक्षार्थ यज्ञको मेरो दिनेछौ लौ ममा अब ।
सामर्थ्य राक्षसै नाश गर्ने त्यो यज्ञ–रक्षण ।१३।

भावार्थः– हे राजन् ! शरणागत अर्थात् आर्तमा परेकाहरुको रक्षा गर्ने योग्य वीर राजा तिमी नै छौ । श्रेष्ठ पुरुषको सामु उपस्थित भएर अर्थीहरूको निराशा हुनु एउटा साँच्चिकै तिरस्कार हुने कुरो बुझेकै छौ । तपाईंको ज्येष्ठ पुत्र श्रीमान् रामजी मदोन्मत सिंहसमान महान् पराक्रमी हुनुहुन्छ साथै उनको बल देवराज इन्द्रसमानको छ । दैत्य गणहरु नाश गर्नामा पूर्णतया समर्थ छन् । तसर्थ तपाईंका जेष्ठ पुत्र जुन कि काग झैं होशियार सत्य पराक्रमशील शूर-वीरलाई नै मेरो यज्ञ-रक्षार्थ मलाई अर्थात् मेरो पछि लगाइदिनुहोस । श्री रामको रक्षाको भार म आफैं गर्ने छु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्रेयश्चास्य करिष्यामि बहुरूपमनंतकम्
त्रयाणामपि लोकानां येन पूज्यो भविष्यति /१४/
न च ते राममासाद्य स्थातुं शक्ता निशाचराः ।
क्रुद्धं केसरिणं दृष्ट्वा वने रण इवैणकाः /१५/
तेषां न चान्यः को कुस्थाद्योद्धुमुत्सहते पुमाम् ।
ऋते केसरिणः क्रुद्धान्मत्तानां करिणामिव /१६/

भाषा

अस्त्र विद्या-निपुर्ण म गर्नेछु राममा अव ।
जस्मा त्यो बल-वीर्यले हुनेछ लोकपूजित /१४/
रामको सामुमा टिक्न सक्तैनन् राक्षसै गण ।
सिंहको सामु के टिक्छ पशु जन्तु जनावर /१५/
रामबाहेक अरु छैन नाश गर्ने ती दानव ।
क्रुद्ध हात्ती मदोन्मत्त, नाशार्थ सिंह झैं पर /१६/

भावार्थः– राजन् ! म श्रीराममा पूर्णता साथ अस्त्र-शस्त्रको विद्या-प्रदान गर्नेछु । साथै यसै बिद्याको प्रभाववाट त्रैलोक्यमा पूजनीय हुनेछन् । यी निशाचर हरु पराक्रमी रामको सामु के टिक्न सक्ने हुन्छन् र ? जस्तो क्रोधित सिंहका सामु वनमा अरु मदोन्मत हात्ती पशुहरु के टिक्न सक्ने हुन्छन् । श्रीरामजी समान वीर पुरुष अरु कुनै पनि हुन सक्ने छैन तथा राक्षसहरु हटाउन तथा नाश गर्न तथा युद्ध उत्साही पुरुष समर्थवान श्रीराममा नै हुने हुन्छ अन्यथा अरुमा हुन आउने छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वीर्योत्सिक्ता हितोपायाः कूटोपमारणे ।
खर-दूषणयो भृत्याः कृतांताः कुपिता इव /१७/
रामस्य राज-शार्दूल सहिष्यन्ते न सामकान् ।
अनारतगता धारा जलदस्येव पांसवः /१८/
न च पुत्र कृतं स्नेहं कर्त्तुमर्हसि पार्थिव ।
न तदस्ति जगत्यस्मिन्यन्नदेयं महात्मनाम् /१९/

भाषा

युद्धमा ती अतिघोरा पापाचार भयङ्कर ।
क्रोधी भृत्य निशाचारी यमझैं खर-दूषण /१७/
जस्तोसुकै बलैवान भए तापनि राजन ।
रामकै बाणले विद्ध हुनेछ नाश दानव /१८/
पुत्र स्नेह अब छोडी गर्नु छ उपकार यो ।
योग्य दानी तिमी वेश, जगतमा बस्नु के छ त्यो/१९/

भावार्थः– ती पापात्मा निशाचर युद्धमा कठोर कालकूट झैं भयङ्कर छन् । उनमा वल वीर्यको घमण्ड अहंकारले भरिएका खर-दूषणका भृत्यहरु क्रोधी यमराज झैं देखा परेका छन्, तापनि त्यो राक्षसगण चाहे जस्तोसुकै होस् श्रीरामबाट छोडिएका बाण तिनी-हरुले कदापि सहन सक्ने छैनन् । हे राजन् ! यस बेलामा पुत्रको स्नेह गर्नु योग्य हुन आउँदैन । किनभने यो जगतमा कुनै बस्तु छैन होला जुन कि महान् आत्मा भएका पुरुषमा दिने योग्य वस्तु अर्थात् परोप-कारको लागि सबै कुरा दिने र गर्ने शक्ति हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हतं नूनं विज्ञानामिहतांस्तान्विध्दि राक्षसान् ।
न ह्यस्मदादयः प्राज्ञोः सन्दिग्धे संप्रवृत्तः ।२०।
अहं वेद्मि महात्मानं रामं राजीवलोचनम् ।
वसिष्टश्च महातेजा ये चान्ये दीर्घदर्शिनः ।२१।
यदि धर्मो महत्त्वं च यशस्ते मनसि स्थितम् ।
तन्मह्यं समभिप्रेतमात्मनं दातुं मर्हसि ।२२।

भाषा

मरेकै राक्षसै जान निश्चय मेरो यो मति ।
तपैद्वारा म जान्दैछु, भावनी कालको गति ।२०।
जान्दछु रामजी खास असाधारण बली नर ।
वसिष्ठ जान्दछन् साथै दीर्घजीवी मुनिश्वर ।२१।
धर्मको जुन हो मर्म जान्दछौ यदि लौं तिमी ।
दिनू राम मेरै साथ यज्ञ-सार्थकता-मति ।२२।

भावार्थः– राजन् ! म आफ्नो तपोबल कै प्रभावद्वारा यी पछि हुने कुरा राम्रोसँग जान्दछु । मेरै-कथन अनुसार ती समस्त राक्षसहरु मरेकै सम्झनुहोस् । किनभने विज्ञ पुरुषहरु सौन्दर्ययुक्त विषयमा कहिल्यै पनि प्रवृत्त हुन आउँदैनन् । यी कमल-नयन भएका श्रीराम कुनै साधारण पुरुष होइनन्, उहाँ खास परमात्मा हुनु हुन्छ । यसलाई म राम्ररी जान्दछु, साथै वसिष्ठ र अरु दीर्घजीवी मुनिहरु पनि जान्नुहुन्छ । यदि तपाईंमा धर्मको महत्व तथा यज्ञको निमित्त विशेषता छ भने श्रीरामजीलाई मेरो साथमा लगाइदिनुहवस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दशरात्रश्च मे यत्रो यस्मिन् रामेण राक्षसाः ।
हन्तब्या विघ्नकर्तारो मम यज्ञस्य वैरिणः ।२३।
अत्राप्यनुज्ञां काकुत्स्थ ददतां तव मंत्रिणः ।
वसिष्ट प्रमुखाः सर्वे तेन रामं विसर्जंय ।२४।

भाषा

दशै रात यज्ञ पूर्ण रामबाटै छ निश्चय ।
विघ्नकर्ता जो छन् दैत्य विनाश रघुनन्दन ।२३।
शुभ कार्य को लागि नै वसिष्ठादि गुरुजन ।
साथमा मेरो श्रीराम दिने सल्लाह राजन ।२४।

भावार्थः— मेरो यज्ञ दश दिनमा सम्पूर्ण हुनेछ । त्यसैको सुरक्षाको लागि श्रीमानसँग याचना गर्दछु र यज्ञको द्रोही विघ्न गर्ने राक्षसहरूलाई हटाउने वा वध गर्नु पर्ने कुरो छ । तसर्थ हे काकुत्स्थ ! तपाईको वसिष्ठ आदि सबैले यस शुभ कार्य-सम्पन्नका लागि अवश्यै श्रीरामजी मेरो साथमा पठाउने अनुमति दिनु हुनेछ । अतएव श्रीराम मेरो साथमा पठाइदिने तपाई संग याचना गर्दछु ।

नात्येतिकालः कालज्ञययायंम राघवः ।
तथा कुरुस्व भद्रं ते मात्र शोके मनः कृथाः ।२५।
कार्यमण्वापि काले तु कृतमेत्युपकारताम् ।
महदप्युपकारोपि रिक्ततामेत्य कालतः ।६२।

भाषा

कुतर्क छाड लौ राजा, शोक गर्नु अयोग्य छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कल्याण प्राणीकै लागि गर्नु छ यज्ञसाधन ।२५।
बेलाकै कार्य त्यो अल्प, उपकारै महान छ ।
व्यतीतकालको कार्य, नलाग्ने व्यर्थ यो बुझ ।२६।

भावार्थ :– राजन् ! ठीक तथा समुचित समयमा गरिएका स्वल्प कार्य पनि धेरै उपकार हुने हुन्छ र समय व्यतीत भएपछि गरिएको महान् कार्य त्यो व्यर्थ हुने हुन्छ । तसर्थ वेलाको ध्यानमा राखी समय ननिकल्दै कार्य गर्नु छ तपाईंको कल्याण हुनेछ । मनमा कुनै प्रकारको शोक मोह नलिनुहोस् ।

इत्येवमुक्त्वा धर्मात्मा धर्मार्थं सहितं वचः ।
विरराम महातेजा विश्वामित्रो मुनीश्वरः ।२७।

भाषा

अर्थ संयुक्तको वाणी बोलेर अब लौ क्षण ।
चूप लाग्नु भयो केही विश्वामित्र मुनीश्वर ।२७।

भावार्थ :– यसरी अर्थ-संयुक्तको वाणी महान् आत्मा भएका धर्मात्मा श्री विश्वामित्रजी जवाफको प्रतीक्षामा चूप लाग्नु भयो ।

श्रुत्वा वचो मुनिवरस्य महानुभाव,
स्तूष्णीमतिष्ठदुपपत्तपदं सवक्तुम् ।
नो युक्तियुक्त कथनेन विनंति तोष
धीमानपूरित मनोभिमतश्च लोकः ।२८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**भाषा**

**सुनेर त्यो मुनिज्यूको जुन हो त्यो माग,**
**विचार घोरिनुभयो नृपजी महान ।**
**के युक्त युक्ति भनिने जुन कार्यतामा**
**संतुष्टभाव मुनिमा कसरी सु-दान ।२८।**

भावार्थः– **वरिष्ठ मुनि** विश्वामित्रको यो वाणी सुनेर श्री महाराजा दशरथ, मुनिको संयुक्त वाणीको के उत्तर दिने हो त्यो दिनलाई केही क्षण चूप लागी विचार गर्नुभयो । किनभने मतिमान् पुरुषमा अभीष्ट पूर्ण नभए सम्म अर्थात् संतुष्ट नभएसम्म चूप लाग्ने कुरा हुन आउँदैन ।

यसरी श्री योगवासिष्ट महारामायणको सातौं सर्ग विश्वामित्रको माग वर्णन समाप्त भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## आठौं सर्ग

## (८)

# (महाराजा दशरथको उत्तर)

श्री बाल्मीकि मुनि उवाचः—

तच्छ्रुत्वा राजशार्दूलो विश्वामित्रस्य भाषितम् ।
मुहूर्तमासीन्निश्चेष्टः सदैन्यं चेदमब्रवीत् /१/
उनशोडष वर्षीय रामो राजीवलोचनः ।
न युद्ध-योग्यतामस्य पश्यामि सह राक्षसैः /२/
इयमक्षौहिणी पूर्णा यस्या पतिरहं प्रभो ।
तया परिवृतो युध्दं दास्यामि पिशिताशिनाम् /३/
इमे हि शूरविक्रांता भृत्या मंत्रविशारदाः ।
अहं चैषा धनुष्पाणि गोप्ता समरमूर्ध्दनि /४/

भाषा

राजाले सुनि यो यस्तो विश्वामित्रैको भाषण ।
बिउँझो मूर्च्छितैबाट दीन भै भन्नु भो अब /१/
कमलै नेत्र झैं युक्त श्रीराम बालकै अहो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कमलै नेत्र झैं युक्त श्रीराम बालकै अहो ।
युद्ध गर्न अयोग्यैको पन्ध्रऔं वर्षकै छ त्यो /२/
बलिया सैन्य जो मेरा तयारै छन् अक्षौहिणी ।
आफैं गै राक्षसै साथ युद्ध गर्नेछु लौ, मुनि /३/
सैनिक तालिमी पूरा शूरवीर भयानक ।
राक्षसैसंग त्यो युद्ध गर्ने म लौं सहायक /४/

भावार्थः– महर्षि वाल्मीकिज्यू भरद्वाजमा बोल्नुहुन्छ– राजसिंह श्री दशरथ श्री महामुनि विश्वामित्रजीका वाणी सुनेर वात्सल्य भाव सम्पन्न भै दुई घडीतक चेष्टाहीन भै चुप लागी बसेर जागेपछि अर्थात् होशमा आएपछि दीन वचन बोल्नु भो– "हे मुनीश्वर! कमल तुल्य नेत्र भएका मेरो बालक भरखर पन्ध्रमा लागेको श्रीराम ती राक्षसहरूसंग युद्ध गर्न कसरी सक्ला ? कारण युद्ध गर्न तालीम लिएकै छैन तसर्थ मै तयारी सेना अक्षोहिणी लिई स्वयं त्यस विघ्न कारी राक्षसलाई विनाश गर्न जानेछु। यी सैन्य मेरै रेख-देखमा तालीम प्राप्त सैन्यहरू छन्, जसमा शत्रुसंग युद्ध गर्ने शूरवीर छन् ।'

एभिः सहैव वीराणां महेन्द्र महतामपि ।
ददामि युध्दं मत्तानां करिणामिव केसरी /५/
बालो रामस्त्वनीकेषु न जानाति बलाबलम् ।
अंतः पुराहते दृष्टा नानेना न्यारणा वनिः /६/
न शास्त्रैः परमैर्युक्तो न च युद्ध-विशारदः ।
न वास्त्रैः शूरकोटीनां तज्ज्ञः समरभूमिषु ।७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

यसैको साथमा युद्ध महेन्द्र बल-वीर्यता ।
मत्त सिंहसरी साह्रो मबाटै लौ सहायता /५/
बालक राम हो केही जान्दैन त्यो बलाबल ।
अंतः पुरैमहा स्थित नदेखेको रणस्थल /६/
न शस्त्रै धारणा ज्ञान, न छ युद्धादि कौशल ।
अनेकौं शस्त्रधारीका करोडौं सैन्यकै दल /७/

भावार्थः— यी मेरा तालिमी सैन्य साथमा रही महेन्द्र देव भन्दा पनि बढी शक्तिवल भएकालाई हटाउन अवसर दिनेछु, जस्तो मदोन्मत्त हात्तीहरूलाई सिंहले गरेझैं गर्ने हुन्छु । श्रीरामजी त अहिले वालकै छन् । थिनमा न त शस्त्र अस्त्रको ज्ञान छ न त युद्ध गर्ने कला, तसर्थ वलावलको केही पनि ज्ञान नभएको, केवल अन्तःपुरमा मात्र वास वसेका, रणभूमि नदेखेका, साथै परमोत्तम शस्त्रहरुको ज्ञान पनि नभएका तथा युद्ध गर्ने कलामा पनि अनभिज्ञ । करोडौं शूरवीर-हरुको नवीनतम अस्त्र-शस्त्रको ज्ञान पनि नपाएको कोरा वालक मुनिज्यूमा यादै हुनुपर्ने हो ।

केवलं पुष्प-खंडेषु नगरोपवनेषु च ।
उद्यान-बन-कुंजेषु सदैव परिशीलनम् /८/
विहर्तुमेव जानाति सहराजकुमारकैः ।
कीर्ण पुष्पोपहारासु स्वकास्वजिरभुमिषु /९/
अद्यत्वतितरां ब्रह्मन् मम भाग्यविपर्ययात् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हिमेनेव हि पद्माभः संपन्नो हरिणः कृशं /१०/
नात्तुमन्नानि शक्नोति नविहर्तुं गृहावनिम् ।
अतः खेद परीतात्मा तूष्णीं तिष्टति केवलम् /११/

भाषा

केवल पुष्पकै शैया विहार नगरै वन ।
रहेका वागकै कुञ्ज सदैव परिशीलन /८/
छरिएर पुष्प-माला दलानै बीच आँगन ।
विहार-भूमिमा क्रीडा कुमारैसंग पालन /९/
भाग्यकै दोषले हो वा हिजो आज त्यसै पर ।
हिमपात कमलपुष्प सुकेझैं कृश पांडुर /१०/
न त खान्छ केही अन्न न त भूमिविहार छ ।
खेद-संयुक्त एकान्त रहेको मौनमा पर /११/

भावार्थः– हे मुनिवर ! श्रीराम त अहिलेसम्म केवल पुष्ठ-खण्ड नगरको उपवन-उद्यान वन कुँजहरूमै बसिरहेको । साथै अरु राजकुमारहरूसंग आफ्नै आँगन वेटी दलानमा, पुष्पमाला छरिएको भूमिमा विहार गर्न मात्र जानेको छ । हे ब्रम्हन् ! हिजो आज त तिनी न त खान नै मन गर्छन्, न त विहार क्रीडा नै गर्दछन् मेरो भाग्य नै यस्तो भएको हो कि शरीर दुब्लाएर पहेलो पाँडु रङ्गको तन भै रहेको जस्तो हिमपात कमल पुष्पहरु सुकेर पहेंलो भए झैं श्रीराम केबल खेदसाथ चुपचाप एकान्तमा चिन्ता लिएर बसि रहेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सदारः सहभृत्योऽहं तत्कृते मुनिनायक ।
शरदीव पयोवाहो नूनं निः सारतां गतः /१२/
ईदृशो सौ सुतो बाल आधिनाथ वशीकृतः ।
कथं ददामि तं तुभ्यं योध्दुं सहनिशाचरैः /१३/
अपि बालांगनासंगादपि साधो सुधारसात् ।
राज्यादपि सुखायैव पुत्रस्नेहो महामते /१४/

भाषा

तसर्थ हाम्री लौ चिन्ता सारा रानी परिजन ।
शरदै रितुकोठण्डा निस्सार-भावमा तन /१२/
मानसिकै रोग आँधी ग्रस्तमा त्यो छ, मुनीश्वर ।
त्यसलाले कसरी मार्ला युद्धमा त्यो निशाचर /१३/
बालाङ्गनाहरूसंगै क्रीडा साथै सुपुत्रको ।
प्रिय हुने सुधा-रस सुखदाता त्यो स्नेहको /१४/

भावार्थः— हे मुनीश्वर ! श्रीरामको त्यस्तो दशाको कारणले गर्दा हामी तथा सम्पूर्ण परिवार र परिजन सहित शरद् रितुको पयोवाहको झैं निश्चयनै म निस्सारतामा परेको छु । यो मेरो बालक पुत्र यसवेला मानसिक व्यथाले संयुक्त भैरहेको छ, त्यतो मानसिक व्यथा भएको बालक अब निशाचरलाई हटाउन कसरी म तपाईमा दिने हो ? महामते ! बालाङ्गनाहरूको साथमा रहेको मेरो पुत्र सुधारस तथा राज्यभन्दा पनि अधिक प्रेम पुत्र-स्नेह हुने भएको हुँदा हे मुनीश्वर ! अब के उत्तर म दिऊँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ये दुरंता महारम्भास्त्रिषु लोकेषु खेददा ।
पुत्रस्नेहेन संतापि कुर्वते तारतंायम् ।१५।
असवोथ धनं दारा स्त्यजन्ते मानवैः सुखम् ।
न पुत्रो मुनि-शार्दूल स्वभावोत्पन्नये जसु ।१६।
राक्षसाः क्रूर कर्माणः कूट-युद्ध-विशारदाः ।
रामस्तान्योधयतिवत्थं युक्तिरेवातिदुःसहा ।१७।

भाषा

कडा कार्य तपादिको मुनिजन् गर्ने त्यो पर ।
पुत्रकै स्नेहता वश शंका यसमा के हुन्छ र ।१५।
स्वभाव जन्तुमा यस्तै पुत्रस्नेह अधिक छ ।
धन-दारा-सुखै पुण्य बरू त्यो त्यागन सक्तछ ।१६।
राक्षसै क्रूर कर्मा त्यो कूट युद्धादि निपुण ।
त्यस्ताको साथमा राम कसरी युद्ध लौ भन ।१७।

भावार्थः- तपश्चर्याको महान् दुरन्त आरम्भ तीनै लोकमा कायक्लेश गरिने मुनिजनहरू पनि पुत्र-प्राप्तिको स्नेह-वशमा परेको कुरा प्रभुमा विदितै छ । यसमा शंकाको कुरा हुनै नसक्ने छ । हे मुनिशार्दूल ! जन्तु तथा नरनारीमा स्वभावै यस्तो भएको हुन्छ कि वरु धन-दारा-सुख, पुण्य छोड्न कबुल गर्छन्, तर पुत्रस्नेह छोड्न सक्तैनन् "फेरि ती राक्षसहरु धेरै नै कडा क्रूरकर्मा तथा कूट-युद्धमा सिपालुलाई मेरो बालक रामले कसरी हटाउन सक्ला ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विप्रयुक्तो हि रामेण मुहूर्तमपि नोत्सहे ।
जीवितु जीविताकांक्षी नरा मनं ते त्वमर्हसि /१८/
नव वर्ष सहस्त्राणि मम जातस्य कौशिक ।
दुःखेनोत्पादितस्त्वेते चत्वारः पुत्रकामया /१९/
प्रधान भूतस्तेष्वेष रामः कमललोचनः ।
तवनेह त्रयोप्यन्ये धारयंति न जीवितम् /२०/
स एव रामो भवता नीयते राक्षसान्प्रति ।
यदि तत्पुत्रहीनं त्वं मृतमेवाशु विद्धि माम् /२१/

भाषा

रामबाट वियुक्त भै रहने छैन जीवन ।
जानेर राम लैजान छोडेमा बेश जीवन ।१८।
सहस्त्र नवको वर्ष बल्ल चारै सुपुत्रको ।
मिटेको दुःख यो मेरो विचार गर्नु लौ प्रभो ।१९।
चार पुत्रहरुमध्ये राम ज्येष्ठ सु-उत्तम ।
नभए क्षण यो नष्ट जीवन्-प्रेम-धारण ।२०।
राक्षसै साथ युध्दैमा लैजाने यदि यो मति ।
भएमा लौ विना राम मेरो छ मरणागति ।२१।

भावार्थ :– श्रीरामबाट वियुक्त भएमा जीवित रहने आकांक्षा त्यागे पनि भयो । अतएव हेमुने श्रीरामलाई लैजाने कुरा छाडिदिनु भए मेरो जीवन रहने छ । हे मुनिश्रेष्ठ, कौशिकज्यू । यो बुढेस–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कालमा अर्थात् ६० वर्षको पुत्रहीन जीवन धारणाको दुःख सहँदै आएकोमा प्रभुको प्रतापबाट पुत्र-प्राप्तिमा सुख भएको चार पुत्र छन् । यी चारै पुत्र मध्ये सुन्दर उत्तम तथा जेठो श्रीराम छ । तसर्थ राम विना अरु पनि रहने छैनन्, अर्थात् रामविना जीवन धारण गर्न सक्दैनन् त्यही रामलाई लैजाने विचार प्रभुको भए म पुत्र-हीनताको वियोग सहन नसकी तुरुन्तै मरेको अवस्थामा पर्ने हुन्छ, तथा त्यस्तो पार्ने भए लैजानुस् ।

चतुर्णामात्मजानां हि प्रीतिरत्रैव मे परा ।
ज्येष्ठं धर्ममयं तस्मान्न रामं नेतुमर्हसि ।२२।

निशाचर बलं हन्तुं मुने यदि तवेप्सितम् ।
चतुरंग-समायुक्तं मया सह बलं नय ।२३।

किं वीर्या राक्षसास्ते तु कस्य पुत्राः कथं च ते ।
कियत्प्रमाणाः के चैव इति वर्णय मे स्फुटम् ।२४।

भाषा

चार पुत्रहरूसाथि प्रीति मेरो बराबर ।
ज्येष्ठ पुत्र छ धर्मात्मा लैजाने कसरी पर ।२२।

प्रभु इच्छा भए नाथ राक्षसैगण मार्न ।
सेनासाथ मलाई नै लजानोस् यसै क्षण ।२३।

कस्तो छ राक्षसै ठूलो बल-वीर्य-पराक्रम ।
को हो त्यो कसको पुत्र बताउनोस् यसै क्षण ।२४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थ:– त्यसो त मेरा पुत्र चारैमा बराबर प्रेम छ । त्यस मध्ये श्रीरामजी ज्येष्ठ सुउत्तम तथा सुन्दर प्रभाववाला छन्, त्यसैले तिनलाई लान कुनै हालतमा पनि सक्नुहुन्न । हे मुनिश्रेष्ठ, यदि तपाईंको अभीष्ट साधना नै गर्नु छ भने चतुरंगिणी सेनासाथ मलाई नै लैजानुहोस् । अवश्य राक्षसगण नाश गर्नेछु । ती राक्षस कस्ता छन्, कसका पुत्र तथा कस्ता बलवीर्य पराक्रमी भएका छन्, संक्षेपमा सुन्न पाऊँ ।

कथं तेन प्रकर्त्तव्यं तेषाँ रामेण रक्षसाम् ।
मामकै बालकै र्ब्रह्मन्मया वा कटयोधिनाम् ।२५।
सर्वं मे शंस भगवन्यथा तेषां महारणे ।
स्थातव्यं दुष्ट-भाग्यानां वीर्योत्सिक्ताहि राक्षसाः।२६।
श्रूयते हि महावीर्यो रावणो नाम राक्षसः ।
साक्षाद्वैश्रवण भ्राता पुत्रो विश्ववसो मुने ।२७।
स चेत्तवमखे विघ्नं करोति किल दुर्मतिः ।
तत संग्रामे न शक्ताः स्मो वयं तस्य दुरात्मनः ।२८।

भाषा

राक्षसै संगको युद्ध राम के गर्न सक्दछ ? ।
कूटयुध्द सिपालुमा साथै म नै असक्त छु ।२५।
बताऊ कसरी युध्द गर्ने त्यो अपनाउने ।
उत्सिक्त त्यो महावीर्य दैत्य साम्नु लठारिने ।२६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रावणँ नामकै दैत्य सुनेको छु अति बली ।
कुवेरैको भाइ नै त्यो विश्रवापुत्र त्यो मुनि ।२७।
यदि त्यो दुर्मति आए यज्ञ विघ्न मखै स्थल ।
प्रभो लौ कसरी टिक्ने युध्दमा त्यो छ भीषण ।२८।

भावार्थः– हे महामुने ! मेरा यी कलिला सुन्दर वालक राम त्यस्ता भयानक राक्षसहरुसंग तपाईको मख-रक्षार्थ युद्ध गर्न सक्ला ? किनभने राक्षसहरु कूट यज्ञ गर्न अति सिपालु हुन्छन्, राम त के मैं पनि अशक्त छु । अव त्यस राक्षसलाई हटाउने कुनै उपाय भए कसरी त्यससंग युद्ध गर्ने अर्थात् दुष्ट भाग्य भएका महावीर्य दैत्यका सामु कसरी टिक्ने हो ? सुन्दछु रावण नाम गरेको राक्षस महान् वल वीर्य भएको र कुबेरै (वैश्रवण) दाज्यु छन् । साथै विश्रवा मुनिको पुत्र हो रे । त्यही नै यदि प्रभुको मखमा आई यज्ञमा विघ्न गऱ्यो भने त्यस दुरात्मासग युद्ध गर्न कसरी सक्ने वा टिक्ने हो ।

काले काले पृथग्ब्रह्मन् भूरि वीर्य विभूतयः ।
भूतष्वभ्युदयं यान्ति प्रलीयन्ते च कालतः ।२९।
अद्यास्मिस्तु वयं काले रावणादिषु शत्रुषु ।
न समर्थाः पुरः स्थातुं नियतेरेष निश्चयः ।३०।

तस्मात्प्रसादं धर्मज्ञ कुरु त्वं मम पुत्रके ।
मम चापत्य-भाग्यस्य भवान् हि परदैवतम् ।३१।

भाषा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बेला बेला त्यसै जन्म बलशाली विभूतिको ।
अन्त्यमा त्यो त्यही काल विलीन त्यो हुने प्रभो/२९

हिजो आज वर्तमान विभूति-युक्त रावण ।
नियति-खेल यस्तो कसरी टिक्ने हो भन /३०/

जानेर पुत्रमाथि यो कृपा गर्नु छ लौ अब ।
देवता तिम्रो नै खास अल्पभाग्य महा-बल /३१/

भावार्थः- हे महामुनि ज्यू ! यस्तै नै समय समयमा अत्य-धिक बलवीर्य भएका विभूतिहरु जन्मन्छन् तथा प्राणीहरुमा अभ्यु-दयको प्राप्ति गर्दछन्, साथै काल आएमा स्वतः प्रलीन पनि हुने हुन्छन् । वर्तमान यही कालमा रावणादि यस्तै नै विभूतिहरु सम्पन्न बल वीर्यका छन्, ती शत्रुहरुका सामु रणमा कसरी टिक्न सक्ने हो । यस्तै छ नियतिको निश्चय । तसर्थ हे भगवन् ! मेरा अबोध बालक माथि कृपा गर्नुहोस्, म अल्प-भाग्यको तपाईं खास वरदानस्वरूप देवता हुनुहुन्छ ।

देव-दानव-गंधर्वा यक्षाः पतग-पन्नगाः ।
न शक्ता रावणं योद्धुं किं पुनः पुरुषायुद्धि /३२/

महावीर्यवतां वीर्यमादत्ते युधि राक्षसः ।
तेन सार्द्ध न शक्ताःस्म संयुगे तस्य बालकैः /३३/

अवमन्यतमः कालः पेलवो कृत सज्जनः ।
राघवोपि गतो दैन्यं यतो वार्द्धक जर्जरः /३४/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## भाषा

रावणै बलीको सामु देव दानव किन्नर ।
युद्ध के गर्न सक्ने हो यक्षादि पुरुषै नर /३२/
वीर्यवान बली दैत्य सबैको बल खिच्दछ ।
त्यस्ता दानवका साम्मु बाल राम के टिक्दछ /३३/
काल यस्तै यही यस्तो निर्बल सज्जनै मति ।
वालकै राममा ऐल्हे वृद्धझैं शरीरै गति /३४/

भावार्थ – हें मुनिज्यू! रावण यस्तो महान् बलवान् निशाचर छ कि पुरुषको त परै जावोस्, देवगण-दानवगण-गन्धर्व यक्ष पक्षी पन्नग कुनै पनि त्यसका सामु युद्ध गर्न समर्थ छैनन् । महान् वीर्य भएको वीरहरुको पनि त्यसले बल-वीर्य युद्धमा (रावणले) खिच्दछ तसर्थ त्यसका सामु युद्ध गर्न म र मेरो सेनामा त नसक्ने जस्तो मनमा लाग्दछ भने यो मेरो वालक राम कसरी तिनीहरुसंग युद्ध गर्ला । यसैले यो बेला नै यस्तै भएको छ कि सज्जनहरू निर्बल झैं वन्नु परेको छ । श्रीराम पनि वृद्ध समान जर्जर भएर हीनतामा प्राप्त भै रहेको छ ।

अथवा लवणं ब्रह्मन्यज्ञघ्नं तमधोः सुतम् ।
कथयत्वं सुरप्रख्यं नैव मोक्ष्यामि पुत्रकम् /३५/
सुंदोपसुंदयोश्चैव पुत्रौ वैवस्वतोपमौ ।
यज्ञ विघ्नकरौ ब्रूहि न ते दास्यामि पुत्रकम् /३६/
अथनेष्यसि चेद्ब्रह्मस्तद्धतो रम्यमेव ते ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अन्यथा तु न पश्यामि शाश्वतं श्रयमात्मनः /३७/

भाषा

प्रख्यात मधुकै पुत्र रावणै लवणासुर ।
न सक्ने त्याग लौ राम, रक्षाको लागि नै पर /३५/

सुंदोपसुंद झैं खास पुत्र वैवस्वतै सम ।
विघ्न यज्ञ त्यो हो कर्ता, राम दिन्न छ बालक /३६/

यदि त्यस्तै बलात्कार लैजाने रामजी प्रभो ।
प्राण मेरो रहन्न लौ उपाय दासमा कसो ? /३७/

भावार्थः— हे ब्रम्हन् ! रावण त्यो यज्ञ-विध्वंशकर्ता खास मधु दैत्यको पुत्र लवणासुरै होस् जुन कि प्रख्यात असुर छ । अतएव म रामजीलाई छोडन सक्तिन । तपाई भन्नुहोला कि वैवस्वतको पुत्र सुन्द उपसुन्द कैं पुत्र नै यज्ञको विघ्न गर्ने हुन् । म त पुत्ररत्न दिन असमर्थ छु । हे मुनिज्यू ! तपोवलबाट बलात्कारसंग श्रीरामजीलाई मेरो स्वीकृतिविना लैजानु हुन्छ भने तपाई यो निश्चय सम्झनुस् कि तपाईले मेरो नै हत्या गर्नुभयो । कारण म पुत्रविना रहनै सक्तिनं । अरु उपाय नै मेरो लागि कुनै देख्न सुझ्ने कुरा छैन ।

इत्युक्ता मृदु वचनं रघुद्वहौ,
सौ कल्लोले मुनिमत संशये निमग्नः ।
ना ज्ञासीत्तल्लक्षणमपि निश्चय,
महात्मा प्रोद्दाचार्यिव जलधौ समुह्यमान /३८/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

**रघुवंशी श्री दशरथ जी महान्,**
**मृदुवचन कातर भाव साम्मु मुनिको ।**
**कर्तव्य निश्चय समय असमर्थता**
**निर्णयमा मति अलमल्लता अनभिज्ञ रयो । /३८/**

भावार्थ:- यस प्रकार रघुवंशोद्भव महाराजा दशरथले कोमल वचनले मुनिज्यूका सामु दीनताको भाव प्रकट गरे साथै मुनिज्यू मत-रुपी संशय-लहरमा निमग्न हुनु भएको थियो । ती महात्मा सागरको तरङ्गमा समुह्यमानको झैं क्षणमात्रको लागि कुनै पनि निश्चयमा पुग्न सकेनन् अर्थात् मेरो यस वेलामा गर्नुपर्ने कर्तव्य के हो ? त्यो कुनैपनि निर्णय गर्न मतिमा स्थिरता ल्याउन असमर्थ भएका थिए ।

यसरी श्री योगवासिष्टको वैराग्य प्रकरणको आठौं सर्ग श्री राजा दशरथको पुत्रस्नेहको वर्णन सकियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## नवौं सर्ग

## (९)

(महर्षि वसिष्टद्वारा समस्याको समाधानको आश्वासन)

श्री बाल्मीकि मुनि उवाच:—

तच्छ्रुत्वावचनं तस्य स्नेह पर्याकुले क्षणम् ।
समन्यु: कौशिको वाक्यं प्रत्युवाच महीपतिम् /१/
करिष्यामीतिसंश्रुत्य प्रतिज्ञाहातुमर्हसि ।
समवान् केशरी भूत्वा मृगतामिव वांछसि /२/
राघवाणाम युक्तोय कुलस्यास्यविपर्यय: ।
न कदाचन जायन्ते शीतांशोरुष्ण-रश्मय: /३/

भाषा

स्नेह संयुक्त आँसुले भरेको दशरथै नृप ।
दीन वाणी सुनी यस्तो बोले कौशिक लौ अब /१/
माग पूरा म गर्नेछु प्रतिज्ञा हुन गो अघि ।
केशरी-वीरता पाना छोडेर श्यालकै मति /२/
रघुवंशीपुरुषमा यो मर्यादाको विरुद्ध छ ।
तातो त्यो कहित्यै हुन्न, चन्द्रको रश्मि शीतल /३/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


भावार्थः– महर्षि बाल्मीकिज्यू भन्नुहुन्छ– हे भारद्वाज ! महाराजा दशरथजीका स्नेहवश नेत्र भरी आँसु लिएर यस्तो वाणी सुनेर क्रोध-संयुक्त भै श्री महर्षि कौशिकज्यू राजा दशरथमा बोल्नु हुन्छ– हे राजन् ! पहिले त जुन आज्ञा हुन्छ त्यो सबै पूरा गर्छु भनेर प्रतिज्ञा गर्ने अहिले यस्तो भन्ने तपाईं केशरी भएर के मृग हुन चाहेको ? रघुको वंशमा समुत्पन्न भएकाको यो एकदम कुलको मर्यादाको विपरीत छ । चन्द्रमाको ज्योत्स्ना अर्थात किरण कहिल्यै पनि तातो हुने होइन ।

**यदि त्वं न क्षमो राजन् गमिष्यामि यथागतम् ।**
**हीनप्रतिज्ञः काकुत्स्थ सुखीभव सबान्धवः ।४।**

**भाषा**

**यदि लौ तिमी गर्दैनौ आपनो वचन पालन ।**
**हीनप्रतिज्ञ भै बस्नू सकुलै तिमी बान्धव ।४।**

भावार्थः- हे दशरथ! यदि तिमी आफ्नो वचन पालन गर्न असमर्थ छौ भने हुन्छ लौ म आफ्नो स्थान जस्तो आएको थिएँ उस्तै फर्कने छु ! तर याद राख, ककुत्स्थको कुल हीन-प्रतिज्ञ भै सकुलै तिमी यहीं बसे ।

**तस्मिन्कोप परीतेथ विश्वामित्र महात्मनि ।**
**चचाल वसुधा कृत्स्नाः सुरां इव भयमाविशत् ।५।**
**क्रोधाभिभूत विज्ञाय जगन्मित्रे महामुनिम् ।**
**धृतिमान् सुमति धीमान् वसिष्ठो वाक्यमब्रवीत् ।६।**
**इक्ष्वाकूणां कुले जातः साक्षाद्धर्म इवापरः ।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भवान् दशरथः श्रीमान्, त्रैलोक्य गुण-भूषितः ।७।
धृतिमान्सुव्रतो भूत्वा न धर्मं दातुमर्हसि ।
त्रिषु लोकेषु विख्यातो धर्मेण यशसायुत ।८।

भाषा

विश्वामित्र जसै क्रोध-भयैंले भूमि थर्थर ।
असुरैंहरुको मन्मा भय अज्ञात भो पर ।५।
क्रोध संयुक्त त्यो जानी जगत्‌मित्र महामुनि ।
वसिष्ठ गुरुजी श्रीमान् बोल्नु भा नम्रता मति ।६।
जन्म ईश्वाकुको कुल धर्मात्मा तिमी, राजन !
लोकमा त्यो प्रसिद्धै छ धर्मकै प्रतिपालन ।७।
धर्म त्याग्ने तिमी छैनौ धर्मात्मा योग्य राजन ।
त्रैलोक्य यशको भागी पूर्णता यत्नता मन ।८।

भावार्थ :– श्री बाल्मीकिज्यू बोल्नुहुन्छ– हे भरद्वाज ! यसरी महामुनि विश्वामित्र क्रोध संयुक्त भएकाले सम्पूर्ण भूमि थर थर काँपिन् र असुरहरूको मनमा त्यसै अज्ञात भय उत्पन्न भएको थियो। जगत्‌को मित्र महर्षि यसरी क्रोधले अभिभूत भएको सम्झेर परम धैर्यशाली सुव्रत तथा बुद्धिमान् श्री वसिष्टजीले यो वाक्य राजामा भन्नुभएको थियो 'हे राजन् ! तपाईं खास इश्वाकुको कुलमा उत्पन्न हुनु भएको छ र धर्मको साक्षात मूर्तिमान् हुनुहुन्छ, साथै त्रैलोक्यमा परम प्रसिद्ध गुणले विभूषित हुनुभएको छ। तपाई परम धैर्यशाली र सुन्दर व्रतहरूको पालन गर्ने भएर पनि यो परी आएको कार्य-धर्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्याग गर्नु उचित छैन ! किनभने तीनै लोकमा धर्म र महान् यसै वाट विख्यात हुनुभएको छ ।

स्वधर्मं प्रतिपद्यस्व न धर्मं हातुमर्हसि ।
मुनेस्त्रिभुवनेशस्य वचनं कर्तुमर्हसि ।९।
करिष्यामीति संश्रुत्य तत्ते राजन्न कुर्वतः ।
इष्टापूर्तं हरेद्धर्मं तस्माद्रामं विसर्जय ।१०।
इक्ष्वाकु-वंश-राजोपि स्वयं दशरथोऽपिस ।
नपालयसि चेद्वाक्यं कोपर पालयिष्यति ।११।

भाषा

पालनै गर्नु छ धर्म अयोग्य धर्म त्यागने ।
मुनिको वचनै शुद्ध बेश यो तिम्रा त्या हुने ।९।
'गरूँला' भनि जो वाक्य प्रदान अघि लौ अब ।
नगरेमा अनिष्टै छ साथ राम दिनू पर ।१०।
इक्ष्वाकु-कुलमा जन्मी राजा वाक्य सु-पालन ।
नगरे अरु कस्ले लौ गर्ने हो प्रति पालन ।११।

भावार्थः— हे धर्मज्ञ राजा म प्रभुको आज्ञा पालन गर्छु भनी अघि मुनिज्यूमा जुन बोल्नु भएको हो, त्यो धर्म प्रति पालन गर्नु धेरै वेश हुने हुन्छ । त्यसको त्याग गर्नु ठीक छैन, तीनै लोकका स्वामी मुनिवरको वचनपालन गर्न योग्य छ । 'म गर्नेछु' यस्तो प्रतिज्ञा ह्रामीहरूका सामु तपाईंले जुन गर्नु भएको हो त्यो अब नगर्नाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तपाईंको इष्टा पूर्तको हरण हुन जाने छ । अतएव तपाईंको यही कर्तव्य हुन्छ कि श्रीरामजी मुनिज्यू का साथमा लगाइदिएमा देश-नरेशको जय-कल्याण हुनेछ । इश्वाकुको कुलमा जन्मेका स्वय दशरथ भएर पनि वचन पालन नगरे अरु कसले के गरी गर्ने होला अर्थात् कसले पालन गर्ने हो ?

युष्मदादि प्रणीतेन व्यवहारेण जन्तवः ।
मर्यादां नविमुञ्चंति तां न हातुं त्वमर्हसि ।१२।
गुप्ते पुरुषसिंहेन ज्वलनेनामृतं यथा ।
कृतास्त्रमकृतास्त्रं वा नैनं शक्ष्यन्ति राक्षसाः ।१३।
एष विग्रहवान् धर्म एषं वीर्यवतांवरः ।
एष बुध्द्याधिको लोके तपसां च परायणम् ।१४।

भाषा

तिमीझैं सकलै राजा मर्यादा नित्य पालन ।
मर्यादामै प्रजा सारा छोड्नु छैन त्यो राजन ।१२।
अग्निद्वारा सदा रक्षा इन्द्रको जुन अमृत ।
त्यसतै नै रामको रक्षा गर्ने छन् मुनि उत्तम ।१३।
धर्मात्मा मुनिज्यू खास बलिष्ट वीर्य उत्तम ।
बुद्धिमान वरिष्टै त्यो उग्रादि तप-पालन ।१४।

भावार्थः— राजन् ! तपाईं जस्ता महानुभावहरुद्वारा प्रणीत व्यवहार बाटै सबै प्रजाजना प्राणीहरु आफ्नो मर्यादामा रहने हुन्छन् अर्थात् मर्यादा त्याग गर्दैनन् । त्यही मर्यादा त्याग्नु यहाँ उचित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



देखिँदैन । जसरी देवेन्द्रको सदनमा अग्निद्वारा अमृतको रक्षा गरिने हुन्छ, त्यस्तै पुरुर्षसिह विश्वामित्रद्वारा सुरक्षित रामको हुने हुन्छ, चाहे शास्त्रको ज्ञाता होस् वा शास्त्रको अज्ञातै होस् राक्षसहरुबाट श्रीराम-मा कुनै हानि हुन दिँदैनन् । उहाँ खास धर्मात्मा र वीर्य पराक्रमी मध्येमा श्रेष्ठ वरिष्ठ हुनुहुन्छ । यसलोकमा उहाँ अति बुद्धिमान् तथा तपहरुमा पनि परायण क्षमता भएको हुनुहुन्छ ।

एषोस्त्र विविधं वेत्ति त्रैलोक्ये स चराचरे ।
नैतदन्यः पुमान्वेत्ति न च वेत्स्यति कश्चन ।१५।
नेदेवा नर्षयः केचिन्नासुरा न च राक्षसाः ।
न नागा यक्षगन्धर्वाः समेता सह शम्भुनेः ।१६।
अस्त्रमस्मै कृशाश्वेन परैः परम दुर्जयम् ।
कौंशिकाय पुरा दत्तं यदाराज्यं समन्वगात् ।१७।
ते हि पुत्राः कृशाश्वस्य प्रजापतिसुतोपमाः ।
एनमन्वचरत् वीरा दीप्तिमन्तो महौजसः ।१८।

भाषा

सदशास्त्र तथा शस्त्र ज्ञाता ती छन् मुनीश्वर ।
त्रैलोक्यैमा समानै यो अरु छैन, हे राजन ! ।१५।
कुनै ऋषि तथा देव गन्धर्व नाग राक्षस ।
ती समान अरु छैन बल वीर्य पराक्रम ।१६।
जुन बेला राज्य यी गर्थे त्यसबेला तिनकै वश ।
समान शत्रु-मित्रै यी, कृशास्वैबाट यो वर ।१७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कृशास्व पुत्र ती खास ब्रम्हाकै पुत्रझैं पर ।
गर्दथे शुश्रूषा सेवा भय मानी अनुचर /१८/

भावार्थ :– हे राजन् । यी मुनिवर विविध शास्त्रहरुका ज्ञान तथा चराचर त्रैलोक्यमा यी समान अरु जान्ने वाला कोही पनि छैनन् न भविष्यमा नै हुने हुन्छन् । देव ऋषि असुर नाग,गन्धर्व,तथा यक्ष सबै मिलेर पनि मुनिवर विश्वामित्र समान छैनन् । जुन वेला उहाँले राज्य गर्नु भएको थियो, त्यसवेला परम दुर्जय कृशास्वबाट उहाँले शस्त्र-अस्त्रको धारण गर्न पाउनु भएको थियो । उहाँ जस्तो न देव न दानव, न यक्ष, न त नागै उहाँको सामानतामा आउन सक्छन् । उहाँ कृशाश्वका पुत्र जुन प्रजापतिका पुत्र झैं परम वीर शक्तिशाली दीप्तिमान् र महान् ओजस्वी हुनुहुन्थ्यो । उहाँको सेवामा सबै जनहरु अनुचर समान सेवा शुश्रूषा गर्दथे ।

जया च सुप्रभा चैव दाक्षायिण्यौ सुमध्यमे ।
तयोस्तु मान्य पत्थानि शतं परम दुर्जयम् /१९/
पञ्चाशतं सुतान् जज्ञे जया लब्धवरा पुरा ।
वधार्थं सुर सैन्यानां ते क्षमा कामचारिण /२०/
सुप्रभा जनयामास पुत्रान्यं चा शते परान् ।
स घर्षान्तमदुर्धषान्दुकारान् स बलीयसे: /२१/
एवं वीर्योमहातेजा विश्वामित्रो जगन्मुनिः ।
न राम गमने बुद्धि विक्लवां कर्तुमर्हसि /२२/

भाषा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दक्ष्यकन्या सुमध्यैमा, जया र सुप्रभा भन्‌ ।
दुवैवाट सु उत्पन्न शय पुत्र सुभावन ।१९।
जया बाटै सुउत्पन्न पतिसेवा परायण ।
पुत्र पाँचै शय वीर समर्थं दैत्य-नाशन ।२०।
सुप्रभाबाट उत्पन्न पाँचै शय पराक्रमी ।
दुर्धर्ष-संघर्ष नामी दुराकारै अति बाली ।२१।
विश्वामित्र वीर्यशाली तेजस्वी मुनि साथमा ।
गएमा रामजी देख, न शोक अब लौं यहाँ ।२२।

भावार्थः— जया, सुप्रभा, सुमध्यमा यी दक्ष्यका कन्याहरु थिए। तिनबाट परम दुर्जय सय सन्तति थिए। पति सेवा-परायणा जयाले पाँचसय वीर पुत्रहरु जन्माइन्। जसमा सबै कामाचारी असुरहरुलाई मार्न समर्थ थिए, सुप्रभाले पनि अर्को पाँचसय पुत्रहरु जन्माइन्, जसको नाम थियो संघर्ष दुर्धर्ष दुराकार र बलीयान यस्तो पराक्रमी विश्वामित्र जगत् मुनि महान् वीर्यशालीका साथमा श्रीरामजीलाई जान दिनुहोस्। त्यसमा तपाईं अलिकति पनि मनमा क्लेश नलिनु होस्।

अस्मिन्महासत्त्वतमे मुनींद्रे ।
स्थिते समीपे पुरुषस्य साधो ।
प्राप्ते विमृत्यावमरत्वमेति
मा दीनतां गच्छ यथा विमूढ ।२३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

यस्तो मुनीन्द्र समीपै रहने पुरुष ।
मृत्यु पनि यदि भए अमरत्व प्राप्त ।
जानेर राजन, तिमी अब छोड चिन्ता
विमूढ दीन सरी लौ किन बस्नुहुन्छ ।२३।

भावार्थः– हे साधु राजा ! यस्तो महान् सत्व भएका मुनीन्द्रको समीपमा रहनाले पुरुषमा यदि मृत्यु नै प्राप्त भए तापनि त्यो त्यसले अमरता प्राप्त हुन जाने हुन्छ, तदर्थ तपाई एक मूढ पुरुष-समान हीनतामा किन बस्नुहुन्छ ? यो दीनताभाव तपाईंमा योग्यछैन।

यसरी श्रीयोगवासिष्ट नवम सर्ग
वैराग्य प्रकरण समाप्त भयो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दशौं सर्ग

(१०)

## (श्रीरामजीको विषादावस्था वर्णन)

श्री वाल्मीकि उवाचः—

तथा वसिष्टे ब्रुवति राजा दशरथः सुतम् ।
संप्रहृष्ट मनारामम्माजुहाव सलक्ष्मणम् ।१।
प्रतिहार महाबाहुं रामं सत्य-पराक्रमम् ।
सलक्ष्मणमविघ्नेन पुण्यार्थं शीघ्रमानय ।२।
इति राज्ञा विसृष्टोसौ गत्वान्तःपुर मन्दिरम् ।
मुहूर्त्त मात्रेणागत्यदामुवाच महीपतिम् ।३।

भाषा

वसिष्ट गुरुको वाक्य सुनेर दशरथै अब ।
बोलाए रामकै साथ लक्ष्मण पुत्र लौ क्षण ।१।
प्रतिहार ! तिमी जाऊ ऋषि यज्ञार्थं लौ भन ।
बोलाऊ लक्ष्मणै साथ राम सत्यपराक्रम ।२।
आज्ञा मानी गए दूत सदनैभित्र लौ पर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



क्षणैमा फर्कि त्यो विन्ती गर्दछ दूत लौ अब /३/

भावार्थ :– श्री वाल्मीकि ज्यू भरद्वाजमा भन्नुहुन्छ :– महर्षि वसिष्टद्वारा यसप्रकार सम्झाउनाले राजा दशरथले राम, लक्ष्मणलाई बोलाउनु भएको थियो । श्रीराजा दशरथजीले भन्नु भयो "महा बाहु भएका सत्य पराक्रम सम्पन्न लक्ष्मणसहित श्रीरामलाई विघ्नरहित ऋषिको यज्ञ-पुण्यमय कर्ममा सहयोग तथा सिद्धि प्राप्तिको लागि शीघ्र यहाँ लिएर आऊ"। यसरी राजाद्वारा आज्ञा प्राप्त द्वारपाल अन्तः पुरको मन्दिरमा पुगेर तुरुन्तै फर्केर राजामा फेरि विन्ती गऱ्यो"

देव दोर्दलिता शेष रिपो रामः स्वमन्दिरे ।
विमनाः संस्थितो रात्रौ षट्पदः कमले यथा /४/
आगच्छामि क्षणेनेति वक्ति ध्यायति चैकतः ।
न कस्य चिच्च निकटे स्थातुमिच्छति खिन्न धीः /५/
ईत्युक्त स्तेन भूपालस्तं रामानुचरं जनम् ।
सर्वमाश्वासयामास पप्रच्छ च यथाक्रमम् /६/
कथं कीदृग्विधो राम इति पृष्टो महीभृता ।
राम भृत्यजनः खिन्नो वाक्यमाह महीपतिम् /७/
देह यष्टि मिद्राँदेव धारयत इमे वयम् ।
खिन्नाः खेदे परिम्लान ततौ रामे सुते तव /८/

भाषा

प्रभु शत्रु-दमनकारी ! रामजी खिन्न भै पर ।
रातको भमरा झैं त्यो पद्मभित्रै सुसंस्थिर /४/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आउँछु भनि लौ राम उदासी भावना तन ।
जनदेखि परँ इच्छा विचार-शून्यता मन ।५।
प्रतिहारैबाट सारा सुनेर भूपति अब ।
आश्वासनै दिई सोध्न राम भृत्य अनुचर ।६।
सोध्नु भो राममा कस्तो, भयो के किन लौ त्यहाँ ।
उत्तरै खिन्नता भाव नृपैमा हुन गो तहाँ ।७।
खेदमा छौं यसै हामी रामकै विषयैमहा ।
मलिनै देहमा प्राप्त प्रभुकै पुत्र गाथमा ।८।

भावार्थ:– हे स्वामिन् ! प्रभुकै वाहुवलले समस्त शत्रुहरुलाई दलित गर्नुभएको छ। श्रीराम यसबेला आफ्नै खोपीमा अत्यन्त उदास र विषादमा परिरहनु भएको छ, जस्तो रातको भ्रमरा कमल भित्र थुनिए झैं मौन अवस्थामा रहनु भएको छ। उहाँ भन्नुहुन्छ 'म अब एकै क्षणमा आइरहेछु ।' उहाँको बुद्धि खिन्नतामा छ र नजीकै कुनै पनि राखु हुन्न, एक्लै' नै बस्नुहुन्छ। प्रतिहारबाट यस्तो कुरा सुनेर राजाले आश्वासन दिदै क्रमैसंग अनुचरमा सोध्नु हुन्छ 'श्रीराममा किन के भयो र यस्तो खिन्नतामा रहन गएको हो ?' अनुचर श्रीराजामा उत्तर दिन्छन् "राजन् । श्रीरामको त्यस्तो दशा खिन्नता तथा शरीर दुब्लाउदै गएको देखेर हामी सबैमा खिन्नता भै रहेको छ।

रामो राजीव पत्त्राक्षो यतः प्रभृति चागतः ।
स विप्र तीर्थ यात्राया स्ततः प्रभृति दुर्मनाः ।९।
यत्र प्रार्थनयास्माकं निज व्यापारमाह्निकम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सोषमाम्लानवदनः करोतीति करोति वा /१०/
स्नान देवार्चना दान भोजनादिषु दुर्मनः ।
प्रार्थितोपि हि नातृप्ते रश्वात्या शनसीश्चनः /११/
लोलान्तः— पुरनारीभिः कृत्त दोलाभि रंगगे ।
न च क्रीडति लीलाभिर्धाराभिरिव चातकः /१२/

भाषा

जहिले विप्रकै साथ राम तीर्थाटनै अव ।
फर्के देखि यसै यस्तो दिक्कको भावमा तन /९/
प्रार्थना बलले हामी प्रयत्न साथमा मन ।
देहादि स्नानको कार्य अनिमात्र हुने पर /१०/
देर्वाचन तथा दान नित्यकर्म उदास मै ।
भोजन गर्नमा नै त्यो त्यस्तै यो भावना मनै /११/
मोहिनी चंचला नारी क्रीडा लीला सु-आँगन ।
हाँस ख्याल सबै व्यर्थ राम एकान्त लौ मन /१२/

भावार्थः— कमलदलसमान सुन्दर नेत्र भएका श्रीरामजी जव विप्रहरुका साथमा तीर्थयात्रा बाट फर्के दखि नै अत्यन्त उदासीमा रहनु भएको छ । हामी वरावर प्रयत्न साथ शरीरादिको शुद्धता स्नान आदि को कार्यमा प्रार्थना गर्दछौं अनि मात्र कहिले गरी नै दिनुहुन्छ, कहिल्ये त्यसै नै रहनुहुन्छ । स्नान देवहरुको अर्चना दानको क्रियामा तथा भोजनादिमा पनि उहाँ उदासै भावनामा रहनु हुन्छ ।, प्रार्थना रेगमा कहिले गर्नुहुन्छ, कहिल्य त्यसै रहनुहुन्छ, पेट भरी खान पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



खानुहुन्न । अन्तः पुर मा चंचल मन मोहिनी नारीहरुबाट जल क्रीडा हाँसख्याल हुन्छन्, चातक पक्षी झैं सानन्द क्रीडा गर्नुहुन्न ।

**माणिक्य मुकुल प्रोता केयूर-कटकावलिः ।**
**नानदयति ने राजन् द्यौः पात विषयं यथा /१३/**
**क्रीडधू विलोकेषु वहत् कुसमवायुषु ।**
**लता-वलय गेहेषु भवत्यतिविषादवान् /१४/**
**पदद्रव्यमुचितं स्वादु पेशलं चित्तहारि च ।**
**वाष्पपूर्ण क्षण इव तेनैव परिविद्यते /१५/**

**भाषा**

**मोती माला तथा रत्न केयूर बाहु भूषण ।**
**सबै फिक्का उहाँमा त्यो खसेझैं स्वर्गता मन /१३/**
**वधू क्रीडारत बाग पुष्प गन्धादि युक्तको ।**
**भए तापनि त्यो राम विषादै भावमा अहो /१४/**
**जुन्सुकै गुणको द्रव्य पूर्णता सु मनोहर ।**
**त्यसैबाटै चुही आँसु नेत्रमा त्यो विषाद छ /१५/**

भावार्थः– हे राजन् ! माणिक्य स्वकुलले जडिएका केयूर तथा कटकादि भूषण उहाँमा आनन्द प्रदान गराउँदैनन् । जस्तो स्वर्गबाट पतन झैं हुने मन खिन्नतामा हुन्छ त्यस्तै रामममा भै रहेको छ । क्रीडा गर्दै आइरहेको वधूहरु सघन एवं कुसुमहरुको गन्धयुक्त वायुपूर्ण कुञ्जहरुमा तथा लताहरुले वेष्ठित मनोहर भवनमा रहे तापनि किन हो श्रीरामजीमा मन अत्यन्त विषाद युक्त हुने भै रहेको होला । जुन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सुकै राम्रा राम्रा द्रव्यहरु तथा स्त्रादिला खाद्य सामग्रीहरु देखे पनि प्रसन्न भावमा नभै झन उल्टो विषाद गरी नेत्रबाट आँसु चुहाइ रहनुहुन्छ ।

क्रिमिमा दुःखदायिन्यः प्रस्फुरन्तो पुरांगनाः ।
इति नृत्तविलासेषु कामिनाः परिनिन्दति /१६/
भोजनं शयनं यानं विलासं स्नानमासनम् ।
उन्मत्त चेष्ठिता इव नामिनंदत्यनिन्दितम् /१७/
किं सम्पदा किं विपदा किं गेहेन किमिगितैः ।
सर्वमेवासदित्युक्त्वा तूष्णीमेकोवतिष्ठते /१८/

भाषा

विलासी कामिनी नृत्य श्रृंङ्गारै भावमा किन ।
रहेकी दुःखदायी ती निन्दा गर्दै त्यसै स्थित /१६/
भोजन शयनै पान विलास स्नान आसन ।
पसन्दै छैन रामैमा उन्मुक्त भावमा मन /१७/
सम्पदा विपदायुक्त घरै केको प्रयोजन ।
वाक्य यो रामको खास, एकलै मौन धारणा /१८/

भावार्थः– हावभाव लावण्य र विलास आदिले परम शोभा भएका कामिनीहरु नृत्य गरेका यी सबै दुःख दायी नै हुन् । यसबाट हामीलाई केही फायदा छैन भनी निन्दा गर्नुहुन्छ । निर्दोष भोजन, शयन, पान विलास, स्नान, आसन आदिमा पनि उन्मत्त पुरुषको चेष्टा राख्ने झैं पुरुषमा हुने अर्थात् मन नपराउने कुरो वस्तु समान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अपसन्द मान्नुहुन्छ । यो समस्त संसारका वस्तुहरु, सम्पत्ति तथा विपत्ति घर आदि केको ममा प्रयोजन छ र भनी एक्लै वसि रहनुहुन्छ ।

नोदेति परिहासेषु न योगेषु निमज्जति ।
न च तिष्ठति कार्येषु मौनमेवावलम्बते /१९/
विलोला कवल्लये हि लालावलितलोचनः ।
नानन्दयंतित ना यर्यो मृग्यो वन तरुं यथा /२०/
एकान्तेषु दिगन्तेषु तीरेषु विपिनेषु च ।
रतिमायात्मरण्येषु विक्रीत इव जन्तुषु /२१/

भाषा

परिहासैमहा छैन न मग्नै भोगमा मन ।
न त कार्य गरी बस्ने केवल मौन धारण /१९/
संयुक्त पुष्प-केशादि चंचला नारी साधन ।
वन बृक्षमृगादि ती के सक्थ्यो राममा दिन /२०/
तसर्थ राम एकान्त वनादि नदीकै तट ।
छाडा जन्तु समानै त्यो प्राप्त रति त्यसै मन /२१/

भावार्थ - उहाँ कहिल्यै पनि परिहासमा प्रसन्न हुनुहुन्न । न भोगमैं उहा निमग्न हुनुहुन्छ, अर्थात् भोगहरुको सुख भोगमा तयार हुनुहुन्न साथैं उहाले कुनै कार्यहरु पनि गर्नु भएको देखा पर्दैन, केवल चूपचाप मौन धारण गर्नुहुन्छ । केशमा पुष्प एवं रत्न आदि लगाउने तथा श्रृङ्गार भावमा चेष्टा गरिरहने सुन्दरी नारीहरु वन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वृक्षका मृगहरुको झैं शक्ति प्रदान गर्न तथा हेर्नँ हुनुहुन्न। केवल एकान्त स्थलहरूमा, वनहरूमा, दिगन्तहरुमा नदीका तटहरुमा जन्तुहरुको विकृत गरिएका मनुष्य समान रति प्राप्त गर्नु हुन्छ अर्थात् त्यस ठाउँमा मात्र मन लगाउनु हुन्छ।

वस्त्रपानाशनादांन पराङ्मुख तया तया।
पवित्रा धर्म्मिणं भूप सोनुयाति तपस्विनम् /२२/
एक एव वसन्देशे जनशून्ये जनेश्वर।
न हसत्येक या बुध्दया त गायति न रोदिति /२३/
वद्ध पद्मासनः शून्यमना वामकरस्थले।
कपोल तलमाधाल केवलं परितिष्ठति /२४/

भाषा

उपभोग त्यो वस्त्रादि देखि त्यो विमुखै मन।
संन्यासी तपस्वी झैं त्यो आचार भावना तन /२२/
सदा एकान्तकै देश वास गर्ने प्रभू अब।
न हाँस्नु छ, न छ गान, न वाक्य बोल्नु नै मन/२३/
शून्यचित्त विकल्पैमा बद्ध पद्मासनै पर।
करमाथि वाम हस्त विचार-मग्नता मन /२४/

भावार्थ:— हे राजन ! उहाँ आफ्नो उपभोगको सामग्रीमा सर्वदा वस्त्र भोजनादि तर्फ प्रायः विमुखै रहनुहुन्छ। एक संन्यासी तपस्वी झैं उहाँको आचरण छ। श्रीरामजी सदा एकान्त स्थानमै एक्लै बसिरहनुहुन्छ न कसैसंग कुरा, न त हाँसु नै हुन्छ; न त गीत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गार्नै गर्नुहुन्छ न त रूदनै वा न त ख्यालठट्टा नै गर्नहुन्छ। उहाँ सर्वदा शून्यचित्त लिएर वस्तु भएको छ अर्थात् संकल्प–विकल्पमा हुनुहुन्न।

नाभिमानमुपादत्ते न च वांछति राजताम्।
नोदेति तास्तमायाति सुख-दुःखानुवृत्तिषु /२५/
न विद्मः किमसौ याति किं करोति किमीहते।
किं ध्यायति किमायाति कथं किमनुधावति /२६/
प्रत्यहं कृशतामेति प्रत्यहं याति पांडुताम्।
विराग प्रत्यहं याति शरद्वत इव द्रुमः /२७/
अनुयातौ तथैवेतौ रांजच्छत्रुघ्न-लक्ष्मणौ।
रादृशावेव तस्यैव प्रतिंविवाविवास्थितौ /२८/

भाषा

न अभिमानै उहाँमा छ न इच्छा रांज्यको मन।
सुखमा न छ त्यो खुसी न दुखैमा विषाद छ /२५/
क्रिया के गर्नु नै हुन्छ इच्छा केमा छ रामको।
ध्यान कस्को सदा गर्ने भन्न सक्तिन लौ प्रभो /२६/
दिन्दिनै यसरी गल्दै गएको देह देखदछु।
शरदैन्वृक्षझैं नाङ्गो विरागै यो म देखदछु /२७/
त्यसैको साथमा लाग्ने शत्रुघ्न-लक्ष्मणै पनि।
त्यस्तै नै भावमा व्यस्त भएका देखदछौं त्यहीं /२८/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थ :— न श्रीराममा कुनै कुराको अभिमानै छ । न उहाँमा राज्यको सुखभोगमा इच्छा छ, न सुखमा खुसी नै हुन्छ, नदुःख भए-मा विषाद गर्नुहुन्छ । साथै उहाँ के गर्नुहुन्छ, र उहाँको मन कस्तो छ र कसको ध्यान उहाँ गर्नुहुन्छ सो कुरो बुझ्न हामी असमर्थ छौं । अवश्य यो कुरा छ कि उहाँ दिनदिनै दुब्लाउँदै जानु भएको छ, जस्तो शरद ऋतुको वृक्ष नाङ्गो भएझैं उहाँमा त्यो तन देखा परेको छ । साथै उहाँको अनुसरण गर्ने लक्ष्मण र शत्रुघ्नजीको पनि त्यही अवस्था भैरहेको छ ।

भृत्यै राजभिरे वाभिः संपृष्टोपि पुनः पुनः ।
उक्त्वा न किंचिदेवेति तूष्णीमास्ते निहीहितः ।२९।
आ तात मात्र हृद्येषु मा भोगेषु मनः कृथाः ।
इति पार्श्वगतो भव्यमनुशास्ति सुहृज्जनम् ।३०।
नाना विभवरम्यासु स्त्रीषु गोष्ठीगतासु च ।
पुरः स्थितमिवास्नेहो नाश मेवानुपश्यति ।३१।
नीतमायुरनाभा पद प्राप्ति विव रजितैः ।
चेष्टितै रितिका कल्या भूयो भूयः प्रजापति ।३२।

**भाषा**

भृत्य माता अरुले नै बार बार निवेदन ।
गरेमा पनि ती राम चूपचाप त्यसै मन ।२९।
समीप रहनेमाथि भन्नुहुन्छ के यो छ र ?
अनित्य भोग यो खाली सारहीन असुन्दर ।३०।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नाना ती जुन हो द्रव्य विभव नारी केवल ।
नाशवान सदै जानी छोड्नु छ मन लौ पर ।३१।
परम पदको लागि यत्न गर्नु छ यो अब ।
मधुर वाणीकै द्वारा भन्नुहुन्छ बराबर ।३२।

भावार्थः– धाई माता तथा अरु जनहरुले वरावर प्रश्न गरे तापनि केही उत्तर नदिई त्यसै चुपचाप मौनमा बसिरहनु हुन्छ। श्रीरामजी आफ्नो समीपमा रहने जनहरुमा यही सर्वदा उपदेश दिनु हुन्छ ''यो सारा सांसारिक भोग देख्नमा अति सुन्दर झैं देखा परेको छ, तर वास्तवमा सवै साररहीन तथा नाशवान छन्। अतएव यसमा कुनै कसैले पनि यसमा मन नलगाएमा वेश हुनेछ। हामी सबैले परम पदको प्राप्तिबाट यो हटाउने चेष्टा नगरी त्यसै आयु व्यर्थ विताइ-रहेको तथा त्यसै समय खेर फालिरहेका छौं, यस्तो मधुर तथा स्फुट-वाणीद्वारा वारम्वार गुनगुनाइरहनुहुन्छ।

सम्राड्भवेति या पार्श्वस्थं वदन्तमनुजीविनम् ।
प्रलपन्तमिवोन्मत्त सत्यन्य अमनामुनिः ।३३।
न प्रोक्तमाकर्णयति ईक्षतेन पुरोगतम् ।
करोत्यवज्ञां सर्वत्र सुसमेत्यापि वस्तुनि ।३४।

भाषा

सम्राट भावना व्यक्त गरेमा अभिनन्दन ।
प्रलाप मात्र त्यो ठानी बस्ने ती मुनिझैं मन ।३३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जस्तोसुकै गरे विन्ती सुन्नुहुन्न त्यसै मन ।
सुन्दरै वस्तुमा जस्तो नदृष्टि पर्छ राजन ।३४।

भावार्थ:- यदि कुनैले तपाईं खास सम्राट हुनुहुन्छ भन्ने शब्दको अभिनन्दन गरेमा उहाँ यो सम्झनु हुन्छ कि यो पागलको प्रलापझैं मानेर हाँस्नु हुन्छ । उहाँ सदा मुनि समानकै स्वभावमा रहनु हुन्छ । उहाँ कुनै कसैले जस्तोसुकै चाख लाग्ने कुराहरु गरे-तापनि त्यस कुरामा ध्यानै दिनुहुन्न र जस्तोसुकै सुन्दर वस्तु चढाउन लाग्दा पनि उहाँ त्यसलाई असुन्दरै समान सम्झनु हुन्छ अर्थात् अवहेलना गर्नु हुन्छ ।

अप्याकाश सरोजिन्य अप्याकाश महावने ।
इत्थमेतन्मन इति विस्मयोस्य न जायते ।३५।
कान्तामध्यगतस्यापि मनोस्य मदनेषवः ।
न भेदयन्ति दूर्भेद्यं धारा इव महोपलम् ।३६।

भाषा

जसरी मेघ त्यो वर्षी पाशाणै युक्तको स्थल ।
भेदने त्यसमा हुन्न व्यर्थ त्यो जल-वर्षण ।३५।
त्यस्तै नै मोहिनी कामी हावभाव क्रीडा मन ।
भए तापनि त्यो व्यर्थ काम-बाणै अभेदन ।३६।

भावार्थ :– जसरी आकाशबाट जस्तोसुकै महावर्षा भए तापनि पाषाण स्थलको भेदन हुँदैन, त्यस्तै परम सुन्दरी शोडषी कन्याहरुबाट रति-कामको क्रीडाको भावना मन गरे तापनि श्री राम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जीमा काम-वाणबाट भेदन गर्न अशक्त ता नै हुन्छ अर्थात् त्यस्तो केही पनि जोर-जुलुम हुन सक्तैन ।

आपदासैकभारासमभिवांछसि किं धनम् ।
अणुशिष्येति सर्वस्व मथितेसु प्रयच्छसि ।३७।
द्वयमापदियं सम्मदित्येवं कल्पनामयः ।
मनसोभ्युदितो मोह इति श्लोकानि गायति ।३८।
हा हतोहमनाथोहमित्याक्रन्द यतोऽपिसन् ।
न जनो याति वैराग्यं चित्रमित्येव वक्तयसौ ।३९।

भाषा

विपत्को स्थान त्यो खास धन-दारादि सम्पद ।
भनी यस्तै सबै दान गर्नु हुन्छ श्रीराघव ।३७।
सम्पत्ति खास आपत्ति कल्पना मोहको धन ।
अज्ञान खास त्यो जान भन्नो नित्यै छ गायन ।३८।
हाय हाय मरे आज अनाथै भावना गति ।
आश्चर्य दुःखमा पर्छन् छैन वैराग्यको मति ।३९।

भावार्थः— श्रीरामजी सदा सबैलाई यही शिक्षा तथा उपदेश दिनुहुन्छ कि 'यो धन विपदाहरूको स्थान छ । तिमीहरु यसलाई प्राप्त गर्न किन इच्छा गरिरहेका ?' श्रीराम आफ्नो सम्पूर्ण धन इच्छा राख्नेहरूलाई बाँडिदिनुहुन्छ । यो आपत्ति र यो सम्पत्ति यस प्रकारको कल्पनाहरु उहाँ मनमा यही चिन्ता तथा मोह अज्ञान नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


प्रकट भैरहेंकोछ भन्ने कुरा मनैंमन गुनगुनाइ रहनुहुन्छ। हाय ! अब म मरें, म अनाथ भएँ यस्तो सदा अज्ञानी जनहरू रूँदै कल्पिँदै यो दुःखमय संसारमा घुमिरहेका छन्, कसैमा पनि विरक्तिको भावना छैन। यही त बडो गजबको तमासा भैरहेको कस्तो आश्चर्य को कुरा छ यस्तै नै श्रीरामजी सदा भनिरहनु हुन्छ।

**मनसि मोहमपास्य महामना**
**सकल मार्तितमः किल साधुताम्।**
**सफलतां नयति हतमोहरन्**
**दिनकरो भुविभास्करतामिव ।४०।**

**भाषा**

**मन यही रघुनाथ श्रीरामको**
**विकल दुःख निवारणता पर ।**
**नगरे अब लौ सब भ्रिन्दछ,**
**दिन छँदै गरिनेछ उपाय यता ।४०।**

भावार्थः- प्रभु, यस्तै किसिमसंग श्री रामजी रहनु भएको जुन हो उहाँको मनलाई शान्त हुने कुनै उपाय बेला छँदै नगरे सबै अन्ध-कारमा परिने कुरा प्रभुहरुमा ज्ञातै छ अर्थात् अब उहाँको मनमा जुन चिन्ता रूप अन्धकारै उठेको हो त्यसलाई नाश पनि एउटा सूर्यझैं मणितमानको उज्ज्वल उपाय भएमा त्यो अन्धकार मेटिने हुन्छ, नत्र भने उहांमा खराब हुने आशंका देखिन्छ।

यसरी श्रीयोगवासिष्ट दशम सर्ग
वैराग्य प्रकरण समाप्त भयो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(एघारौं सर्ग)

# (११)

# (श्रीरामजीमा समाश्वासन वर्णन)

श्री विश्वामित्र उवाचः–

एवं चेत्तन्महाप्राज्ञा भवन्तो रघुनन्दनम् ।
इहानयंतु त्वरिता हरिणं तरिणं इव /१/
एषमो रघुपते नापद्भ्यो न चरागतः ।
विवेक वैराग्यवतो बोध एव महोदयः /२/
इहायातु क्षणाद्राम इहं चैव वयं क्षणात् ।
मोहं तस्यापनेष्यामो मारुतोद्रे घने यथा /३/
एतस्मिन्मार्जिते युक्त्या मोहेसर रघुनन्दनः ।
विश्रांतिमेष्यति वदे तस्मिन्वयमिवोत्तम /४/
सत्यतामुदितां प्रज्ञां विश्रांतिमपतापताम् ।
पीनताम्वर वर्णत्वं पीतामृत इवैष्यति /५/
निजाञ्च प्रकृतामेव व्यवहार परम्पराम् ।
परिपूर्णमना मान्य आचरिष्यत्यखण्डितम् /६/
भविष्यति महासत्वो ज्ञातलोक परावरः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सुख-दुख-दशाहीनः सम:लोष्टाश्मकाञ्चनः /७/

भाषा

तपाईंहरु लौ सारा बुद्धिमान महामति ।
बोलाऔं शीघ्र लौ राम मृग झुण्ड-मृगपति /१/
राममा जुन भो मोह आसक्ति न त मोह यो ।
विवेकै साथ वैराग्य उदय-ज्ञानकै छ त्यो /२/
मोह त्यो भनिदैन लौ, ज्ञानै उदय सु-कारण ।
क्षणैमा हामी हेर्नेछौं उपाय एकता मन /३/
मार्जन मनको खास राममा अब गर्नु छ ।
हामीमा प्राप्तझैं ब्रह्म हुनेछ नित्यता सुख /४/
उपदेशै यथार्थैको अमृतै पान राममा ।
गर्नाले शुद्धता सत्य विश्रान्तिभाव पूर्णता /५/
विफल मनसंताप नाश उज्ज्वल ज्ञानमा ।
हृष्ट पुष्ट सदा शान्त आचार प्रेम कार्यता /६/
हुनेछ हामीझैं ज्ञानी राम सत्य सुकामना ।
सुख दुःखदेखि पर, मणि-मट्टी समानता /७/

भावार्थः– श्री विश्वामित्रजीले भन्नुभयो "तपाईंहरु सबै परम बुद्धिमान् हुनुहुन्छ । यदि यस्तै कुरो हो भने श्रीरामजी मृग–हरुका झुण्डको यूथपतिलाई शीघ्रै यहाँ बोलाउनु होस् । यस प्रकारको मोह जो हुन गएको हो त्यो राममा कुनैनै आपत्तिको कारणवाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भएको छैन, आसक्तिबाट भएको छ। श्रीराम विवेक र वैराग्ययुक्त छन्, अतएव उनमा यो बोध भएकोलाई मोह भन्न सकिन्न । यो बोध खास अभ्युदय गराउने भावको छ। श्रीरामजीलाई यहाँ लिएर आउ–नुहोस् म उहाँमा भएको मोह क्षणैमा हटाउने कुरा गर्ने छु, साथै हामीहरू समान पद विश्रान्तिपदमा प्राप्त हुन जाने हुःछौं । हामी-हरूकै उपदेशबाट यथार्थ बोधको उदय हुन जाने हुन्छ र श्रीराममा अमृतपान गरिएका पुरुषझैं सत्यता अर्थात् वास्तविक स्वर्गीय सुख–मुदिता अर्थात् परमानन्द स्वरूपता साथै प्रज्ञा अथात् पूर्णज्ञान स्वरू–पतामा प्राप्तभै सन्तापबाट रहित एवं विश्रान्ति भै सुखले युक्त हृष्ट पुष्ट तथा कान्तियुक्त हुनेहुन्छ। फेरि आफ्नो मनमा परिपूर्णताको अनुभव गर्दै श्रीराम आफ्नै वर्णाश्रम अनुसार व्यवहारको परम्पराको वाधारहित भैकन पालन गर्ने हुन्छ। श्रीराम महान् सत्त्वगुणयुक्त तथा सगुण निर्गुण परमात्माको ज्ञान भएको सर्वज्ञ हुनेहुन्छ र यो संसार-चक्रको सुख, दुःखको दशाहरुबाट मुक्तभै माटो पत्थर तथा मणि सुवर्णमा कुनै अन्तर भएको मात्र हुनेछैन ।"

**इत्युक्ते मुनिनाथेन राजा सम्पूर्ण मानसः ।**
**प्राहिणो द्राममानेतुं भयो दूत परस्पराम् /८/**
**एतावताथकालेन रामो निज गृहासनात् ।**
**पितुः सकाश मागन्तु मुत्थितेक इवा चलात् /९/**
**वृतः कतिपयैर्भृत्यै र्भ्रातृभ्यां च जगाम ह ।**
**तत्पूण्य स्वपितुः स्थान स्वर्ग सुरपतेरिव /१०/**
**दूरादेव ददर्शासौ रामो दशरथ स्तदा ।**
**वृतं राजसमूहेन देवाधीनेव वासवम् /११/**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

वाक्य त्यो मुनिको सुनी प्रसन्न भाव राजन ।
बोलाए प्रेमले राम दूतद्वारा त्यसै क्षण ।८।
दूतको सुनि त्यो वाक्य उठे राम हिँडे अब ।
पिताकै सदन प्रेम उज्जल ज्योतिपुङ्गव ।९।
सेवक भाइकै साथ रविझैं बीच मण्डल ।
स्वर्गै स्थान पुण्यमय इन्द्रकै भाव-मन्दिर ।१०।
टाढैबाट श्रीरामैले पितराजा-समूहको ।
देखनुभो प्रेमको मूर्ति इन्द्रराजसमानको ।११।

भावार्थ:– महर्षि विश्वामित्रजीद्वारा यस्तो वाणी भनिएको सुनेर महाराजा दशरथ अधिक प्रसन्न हुनु भयो र उहाँले वारम्वार दूतलाई श्रीरामजीलाई बोलाउनु भन्नुभयो । त्यसै समयमा उदयाचल बाट सूर्य उदाएझैं श्रीरामजी आफ्नो भाइ तथा सेवकहरुलाई साथ लिएर परम पुण्यमय सुरपति स्वर्गको समान पिताजीको राजदर्बारमा हिड्नु भयो । साथै श्रीरामजीले टाढैबाट आफ्ना पितालाई राजाहरुको समुदायले युक्त देवताको समूहझैं परिवृत इन्द्रकै समान देखिनु भएको थियो ।

वसिष्ट विश्वामित्राभ्यां सेवित पार्श्वयोर्द्वयोः ।
सर्वं शास्त्रार्थ तज्ज्ञैन मंत्रिवृन्देन मालितम् ।१२।
चारु चामर-हस्ताभिः कान्ताभिः समुपासितम् ।
ककुबुभिरिव मूर्ताभिः संस्थिताभिर्यथोचितम् ।१३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


वरिष्ठ विश्वामित्राद्यास्तथा दशरथादयः।
ददृशुं राघवं दूरादुपायान्त गुहोपमम् ।१४।
सत्वावष्टब्ध गर्भेण शैत्येनैव हिमाचलम् ।
श्रितं सकलसेव्येन गंभोरेण स्फुटेन च ।१५।
सौभ्यं सम शुभाकारं विनयोदार मानसम् ।
कांतोपशांत वपुषं परस्यार्थस्य भाजनम् ।१६।

भाषा

विश्वामित्र वसिष्ठादि अरु मंत्री समासद ।
विराजमान त्यो देव शास्त्रज्ञाता विचारक ।१२।
चमर्पंखा लिएका तो पत्नी दासी परोजन ।
मूर्तिझैं त्यो यथास्थान रहेको चित्रवत्पर ।१३।
कार्तिकेय कुमारतैं आएको देखि लौ पर ।
विश्वामित्र वसिष्ठादि राजा मंत्री लगायत ।१४।
स्वरूप सुन्दर राम शातल हिमतैं मन ।
गंभीर पूर्णता शुद्ध मुख तेज समुज्ज्वल ।१५।
शुभाकार मनोहारी विनय र शील मानस ।
प्रेमाकार पुरुषार्थी आनन्दै सुखदायक ।१६।

भावार्थ – श्री वसिष्ठजी तथा श्रीविश्वामित्रजी र महाराजा श्रीदशरथजी लगायत सबैले कुमार कार्तिकेयझैं आफैंतर्फ आइरहनु भएको देख्नु भयो। श्रीरामको स्वरूप शान्ति–विवेकशील सत्व गुण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



युक्त-सौम्य एवं समदर्शी तथा उहाँको हृदय हिमालय-समुज्ज्वल शीतलताका साथै उहाँको आकृति मनोहर परम सुमङ्गलको विनयशील उदारता, शरीर कान्ति, शान्तपरम पुरुषार्थको आधार हुनुहुन्थ्यो ।

एवं मुनीन्द्रै ब्रुवति पितुः पादाभिवन्दनम् ।
कर्तुमभ्याजगामाथ रामः कमल-लोचनः ।१७।
प्रथमं पितुरम पश्चान्मुनी मान्यैकमानितौ ।
ततो विप्रां स्ततोबन्धू स्ततो गुरुगणान्सुहृत् ।१८।
जग्रह च वतो दृष्टया मनाङ्‌ मूर्ध्ना तथा गिरा ।
राजा लोकेनविहितां तां प्रणाम परंपराम् ।१९।
विहिताशी मुनिभ्यां तु रामः सुसम मानसः ।
आससाद पितुः पुण्य समीपं सुर-सुन्दरः ।२०।
पादाभिवन्दनपरं तमथासौ महीपतिः ।
शिरस्यभ्यालिंगाश्रुश्च चुम्बनं च पुनः पुनः ।२१।

भाषा

कुरा गर्दै थिए मुनि, पिताकै सामुमा पद ।
वन्दना गर्नलाई नै श्रीराम नेत्र-लोचन ।१७।
सबैभन्दा पहिले नै पिताकै वन्दना पद ।
त्यसपछि माननीयैमा, गुरु-श्री मुनिकै पद ।१८।
नृपसमूहद्वारा त्यो प्रणाम राममा जब ।
प्रणामै भावमा राम प्रसन्न दृष्टि मस्तक ।१९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**समता भावका पूर्ण मुनिआदै शुभसिक ।**
**श्रीरामचन्द्रजी देव पिताकै सन्निधि स्थित /२०/**
**पिता दशरथैले नै प्रियतम् पुत्रमा अब ।**
**अँगाली हृदय प्रेम चुम्बनै त्यो बराबर /२१/**

भावार्थ:– श्री विस्वामित्रजी र राजा दशरथमा वार्ता हुँदै थियो त्यसैबेला श्री कमलोचन रामजी पिताजीको पद-वन्दना गर्नालाई साम‍ु उपस्थित हुनुभयो । श्रीरामजीले पहिले पिताको पदमा झुकेर वन्दना गर्नुभयो त्यसपछि यहाँ रहेका माननीय पुरुषहरुमा र गुरु मुनिगणहरुमा वन्दना गर्नुभयो । त्यसको अनन्तर नृप समूहद्वारा गरिएका प्रणामहरु परम्पराको दृष्टिबाट यथोचित प्रसन्न चित्तले मस्तिष्क झुकाई श्रीरामजीले मधुर मुस्कान वाणीद्वारा अभिवादन प्रणाम फर्काउँदै प्रणाम स्वीकार गर्नुभयो । समताको भावनापूर्ण भएका श्रीरामजीमा मुनिहरूले आशीर्वाद दिए । यसपछि श्रीरामजी पिताजीको पवित्र सन्निधिमा बस्न लाग्नु भो र पिता दशरथ राजाले आफ्नो पदमा बस्न आएको श्रीरामजीलाई बारम्बार हृदयमा जोडी अङ्गाली शिरमा तथा गालामा चुम्वन गर्न लाग्नु भयो ।

**शत्रुघ्नं लक्ष्मणं चैव तथैव परवीरहा ।**
**आलिंगन घनस्नेहो राजहंसोम्बुजे यथा /२२/**
**उत्संगे पुत्र तिष्ठेति वदत्यथ महीपतौ ।**
**भूमौ परिजनास्तीर्णे सांशुके धन्य विक्षत /२३/**
**पुत्र प्राप्त विवेकस्त्वं कल्याणानां च भाजनम् ।**
**जड वज्जीर्णया बुद्धा खेदयात्मा न दीयताम् /२४/**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



### भाषा

शत्रुघ्न, लक्ष्मणै लाई पिता प्रेमी दशैरथ ।
गरे आलिगनै शुद्ध-स्नेह पूर्ण खुमी मन /२२/
काखमा बस लौ मेरो भन्दथे श्री दशैरथ ।
त्यसैको सामुमा राम बस्नु भो भूमि-आसन /२३/
कल्याण रूपको पुत्र ज्ञानी आधार छौ तिमी ।
जडझैं खिन्नता व्यर्थ नलेऊ बाबु त्यो मति /२४/

भावार्थ:– यसप्रकार वीर शत्रुहरुको विनाश गर्ने भएका श्री महाराजा दशरथले धनीभूत स्नेहयुक्त अम्बुज राजहंसको समान भै शत्रुघ्न र लक्ष्मणजीलाई पनि गला लगाई अङ्कमाल गर्नुभयो । राजाले भन्नुभयो 'हे राम ! मेरो काखमा आएर बस, पिताजीको प्रेम स्नेहयुक्त वचन सुनेर समीपै विछाइएको विछ्यौनामा उपविष्ट हुनुभयो । राजा दशरथजीले भन्नुभयो "हे प्रिय बाबु ! तिमी नै खास मेरो कल्याण रूपका आधार स्तम्भ हौ । तिमी पूर्ण–ज्ञान विवे–कमा प्राप्त भएका ज्ञानीमा एउटा जड पुरुषझैं जीर्ण बुद्धि लिएर आफूले आफैंलाई यसरी खिन्नता गर्नु ठीक छैन ।

बृद्ध विप्र गुरु प्रोक्तं त्वादृशो नानुतिष्ठता ।
पदमासाद्यते पुण्यं न मोहमनुधावता /२५/
तावदेवापदो दूरे तिष्ठन्ति परिपेलवः ।
यावदेव न मोहस्य प्रसरः पुत्र दीयते /२६/

### भाषा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वृद्ध विप्र गुरुद्वारा ज्ञानको प्रतिपालन ।
गरेमा मोहको नाश, हुनेछ शुद्धता मन /२५/

नदेऊ स्थान त्यो मन्मा मोह य. बाबु लौ अब ।
अमोहैमा विपत्ति त्यो दूर तुच्छ हुने बुझ /२६/

भावार्थ:– विवेकशील पुरुष वृद्ध-विप्र एवं गुरूजनहरुद्वारा गरिएका उपदेशको प्रतिपाल गरेमा परम पद प्राप्त गरिने हुन्छ, मोहको अनुसरण गरेमा प्राप्त हुने कुरा छैन । बाबु ! जहाँतक हृदयमा मोह-लाई अवसर नदिएमा अर्थात् मोह नलिएमा यी भैरहेका सांसारिक दुःख विपत्तिहरु टाढै रहने कुरा बुझ्नु छ ।

श्री वसिष्ट उवाच:–

राजपुत्र महावाहो, शूरस्त्वं विजितास्त्वयां ।
दुरुच्छेदा दुरारंभा अप्यमी विषया रयः /२७/

किम तज्ज्ञ इव ज्ञानां योग्ये व्यामोह सागरे ।
विनिमज्जसि कल्लोल बहुले जाऽय शालिनी ।२८।

भाषा

कुमार रामजी श्रेष्ट शूरवीर महाजन ।
जित्यौं त्यो विषय शत्रु दुःखदायो भयानक ।२७।

ज्ञानी भै यसरी फेरि संसारी मोहमा अब ।
परेको किन हो बाबु निमग्न कसमा भन ।२८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थ:– त्यहाँपछि श्री गुरु वसिष्टजी राममा भन्नुहुन्छ "हे महाबाहु राजकुमार ! तिमी खास महान् वली शूरवीर छौं, विषयरूपी शत्रुलाई जितेर पनि यो दुःख समुदाय उत्पन्न गराउने मोहमा किन परेको हो ? ज्ञानी भएर ज्ञानशून्य मनुष्यझैं व्यामोह–सागरमा किन निमग्न भएको ?"

**श्री विश्वामित्रोवाचः–**

**चलन्नीलोत्पल ब्यूह समलोचन लोलताम् ।**
**ब्रूहि चेतः कृतां त्यक्त्वा हेतुना केन मुह्यसि ।२९।**
**किं निष्ठा के च ते केन कियन्तः कारणेन ते ।**
**आश्रयः प्रविलुम्पन्ति मनो गृहमिवाखव /३०/**

**भाषा**

**तिम्रो त्यो नेत्र जो नीलो पद्मझैं चंचलैपना ।**
**त्यसैबाट थाहा हुन्छ अशांत-चित्त-व्यग्रता /२९/**
**इच्छा के मनमा राम कारणै के पऱ्यो भन ।**
**चिन्ता नै घरकै शत्रु छिद्रकारी त्यो मूषक /३०/**

भावार्थ:- श्री विश्वामित्रजी राममा भन्नुहुन्छ "हे राज–कुमार ! हावाले हल्लाइएका नीलपद्मझैं तिम्रो नेत्र चंचल जो छन्, त्यसैवाट थाहा हुन्छ कि चित्तको व्यग्रताकै कारणवाट भएको प्रतीत हुन्छ । अब त्यो त्याग गरेर वताऊ कि के कारणले यस्तो व्यामोह भएको हो ? हृदयमा यो मोह कुन कारणवाट हुन गएको ? यी मानसिक चिन्ताहरु त घरलाई छिद्र पार्ने मूसाझैं व्यथित गराउने हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मन्ये नानुचितानां त्वमाधीनां पदमुत्तमम् ।
आपत्सु चाप्ययोज्यंते निहीनां अपि चाधयः /३१/
यथाभिम तमाशुत्वं ब्रूहि प्राप्स्यसि चानघ ।
सर्वमेव पुनर्येन मेत्स्यंते त्वां तु नाधयः /३२/

भाषा

सम्झन्छु तिमीमा यस्तो नहुने चिन्तना पर ।
अयोग्य भावना चिन्ता, चिन्ता भावै अपूरक /३१/
वृत्तान्त सामुमा मेरो रामजी तिमो लौ भन ।
शंका तिम्रो सबै जो छन् मेटिने हुन्छ निश्चय /३२/

भावार्थ :— म यस्तो सम्झन्छु कि तिमीले यस्तो अनुचित चिन्ताहरु लिन योग्य छैन । साथै वीर पुरुषले यस प्रकारको कुनै चिन्ता लिनु हुँदैन । हे अनघ ! लौ सबै कुरा भएको यथार्थ वृत्तान्त मेरा सामुमा भन, जसमा तिम्रो मनको शङ्का मेटिई शान्त भावमा सबै कष्ट दूर हुनेछ ।

इत्युक्तमस्य सुमते रघुवंशकेतु
माकर्ण्य वाक्यमुचितार्थं विलासगर्भम् ।
तत्याज खेदमिव गर्जति वारिवांह,
वर्हीयथा त्वनुमिता भिमतार्थसिद्धि /३३/

भाषा

यस्तो त्यो वाक्य मुनिको सुनि रामचन्द्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**हर्षातिरेक जल-वर्षणझैं मयूर ।**
**छाडे, अशान्ति मनको जुन हो त्यो खेद**
**आत्मत्व भाव सुखमा अभिलाषपूर्ण /३३/**

भावार्थ:– जसरी मेघको गर्जना सुनेर मयूर आफ्नो अभिमत इष्ट पूरा हुने सम्झने हुन्छ, त्यस्तै श्री महर्षि विश्वामित्रको वाणी सुनेर रघुवंश-भूषण श्रीरामले आफ्नो हृदयमा भएको खेद जो छ त्यो त्याग्नु भयो, किनभने श्री विश्वामित्रजीको वाक्यमा उहाँको हृदयको अभिल.षा अनुकूलको अर्थ विद्यमान थियो ।

यसरी श्रीयोगवासिष्ट महारामायणको वैराग्य प्रकरण
एघारौं सर्ग समाप्त भयो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## (बान्हौं सर्ग)

## (१२)

(संसारको दशा अवलोकन गरेर श्रीरामको परिताप वर्णन)

श्री वाल्मीकि उवाचः–

इति पृष्टो मुनीन्द्रेण समाश्वस्य च राघवः ।
उवाच वचनं चारु परिपूणार्थ मंथरम् ।१।

भाषा

विश्वामित्रै मुनिबाट प्रश्न भो जुन राममा ।
त्यसैको उत्तरै प्रश्न, विनम्र भावमा अहा! ।१।

श्रीराम उवाचः–

भगवन् भवता पृष्टो यथावद-धुनाखिलम् ।
कथयाम्य हमज्ञोपि को लंघयति त्वद्वच ।२।
अहतावदयं जातो निजेस्मिन् पितृसद्मनि ।
क्रमेण वृद्धि संप्राप्तः प्राप्त विद्श्व संस्थितः ।३।
ततः सदाचारपरो भूत्वाहं मुनिनायक ।
विहृतस्तीर्थयात्रार्थ मुर्वीमंबुधिमेखलाम् । ।४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



एतावन्नाथकालेन संसारास्थामिमां हरन् ।
समुद्भूतो मनसि मे विचारः सोऽयमीदृशः ।५।

भाषा

भगवन् ! जो ममा प्रश्न भएको भन्दछु अब ।
ज्ञानी म उत्तिको छैन वाणी तिम्रो उलङ्घन ।२।
प्रभु ! यहीं पिताजीकै सदनैभित्र लौ सब ।
बढेरै जुन हो विद्या पढें मैले क्रमैसित ।३।
सदाचारी भई खास उद्देश्य भावना मन ।
सागरै परिवेष्ठित तीर्थयात्रा सुमन्दिर ।४।
संसार-गति त्यो देखी विचार जुन भो ममा ।
त्यस्देखि कसरी पार गर्ने त्यो भो प्रभु ममा ।५।

भावार्थ:– महर्षि श्रीवाल्मीकिज्यू भरद्वाजमा भन्नुहुन्छ- "श्रीरामले महामुनि विश्वामित्रजी द्वारा यसरी सोधिएकोमा हृदयमा समास्वस्त भएर पूर्ण अर्थको गौरवबाट दबिएको मधुरो धीमा वाणी–बाट यसो भन्नुभयो।" (श्रीरामजी मुनिमा भन्नुहुन्छ) हे भगवन् ! तपाईं ममा यदि मसंग भएको कुरा जुन हो त्यो सोध्नुहुन्छ भने प्रभुमा यही विन्ती गर्छु यद्यपि म उत्तिको ज्ञानवान् छैन तापनि म हजुरको वचन उल्लङ्घन नगरी भएको कुरा बताउँछु। मैले यही पिताजीकै काखमा हुर्कंदै विद्या क्रमशः आर्जन गरें। हे मुनिनायक, म फेरि परम सदाचारयुक्त भै तीर्थाटन गर्ने उद्देश्यले सागरबाट परि–वेष्ठित परसम्मको देवस्थल मन्दिरको दर्शन गर्न भूमण्डलमा भ्रमण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गरें । यसै अन्तरमा मेरो मनमा यो भै रहेको संसारको अवस्था हटाउने कुराको विचार मेरो चित्तमा यस्तो विचार उत्पन्न भयो ।

विवेकेन परीतात्मा तेनाहत दनु स्वयम् ।
भोगनोरसया बुद्धया प्रविचारितवानिदम् ।६।
किं नामेदं वत सुख येयं संसार संततिः ।
जायते मृयते लोके म्रियते जननाय च ।७।
अस्थिराः सर्व एवेमे स चराचरचेष्ठिताः ।
आपदां पतयः पापा भावा विभव भूमयः ।८।
अयः शलाका सदृशाः परस्परमसंगिनः ।
ल ः ां ै केवलमावा मनः कल्पनया स्वया ।९।
मनः समायत्तमिदं जगदाभोगि दृश्यते ।
मश्वासदिव वा भाति केनम्म परिमोहिताः ।१०।

भाषा

विवेक चित्तमा यस्तै विषय-भोग नीरस ।
विचारै भावना त्यस्तै विरक्ति हुन गो मन ।६।
सुखै के छ ? प्रभु यसमा प्राणी सारा चराचर ।
मनैलाई त ज ः म ः छन् दे ष्टा त्यो सब नश्वर ।७।
संसारि भावना भोग विपत्ति जाल मात्र छ ।
छैन आनन्द त्यसमा, वासना पाप अस्थिर ।८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जानेर पनि यो यस्तो माया संसार-वासना ।
तप्त लोहा सरी मूर्त्त लिप्त सारा सबै जना ।९।
असतै भावको मन्मा अधीन लोक यी सब ।
सुखहीन असारैमा मोह यो किन भो अब? ।१०।

भावार्थ:– प्रभु ! मेरो चित्तमा यही विवेक हुन आयो कि यी सबै समस्त विषयहरुको भोग एकदमै नीरस छन् । यस्तै विरक्तिबाटै मेरो मनमा यही विचार आरम्भ हुन गयो । संसारमा के सुख छ ? अर्थात् यो संसारमा सुखै छैन । समस्त प्राणीहरु मर्नैलाईनै जन्मन्छन् तथा यी सम्पूर्ण चराचरहरुका जुन चेष्टाहरु छन्, ती सबै वेकार अर्थात् काम नलाग्ने नश्वर छन् । सांसारिक सुख भोग जति छन् ती सबै क्षणभंगुर केवल विपत्तिको जालहरु मात्र हुन् । यस्तो कुरा जानेर पनि मानिसहरु यो सांसारिक मायामा लोहा तप्त मूर्ति सदृश आफ्नै मनको मिथ्या कल्पनाबाट सम्बद्ध भैरहेका छन् । यस्तो असत् स्थिरत्व नभएका वस्तुहरुमा सबैलोक संसारको सुखहीन पदार्थमा सुख मानिरहेछन्, वास्तविक सुखको ज्ञानदेखि रहित भएर व्यर्थ मोहमा परिरहेका छन् ।

असतैव वयं कष्टं विकृष्टा मूढ बुद्धयः ।
मृगतृष्णां मसाद्दूरे वने मुग्ध मृगाइव ।११।
न केन चिच्च विक्रेता विक्रीता इव संस्थिताः ।
वत मूढा वयं सर्वे जानानां अपिशांबरम् ।१२।
किमेतेषु प्रपंचेषु भोगानामसुदुर्भगाः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मुधे वहि वयं मोहात्संस्थिता बद्ध भावनाः ।१३।
अज्ञातं बहुकालेन व्यर्थमेव वयं वने ।
मोहे निपतिता मुग्धाः श्वभ्रे मुग्धा मृगाइव ।१४।

भाषा

बालुवाको चमक्मा नै जलै ठानी मृगै पर ।
बुझाउने प्यास बुध्दि मिथ्या संसार नश्वर ।११।
नबिक्ने मानिसै आफू विकेझैं मानिसै सब ।
प्रयत्न छुट्न गर्दैनन् खेद यै छ हरे-शिव ।१२।
उपभोग सुखाभास संसारैका प्रपंचमा ।
व्यर्थं हाम्रो त्यसै भ्रान्ति परेको कित्त बद्धमा ।१३।
अज्ञानी भावमा दीर्घ संसारै गर्तमा परीं ।
रहेको ज्ञान यो छैन, मिथ्या मोहा पशुर्गति ।१४।

भावार्थः– यो मिथ्या संसार ठीक बालुवाको मैदान-टाढाबाट हेंर्दा बालुवाको चमकले जल बगिरहेको भाव मृगलाई परी प्यास बुझाउन वा मिटाउन गए झैं संसारका पदार्थहरुमा व्यर्थ मिथ्या नश्वरमा भट्किरहेका छन् । कसैले वा कसैबाट नबिकेका स्वतंत्र मानिस आफैं स्वयंमै अज्ञानले गर्दा विकेका झैं परवेश भएर मूढ बनेका छन्, यसबाट छुट्न प्रयासै गर्दैनन् यही त खेदको कुरा छ । नभएको सुख यो संसारमा सुखको भास प्रपंचको उपभोगमा लागेका छन्, व्यर्थै यसको मोह भ्रान्तिमा बध्द भैं नै रहेका छन् । जस्तो बनको कुनै गहिरो ठूलो खाल्टोमा दुर्भाग्यले परेको पशुसमान दीर्घ कालसम्मको दुःखको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ज्ञान नभै त्यसै मोह–जालमा अल्मलिइरहेका छन् ।

किं मे राज्येन किं भोग को हि किंमिदमागतम् ।
यन्मिथ्यैवास्तु तन्मिथ्या कस्य नाम किमागतम् ।१५।
एवं विमृशतो ब्रह्मन्सर्वेष्वेव ततो मम ।
भावेष्वरतिरायाता पथिकस्य मरुष्ठिव ।१६।

भाषा

राज्य यो भोगकै मिथ्या, किन हामी यहाँ स्थित ।
प्रपंच भावना कस्तो हानि लाभै के हुन्छ र? ।१५।
मरुस्थलको बटुवाझैं पदार्थ भोग यी सब ।
अरुचि मनमा त्यस्तै वैराग्यभावना मन ।१६।

भावार्थ:– मलाई यस्तो लाग्छ कि यो विशाल साम्राज्य एवं सुखका भोगहरु अर्थात् यी मिथ्या वस्तुहरुबाट मलाई के सहायक हुन्छ र? ममा यसको प्रयोजन नै के हुन आउने हुन्छ, साथै म को हुँ? यो प्रपञ्चको दृश्यमान भैरहेको के हो ? मेरा सामुमा यी सारा समागत किन भै रहेका छन् ? जुन कि मिथ्याभूत भएकाले मिथ्या नै बनाइरहेंको छ । जसबाट हानिलाभको केही व्यवहारै भएको छैन प्रभु ! मरुस्थलको बटुवा सरी ममा यस्तै विचारको भावना वढी यसदेखि अरुचि भै एकदम विरक्तिको भाव बढिरहेको छ ।

तदेतद् भगवन्ब्रूहि किमिदं परिणश्यति ।
किमिदं जायते भूयः किमिदं परिवर्धते ।१७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जरामरणमापच्च जननं संपदस्तथा ।
आविर्भाव तिरोभावं विवर्द्धते पुनः पुनः ।१८।

भाषा

भगवन्! यो बताऊ लौ असार देहमा किन ।
जन्मेर बढ्ने के हो कस्बाट यो भयो भन ।१७।
आपत्ति-सम्पति युक्त अनर्थ यो परम्परा ।
मर्ने रे जन्मिनै यस्तै बारम्बार किन यता ? ।१८।

भावार्थः– हे भगवान् ! अब तपाई नै भन्नु होस् लौ कि यो असत् देह नष्ट भैकन किन फेरि जन्मिन्छन् ? किन देखा परी किन हराउँछ ? जरा-मरण-जनन-आपत्ति र सम्पति आदि अनर्थको यो परम्परा जुन भै रहेको छ अर्थात् आविर्भाव र तिरोभाव भै रहेको यस्तै यो रूप यस्तै बढि नै रहेको छ । अर्थात् यो बार बार नै भै रहेको छ ।

भोगास्तैरेव तैरेव तुच्छ वयमसी किल ।
पश्य जर्जरतां नीता गतैरिव गिरिद्रुमाः ।१९।
अचेतना इव जनाः पवनैः प्राणनामभिः
ध्वनन्तः संस्थिता व्यर्थ यथा किचक-वेणवः ।२०।
शाम्यतीदं कथं दुखमिति तप्तोऽस्मि चिन्तया ।
जरद्द्रुम इवोग्रेण कोटरस्थेन वन्हिना ।२१।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

सांसारिक भोगको तुच्छ हामीमा नै रहेको छ ।
पर्वतका जरा बुट्टा रूखै झैं व्यर्थ यो पर ।१६।
सुकेका बाँसको घोत्रो वायुद्वारा कराउँछ ।
त्यस्तै नै नरकै जीव प्राणवायु सु-धारण ।२०।
घोत्रो त्यो रुखकै फेद आगो लागे सरी बढी ।
त्यस्तै नै मन यो मेरो संताप व्याप्तता दुःखी ।२१।

भावार्थ:– विभिन्न स्वरुप भएका यी सांसरिक भोगहरु जुनछन्, ती सबै तुच्छ बाटै हामीलाई प्रचण्ड हावावाट जर्जर वनेको पर्वतका साना साना वृक्षकै भाँती बिचलित गराइरहेको छ । हिलो तथा वायु द्वारा सुकेको बाँस जो छ त्यो सुकेको धोत्रो ढंग्रो सरी भएका बाँसमा वायु पसी व्यर्थको शब्द उत्पन्न हुन्छ, त्यस्तै मानिसहरु पनि प्राणवायु धारण गरेर व्यर्थै बोलिरहेका छन् । जुन रूख को घोद्रो फेदमा अग्नि- प्रवेश भै वायुद्वारा वृक्षभित्रभित्रै सल्किदै रहने हो, त्यस्तै यही चिन्ताले गर्दा मेरो मन सन्तप्त भएको दु:ख के भै शान्त हुने हो ?

संसार दुःख पाषाण नीरंध्र हृदयोप्यहम् ।
निजलोक-भयादेव गल द्वास्पं नरोदिभि: ।२२।
शून्यामन्मुख वृत्तिस्ताः शुष्क रोदननीरसाः ।
विवेकएव हृत्संस्थो मम कांतेषु पश्यति ।२३।
भृशं मुह्यामि संस्मृत्य भावाभावमयींस्थितिम् ।
दारिद्र्येणेव सुभगो दूरे संसार-चेष्टया ।२४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

सांसारिक् दुःख द्वन्दैमा परेका पत्थरै मन ।
भएको हृदयै मेरो सन्तप्त भावना जन ।२२।

न ममा शुष्क रुदन् छ न ममा हर्षकै तन ।
एकान्तै स्थान शून्यैमा विचारै बस्नमा मन ।२३।

विषय नाशको यत्न परमानन्दकै स्थिति ।
अभावैमा भयो चिन्ता, दरिद्री धनकै क्षति ।२४।

भावार्थ:– दु:ख द्वन्द्वहरुले भरिएको संसार छिद्र नभएको पत्थर समान मेरो हृदय भै रहेको छ । मेरा साथमा रहेका परिजन पनि मलाई देखेर क्रन्दन गर्लान् भन्ने डरले रुन मन लाग्छ, तर रून म सक्तिनँ अर्थात् रून्नँ । मेरो मुखको चेष्टा शुष्क हुँदै गएको छ, नममा रुदनै हुन्छ, न हर्ष नै हुन्छ । खाति एकान्तैमा बसेर विचार गर्न मात्र मन लाग्दछ । मलाई यो विषय जुन प्रियतम प्रातीत भएको हो त्यसको विनाश तथा परमानन्दको स्थितिको स्मरणबाटै मोह हुन्छ, जस्तो कुनै धन–सम्पन्नताको दशा जुन दरिद्र अवस्थामा संझिने हुन्छ, त्यस्तै मलाई यस अवस्थामा आइपरेको छ ।

मोहयंति मनोवृत्ति खंडयन्ति गुणावलिम् ।
दु:खजाल प्रयच्छेति विप्रलम्भ परा:श्रिय: ।२५।

चितानि च य चक्राणि नानंदायाधिनानि मे ।
संप्रसूत कलत्राणि गृहाण्युगापदामिव ।२६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

संसारी जालका दुःख सम्पदा विपदा पर ।
मनोवृत्ति मनुष्यैमा मोहिनो गुणनाशक ।२।
विशाल धन सम्पत्ति चिन्ताकै चक्र-जाल ती ।
प्रसूता नारी नै खास आपत्ति गृह-आश्रयी ।२६।

भावार्थः- यी सांसारिक सम्पदाहरू सबैलाई वंचित गरि नै दिने हुन्छन्, यसबाट मनुष्यको मनोवृत्ति मोहित भएको र हुँदै रहेको हुन्छ र गुणहरू जुन असल वेश हो, त्यो नष्टै गर्ने हुन्छन् । सम्पदा दुःखका जालहरू यसै नै फैलिरहेको वा फैलाइएका छन् । यी विशाल छन जो हो चिन्ताकै चक्रमा फसाउने मात्र हो, यसबाट अलिकति पनि धन स्थिरताको आनन्द प्राप्त छैन अर्थात् आनन्दको आभासै त्यसमा छैन । जस्तो नारी जन्माउने नारीमा संतान घरको परिपूर्णता पनि उग्र आपत्तिकै आलय हुने हुन्छ ।

विविध दोष दशा परिचित्ता
नैवितत भंगुर कल्पितेः ।
मन न वृत्ति मति र्मनो मुने
निगाडितस्य पथावन-दंतिनः ।२७।

भाषा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विषय दोष यही बुझिँदै मन
विकलता सब यो क्षणभंगुर ।
वनचनै फिरने—गजबन्धन-
सरि छ अब यो मनमा पिर ।२७।

भावार्थ— देह एवं विषयोपभोगहरूको क्षण भंगुरताको कारणले त्यसमा हुने जुन दोष र दुर्दशाहरू सोच्दा वनमा स्वच्छन्दता साथ भ्रमण गर्ने मत्ता हात्ती वन्धनमा परेझैं यो मेरो मन शान्ति तथा सुख प्राप्त गर्नमि । अशक नै भएको छ ।

खलाः काले काले निशि-निशित मोहैकमिहिका,
गता लोके लोके विषय शतचौराः सुचतुराः ।
प्रवृत्ताःप्रोद्युक्ता दिशि दिशि विवेकं कहरणे
रणे ऽवतास्तेषां क इव विदुषः प्रोजन्थ सुभटाः।२८।

भाषा

अहो यो कस्तो लौ कुहुर मति छाया घनमहा,
सहस्रौं डाँका त्यो वन बगर बीचै पथमहा ।
लुटेरं लाने नै परधन विवेकै गुण जति
हटाउने वीरै अब कुन छ योद्धा समरथ ।२८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थः- यो भै रहेको जुन अज्ञान हो त्रास अँध्यारो रात समान छ यस मोहको कुहिरोले ढाकिएको छ। यसमा लोकहरूको अर्थात् मानिसहरू जनहरूमा ज्ञान प्रकाश एकदमै नाश भएका छन्। यस्तै वेला अर्कालाई दुःख सन्ताप दिने कुशल विषयको चीरहरू अनेकौं अर्थात् सहस्त्रौं बाटो कुरेर विवेकरूपी रत्न अपहरणको लागि जीउ ज्यानले संलग्न भै रहेका छन्। त्यस विषयरूपी धनका लोभी डाँकालाई नाश गरिने तत्वको ज्ञानीलाई छोडेर अरू कुन योद्धा समर्थ हुन आउने हुन्छ र ?

यसरी योगवासिष्ट रामायणको वैराग्य प्रकरण १२ सर्ग समाप्त भो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## तेह्रौं सर्ग

## (१३ सर्ग)

## (लक्ष्मी निराकरण वर्णन)

श्रीराम उवाचः—

इयमस्मिन् स्थितो दारा संसारे परिकल्पिता ।
श्री मुने परिमोहाय सापि नूनं कदर्थदा ।१।
उल्लास बहुलानन्त कल्लोलानमाकुलान् ।
जडान्प्रवहति स्फारान्प्रावृषीव तरंगिणी ।२।
चिंता दुहितरो वह्मो भुरि दुल्ललितैधिताः ।
चंचलाः प्रभवत्यस्यास्तरंगाः सरितो यथा ।३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



एषाहि पदमेकत्र ननिबध्नाति दुर्भगा ।

दग्धेवानियताचारमितश्चेतश्च धावति ।४।

भाषा

संसार स्थिरता संझी लक्ष्मी दारा धनादिक ।
मुने, त्यो मोहमा पर्दै, मिथ्या त्यो कल्पना पर ।१।
उल्लास भावमा मूर्ख सम्झने जुन सुख त्यो ।
दुःखदायी अति वेगी नदी अस्थिर भावको ।२।
चिंताकै पुत्री घेरै नै उत्पन्न दुःख साधन ।
चंचला भुमरी चक्र फन्फनी त्यो घुमीकन ।३।
बढेकी नदिमा बग्दै अभागी मूर्खजन् सब ।
बगाएमा यताउति छोरए मन अस्थिर ।४।

भावार्थः– श्रीरामजी भन्नुहुन्छ– हे मुनिवर ! संसारमा लक्ष्मी धन स्थिर भएमा अनेक कल्पित सुखका साधनहरू जुटाउनामा परम उत्कृष्ट हुने यस्तो मिथ्या भावनाको कल्पना मूर्खजनहरू गर्दछन् । यो न ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


स्थिर रहने हुन्छन्, न स्थिरता एवं उत्कृष्टताकै योग्य नै छन्, यो त केवल व्यामोहमा फँसाएर दुःख दिने मात्र हुन्छ। वर्षा ऋतुमा वेगसंग बहेकी नदी चंचल तरङ्ग वायुको झोंकाकै समान छन्। शास्त्रविहित सदाचारले शून्य पुरुषको सामु यताउति हतासले दौडेर कुनै स्थानमा स्थिरत्व नरहने भावकी लक्ष्मी हुन्।

जनयन्ती परं दाह परामृष्टांगिका सती।
विनाशमेव धत्तेतदपि लेखेन कज्जलम् ।५।
गुणागुण विचारेण विनैव किल पार्श्वगम्।
राजप्रकृतिवन्मूढा दुरारूढा बलम्बते ।६।
कर्मणा तेन तेनेषां विस्तारमनुगच्छति।
दोषाशो विषवेगस्य यत्क्षोरं विस्तरायते ।७।

भाषा

अर्काकै डाहकारी बी बढाउने त्यो सम्पत्ति।
विनाशो दुःखकै प्रेमी कालो ध्वाँसो अधोमति ।५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गुणागुणै विचारैका भावना शून्यता रति ।
राज-प्रकृतिकै झैं तो मूढभाव परांमुखी ।६।
द्यूत-युद्ध छल छाम्र वाणिज्य कपटी रत ।
पिलाए सर्पमा दूधै-विषै मात्रै उकेल्दछ ।७।

भावार्थ:- यो असत् धन धार्मिक जनहरूको लागि उपभोगमा नआउने गुण अवगुणको विचार शून्य साथमा लागिरहने कैल्हे यता कैल्हे उता अर्काकै अवलम्बनमा रहने दु:खदायी घाँसो कालो गाजल लगाएकी अधोमति पार्ने भएकी यी राज-प्रकृतिकै झैं मूढ भएकी तथा द्यूत-युद्ध अर्थात् छलकपट वाणिज्यद्वाराबाटै बढ्ने जस्तो दूध सर्पलाई पिलाएमा विषै मात्र बढाउने हुन्छन्, त्यस्तै यो धन-जन-सम्पत्ति राजकाज सबै हुन् ।

तावच्छति मृदु स्पर्शः परेस्वे च जने जनः ।
वात्ययेव हिमया वच्छियानपरूषीकृतः ।८।
प्राज्ञाः शूराः कृतज्ञाश्च पेशला मृदवश्च ये ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पांशुमुस्तथैव भगयः श्रियाते मलिनीकृताः ।९।
नश्रीः सुखाय भगवन्दुःखार्थं बहि वर्द्धते ।
गुप्ता विनाशनं धत्तां मृति विषलता यथा ।१०।
श्रीमान जन निन्द्यश्च शूरश्चाप्य विकत्थनः ।
सम दृष्टिः प्रभुश्चैव दुर्लभाः पुरुषास्त्रयः ।११।

भाषा

जब सम्म धनो साह्रो बन्दैन मानिस पर ।
सबैमा कोमलै भाव, हिम झैं वायु ठक्कर ।८।
प्रभाव सम्पत्ति यस्तै धुलो त्यो मुठ्ठीले मन ।
ढाकिने रत्नमा त्यस्तै पंडितैमा कलङ्कित ।९।
सुखहीन दुःखै भगवन् ! धन–वैभव ।
विष–लता सुरक्षित विनाशी मृत्युकारण ।१०।
आत्म–श्लाघा, अहंभाव समता पूरकै त्रय ।
दुर्लभ जगतै प्राप्त धनैयुक्त सुपुरुष ।११।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थः- मनुष्यहरू त्यसै वेलासम्म आफ्नो र अर्कोजनहरूका प्रति कोमल र शीतल अर्थात् दया, स्नेह एवं औदार्यको व्यवहार गरि-रहने हुन्छन्, जहाँसम्म तिनीहरूमा बलवान् वायुको वेगबाट वर्फ समान धन वैभवबाट परम कठोर र असहनीय वनाइएको हुँदैन। यो सम्पत्तिको प्रभाव यस्तो छ कि मुठ्ठीभर धूलोबाट मणि रत्नहरूलाई ढाकी मलिन पारिदिन्छ। ठीक त्यस्तै ठूला-ठूला विद्वान्-शूर-कृतज्ञ -मृदुल र सुन्दर भाव सुसम्पन्न पुरुषहरूलाई पनि कलङ्कित गराइदिने हुन्छ। यो धन वैभव सुख दिने होइन, केवल दुःखैको मात्रा बढाउने-वस्तु हो, जसरी विष-लता सुरक्षित पारिराखेता पनि यो अन्त्यमा मृत्युकै कारण हुने हुन्छ। संसारमा तीन प्रकारका पुरुष दुर्लभै हुने हुन्छन्,धन-जन सम्पन्न भए तापनि समाजको वरावरीको पात्र नभएको, स्वयं महान् शूर भएर पनि आत्मश्लाघा नगर्ने, स्वामी भए तापनि आफ्नो आश्रममा बस्ने सेवकहरू तथा प्रजाजन माथि बराबर समभाव बनाइराख्ने।

एषा हि विषमा दुःखभोगिनां गहना गुहा।<br>
घनमोहगजेन्द्राणां विन्ध्यशैलमहोत्तरो ॥१२॥<br>
सत्कार्य-पद्म-रजनी दुःख कैरव-चंद्रिका।<br>
सुदृष्टि दीपिका वात्या कल्लोलौघतरंगिणी ॥१३॥<br>
केदारिका विकल्पानां खेदाय मद भोगिनी ॥१४॥

**भाषा**

व्याधिभोग धनै साह्रो गुफा त्या भोगकेशरी।<br>
मोह आत्मा गजेन्द्रै झैं विन्ध्याचलपर्वतै सरी ॥१२॥

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सम्पत्ति धन यो खास सत्कर्म पद्म-नाशिका ।
कुमुदै दुःख कै रूपा दिनाशी चन्द्रदीपिका ।१३।
धनै यो भ्रान्तिको मेघ उत्पन्न खेद रूपिका ।
संशय खेतकै वृद्धि विकल्प कन दुःखिका ।१४।

भावार्थः- यी धन वैभव दुःख रूपी व्यालहरूको परम गहन गुफा हो एवं मोहरूपी गजेन्द्रको लागि विन्ध्याचलको महा विशालतर भए-को भूमि हो । यस धनले सम्पत्ति सत्कर्म रूपी कमलहरूलाई संकुचित गराइदिने अन्धकार रात्रीको समान छ, र दुःख रूपी कुमुदहरूको विकाश गराउने चाँदनीको प्रभाव राख्ने भएकी तथा सद्बुद्धिरूपी दीपकलाई निभाइदिने वातुको झोक्काको कार्य गराउने हुन् । यो धन वैभवमय भ्रान्ति रूपी मेघ मात्र बढाउने संशय-खेतको लागि अर्थात् संकल्प विकल्पहरू उत्पन्न गराउने बयारी-समानको दुःखको आलय हुन् ।

मनोरमा कर्षति चित्तवृत्ति-
कदर्थं साध्या क्षणभंगुरा च ।
व्यालावलीगात्र-विवृत्त-देहा-
श्वभ्रोत्थिता पुष्करिणीव लक्ष्मीः ।१५।

भाषा

अन्याय कृति जुन प्राप्त वैभव,
खिंचेर मोह मन त्यो असवत ।
केही समयको रहने जो लक्ष्मी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## लता कुसुम झैं भोलि विनष्ट ॥१५॥

भावार्थः– सम्पदा र तरुणीको नाम मनोरम हुनाको कारण मनुष्यहरूको चित्त आकर्षित हुने हुन्छ । यो बहुधा अनर्थकारी कर्महरूबाट प्राप्त हुने र क्षणभरमा नै अर्थात् केही समयमा नै नष्ट हुने कुरो छ । यो लक्ष्मी केही समयको लागि व्यालहरूबाट आवृत्त पुष्पलताको समान रहने जुन कि भोलिपल्टै ओइलाई नाश हुने हुन्छ ।

यसरी श्री योगवासिष्टको वैराग्य प्रकरण १३ सर्ग समाप्त भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौधौ सर्ग

(१४)

# (जीवन-अस्थिरता वर्णन)

**श्रीराम उवाचः-**

आयु पल्लव कोणाग्रं जलं वा कण भंगुरम्।
उन्मत्तमिव संत्यज्य यात्यकांडे शरीरकम् ।१।
विषयाशिविषासंग परिजर्जरचेतसाम् ।
अप्रौढात्म विवेकानामायुरायास कारणम् ।२।

भाषा

पत्रकै कोणमा आयु रहेका जलविन्दु झैं ।
उन्मत्त सरी यो देह, त्याग्नु पर्ने त्यसै यसै ।१।
विषयी-पूरकै सर्प डसेका जर्जरै तन
क्लेशकारी अति दुःखी अभावै आत्मचिन्तन ।२।

भावार्थः- श्रीरामजी बोल्नुहुन्छः- हे मुनिश्रेष्ठ ! मानिसहरूको आयु पातला एक कुनामा रहेको जल-विन्दु-कण समान अडेको छ। असमयमै उन्मत्त झैं देह त्याग्नु पर्ने हुन्छ । संसारिक विषयले भरिएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विषयुक्त सर्पबाट डसेका जुन मनुष्यहरूमा चित्त एवं शरीर पूर्णतया जर्जरित भएका जसमा प्रौढ अवस्थाका, आत्मविवेकको सर्वथा अभाव भएकोले आयु पनि तिनीहरूलाई दुःख वा कष्ट दिने हुन्छन् ।

ये तु विज्ञान विज्ञेतां विश्रांता वितते पदे
भावाभाव सम श्वासमायु स्तेषां सुखायते ।३।

भाषा

हानि–लाभ सुखै दुःख समता भावना मन
परेका ज्ञानीमा नै छ आत्मलाभ परं सुख ।३।

भावार्थः– जो जुन जान्नु पर्ने योग्य परब्रम्ह परमात्मा हो, त्यसैलाई जान्ने ज्ञानी जनमा मात्र हानि लाभ, सुख, दुःख समानभावमा स्थितैलाई आनन्द दिने हुन्छ अरूलाई त दुखै दुःखको सुखको भास हुने हुन्छ ।

वयं परिमिताकार परिनिष्ठित निश्चयाः ।
संसाराभ्रतडित्पु जे मुनेनायुषिनिर्वृताः ।४।
पुज्यते वेष्टनं वायो राकाशस्य च खण्डनम् ।
ग्रथनं च तरंगाणामास्थानायुषि युज्यते ।५।

भाषा

हामीलाई देहमा नै त्यो आत्माकै भिन्न भावना ।
आश्रय जग कै आयु रहेका जुन संज्ञना ।४।
मेघ त्यो नभमा, आयु, चम्किँदै बिजुली सरी ।
रहेको क्षण–भंगुरै सुख छैन कतै पनि ।५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थः– हे महर्षे ! हामी सबैले यहीले सझेका छौं कि यही छ–फुटे देहमा नै आत्मा रहेको मानेका छौं, यो संसाररूपी मेघमा विजुली समान चम्केर लुक्ने झैं भएको आयुमा हामी गाई के सुख प्राप्त भएको छ। किनकि यो क्षणभंगुर छ।

पेलवं शरदीवाभ्रमस्नेह इव दीपकः।
तरंगकइवालोलं वातमेवायलक्ष्यते ।६।
तरंग प्रतिबिम्बेन्दुतवाडित्पुंजमाम्बुजम् ।
गृहीतुमास्थां बध्नामि नत्वायुषिहवस्थितो ।७।
अविश्रांत मनाः शून्य मायुराततमीहते ।
दुःखायैव विमूढोंत गर्भमश्वतरी यथा ।८।

भाषा

तरंग युक्त जलमा त्यो परेको चन्द्र बिम्बित ।
चम्किने नभमा मेघ मिथ्याभावै छ अस्थिर ।६।
विद्युत्पुञ्ज सरी पुष्प फुलेको जसरी पर
आयु त्यस्तै के विश्वास, गृहण त्यो असम्भव ।७।
चंचली क्षणिकै आयु खच्चरी गर्भ धारण ।
बाँचनालाई त्यस्तै व्यर्थ कामना दुःखकै तन ।८।

भावार्थः– जस्तो तरंग–लहरयुक्त जलादिमा प्रतिबिम्बित चन्द्र–विद्युत पुञ्ज र आकाश कमल जुनकि सर्वथा असम्भवको कुरा छ, त्यही हामी आफ्नो हातले समात्ने भनी विश्वास गर्दछौं, तर यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


सर्वथा अस्थिर आयुमा अलिकति पनि विश्वास ममा लाग्दैन। विश्रान्तिरहित मन भएका मानिसहरू यो शून्य आयुलाई लामो अवधिसम्म राख्ने इच्छा गर्दछन्, तर केवल तिनीहरु दुखैं भोग्दछन्। जस्तो खच्चरीको गर्भधारण मृत्युको कारण हुन्छ, किनकि गर्भको बच्चा पेट फोरेरै बाहिर निस्कने हुन्छ।

**संसार संसृतावस्यां फेनोर्मिरसर्गसागरे।**
**वाथ वल्ल् थि-मसो ब्रह्मन् जीवितं मे न रोचते ।९।**
**प्राप्यं प्राप्यते येन संभूयो येन न शोच्यते।**
**पराया निर्वृतेः स्थानं यत्तज्जीवितमुच्यते ।१०।**

**भाषा**

**संसार त्यान्द्रो यो स्थानु फींज सागर बग्दछ।**
**अस्थिरै जीवनै यस्तो जानेर बाँच्नु के छ र? ।९।**
**पुरूषार्थं स्वरूपैको योग्य प्राप्त जो गर्दछ।**
**त्यसैको जीवनै सुख सार्थक सफलै मन ।१०।**

भावार्थः- हे ब्रह्मन्! यो देह रुपी त्यान्द्रो संसार सागरमा बग्दै रहेको जलैको विकार फींजकै समान अस्थिर भएको हुँदा जीवनलाई किन यसरी सुसार पालन गर्ने तथा किन बाँच्न मन गर्ने। मानव जीवनमा अनावश्यक रुपबाटै परम पुरुषार्थं स्वरुप जुन प्राप्त गर्न योग्य छ त्यसैलाई प्राप्त गर्ने नै परम सुखको स्थान छ र जीवन सार्थक एव सफलै मानिने हुन्छ।

**तरवोऽपि हि जीवन्ति जीवन्ति मृग पक्षिणः।**
**स जीवति मनो यस्य मननेन न जीवती ।११।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जातास्तएव जगति जंतवः साधु जीविताः ।
ये पुनर्नेहि जायन्ते शेषा जरठ गर्दभाः ।१२।
भारो विवेकेनः शास्त्रं भारोज्ञानं च रागिणः ।
अशान्तस्य मनो भारो भारोनात्मविदो वपुः ।१३।

भाषा

यस्तै नै बाँचिएका तो, तुच्छ पंछी पशु जन ।
वास्तविक् त्यही नै खास तत्व—बोध सुजीवन ।११।
प्रसस्त जीवनै त्यसको प्राप्त निवृत्तिकै पद ।
अन्यथा त्यो गधाकै झैं व्यर्थ जीवन धारण ।१२।
विवेक—शून्यता शास्त्री रागी त्यो व्यर्थ जीवन ।
अशान्त मन त्यो भार, अनात्म भारको तन ।१३।

भावार्थः— यसै त जड, वृक्ष र पशु—पंछीहरूका गण पनि जीवित रहेका छन्, किन्तु तिनीहरूको जीवन राख्नु सर्वथा तुच्छै नै हुने हुन्छ वास्तविक जीवन त त्यसको हुन्छ, जसको वासना क्षयको तत्व-बोधद्वारा मननपूर्वक गरिने हुन्छ, अन्यथा जीवन व्यर्थै छ । त्यसैको जीवनै प्रशस्त हुन्छ जसले यो जीवन प्राप्तिकासाथ परमनिवृत्ति प्राप्त गरेर अर्को जन्म धारण नगर्ने हुन्छ । शेष अरु सबै गधाहरू समान चिर कालतक व्यर्थ जीवन धारण गरेका हुन्छन् । विवेकशून्य पुरूषको शास्त्रहरूको लागि अध्ययन भारै हुन्छन्, रागीमा ज्ञान भारै हुन्छ, जसको मन शान्तिमा प्राप्त छैन, त्यो अनात्मवेत्ताको मन, शरीर सबै-भारै हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मुधैवाभ्युस्थितो मोहान्मुधैव परिवर्द्धते ।
मिथ्यात्म येन भीतोस्मि दुरहंकार शत्रुण। ।१४।
अहंकारवशादेव दोष–कोश कदर्थताम् ।
ददाति दीन दीनानां संसरोविविधा कृतिः ।१५।
अहंकार वशादापदहंकारा दुराधय: ।
अहंकार वशादीहा त्वहंकारो ममादयः ।१६।
तमहंकारमाश्रित्य परमं चिरवैरिणम् ।
नभुजेनपिवाम्येव किमु भोगान्भुजे मुने ।१७।

भावा

अहंकारै छ यो शत्रु अनर्थ विघ्न–कारक ।
अज्ञान मोह उत्पन्न जीवनै भयदायक ।१४।
अहंकार वशै सारा मनुष्य हुन्छ कुत्सित ।
विषयी लम्पट जीव विभिन्न जग रूपक ।१५।
अहं कै वेदनाले नै सारा मानिस पीडित ।
विकृति भावना चित्त दुश्चेष्टा दुःख शासित ।१६।
अहंकारै चिरै शत्रु, जानेरै (म) यो यसै प्रभो
भोजन पान यो व्यर्थ लाभ के भोग यो अहो

भावार्थः– हे मुनिवर ! यस संसारमा अहंकारै परम ठूलो शत्रु छ। यसैबाट अनेक ठूला अनर्थ र उपद्रव हुने र गराउने हुन्छन्। यसै बाट मोहको कारण उत्पन्न हुन्छ र अज्ञानै मात्र बढाउने भएको हुँदा म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यस देखि भयभीत छुछ । अहंकारैवाट अनेक दोषहरूको उत्पत्ति भै मनुष्य कुत्सित भै रहन्छन् । विषयमा लम्पट भएका जनावरहरूमा संसारै विभिन्न प्रकारका रूप खडा हुने हुन्छन् । अहंकारैवाट अनेक शारीरिक आपत्तिहरूको उद्गम भै रहने गर्ने हुन्छन् । तथा मानसिक चिन्ताहरू पनि अहंकारैको कारण मनुष्यहरूलाई घेरि नै रहने हुन्छन् समस्त दुश्चेष्टाहरू र मानसिक विकृतिहरू पनि यसैं अहंकारैवाटै हुन्छन् । यो अहंकार चिर शत्रु जानेर म यसलाई गृहण गर्न परैदेखि हटेको छु तसर्थ म भोग, भोजन पान देखि परै छु यसवाट के लाभ सुख छ ?

संसार रजनी दीर्घा माया मनसि मोहिनी ।
तताहंकार दोषेण किरातेनेव वागुरा ।१८।
यानि दुःखानि दीर्घाणि विषमाणि महान्ति च ।
अहंकारात्प्रसूतानि तान्यगात्खदिराव ग ।१९।
शमेंदु सौहि के यास्यं गुणपद्म हिमाशनिम् ।
साम्यमेव चरेत्कालं अहंकारं त्यजाम्यहम् ।२०।
नाहंरामो न मे वांछा भावेषु न च मे मनः ।
शांत आसितुमिच्छामि स्वात्मनीव जिनो यथा ।२१।

भाषा

दोषपूर्ण अहंकारै रात नै अन्धकारको ।
प्राणीमा मोहकै क्रीडा मायाकै जाल नै छयो ।१८।
जे जति दुःखका पीडा यसैबाटै भएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उस्रने पर्वतैमाथि झ्याङ, काँडा सरि पर ।१९।
मेघमा बिजुली झैं त्यो, तेल बत्ती सुदीपक।
त्यस्तै नै त्यो अहंकार रहेको नाश गर्नु छ
नाशकारी पद्मपुष्प तुषारो हिम झैं पर
नासिते देह यो यस्तो अहंकारै सुत्यागेछु छ ।२०।
नामधारी न रामै छु न इच्छा भाव आश्रय ।
अहंकार छोडी त्यस्तै बसेको छु यसै प्रिय ।२१।

भावार्थ अहंकारको रोपबाट यो संसाररूपी घोर अंधकारपूर्ण–रात्रीमा प्राणीहरू त्यसै मोहमायामा त्यसै अल्झी लसपस भैरहेका यो महान्–मायाजालको पासोमा परिरहेका छन्। जति पनि यस संसार–मा महान् विषय दुःखहरू यी सबै अहंकारबाटै समुत्पन्न भएको छ, जस्तो पर्वतमा काम नला ने काँडाहरूको वृक्ष बुट्टाहरू उसको झ्याङ्‌–हरूबाट दुःख दिने हुन्छ त्यस्तै यो अहंकारले हाम्रो मनमा त्यस्तै विषय–वासना जमिरहेको छ। जस्तो तुषारो हिमबाट कोमल पद्म–पुष्पलाई तुषारो हिमपात भै नष्ट गरिने हुन्छ, त्यस्तै यो शुद्ध मनलाई अहंकाररूपी तुषारो परी नाश गरिदिने यस्तो अहंकार शत्रुलाई अप–अपनाउने कुरो छाडी तटस्थ रूपमा बस्नु नै श्रेय छ। न म राम नाम–धारी नै केही छु न मेरो इच्छा नै केही छ, न त मेरो मन नै कहीं लाग्दछ, यस्तै नै अहंकार त्याग गरेर उद्वेगरहित हुँदै परम शांत–भावमा रहेको छु, जसरी बुद्ध अहिंसापरायण रहनु भएको छ।

सर्वापदा निलयमो ध्रुवमन्तरस्थ–
मुन्मुक्तमुत्तम गुणेन संश्रयामी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


यत्रादहं कृति पदं परितोस्तिदुःखं
शेषेण मां समनुशाधि महानुभाव ।२२।

भाषा

जुन्हो त्यो आपद अरूप विनाशकारी
उन्मुक्तता तन महा मल भित्र वास ।
रहेको जो छ दुःख त्यो अहंकारि दोष
विनाश त्यो कसरी हो गरिने उपाय ।२२।

भावार्थः– हे महानुभाव ! जुन यो सबै आपत्‌हरूका आश्रय भएका तथा गुणहरूदेखि रहित यो देहभित्र निवास गरिरहेका अनित्य अहंकारको अधीनतामा म अब रहने मेरो इच्छा छैन । ममा यो विवेक भएको छ कि यो अहंकार सबै प्रकारको दुःख स्वरूप खास हो। अब यस विषयमा जो जुन मेरो कर्तव्य शेष रहेको छ, त्यो सबै अब ममा उपदेश प्रदान गर्नुहोस् । जसमा यो भैरहेको अहंकार नाश होस्।

यसरी योग वासिष्ट १४ सर्ग वैराग्य प्रकरणको अहंकार तथा देह निस्सारताको वर्णन समाप्त भयो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# पन्ध्रौं सर्ग

## (१५)

## (चित्त-दौरात्म्य-वर्णन)

श्रीराम उवाच:-

दोषैं जर्जरता याति सत्कार्यादार्यसेवनात् ।
वातान्तः पिच्छलववच्चेतश्चलति चंचलम् ।१।
इतश्चेतश्च सुव्यग्रं व्यर्थमेवाभिधावति ।
दूराद्दूरतरं दीनं ग्रामेकौलेयको यथा ।२।

भाषा

जर्जरै दोष संयुक्त सत्कार्य सेवनै पर ।
वायुकै झोंकले पंख फर्फरै चित्त चंचल ।१।
इच्छित वस्तुकै लागि गर्न मनै यताउति ।
दौडिने व्यर्थ टाढा त्यो ग्रामकुक्कुर झैं मति ।२।

भावार्थः- श्रीरामजी बोल्नुहुन्छ, जसरी वायुको प्रवाहको वेगले मयूर पंखको अग्र भागको भांती सत्कार्य एवं श्रेष्ट पुरुषको संगत समान यो चंचल चित्त व्यग्र भएर व्यर्थै यताउति भट्किरहने हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जस्तो कुनै कुकुर पेट भर्नाको लागि टाढा-टाढा गाउँमा चक्कर लगाइ रहने हुन्छ । त्यस्तै यो मन पनि इच्छित वस्तु प्राप्तिको लागि यता उति दौडिने भै दीन-दशामा रहिरहेको हुन्छ ।

ना प्राप्नोति क्वचित् किंचित्प्राप्तैरपिमहाधनैः।
नांतः संपूर्णतामेति करंडक इवाम्बुभिः ।३।
नित्यमेव मने शून्यं कदाशा वागुरावृतम् ।
न मनो निर्वृत्ति याति मृगो यूथादिव च्युत ।४।
तरंग तरलां वृत्ति दधदालूनशीर्णताम् ।
परित्यज्य क्षणमपि हृदये याति न स्थितिम् ।५।

भाषा

विशाल धन प्राप्तिमा तृप्ति मान्दैन यो मन ।
निर्मित बाँसको डोको नअड्ने झैं त्यसै जल ।३।
बथानैबाट छुट्टेरै असुखी मृग लो वन ।
त्यस्तै यो छ असंतुष्टि अशांति भावना मन ।४।
पानीकै लहरै झैं त्यो सदा चंचल अस्थिर ।
एक क्षणै पनि स्थित नहुने विजयी मन ।५।

भावार्थः– यो मन, विशाल राज्य धनको भण्डार प्राप्त तापनि कहिल्यै तृप्तिमा नआउने जस्तो बाँसको कप्त्यारोले बनेको डोको वा डालो, टोकरी,मा जल अड्ने होइन, त्यस्तै मनुष्यको मन कहिल्यै पनि भरि नै हुन पाउँदैन । जस्तो आफ्नो बथानबाट छुटेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जालमा परेका मृगलाई कहिल्यै पनि सुख मिल्ने हुन आउँदैन, त्यस्तै यो मन सत्सङ्गति आदि सुन्दर साधनहरुदेखि रहित मन दुर्वासनाको जालमा जकडिएको कहिल्यै पनि संतोष-शान्तिको सुख प्राप्त गर्न सक्तन वा हुँदैन। जस्तो जलको तरङ्ग लहरको समान चंचलता धारण गर्ने त्यस्तै यो मन स्थूल, सूक्ष्म अवयवहरूको विभागलाई त्याग गरेर एक क्षण पनि स्थिरता धारण गर्दैन।

मनो मनन विक्षुब्ध दिशो दश विधावति।
मन्दराहननोद्धूत क्षीरार्णव पयो यथा।६।
अनल्प कल्पना तल्पे विलीनाश्चित्तवृत्तयः।
मुनीन्द्रेण प्रबुध्यन्ते तेन तप्येहमाकुलः।७।
वडे लूष्ण तरः शैलादपि कष्टतरै क्रमः।
वज्रादपि दृढो ब्रह्मन् दुर्निग्रह मनोग्रहः।८।
चेतः पतति कार्येषु विहगः स्वाभिषेष्विव।
क्षणेन विरतिं याति बालः क्रीडनकादिव।९।

भाषा

चिन्तामा नै मनै रक्त-मन्दरा चल-सागर।
टक्करै खाई त्यस्तै नै दौडिने त्यो परै पर।६।
चित्तकै वृत्तिले नाना संकल्प विषयी घन।
अस्थिर तृप्तता व्यग्र अज्ञानै मुख्य कारण।७।
अग्नि भन्दा पनि उष्ण पिशाची मन दुष्कर।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**वशमा यो हुँदैन हुन्न वज्रभन्दा कठोर छ ।८।**
**वस्तु नयाँ मनै इच्छा गर्ने त्यो विषयी पर ।**
**नित्य नयाँ खिलौनामै बालकै झैं सु–इच्छुक ।९।**

भावार्थः– अहर्निश विषयहरूकै चिन्तनमा सलग्न रहनामानै अनुरक्तताले अत्यन्त क्षुभित यो मन मन्दराचलको आघातले उछिनेका क्षीर सागरको दूधको राशि समान दशै दिशामा दौडिरहन्छ । हे मुनीन्द्रवर ! मनुष्यहरुको चित्तको वृत्तिहरु नाना प्रकारका विषयहरूमा समासक्त रहने हुँदा कहिल्यै पनि स्थिरता नहुने यो खास अज्ञानकै कारण आफूलाई आफैंमा सदा नै संतप्त मानेर व्यग्रतामा रहने नै हुन्छ । यो मनरूपी पिशाच अग्निभन्दा पनि तातो तथा सर्वदा संतप्त दिने र दिइरहने हुन्छ । यसलाई वशमा ल्याउन ठूलो–ठूलो पर्वतको टाकुरामा चढ्नु भन्दा पनि कठिन छ र वज्र भन्दा पनि कठोर छ । मनलाई नियन्त्रण गर्न साह्रै नै कठिन कार्य छ । मासु–भक्षण गर्ने झैं यो मन इन्द्रियद्वारा प्राप्त भएका विषयहरुतर्फ दौडिरहने हुन्छ । जस्तो सानो बालक खेलौना देखेर तुरुन्तै उतै तर्फ लम्कने हुन्छ र अरु खिलौना प्राप्त भएमा पहिलेको खेलौना छोडेर अर्कै नयाँ खेलौनामा लाग्ने हुन्छ, त्यस्तै यो मन पनि नयाँ नयाँ वस्तु–विषयहरूको भोग गर्ने इच्छा र खोजीमा लाग्ने हुन्छ ।

**सकल गुण जयाशा यत्र बद्धा असद्भी ।**
**स्तमरिमिह विजेतुं चित्तमभ्युत्थितोऽहम् ।**
**विगत रतितया तनोभिनंदामि लक्ष्मी,**
**जड मलिन विलासां मेघ लेखामिवेंदुः ।१०।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


## भाषा

शम दम गुण युक्तै भावना शुद्धतामा,
मुनि जन रहने झैं आश गर्छु सदा म ।
जड मलिन अलक्ष्मी सम्झिँदै मेघमाला
शशिसम मन त्यागी रम्न इच्छा सदा म ।१०।

भावार्थः– जस्तो महापुरूष शमदमादि समस्त गुणहरूलाई स्वाधीनमा राखी विजय गर्ने हुन्छन्, त्यस्तै म पनि यी शत्रु चित्तलाई जित्ने आशा राख्ने कोशिशमा छु। जसरी चन्द्रमा मेघमालालाई अभिनन्दन गर्दैन, त्यस्तै तीव्र वैराग्य – सम्पत्तियुक्त भै म पनि यो जड मलिन लक्ष्मीको अभिनन्दन गर्न चाहन्नँ।

यसरी श्री योगवासिष्ट महारामायणको वैराग्य प्रकरणको १५ सर्ग समाप्त भो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोह्रौं सर्ग

# (१६ सर्ग)

## (तृष्णा भंग वर्णन)

श्रीराम उवाचः—

हार्दान्धकार शवर्या तृष्णयेह दुरंतया ।
स्फुरति चेतनाकाशे दोषाः कौशिक पंक्तयः ।१।
अन्तर्दाह प्रादापिन्यां समूढ रसमाहवः ।
पंक आदित्य दीप्त्येव शोषनी तोस्मि चितया ।२।
ममचित्त सहारण्ये व्यामोह तिमिराकुले ।
शून्ये ताण्डविनीतात भृशमाशा पिशाचिका ।३।

भाषा

अज्ञानी अन्धकारैका तृष्णारूपा सुदुष्कर ।
चेतनाकाशमा दोष उल्लु पंछी दलै दल ।१।
दाह चिन्ता त्यसैभित्र आत्मतत्त्व–विनाशिका ।
सूर्यकै ग्रीष्मकै तातो शुष्क मेरा तनै यता ।२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विवेकशून्यता घोर तृष्णा आशा सदा मन ।
नृत्य गर्दै भुलाउने संसारै कलशा वन ।३।

भावार्थः— श्रीरामजी बोल्नुहुन्छः— हे कौशिक मुनीन्द्र ! अज्ञानकै अन्धाकारयुक्त महा कठिन तृष्णा रूपिणी निशाको अवसर प्राप्त गरेर यस चेतन जीवात्मारूपी आकाशमा अनेक दोषरूपी उल्लुहरूको समुदाय क्रियाशील हुने गर्न गर्दछ । परमानन्द स्वरूप आत्मतत्त्वको विवेकादि-कै मित्र दाह गराउने चिन्ताबाट म नासै हुन लागिरहेको कारण म सूर्यको तापले तपिए झैं शुष्कावस्थामा छु । व्यामोहरूपी अन्धकारद्वारा तमाकुल मेरो चित्तरूपी महान अरण्यमा विवेक शून्य हुनाको कारण आशारूपिणी पिशाचिनीको ताण्डव नृत्य भै रहन्छ ।

वचो रचित नीहारां कांचना पयोजोज्ज्वला ।
नूनं विकासमायाति चिन्ता चणकमंजरी ।४।
अलमंतर्भ्रमायैव तृष्णा तरलिताशया ।
आयाता विभ्रमोल्लाससूमिरं वृत्तिधाविव ।५।
वेग संरोद्धु मुदितो वात्ययेव जरत्तृणम् ।
नीताः कलुषया क्वापि तृष्णायोचित चातकं ।६।

भाषा

रातकै शीतकै शोभा फूल त्यो धतुरै सरी ।
विकासै गर्न त्यो खालि चिंता चणक मंजरी ।४।
अनेक दुःखकै आँसु बुन्दबाटै त्यो सागर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



छालले नै त्यसै चित्त चंचल मति आमर ।५।
यद्यपि रोक्न त्यो चेष्टा गरे तापनि लौ तर ।
सुकेका त्यान्द्रो झैं फुस्स तृष्णा वायु बही पर ।६।

भावार्थः– रातमा पर्ने तुषारो शीतकै थोपा–थोपाबाट ढाकिएका धतुराको फूल झैं शोभाले समन्वित चनाका फूलहरूका अधिक विकास को भांती अनेक प्रकारका दुःखपूर्ण बिलापबाट प्राविर्भूत आँसुहरूका थोपा थोपाले भिजेका तथा समीपमा रहने भएका सुवर्ण आदिको चिन्ता वा तृष्णा अवश्यै अधिकाधिक बढ्दै गएका, समुद्रको छाल भुमरीको हलचल उत्पन्न गर्ने उठाउने, जस्तो तृष्णा अत्यन्त चलायमान साथै यो चित्तलाई दवाइ नै राख्ने गर्ने भएको दुष्टा जो छ । यद्यपि यो चातक रूपी चित्त यो बढिरहेको तृष्णालाई रोक्न चेष्टा गर्दछ, तापनि सडं-गलेको त्यान्द्रो सिन्का सरी पारेर त्यसलाई कलंकिनी तृष्णाको आँधी-ले ऊबाई आयोग्य दशामा पारि नै दिने हुन्छ ।

दूरं दूरमितो गत्वा समेत्य च पुनः पुनः ।
भ्रमत्याशु दिशं तेषु तृष्णोन्मत्ता तुरंगमी ।७।
पुत्र मित्र कलत्रादि तृष्णया नित्य कृष्टया ।
खगेष्विव किरात्येद्धं जालं लोकेषु रच्यते ।८।
रोगार्त्तिराणनातृष्णा गंभीरमपि मानवम् ।
उत्तानतां नयन्त्याशु सूर्यांशव इवाम्बुजम् ।९।
अपि मेरुसमं प्राज्ञमपि शूरमपि स्थिरम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तृणीकरोति तृष्णं का निमेषेण नरोत्तमम् ।१०।

भाषा

उन्मत्त वेगकै घोडा, समानै दौडिने पर ।
फर्किदै आउँदै जाने तृष्णा दुष्टा बराबर ।७।
सिकारी–जाल थापे झैं तृष्णा–कार्यं परम्परा ।
साधनै पुत्र–दारादि पार्ने संसार जालमा ।८।
कोपिला पुष्प फुल्ने झैं सूर्यं तापादिले कडा ।
तृष्णा त्यों धैर्यशालीमा रोग पीडा अधीरता ।९।
विद्वान त्यो सुमेरू झैं सन्मानी पुरूषै कन ।
तृष्णाबाटै त्यसै तुच्छ हल्का याचक बन्दछ ।१०।

भावार्थः– मनुष्यकै हृदयमा रहने भएकी यो तृष्णा उन्मत्त भएको घोडा सरी टाढा टाढासम्म दौडको बाजी लगाएर फेरि तुरुन्तै आफ्नै स्थानमा फर्किने यस्तै चारैतिर तथा दशै दिशाहरूमा चक्कर लगाउने यसको स्वभाव नित्यप्रति चलिरहने हुन्छ । समाकर्षण गर्ने शक्ति लिए-को तृष्णा मनुष्यहरूलाई फसाउनाका निमित्त नै यस संसारमा दारा, पुत्र, मित्र, कलत्र प्रभृतिहरूको परम्पराहरू, सिकारीहरूले झैं स्वी–पंछीहरूलाई फँसाउने जालहरूको रचना गरेझैं निरन्तर यस्तै तृष्णा-रूपी राक्षसीको कार्यं चलिरहेकै हुन्छ । जसरी सूर्यको किरणले कमल-हरूको विकास गरेर त्यसलाई अत्यधिक उत्तानो गरिने झैं ठीक त्यस्तै अत्यन्त गंभीर धीर पुरूषहरूमा नानाथरीका चिन्ता रोग व्याधि पीडा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



द्वारा तृष्णाले अधीर बनाइ नै दिने हुन्छ । हे महर्षे! मेरु नामक पर्वत समान अत्यधिक समुन्नत–विद्वान् र शूरवीर परम श्रेष्ठ मानवहरूलाई पनि एकै क्षणमा याचक बनाएर तृणसमान तुच्छ एवं हलुका नगन्य बनाइदिने हुन्छ ।

यसरी योगवासिष्ट महारामायण वैराग्य प्रकरणको १६ सर्ग तृष्णाभंग वर्णनको सार सकियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्रौं सर्गः

(१७)

# (देहजुगुप्सा तथा बाल्य जीवनको वर्णन)

श्रीराम उवाचः–

आर्द्रान्त्रितंत्री गहनी विकारी परिपातवान् ।
देहः स्फुरति संसारे सोपि दुःखाय केवलम् ।१।
अज्ञोपि तज्ज सदृशो वलितात्मचमत्कृतिः ।
युक्तयामन्योपिन जडो नापि अचेतनः ।२।
जडा जड दृशोर्मध्ये दोलायित दुराशयः ।
अविकेकी विमूढात्मा मोहमेव प्रयच्छति ।३।
स्तोकेनानंदमायाति स्तोकेना याति खेदिताम् ।
नास्ति देह सम शोच्यो नीचो गुण बहिष्कृत ।४।

भाषा

आन्द्रा–नाडी मनै मूत्र भिजेका थैलीकै तन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


संसार दुःख यात्रार्थ भोगकै निम्ति जीवन ।१।
अनित्य क्षणभंगुरै देहकै मोहमा परी ।
मानिसै व्यर्थं त्यो खिन्न शीत तापादिमा परी ।२।
जडैमा जडता जानी मोह आधार मूढता ।
छोडेमा देह यो खास परमार्थको साधना ।३।
शोचनीय गुणै हीन अज्ञानै कारणै मन ।
अनित्य लहरो देह–समानै अरू के छ र ? ।४।

भावार्थः– श्रीरामजी भन्नुहुन्छः– हे मुनिवर ! संसारमा यी प्राणीहरूमा प्राप्त भएका देह महान दुःख एवं कठिन क्लेशहरूकै भोग्ना निमित्त प्राप्त भएको यो मल–मूत्रादिका गिलो थैली सरी आन्द्रा नाडीकै जालले परिपूर्ण छ । यसमा अनेक विकारहरू भरिएका तथा पतन अर्थात् मृत्यु–स्वभावको छ । संसारका मनुष्यहरू यस क्षण भंगुर शरीरलाई कति माया ममता जसमा थोरै खान पानादिले प्रसन्न हुने र घाम शीतलका तापले खिन्नता उत्पन्न गराउने । यो स्वयं जड भएर पनि जडताको ज्ञान राख्नेवाला छ । मोक्ष जस्तो परम पुरूषार्थ प्राप्त गर्न साधन हुनाको कारण भएर पनि छ । साथै अविवेकी एवं मोहको आधार हुनाको कारण मूढावस्थामा पनि रहन्छ । यसकारण यो देह समान गुणहीन एवं शोचनीय अधम अन्य कुनै पनि छैन होला ।

तात संतरणार्थेन गृहीतायां पुनः पुनः ।
नाविदेह लतायां च कस्य स्यादात्म भावना ।५।
विच्छिन्न वासना जालमूलत्वाद् दुर्लभाकृति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



लब्ध्वापि तरलाकारे कार्यभार-तरंगिणी।
संसार-सागरे जन्म बाल्यं दुःखाय केवलम्।१६।
अशक्तिरापदस्तृष्णा मूकतामूढबुद्धिता।
गृध्नुता लोलता दैन्यं सर्वं बाल्ये प्रवर्त्तते।१७।
रोष रोदन रौद्रासु दैन्यजर्जरितासु च।
दशासु बंधनं बाल्य मालानं करिणामिव।१८।
तिर्यग्जाति समारम्भ: सर्वैरेवावधारित:।
लोलो बाल समाचारो मरणादपि दुःखद।१९।

भाषा

कार्यभार अनेकका संयुक्त भवसागर।
दुर्लभ जन्मको प्राप्त बाल्यकाल दुःखप्रद।१६।
कार्यता असमर्थै त्यो तृष्णा आपत्ति मूकता।
दीनता खेलकै इच्छा दोष बाल्यैपना यता।१७।
रिस, रोदन मात्राके बढने बालकै पना।
बन्धनै यो दशा खास दीनता हठपूर्णता।१८।
पशु पंक्षी समानैका चेष्टा यो बालकैपना।
मरणै समानकै दुःख, हेलाँकै दृष्टिभावना।१९।

भावार्थ:- हे मुनीश्वर! अनेक प्रकारका कार्यहरूको अभिनिवेश-रूप भएका, नाशवान् चार प्रकारका शरीरहरूबाट पूर्ण यस संसाररूपी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



समस्व रोगायतनं वली पलित पत्तनम् ।
सर्वाधिसार गहनं नष्ट देह गृह मम ।८।
किं श्रिया किंच राज्येन किं कायेन किंमोहितैः ।
दिनैः कतिपयै रेव कालः सर्वं निकृन्तति ।९।
रक्तमांसमयस्यास्य सबाह्याभ्यन्तरं मुने ।
नाशैक धर्मिणो ब्रूहि कैव कायस्य रम्यता ।१०।
मरणावसरे काय जीवं नानुसरंति ये ।
तेषु ताम कृतघ्नेष कैवास्था वद धीमताम् ।११।

भाषा

अनेकै रोग संयुक्त देह जीर्ण हुँदै पर ।
विविध दुःखकै भोग त्यसदेखि अरू के छ र ? ।८।
श्रेय के यसमा गर्ने राज्यभोग अनेकता ।
विनष्ट अन्त्यकालै त्यो देह यो सारहीनता ।९।
शरीरै रक्त–मासुकै झुत्रो वस्त्रै सरी छ यो ।
सौन्दर्य यसमा के छ ? आश्चर्य भावना प्रभो ।१०।
कृतघ्नी देहमा जीव गर्दछन् प्यार–पोषण ।
अन्त्यमा त्यो त्यसै त्याग, आस्था के यसमा भन।११।

भावार्थः– अनेक प्रकारका रोग संयुक्त भएको यो देह जीर्ण हुँदै
स्वभावको अर्थात् वालकबाट तरूणो–तरूणोबाट वृद्ध जसमा काल।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


केशबाट सेता, कलिलो छालाबाट खस्रो चाउरी परेको छाला, आँखा कान दाँत सबैले कार्य गर्न छोडेका यस्तो अस्थिर देह अनेक प्रकारको दुःखले भरिएको यस्तो गहन अरण्य सरीको जानेर यसमा केही पनि प्रिय लाग्न आउँदैन । महाकालद्वारा सबैलाई खाइदिने स्वल्प समय तक रहने धन-वैभव, राज्यशरीर भएको हुँदा यसमा प्रयोजनको सार हुन आउने हुन्छ अर्थात् सबै सारहीन छन् । फेरि यो देह के छ? भित्र बाहिर रगत मासुले बेह्रिएको घीनलाग्दोमा के आकर्षण छ ? र के सौन्दर्य छ ? यस्तो कृतघ्न देहमा अज्ञानी व्यर्थै पालन-पोषण सफा सुग्घर गर्दछन् अन्त्यमा एक न एक दिन यो शरीरबाट प्राणको साथमा जीव निस्किन हाल्दछ र देह पात भै हाल्दछ,यस्तो स्वभाव भएको देहमा किन प्रेम आस्था गर्ने तपाईंहरू नै भन्नुहोस् ।

भुक्त्वा पित्वा चिरकालं बाल पल्लव पेलवान् ।
तनुतामेत्य यत्नेन विनाशमनुधावति ।१२।
सुचिरं प्रभुतां कृत्वा संसेव्य विभवश्रियम् ।
नोच्छायमेति नस्थैर्यं कायः किमिति पाल्यते ।१३।
जराकाले जरामेति मृत्युकाले तथा मृतिम् ।
सम एव विशेषज्ञः कायो भोगि दरिद्रयोः ।१४।
नांकिंचिदपि दृश्योस्मिन्सत्यं तेन हतात्मना ।
चित्रं दग्ध शरीरेण जनता विप्रलभ्यते ।१५।

**भाषा**

भोजनै पेयका वस्तु प्रयोग पुष्टि यो तन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नयाँ वस्तु तथा माटो खेलौनाप्रति नै बढी ।
रहने चित्त–विपत्ति अशान्ति भावना चढी ।२४।
कुकुरै वृत्तिकै मैला स्थानैमा रमणै प्रिय ।
भयैमात्रै अरू देख्दा खानामा घोर आश्रय ।२५।
वृक्ष–प्राण सरी बाल, हृदय अति पीडित ।
परेको दुःखको व्यथा असक्त त्यो निवारण ।२६।

भावार्थः– बालावस्था अति नै दुर्व्यसन–समस्त दोषादि युक्त दुःख र मानसिक व्यथाहरू नै हुने हुन्छन् । जस्तो धनी मानिसमा अरू विषय व्यापारको समाश्रयको गृहण गरिने हुन्छ, त्यस्तै मनभित्र त्यो दुःखैको व्यथामा रुमलिइरहने हुन्छ । यदि बालकले खेलौनाहरू नयाँ-नयाँ प्राप्त हुन आएमा खुसी र प्राप्त नभएमा खिन्नता असंतोषी विषममा प्राप्त हुने गर्दछन् । फेरि बालकको वृत्ति मैला स्थानमा रमिरहने कुकुरको वृत्ति झैं कसैले हप्काएमा हप्किने र खान पाएमा खुशी हुने इत्यादि स्वभावका हुन्छन् । बालकको जीवन खास जड वृक्षसरीको हुन्छ, कुनै कष्ट पीडा ताडन भएमा निवारण गर्ने क्षमतारहित दुःखका भागी भै रोइरहने हुन्छन् ।

सकल दोष दशा विहताशयं
शरणमप्यविवेक विलासिनः ।
इह न कस्यचिदेव महामुने
भवति बाल्यमलं परितुष्टये ।२७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



च्याया म विरसः कायल्लक्षोयं न सुखाय मे ।६।
कलेवरमहंकार गृहस्थस्य महागृहम् ।
लूठत्वभ्ये तु वास्थर्यं किमनेन मुने मम ।७।

भाषा

देह वृक्षैको छायामा पथिक जीव नै क्षण ।
विश्राम गरी त्यो त्याग्ने मेरो तेरो कहाँ भन ।५।
विविध वासनाजाल मूल अज्ञान कारण ।
दुरूच्छेद स्वरूपैका के सुख वृक्ष यो तन ।६।
विशाल गृह यो देह अहंकारी गृहस्थीको ।
अस्थिर पतितैमा त्यो, आस्था त्यस्मा किन प्रभो।७।

भावार्थ:– यो देहरूपी वृक्षकै सुन्दर कान्तिकै छायामा जीवात्मा रूपी बटुवाहरूको विश्राम गर्ने स्थल हो, एकछिन रहेर फेरि छोडेर गै हाल्दछ । यो देह कसको आत्मीय हो अर्थात् यो मेरो तेरो भन्ने कुरै छैन । यस्तो अनित्य एवं अस्थायी शरीरमा आस्था अनास्था नै किन कसरी गरिन सक्ने हो । विविध वासनाहरूको जाल यसको खास मूल छ जसको कारणबाटै दुरूच्छेद स्वरूप भएका तथा अनेक प्रकारका भ्रम-बाटै प्रिय प्रिय संस्पर्शरहित यो शरीररूपी वृक्ष मलाई सुखकर प्रतीत हुन आउँदैन । अहंकाररूपी गृहस्थीको विशाल गृह यो देह भूमिमा चाहे खसोस्, चाहे अस्थिरै होस् । मलाई यसमा मोह राख्ने कुरा प्रयोजनै नभएको हुँदा जे सुकै होस् म यसको वास्ता गर्ने होइन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


सागरमा मनुष्य जन्म प्राप्त गरेर पनि यो अत्यन्त दुर्लभ मानव जीवन-मा पनि बाल्यकाल केवल दु:खप्रद नै हुन्छ। कार्य गर्नामा असमर्थता अनेक आपत्तिहरू–तृष्णामूकता–मूढ बुद्धि हुनु–खेलौनाको अभिलाष–चञ्चलता–दीनता– आदि अनेक दोषहरू बाहुल्य यनै बालकपनाकै अव-स्थामा हुने गर्दछ। गजहरूको स्वर सरी क्रोध–रुदन हठ–दीनता र पीडा आदिको दशाहरूमा बाल्यकाल पूर्णतया बन्धनयुक्त भैरहेको छ। बालकपनामा पशु–पंछीहरूको चेष्टा झैं भैरहेका बाल अवस्था सबैको तिरस्कार गर्ने यस्तो चपलताले भरिएको चेष्टाहरू मृत्यु समानै अधिक दु:खदायी नै हुने गर्दछ।

जलवन् नयनिलाजस्त्रजातभीत्या पदे पदे।
यद् भयं शैशवेऽबुद्धया कस्यारदिहि तद् भवेत।२०।
बाल्यं रम्यमिति व्यर्थं बुद्धयः कल्पयंति ये।
तान्मूर्ख गुरूबान्ब्रम्हन्धिगस्तुह वचेत सः।२१।
सर्वेषामेव सत्वानां सर्वावस्थाम्य एव हि।
मनश्चञ्चलतामेति बाल्ये दश गुणा मुने।२२।

भाषा

अज्ञानी बालकावस्था अग्नि वायु जलै भय।
पगपगमै दु:ख त्यो कष्ट आपत्ति भावना मय।२०।
बालकै सुन्दरावस्था मानिने अज्ञ जन् पर।
अबुद्धि भावना त्यस्मा धिक्कारै व्यर्थ जीवन।२१।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सबै प्राणीहरू त्यस्तै चंचल चित्तका धनी।
दशौं गुना बढी त्यसमा बालकै चंचला अति।२२।

भावार्थः– बालकपनमा अज्ञान रहनाको कारण जल–अग्नि–वायु-बाट निरन्तर कष्ट हुँदै रहने हुन्छ र पग–पगमा भय बनिनै रहने हुन्छ यस्ता डर आपत्तिकालमा पनि शायद कसैलाई भएको होला ? वचपन अर्थात् बालावस्थाको शरीर सुन्दर हुन्छ भन्ने कुराको कल्पना निरर्थक बुद्धि भएकाले मात्र गर्ने कुरा छ। हे महान् ! यस्तो विचार भएका पूर्णतया हतबुद्धि भएकालाई धिक्कार छ। सबै प्राणीहरूको सबै समयका दशामा मन परम चंचलै हुने गर्दछ, किन्तु हे मुनिवर ! बालकमन अरुभन्दा दशगुणा बढी चंचलता भएको हुन्छ।

सर्वाणि दुःख भूतानि सर्वे दोषा दुराधयः।
बालमेवोपजीवंति श्रीमंतमिव मानवाः।२३।
नवं नवं प्रीतिकरं न शिशुः प्रत्यहं यदि।
प्राप्नोति तदसौ याति स्तोकेनैति विकारिताम्।२४।
सोकेन वंशमायाति स्तोकेनैति विकारिताम्।
अमेध्य एव रमते बालः कौलेयको यथा।२५।
अंतश्चित्तो ऽशक्तस्य शीतातप-निवारणे।
कोविशेषो महाबुद्धे बालस्योर्विरुहस्तथा।

भाषा

दुर्व्यसन् बालकावस्था दुःख त्यो मनमित्रका।
संग्रहै धनी कै वस्तु–समीक्ष्य ग्रहणै त्यहाँ।२३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गरेमा पनि यो एकै ठक्करैमा विनष्ट छ ।१२।
सम्पदा सुख आराम जस्तोसुकै भए पनि ।
अस्थिरै देहमा व्यर्थ पालना गर्न यो रति ।१३।
धनी भै सुखकै भोग, दरिद्रि दुःखि भावमा ।
समानै वृद्धता रोगी, मृत्युवासै छ अन्त्यमा ।१४।
देखिएका वस्तु सारा विनष्ट अत्यक्षा सब ।
आश्चर्य किन यो मोह, न चेत्ने किन यो मत ।१५।

भावार्थः- चिरकालपर्यन्त राम्रोसंग खान लाउन तथा पिउन इत्यादि भए तापनि यो कलिला नवीन पत्रकै समान थोरै झटका पर्नामा शीघ्र नै नाश हुने यो देह छ, यसलाई जस्तोसुकै ठीक अवस्थामा राख्न यत्न गरे तापनि नरहने कुरा छ। अत्यधिक समय बाँचेर समाजमा आफ्नो प्रभाव जमाएर तथा सम्पदाको सुखको उपभोग गरे तापनि न यसको उत्थानै भएको देखिन्छ न त स्थिरता नै भएको छ। यस्तो शरीरलाई पालन-पोषण गर्न किन मरिमेटने हो ? यसमा लाभै के देखिन आएको छ। चाहे यो शरीरको लागि धनी भएर सुखको भोग गरून्, चाहे दरिद्र भएर पालिऊन्, ती दुवै समानै शरीरको लागि एकै हुन्छ कारण सबैलाई रोग लागिहाल्दछ र बुढ्याइँ आइहाल्दछ, मृत्यु पनि भैहाल्दछ। भएभरको संसारका सारा वस्तुहरू जुन देखा परेका छन्, ती सबै अस्थिरै छन्, एक न एक दिन नाश हुने नै हुन्छन्। ठीक यो शरीर पनि जर्जरमै चित्रवत् स्वयं दाहको रूपमा प्राप्त हुने यो अस्थायी देहको मोहमा परिरहेको देख्दा, हे मुनिनाथ, यो त मलाई अति नै आश्चर्य लागिरहेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## भाषा

सकल दोषदशा मनकै व्यथा
परवशी अविवेक अकिञ्चन ।
जुन छ बालक कालको जीवन
सुख के छ भन लौ म त देखिन्नँ ।२७।

भावार्थ:— सम्पूर्ण दोषहरूले भरिएका दूषित अन्तः करण भएका अज्ञानको कारण निरंकुश भएर विहार गरिने स्वभावयुक्त बालकावस्था सुख दिने हुन्छ र यसमा म त केही पनि सुख देख्दिनँ, अर्थात् सुखको बाल्यावस्था हुँदै होइन ।

यसरी योगवासिष्ट महारामायणको वैराग्य प्रकरण देह तथा बाल्यावस्थाको दुःख १७ सर्ग वर्णन समाप्त ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अठारौं सर्ग

(१८)

## (यौवनकालको दोष वर्णन)

श्रीराम उवाचः—

बाल्यानर्थमथ त्यक्त्वा पुमानामिहताशयः ।
आरोहति निपाताय यौवनं संभ्रमेण तु ।१।
यत्रानन्त विलासस्य लोलस्य स्वस्य चेतसः ।
वृत्तीरनुभवन्याति दुःखाद् दुःखांतिरंजडः ।२।
स्वचित्त विल संस्थेन नाना संभ्रमकारिणा ।
बलात्काम पिशाचेन विवशः परिभूयते ।३।

भाषा

बालावस्था छोडी अर्को तरूण यौवनै जड ।
भोगका उपभोगैमा खस्नालाइ त्यसै अब ।१।
विलासै भावना चेष्टा प्रेम संज्ञा सुमोहिका ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चंचले चित्तका वृत्ति दुःखमाथि दुःखै कडा ।२।
मन–रूपी गुहाभित्रै अनेक थरि चिन्तना ।
पिशाच कस्तिकै वश हेलाँ दृष्टि नरै सदा ।३।

भावार्थ:– श्रीरामजी बोल्नुहुन्छ– हे महर्षिप्रवर ! बाल्यावस्था समाप्त भएपछि अब बालापनका दोषहरू छोडी फेरि अर्को भोगको उपभोगको लागि मनुष्य उत्साह र भ्रम अथवा कामरूपी पिशाचबाट दूषित चित्त भएका नरक खाल्टोमा खस्नालाई नै यौवनरूपी रथमा सवार हुने हुन्छ । यो यौवनको दशामा मूर्ख मनुष्य वेहद विलासहरूले पूर्ण चेष्टायुक्त चंचल चित्तका राग द्वेषादि कुवृत्तिहरूको अनुभव गर्दै एक दुःखबाट अर्को दुःखको प्राप्तिमा लाग्ने हुन्छन् । मन–रूपी–गुफामा रहेका अनेक प्रकारका भ्रान्ति समुत्पन्न गराउने काम–रूपी पिशाचकै वशमा परिरहेको मनुष्य हेला तथा तिरस्कारको पात्र हुँदै जाने हुन्छन् ।

निमेष भासुराकारमालोल घनगर्ज्जितम् ।
विद्युत्प्रकाशमशिवं यौवनं मे न रोचते ।४।
मधुरं स्वादुतिक्तं च दूषणं दोषभूषणम् ।
सुरा–कल्लोल सदृशं यौवनं मे न रोचते ।५।

भाषा

निमेष भरको तेज चंचल मेघगर्जना ।
बिजुली झैं त्यसै चम्की लुक्ने त्यो व्यर्थ यौवन ।४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स्वाद त्यो मधुरैको त्यो स्वादिष्ट भावना कडा ।
तीतो जो दुःखको भास, छैन इच्छा त्यसै मना ।५।

भावार्थः– एक क्षणको प्रकाश मात्र निने – चंचल मेघको , गम्भीर गर्जना अर्थात् अहंकारबाट भरिएका वचन युक्त व्याप्त भएका विजुली चम्किए झैं फेरि हराउने यस्ता अनेक दोषले परिपूर्ण भएका अशुभ यौवन जो हुन्छ त्यो मलाई मनै नपर्ने भएको छ । विविध भोगहरूको उपभोगको समयमा अत्यन्त मधुर मनोरम एवं स्वादिष्ट प्रतीत भएका अन्त्यमा दुःखै दिने भएका तीतो नै लाग्ने यस्तो यौवन अनेक दोषहरूले भरिएको र नाना दोषहरूका आभूषण एवं मदिराको समान विलाश तुल्य मोह गराउने यस्तो यौवन मलाई रूचिकर छैन ।

येकेचनसमारंभास्ते सर्वे सर्वदुःखदाः ।
तारुण्ये संनिधि यांति महोत्पाता इव क्षये ।६।
कांतावियोग जातेन हृदि दुस्पर्श वन्हिना ।
यौवने दह्य तेजं तुस्तरु दावाग्निना यथा ।७।
सुनिर्मलापि विस्तीर्णा पावन्यपि हि यौवने ।
मतिः कलुषतामेति प्रावृषीव तरंगिणी ।८।

भाषा

आरम्भमा अति राम्रो यौवनै भावकै तन ।
अन्त्यमा मोहकै खाल्टो खस्ने त्यो दुःखकै धन ।९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कान्ता वियोगको दुःख आगो झैं पोलिने मन ।
विचारै शून्यता शोक–वृक्ष शुष्क सुदाहक ।७।
वर्षा ऋतु नदी अन्त्य निर्मल यौवनै जल ।
प्राप्तिमा पनि लौ त्यस्तै हुने बुद्धि कलुषित ।८।

भावार्थः– प्रभु ! यो सुरूमा अर्थात् आरम्भमा प्राप्त भएदेखि नै यो अत्यन्त सुन्दर लाग्ने तथा शुभ एवं सुन्दर भावनादेखि रहित अन्तःकरण भएका साथै वेश्या-स्त्री-सङ्गमसमान परम घृणित यो यौवन मलाई निको लाग्दैन ! जसरी महाप्रलयको समयमा दुःख दिने उत्पात मचाउने र बढाउनै यस्तो योवनावस्थामा दुःख दिने आयोजना मनुष्यसमीप आउने गर्दछ । युवावस्थामा यो तथा यस्तो यौवनावस्थामा यो यस्तो मोह उत्पन्न हुन जाने हुन्छ कि मङ्गलमय आचारहरू त्यसै पनि झिसिने तथा भूलमा पार्ने बुद्धि पनि एकदमै कुण्ठित गरिदिने अत्यधिक भ्रममा पार्ने हुने हुन्छ । दावाग्नि समान वृक्षहरूलाई दग्ध गराइदिने झैं नै युवावस्थामा मनुष्य आफ्नो प्रियतमाको वियोगको असहनीय शोकको अग्नि समान मनै मनमा अहर्निश जलिनै रहने हुन्छ । वर्षा ऋतुमा नदीको समान अत्यन्त निर्मल विशाल परम पवित्र पनि जल धमिलो हुन्छ त्यस्तै युवावस्था प्राप्तिमा बुद्धि कलुषित हुने गर्दछ र यौवनको व्यामोहपूर्ण महामदपूर्णताले गर्दा विवेक शून्य, बुद्धि यो प्राय नष्टै गर्न हुन्छ ।

उद्‌बोधयति दोषालि विकृन्तति गुणावलिम् ।
नाराणां यौवनोल्लासो विलासो दुष्कृत श्रियाम् ।९।
दिनानि कतिचिद्येयं फलिता देह जंगले ।
युवता शर दस्यांहि न समाश्वासमर्हथ ।१०।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अरित्येव प्रयात्येव शरीराद्भुवता खगः ।
क्षणे नैबाल्प भाग्गस्य हस्तांच्चिन्तामणिर्यथा ।११।

भाषा

जगाई दोष–उल्लास सद्गुणै ढाकिदै तन ।
नरैका यौवनावस्थाविलास दुष्कृति मन ।९।
मनुष्यै–देह रूपैका यौवनै जंगलै फल ।
स्वल्प–बेला प्रकाशै त्यो ऋतु शरदकै सम ।१०।
जस्तो मणि त्यसै बेला भाग्यहीन नरै कन ।
प्राप्त भै त्यो हराएझैं त्यस्तै यो नर यौवन ।११।

भावार्थः- यो यौवनको उल्लास एवं विकाश अनेक दोषहरूको समुदायलाई जागृत गराइदिने गर्दछ अर्थात् युवावस्थामा मानवहरूमा धेरै जसो दोषै उत्पन्न हुन जाने हुन्छ र स्वाभाविक सदगुणहरू जो छन् त्यो सबै ढाकी समूलोन्मूलन गराइदिने यस्तो यौवनावस्था पापैको वैभव विलास भन्नामा केही अत्युक्ति छैन । यो यौवन यो मानव देहरूपी जङ्गलमा स्वल्प समयको लागि नै प्रकाशमा आउने शरद् ऋतु झैं भएको हुँदा यसमा आस्था नराखे पनि हुन्छ अर्थात् यसमा आस्था गर्नु पर्ने कुनै पनि कारण देखिदैन । जस्तो भाग्यहीन पुरूषमा हस्तगत भएको चिन्तामणि क्षणभरमैं उसका हातवाट हराउने झैं यो मद-यौवन रूपी पक्षी मानव शरीरवाट शीघ्र नै उडेरै जान्छ ।

यदा यदा परां कोटिं मध्यारोहति यौवनम् ।
वल्गति स ज्वराः कामास्तदा नाशाय केवलम् ।१२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हर्षमायाति यो मोहात्पुरुषः क्षणभांगिना।
यौवने न महामुग्धः स वै नर मृगःस्मृतः ।१३।
मान मोहान्मदोन्मत्तं यौवनं यो निरुध्यति।
अचिरेण स दुर्बुद्धिः पश्चात्तापेन युज्यते।१४।
ते पूज्यास्ये महात्मानस्तएव पुरूषाभुवि।
ये सुखेन समुत्तीर्णाः साधो यौवनसंकटात् ।१५।

भाषा

जहाँसम्म युवावस्था बढ्‌ई यो कामना रत।
संताप मनमा नृत्य—कामना नाशकारण ।१२।
मोहकै वशमा खास मूढता पशु झैं पर।
यौवन क्षणिकावस्था हर्ष मात्रे त्यसं नर ।१३।
अज्ञानी भावमा मान, इच्छा गर्ने त्यो यौवनै।
क्षणिकै भावमा लुप्त जानेमा पछुताउने।
यौवनै दोषबाटै जो छुटेर यत्न ता मन।
जाने त्यो अति नै सुखी साध्यमानी महाजन ।१५।

भावार्थ — जुन जुन बेलामा यो युवावस्था आफ्नो परम सीमामा आरूढ हुन जाने गर्दछ अनि यो संताप परिपूर्ण, कामनाहरू केवल मानवको नाशको लागि नै बढाउने अथवा नृत्य गर्ने हुन्छ। जो महामूढ पुरुष यो स्वल्प समयको लागि समागत हुने योवनसङ मोहवश परम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्रसन्नतामा पर्ने हुन्छ । त्यो मनुष्य साक्षात पशु समानै हो । अर्थात् पशु झैं त्यो आचरण गर्ने हुन्छ । जो पुरुष अभिमान तथा अज्ञानताको वशमा परेर मदबाट उत्पन्न रहने तरूणावस्थाको अभिलाषा गर्ने हुन्छ तथा प्रसन्न हुने हुन्छ त्यो दुष्टबुद्धि भएको मानिस शीघ्र नै पश्चात्तापको अग्निमा पर्ने नै हुन्छ । यस भूमण्डलमा त्यही नै महापुरूष पूजाको योग्य हुन्छ, जो जसले निन्दनीय यौवन सङ्कटदेखि सुखपूर्वक विना दोषोत्थापनबाट पार भएर वेदांग झैं निस्केर गएको हुन्छ ।

यसरी श्री योगवासिष्ट वैराग्य प्रकरणको १८ सर्ग युवावस्थाको दोषवर्णन सकियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उन्नाइसौं सर्ग

# (१९ सर्ग)

# स्त्री जुगुप्सा वर्ण

श्रीराम उवाचः—

मांस पांचालिकायास्तु यंत्रलोलेंग पंजरे।
स्नाय्वास्थि ग्रंथिशालिन्याः स्त्रियाः किमिव
शोभनम् ॥१॥

त्वङ् मांस रक्त वाष्पांबु पृथक् कृत्वा विलोचनम्।
समालोकय रम्यं चेत्किमुपापरिमुह्यसि ॥२॥

इतः केशा इता रेवमितीयं प्रमदा तनुः।
किमेतया निंदितया करोति विपुलाशय ॥३॥

भाषा

मासु हड्डी तथा स्नायुद्वारा त्यो देह निर्मित।
शोभा के नारीमा हुन्छ, नरमा भ्रम–मोहक ॥१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

रक्त मांस त्वचामा नै के छ लौ रमणीयता ?।
त्यसैबाट बनेका ती नारी सौन्दर्य भ्रामिका ।२।
गोरी–रूपा केशयुक्ता युवती मांस–रञ्जित ।
निन्दित वस्तु त्यो जानी के रुच्छ, ज्ञानी पुरुष ।३।

भावार्थः– श्रीरामजी बोल्नुहुन्छ:– कामिनीको कमनीयतामा व्यर्थ नै पुरुषहरु भ्रममा परिरहने हुन्छन्, स्त्रीको शरीरमा किला काँटाहरूले संयुक्त यन्त्र समानको चंचल वस्तुमा के शोभा गराउने अधिक वस्तुहरु छन् ?, खालि एउटै मासु, हाड र नाडीबाट बनेको प्रतिमा मात्र हो । यदि छाला–मासु–रक्तादिमा रमणीयता भए स्त्रीमा पनि हुन सक्नु पर्ने, उक्त पदार्थहरु केही शोभा छैन भने त त्यसैबाट सोढिएकी नारीमा पनि केही सौन्दर्य छैन, व्यर्थ सुन्दरताको भ्रममा परिरहेका छन् । युवतीका पछिल्तिर लटकेको केश अघिल्तिर गोरो वर्णको मासुको डल्लादेखि बाहेक त्यसमा के छ ! विशाल विवेक समन्वित हृदय भएका ज्ञानीमा त्यस निन्दित नारीको रूपमा केही देखिँदैन, अर्थात् मोहित हुन सक्तैन ।

वासो विलेपनं यानि लालितानि पुनः पुनः ।
तान्यंगान्यंगलुण्ठन्ति क्रव्यादाः सर्वदेहिनाम् ।४।
मेरुश्रृंगतटोल्लासि गंगाजलरयोपमा ।
दृष्टा यस्मिन् स्तने मुक्ताहारस्योल्लासशालिता ।५।
श्मशानेषु दिगन्तेषु स एव ललनास्तनः ।
श्वभिरास्वाद्यते काले लघु पिण्ड इवान्धसः ।६।

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

नारी देह सुसज्जित भूषणादि सुवर्णको ।
आसु नै घीनलाग्दो त्यो आहारा गिद्ध स्यालको ।४।
छातीमा मोतिकै हार शिखर मेरु पर्वत ।
बगेकी स्वच्छ धारा त्यो नारीकै जुन हो स्तन ।५।
मरेमा काटिने जल्ने मसानै बीचमा पर ।
अथवा स्याल-गिद्ध ले लुछेर खाइने स्तन ।६।

भावार्थः- बेश कीमती वस्त्रभूषण साथै केशर-कस्तुरी आदि लेपन गरिएकी जसलाई सुसज्जित गरी परम प्रीतिको प्रदर्शन तथा प्यार माया गरेका समस्त देहधारीहरु अङ्ग, समय आएपछि गिद्ध-स्याल प्रभृति मांसाहारी जीवहरूले लुछ्दै घिसारिने हुन्छन् । नारीको जुन सुन्दर समुन्नत स्तनमण्डलमा मेरुशिखरबाट प्रवाहित गंगाजलको धारा सदृश स्वच्छ शुभ्र मोतीहरूको हार शोभित भैरहेको हुन्थ्यो त्यो देह प्राण-पखेरु उडेमा त्यही कामिनीको स्तन मसानमा अन्नको पिण्ड समान काटिने र जल्ने हुन्छ ।

रक्त मांसास्थि दिग्धानि करमस्य यथा वने ।
तथैवांगानि कामिन्यास्तां प्रत्यपिहिको ग्रहः ।७।

भाषा

रक्त मांस तथा हाड वनैका जन्तु झैं पर ।
रहने नारीकै देह व्यर्थ प्रीति अहो नर ।७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थः– वनमा विचरण गर्ने गर्दभादिका अंग समान रक्त मासु हाडहरूबाट निर्मित भएका छन् नारीहरूको अङ्ग त्यसै रुधिरादि उपकरणहरूबाट बनेको भनेर जान्दा जान्दै पुरुषहरू कामिनीहरू प्रति किन यस्तो आकर्षण भएका होलान् ।

आपात रमणीयत्वं कल्पते केवलं स्त्रियाः ।
मन्ये तदपि नास्त्यत्र मुने मोहैक कारणम् ।८।
विपुल्लोल्लास दायिन्या मद मन्मथ पूर्वकम् ।
को विशेषो विकारिण्या मदिरायाः स्त्रियास्तथा ।९।
ललना लान संलीना मुने मानवदंतिनः ।
प्रबोधं नाधिगच्छन्ति दृढैरपि शमांकुशैः ।१०।
केश–कज्जल–धारिण्या दुःस्पर्शा लोचनप्रियाः ।
दुष्कृताग्नि शिखानार्यो दहति तृणवन्नरम् ।११।

भाषा

कामिनी–रतिमा व्यर्थ कल्पना नाम मात्र छ ।
विलाशी प्रियतामा नै हुने त्यो मोहितै नर ।८।
विकृति मनमा ल्हु देखी नारी त्यसै नर ।
रक्सी–नारी समानैका जानेर त्याग्य त्यो पर ।९।
अग्नि–शिखा समानैका नारीज्वल्यमानकी ।
स्वप्नमा दग्धता खास रूपकी मोहिनी परी ।१०।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कज्जल केश त्यो धूवाँ आँखा पीरो त्यसै प्रिय ।
भस्म गर्ने सखीपँक्ता, वनैका तृण झैं नर ।११।

भावार्थः— मनुष्यहरु जुन रमणीहरुमा आपात रमणीयताको मन-मा कल्पना गर्ने हुन्छन् त्यो केवल मलाई लाग्छ नाममात्रको अभिलाषा हुन्छ, त्यो विलासप्रिय मूढ मनुष्यमात्र मोहित हुने हुन्छ। मानवको मनमा विकृति उत्पन्न गराउने युवती र स्त्रीमा के फरक छ? स्त्री-ले मानिसलाई बेहोश तथा उन्मत्तको सार्थ गराउने पुरुषका हृदयमा काम भावलाई जगाएर आनन्द प्रदान गर्दछ। तत्पश्चात् आत्म-कल्याणको इच्छा हुनेले धर्मदेखि पर नै वस्तु फर्ने हुन आउँछ। नारी जाज्वल्यमान अग्निको शिखाकै समान छ तथा केश धुँवाकै पंक्ति हुन्। यस्तो अग्नि आफ्ना मुखैमा बाँधि तानेर जलाउने गर्दछ र धुँवाको लहर आकासिदैं टाढा टाढासम्म बग्न, त्यसै गरी केश काजल आएका परेको नारीहरु देख्दामा प्रिय लाग्ने, तर, स्पर्श अपेक्षा परिणाम दुःख दिने यस्ती नारीको मोहले पुरुषहरूलाई यथ कामवासनारुप अग्निमा अहर्निश जलाई नै रहने हुन्छ।

शोच्यतां परमां याति तरुणस्तरुणी परः ।
निबद्धः करिणो लोलो विन्ध्य खाते यथा गजः ।१२।
यस्यस्त्री तस्य भोगेच्छा निःस्त्रीकस्य क्व भोग भूः ।
स्त्रियं त्यक्त्वा जगत्त्यक्तं जगत्त्यक्त्वा सुखी भवेत् ।१३

भाषा

तरुणी जालको पाशो शोचनीयै त्यो बन्धन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मत्ता हात्ती परे झैं त्यो खाल्टोमा विकलै मन ।१२।
समीपै भोग–इच्छा त्यो नारीकै रूप मोहक ।
त्यागेमा नारी संसार, आनन्द सुख मानव ।१३।

भावार्थः– तरूणीकै प्रेम पाशमा परायण रहने मनुष्यहरूको दशा अत्यन्त नै शोचनीय हुन्छ, जस्तो हथिनीको लागि मत्ता हात्ती अत्यधिक चंचल भएर विन्ध्याचलको खाल्टोमा परेको जुन हो, त्यो हात्तीको मन परम विकल हुन जाने हुन्छ, त्यस्तै मानवहरू नारीकै मोहनी रूपको पाशोमा जकडिँदै अत्यन्त दुःख संताप विकलमा परिनै रहेका छन् । यो असार भूमिको भोगभन्दा नारीकै भोग अति संकष्टमय छ, जसको समीपमा युवती विद्यमान हुन्छे, त्यसै पुरूषमा भोगको इच्छा उत्पन्न भै हाल्दछ, किनभने भोगको भोग्ने क्षेत्र नै तरुणी छ । स्त्री नभएमा भोग हुनै सक्तैन, तसर्थ यो मोहिनी नारी जस्तै परैबाट त्याग गर्छ त्यसले यो जगतै त्याग गरेको हुन्छ अर्थात् नारी त्याग नै संसार त्याग गरे झैं हुन आउने हुन्छ, अतएव यो संसारमा नारीको आसक्ति त्याग्न सकेमा सुखी हुने हुन्छ, सुख प्राप्त गर्नु नै मानवको कर्तव्य हो ।

यसरी श्री योगवासिष्ट महारामायणको नारीजुगुप्साको वर्णन १६ सर्ग समाप्त भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## बीसौं सर्ग

## (२०)

## (जरा अवस्थाको वर्णन)

श्रीरामोवाच:—

अपर्याप्तं हि बालत्वं बलात्पिबति यौवनं ।
यौवनं च जरापश्चात्पश्यत क्रूरतां मिथः ।१।
हिमाशनिरिवाम्भोजं वातालीव शरदम्बुकम् ।
देहं जरा नाशयति नदीतीरतरुं यथा ।२।
जर्जरीकृत सर्वाङ्गी जराजरठरूपिणी ।
विरूपतां नयत्याशु देह विषलता यथा ।३।
शिथिला दीर्घसङ्ग जरा–जीर्ण–कलेवरम् ।
समं पश्यन्ति कामिन्यः पुरुषं करभं यथा ।४।

भाषा

जैसा बालकावस्था तरुणी तरुणी सन ।
भोग गर्दै खसै आयु अशक्त वृद्ध जीवन ।१।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


जसरी शीतले पद्म, शरत्कालै सकी जल ।
किनारैं नदिकै वृक्ष, त्यस्तै त्यो वृद्धता तन ।२।
अणु मात्रै विषै पान भएमा गलितै तन ।
अङ्ग सारा त्यसै जीर्ण विरूप भाव जीवन ।३।
वृद्धावस्था अति कष्ट शिथिल गात्र जीवन ।
हेर्दछिन् नारी घृणाले शुष्क कामी त्यसै मन ।४।

भावार्थः— श्री रामचन्द्रजी बोल्नुहुन्छः— हे मुनीश्वर ! सांसारिक भोगहरूका उपभोग गर्नामा निरत मनुष्यहरूको सम्पूर्ण जीवन त्यसै समाप्त हुन जान्छ, बालकपना सबै क्रीडा—कौतुकहरूको अभिलाषा गर्दै बित्यो, समस्त यौवन स्त्री आदिमा भोग गर्दै अतृप्ति भावमै नितान्त अशक्तावस्था भएको वृद्धावस्था आइहाल्ने हुन्छ । जसरी हिमपातले कमलपुष्प सुकाइदिने र नदीजल शरत्कालमा शोषिने हुन्छ । ठीक नदीका किनारमा खडा भएका वृक्ष झैं यो वृद्धावस्था शरीरलाई नाश गराइहाल्ने हुन्छ । अणुमात्र विषपान गरे झैं यो जरठ स्वरूप भएको यो वृद्धता मनुष्यको सारा अङ्गहरू जर्जरीभूत गरिदिने हुन्छ । बूढो भएपछि सम्पूर्ण अङ्गप्रत्यङ्ग विरूप पारिदिने हुन्छ । बूढो अवस्थामा सबै अङ्गहरू शिथिल हुन जानाले कामिनीहरू पुरुषलाई उँटको समान हेरिने तथा वृद्धसङ युवतीहरू घृणाको दृष्टिले नै हेरिरहने हुन्छन् ।

दासाः पुत्राः स्त्रियश्चैव बान्धवा सुहृदस्तथा ।
हसंतन्युन्मत्त कमपि नरं वार्द्धक्यकंपितम् ।६।
दुष्प्रेक्ष्यं जरठ दीनं हीनं गुण पराक्रमैः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गृध्रो वृक्षमिवा दीर्घं गृद्धोत्यस्येति वृद्धकम् ।७।
दैन्य दोषमयी दीर्घा हृदिदाहप्रदायिनी ।
सर्वा पदामेकसखी वार्द्धके वर्द्धते स्पृहा ।८।

भाषा

नारी, पुत्र, तथा दास बान्धवादिहरू अब ।
कम्पितदेह वृद्धका देखेरै हँसि गर्दछ ।६।
भोगको शक्तिहीनै त्यो अभिलाषा भोगमै मन ।
सानु रुखै गुणै होन गिद्धले झैं त्यो छोड्दछ ।७।
दीनता दोषसंयुक्त हृदय–दाहकारक ।
आपतकै घर त्यो खास वृध्दावस्था छ दुष्कर ।८।

भावार्थः– वृद्धावस्थाको जुन तन हो त्यसै थर थर कामि नै रहने पुरूषलाई देखेर दास–दासी–बान्धव मित्र–पुत्र तथा स्त्रीहरूले पनि उन्मत्त भएको सम्झेर वृद्धको हंस्सी गर्ने हुन्छन् । बूढो अवस्थाको य छ अचम्म कामवासना झन प्रवल हुने, तर भोगको शक्ति भने रति पनि नभएको असमर्थ त्यस्तो गुणहीन शक्ति बलहीन तथा दीनावस्थ उपेक्षणीय हुन जाने हुन्छ जस्तो साना रूखहरू गिद्धले तुच्छ सम्झी छोड्ने हुन्छ; त्यस्तै वृद्धहरूलाई सबैले तुच्छ मानी छोड्ने हुन्छन् । दीनता दोषले परिपूर्ण र मनमा दाह प्रलाप गरिने तथा समस्त आपद-को घर यही वृद्धावस्थामा नै बढ्दै जाने हुन्छ ।

कर्तव्यं किं मया कष्टं परतोत्यतिदारुणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अप्रतिकार योग्योहि वर्द्धते वार्द्धके भयम् ।९।
कोहं वराकः किमिव करोमि कथमेवच ।
तिष्ठामि मौनमेवेति दीनतोदेति वार्द्धके ।१०।
गर्द्धोभ्युदेति सोल्लासमुपभोक्तुं नशक्यते ।
हृदयं दह्यते नूनं शक्ति दौस्थ्येन वार्द्धके ।११।

भाषा

चिन्ता यै वृध्दकोवस्था मनैमा भय दारुण ।
गर्ने के परलोकको हरे लौ व्यर्थ जीवन ।९।
वृध्वता दीन होनै त्यो अशक्त मन चिन्तना ।
यसैनै बर बस चुप, मबाट कार्य के यहाँ ।१०।
इन्द्रिय शिथिलै देह पाचनशक्तिहीनता ।
तापनि भोगमै चित्त हुने लौ जल नै यहाँ ।११।

भावार्थः– वृद्धावस्थामा मनुष्यका हृदयमा यही भय अत्यन्त दारुण रूपमा बढने गर्दछ कि अब परलोकको लागि के गर्ने हो ? मेरो जीवन कष्टले भरिएकोमा केही पनि प्रतिकार गर्न नसकेोमा छु । त्यो वृद्धावस्थामा मानिस अति दीन हुन जान्छ साथै अब म के गर्न सक्छु र मबाट के काम भाद्य हुन सक्छ यस्तै चिन्ताका मनमा दैन्यले चुप लागिरहने हुन्छन् । बुढेसकालमा इन्द्रियहरू शिथिल हुनाको साथै पाचनक्रिया पनि नष्ट भैसकेको हुन्छ, तापनि अनेक भोग भोग्ने मनमा इच्छा लालसाले गर्दा असमर्थताको वशमा हृदय त्यसै नै जलिरहने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन्छ ।

जरा जीर्ण वकीथावत्कायक्लेशापकारिणी ।
रौति रोगो रगाकीर्णा कायद्रुम शिरः स्थिता ।१२।
तावदागत एवाश्रु कुतोपि परिदृश्यते ।
धनाध्यतिमिराकांक्षी मुने मरण कौशिकः ।१३।
परिपक्व समालोक्य जरा क्षार विधुसरम् ।
शिरः कुश्माण्डकं भुक्ते पुंसां कालः किलेश्वर ।१४।

भाषा

जीर्णता देहमा रोग व्याधि पीडा भयानक ।
कालसर्प त्यसै डस्ने काम्दै त्यो गर्छ रोदन ।१२।
देखेर भयले त्यस्तै हुने मूर्छा त्यसै क्षण ।
अन्धकार दशै दिशा मृत्यु सन्मुख दर्शन ।१३।
वृध्दता जर्जरै क्षार पाकेका केश उज्ज्वल ।
कुभिण्डो फल झैं सिरै, खाने त्यो काल केवल ।१४।

भावार्थः— अनेक रूपका सर्पहरू रोगको रूपमा यो वृद्धावस्थाको जर्जर भएका तनमा डस्नालाई ठीक पार्दै आउने हुन्छ। साथै रोग व्याधीको पीडाले त्यो यसै पनि काम्दै रहने हुन्छन र तिनीहरू मूर्छा पर्ने तथा असहय वेदनाको पीडाले होशमा आएपछि रूने पनि हुन्छन्, अन्धकार भीषण कालो काल रूपी यमराज आएको सन्मुख देखा पर्दछ । वृद्धता रूपी क्षारले मुछिएको धूलोको साथै पाकेको सेता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कपाल पुरूषको शिर जो छन् कुभिन्डाको फल झैं कालको स्वामी यम-राजले खाइदिने हुन्छन् ।

नजिताः शत्रुभिः संख्ये प्रविष्टा ते द्रिकोटरे ।
ते जराजीर्ण राक्षस्या पश्याशु विजिता मुने ।१५।
अभावोग्रे सरी यत्र जर्जरा जयति जन्तुषु ।
कस्तत्रेह समाश्वासो मम मदमतेमुर्ने ।१६।

भाषा

सुरक्षार्थ गुफाभित्र रहेर पनि दुस्मन ।
नजित्ने, जितिने दैत्य जोर्ण वृद्ध त्यसै तन ।१५।
जन्तुद्वारा त्यसै देह जीर्ण तर असमर्थता ।
बनाई कालले मार्ने के छ विश्वास लौ यता ।१६।

भावार्थः– जुन मानिसहरू सुरक्षाको लागि वनका गुफामा प्रविष्ट भएर युद्धमा शत्रुहरूद्वारा नजितिने तिनीहरू पनि राक्षसी जराकै द्वारा शीघ्र नै विजित भएर मारिने हुन्छन् । यस्तो अनेक प्रकारका जन्तुहरू-ले घेरिएको वृद्धावस्था सर्वत्रबाट तिरस्कार एवं असमर्थताको ठूलो मौका पारेर कालले पनि समाप्त गर्ने यस्तो देहमा हे मुनीश्वर ? के विश्वास तथा के आस्था यो देहमा गर्ने होला ? अर्थात् यो देहमा विश्वास तथा आस्था मेरो कत्ति पनि छैन ।

किं तेन दुर्जीवित दुर्ग्रहेण
जरागतेनापि हि जीव्यते तथा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जरा जगत्यामजिता जनानां
सर्वैषणा स्तात तिरस्करोति ।१७।

भाषा

परिव्याप्त दुःखैमय जीवनैका
बांच्ने के इच्छा गरिने ती मानव ।
न जितिने त्यो जुन देह जर्जर,
अभिलाषा सारा सर्व व्यर्थता मन ।१७।

भावार्थः- यो जर्जर जरा अर्थात् वृद्धावस्था दुःखै दुःखले भरि एको मानव जीवनमा दुराग्रह अर्थात् बाँचिरहने जुन कामना हो, त्यस निरर्थकै हुन आउँछ । यस्तो जीवन राख्नामा के लाभ हुन्छ र ? यो जगत्मा यो जरावस्थालाई टार्न अथवा जित्नै सक्तैन, जुन कुरा मेरो मनमा आएका अभिलाषाहरू व्यर्थ पारिदिने नै हुन्छ ।

यसरी श्रीयोग वासिष्ट वैराग्य प्रकरणको वृद्धावस्थाको दुर्गुणको वर्णन बीसौं सर्ग समाप्त भो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## एक्काइसौं सर्ग

## (२१ सर्ग)

## (कालको अपवाद वर्णन)

श्रीराम उवाचः-

विकल्प कल्पनाल्प जल्पितैरल्प बुद्धिभिः ।
मेहैरूद्धुरतां नीतः संसार-कुहरे भ्रमः ।१।
सतां कथमिवास्तेह जायते जाल-पंजरे ।
बाला एवात्तुमिच्छंति फलं मुकुर बिंबितम् ।२।

नतदस्तिहय दयं कालः सकलघस्मरः ।
ग्रसते तज्जगज्जातं प्रोत्थाब्धिमिव वाडवः ।३।

भाषा

अल्प बुद्धि नरै भोग विकल्प कल्पनारत ।
देहै आत्मा जगै नित्य ठान्ने ती जालमा भ्रम ।१।
जगै प्रपंचको जाल जान्ने त्यो किन रम्दछ ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**ऐनाकै प्रतिछायाको फलै इच्छा त्यो बालक ।२।**
**चन्द्रकै उदयै वेला निभ्ने त्यो वडवानल ।**
**त्यस्तै नै कालले सारा मारिने त्यो चराचर ।३।**

भावार्थ :- श्रीरामजी बोल्नुहुन्छः- हे महामुने ! यस संसारमा जुन अल्प बुद्धि भएका पुरुष छन्, तिनीहरू यही सम्झन्छन् कि भोक्ता तथा भोगिने पदार्थहरू यी भोगीका साधन हुन्, म यसको सम्पादन गरी भोग गर्नेछु, यति मैले प्राप्त गरें अरू पनि प्राप्त गर्नेछु यस्तै मनोविकल्पहरूको कल्पना गर्दै रहने हुन्छन् र यो नश्वर देहलाई नै सारा-रूप आत्मा मानेर सुखोपभोगहरू प्राप्त गर्नु नै पुरुषार्थ मान्ने तथा सम्झने हुन्छन् । शत्रुमित्रादिको तथा रागद्वेषादिका भेदहरूलाई अँगाली यस संसारलाई अत्यन्त दुरुच्छेद बनाइरहने यस्तो भ्रमजालमा जकडिरहने नै हुन्छन् । यस्तो काल-वय-शरीर र भोगहरूको अनिकृतामा तपाईं नै आज्ञाहोस् कि जगत्को प्रपंचमा सत्पुरुषहरूको किन कसरी आस्था हुने तथा राख्ने हुन्छ? जस्तो ऐनाको प्रतिबिम्बित फलमा अबुझ बालक नै इच्छा राख्ने हुन्छन् । जुन प्रकारले चन्द्र उदयमा समुद्रका वडवानल शान्त हुन्छन् त्यस्तै जगत्मा समुत्पन्न भएका कुनै पनि वस्तुहरु सर्वभक्षी कालले बाँकी राखेको छैन अर्थात् सबैलाई खाने हुन्छ वा कालकै गोलमा सबै जाने हुन्छन् ।

**समस्त सामान्यतया भीमः कालो महेश्वरः ।**
**दृश्य सत्तामिमां सर्वां कवलीकर्त्तुमुद्यतः ।४।**
**महतामपि नोदेवः प्रतिपालयति क्षणम् ।**
**कालः कवलितानन्त विश्वोविश्वात्मतां गतः ।५।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



युग वत्सर कल्पाख्यः किंचित्प्रकटतां गतः ।
रूपैरलक्ष्य रूपात्मा सर्वमाक्रम्य तिष्ठति ।६।

भाषा

जगत्मा जे जति देखा परेका प्राणी भू चर ।
सबै ती कालकै अन्त्य रुद्र रूप महेश्वर ।४।
ठूला ठालू तथा वीर राजा विद्वान लौ सब ।
बेला आए त्यसै जाने, पर्ने त्यो कालकै वश ।५।
कालको रूप देखिन्न वर्ष–कल्प–युगै सम ।
झन्टिने प्रकट स्थित नछोड्ने लौ कुनै कन ।६।

भावार्थः– जो जति यस जगतमा देखा परेको वस्तु तथा जीवनहरू छन् ती सबैलाई साधारणतया यो महाकाल जो साक्षात् संहार गर्ने महेश्वर काल रूद्र रूप छ, त्यसैले सबैलाई ग्रसन उद्यत भैरहेको छ । जुन बल बुद्धि वैभव आदिको कारण महान् भन्दा पनि महान् जो जति छन् ती सबैलाई महाबली काल एकै क्षणमा त के एक क्षण पनि नपर्खी तुरून्तै खाइदिने हुन्छ । यो महान् बलवान् काल–देवको कुनै रूप देखा पर्दैन, जहिले मन लाग्यो त्यही बेला आएर खाइदिइहाल्छ । यस्तै प्रकार कल्प–युग–वर्ष आदिकोद्वारा प्रकट भए झैं सबैलाई झम्टेर आक्रमण गरेर लैजानालाई स्थित भएर बसेको हुन्छ, यसले कुनै देव, असुर मनुष्यादिलाई नछोड्ने यस्ता कडा नीति अपनाएको छ ।

ये रम्या येश्रीसारंभाः सुमेरू गुरु वेपियो ।
कालेनविनिगीर्णस्ते गरूडेनेव पन्नगाः ।७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



निर्दयः कठिनः क्रूरः कर्कशः कृपणोधम ।
न तदस्तियदद्यापि न कालो निगिरत्ययं ।८।
कालः कवल नैकांत वति रति गिरन्नपि ।
अनन्तैरपिलोकौघ नार्यंतृप्तो महाशनः ।९।
हरत्ययं नाशयति करोत्यत्ति निहंति च ।
कालः संसारनृत्तं हि नाना रूपं यथा नटः ।१०।

भाषा

सुरम्य, शुभआरम्भ सुमेरू झैं ठूलै सम ।
भए तापनि त्यो काल, सर्प खाद्य गरूड् पर ।७।
क्रूर निदयं त्यो सान्हो कर्कश पत्थरै मन ।
बाँकी कस्लाई त्यो राख्छ जगतै त्यसकै वश ।८।
अहर्निशै त्यसै खाने कार्य त्यस्को दिनै दिन ।
एकको बाद एकैको अन्त्य गर्ने महाशन ।९।
जगत्को रचना साथै नाश त्यो गर्दछ पनि ।
क्रीडा त्यो नट झैं खास प्रभाव कालकै गति ।१०।

भावार्थः– चाहे कुनै समय होस् वा शुभ आरम्भमा लागेको स्थान होस् यहि सुमेरूसमान परम् गुरुतम होस् यो विश्व ब्रम्हाण्डमा रहे–का सर्पहरू जसरी पक्रेर गरुडले खाने गर्दछन् त्यस्तै यो महाकालले लेवैसकए नएक दिन नाश गरी खाने हुःछ । यो काल कत्ति पनि दय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नभएको, पत्थर समान हृदय भएको कठोर, क्रूर, कर्कश स्वभाव भएको यसबाट यो जगत्मा कुनै कसैलाई पनि बाँकी नराखी मारिने छ। यो कालको काम यस्तो छ कि प्राणी चराहरू सबै हर हमेशा खाइरहने कहिल्यै पनि नअघाउने महाशन छ, एकको पछि अर्को दिनदिनै अनन्त लोकमा समुदायहरूलाई निधन पारि नै रहेको हुन्छ। यो काल विश्वको रचना पनि गर्दछ, साथै नाश पनि जस्तो जगत् रूपी नाट्यशालामा काल अहर्निश यस्तै प्रकारले नटुवाले नाच नाचे झैं त्यो पनि कहिले रुवाउने कहिले हँसाउने यस्तै कार्यहरू गरिरहने यसको खास कार्य हो।

सकलसत्त्वकला कलितान्तर
सुनग दुर्मद रूपधरं वपुः।
अकाटघनसहसंवद्ध गोपयत्
विलसतीह हि कालबलैं नृषु ।१२।

भाषा

मनुज बुद्धि कला छल कौशल,
जति गरे पनि त्यो नर आखिर।
शिर उपर काल खडा रहवार छ
नबुझि हरे शिव त्यसै मन रम्दछ ।१२।

भावार्थः– यो संसारमा कालले गर्दा मनुष्यहरूको बुद्धि विवेक शून्य एवं अत्यन्त चंचल हुन्छ। मानिसहरू यहाँ अनेक प्रकारका संकल्प विकल्पको रचना गरिरहन्छन् महाबली आफ्ना शिरमाथि खडा भएको आलिकति पनि विचार गर्दैनन्। त्यस्तै क्षणिक झूठो मनसुवा बाँध्दै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


एकदिन कालके गालमा पर्नै हुन्छन् ।

अस्योड्डामर लीलस्य दुरासन्न सकला पदः ।
संसारे राजपुत्रस्य कालस्याकलितौजसः ।१।
अस्यैवाचरतो हीन मुग्धैर्भूत मृगव्रजैः ।
आखेट कजजंरिवे जगज्जंगल–जालके ।२।
चंडीशव्यघुर संस्वारा सर्व मातृ गणान्विता ।
संसार वनविन्यस्ता व्याघ्री भूतौघघालिनी ।३।

भाषा

संसारै वनमा खास काल कोडा भयानक ।
राजाको पुत्र झैं शक्ति रोकने कस्ले शक्ति पर ।१।
समस्त प्राणी नै वस्तु आखेट साधने अब ।
विवेक–शून्यता जड् झैं पशु बन्छ्यो चराचर ।२।
बघिनी चण्डी झैं खास विनाशकाल गर्दछ ।
समस्त मातृ गण् साथै ताण्डवैनृत्य गर्दछ ।३।

भावार्थ :— यो काल खास शक्तिशाली राजाको पुत्र झैं यो संसार रुपी वनमा शिकार खेल्ने गर्दछ , यो काल-रूपी राजकुमारको बल-विक्रम चिन्तनै गर्न नसकिने अपार शक्तिवाला छ, यसको लीला अत्यन्त उद्भट हुन्छ ; कालको गति रोकन कसैमा पनि क्षमता छैन । यो राजपुत्रकै समान यसलाई कसैले विरोध तथा आपद त्यसदेखि दूरै रहने हुन्छ अर्थात् कसैले पनि सक्ने होइन । यो काल बाघिनी तथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


सिंहिनी समान यो संसार रूपी वनमा भूतहरू अर्थात् समस्त प्राणीहरू विनाश गराउनाको लागि विहार तथा क्रीडा गरिनं रहने हुन्छ, यो खास मातृगणहरूका साथ चण्डीतुल्य विहार गरिनै रहन हुन्छ ।

यसरी योगवासिष्ट वैराग्य प्रकरणको कालको वर्णन
२१ सर्ग यहाँ समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाइसौं सर्ग

(२२)

## (कालको कर्मद्वारा प्राणीहरूको नाश)

श्रीरामोवाचः—

अत्रैव दुर्विलासानां चूडामणिरिहापरः ।
करोत्यत्तीति लोकेस्मिन्दैव कालश्च कथ्यते ।१।
क्रिया मात्रादृतेयस्य स्वपरिस्पंदरूपिणः ।
नान्यदा लक्ष्यतेरूपं न कर्म न समीहितम् ।२।
तेनेवमखिला भूत संततिः परिपेलवा ।
तापेन हिमालेव नीता विधुरयां भृशम् ।३।
यदिदं दृश्यते किञ्चिज्जगदाभोगिमंडलम् ।
तत्तस्य नर्त्तनागारमिहासवति नृत्यति ।४।

भाषा

दुर्विलास महानौका सर्वाधिक प्रमुख पर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


कृतान्त देवकै नाम प्रख्यात लोक मान्दछ ।१।
क्रियाले मात्र थाहा हुने त्यो जंगलै छिच ।
लक्ष्यै त्यो ग्रगस्य भावका स्थित ।२।

जसरी तापले हिम परलेर बहने थर ।
त्यस्तै प्राणी त्यो सारा कर्मबाटै विनष्ट छ ।३।
जगत्मा जे जति देखा परेका प्राणी भचर ।
कालकै राग द्वेषादि भावैमा नाच खेल्दछ ।४।

भावार्थः– श्री रामचन्द्रजी बोल्नुहुन्छः– हे महामुने ! यो काल दुर्विलासहरू गर्न गराउनेमा सर्वाधिक मुख्य प्रमुखै छ । त्यही कृतान्तको अवस्थामा स्थित भएर प्राणीहरूको खराव- असलको कर्महरूको फल दिने गर्दछ यसैले यसलाई दैव पनि भन्दछन् । त्यसको प्रत्यक्ष स्वरूप भने कसैमा पनि देखा पर्दैन किन्तु संसारी जंगलमा अनेक क्रियाहरूको परिस्पन्दनबाट मात्र तिनको स्वरूपको भान हुने हुन्छ । जगत्मा जति उथलपुथलको कार्य भएको देखा पर्दछ यी सबै कार्य त्यसै कालबाट भएको छ, जसरी तापद्वारा हिउँ परलेर नाश हुन्छ । त्यस्तै संसारका समस्त आफ्ना कर्मवश कालकै प्रभावबाट विनष्ट भै रहेका छन् । यो महा विस्तृत नाट्यशालामा रागद्वेषादिको अत्यन्ताधिक प्रवृत्तिहरूकै–द्वारा ताण्डव नृत्य यो काम भैरवकै रूपमा भै रहेको छ ।

तृतीयं च कृतांतेति नामविभ्रत्सदारूणम् ।
कापालिक वपुर्मत्तं दैवं जगति नृत्यति ।५।
नृत्यतो हि कृतान्तस्य नितांतमिव रागिणः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नित्यं नृत्यति कान्तायां मुने परम कामिता ।६।
शैवः शशिकला शुभ्रो गंगा वहइव तौत्रिधा ।
उदतीते अतीते च उभौ संसारवक्षसि ।७।

भाषा

सांसारिक् प्रवृत्तिमा नै लगाई वरवश् पर ।
मर्यादा कालकै रूपा कारणो विषदारूण ।५। क
चंचला नारी तथा खास कालकै प्रियभामिनी ।
विलासी—विलथो प्रेमी धैयं सुखविनाशिनी। ५। ख
भोषण सर्पले डस्दा नासिने झैं सबै सब ।
कृतघ्न कालको कर्म विनष्ट मानवै जन ।६।
निर्दयी नृप झैं काल नगरी रत्तिभर दया ।
प्रजा प्राणीहरूमाथि गर्ने संहार त्यो सदा ।७।

भावार्थः— साँसारिक विषयहरूमा इन्द्रियहरूको अतिशय प्रवृत्ति गराउने भएको यो कालको मर्यादाकै स्वरूप भएकी नियति नै कालकै खालप्रिय कान्ता हो । स्त्री हुनाको कारण पनि अत्यन्त चंचल हुन्छिन् र विषयँ तर्फ प्राणीहरूलाई उन्मुखीकरण गराई धैर्य नष्ट गर्ने हुन्छिन् । सर्पबाट अनिल भक्षण गर्ने समान यो समस्त भूत समुदायहरू ग्रसित भएका छन् । यो कृतघ्न स्वरूप भएका अत्यन्त कठोर आचरण भएका जुन मानवहरूको तरूणालाई नाश गरेर वार्धक्यमा धकयाई विनष्टै गराइदिने हुन्छ । यो यमराज पनि अत्यन्त निर्दयी नै हुन्छ, कारण कुनै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्राणीलाई दया गर्दैन र कसैमाथि उदारता कृपा गर्दैन ।७। ,

चंद्रार्कमंडले हेम–कटकौ करमूलयो: ।
लीला–सरसिजं हस्ते ब्रम्हन्ब्रम्हाण्ड कर्णिका ।८।
ताराबिंद चित्रां लोल पुष्करावर्त पल्लवम् ।
एकार्णव पयोधौतमेक मम्बर मम्बरम् ।९।
एवं रुपस्य तस्याग्रे नियति नित्य कामिनी ।
अनन्तमित संरम्भा आरंभै: परिनृत्यति ।१०।

भाषा

विलास लोल ऐश्वर्य क्षणिक चन्द्रमण्डल ।
अस्थिर रचनाकारा चूर्ण ब्रम्हाण्ड–उज्ज्वल ।८।
विन्दु झैं तिमिरै तारा चित्त मोह प्रवर्तक ।
क्षणैमा विलीन हुने गलितै वस्त्र झैं सब ।९।
मोहिनी नियति क्रीडा कलापूर्ण असत्जग ।
विनष्ट आखिरी सारा मृगमरीचिका सम ।१०।

भावार्थ:– यो संसारमा विशाल ऐश्वर्य र भोगविलासको आधार समस्त विषय तुच्छ छन्, जसको परिणाममा परम दारुण एवं दुरन्त दु:खै हुने गर्दछ । मानवको आयु केही पनि स्थिरता नभएको अति चञ्चलताले परिपूर्ण छ, चाहेका खण्डमा अहिल्यै नै समाप्त हुने हुन्छ, मृत्यु अत्यन्त कठोरतामा हुन्छ, जुन कि कुनै प्राणीहरू उपर क्षमा दया गर्दैन व्यर्थ यौवनमा मानिसहरू गर्व गर्ने हाछन् र साथै नचाहिने अनेक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



निन्दित कर्महरू पनि गर्न हुन्छन्, जुन कि एकै क्षणमा नाश हुने कुरा छ। बाल्यावस्था त खास जडताले नै पूर्ण हुने र मोहमा नै समाप्त हुने भै रहेका सारा प्राणी देखेर पनि नचेत्ने कस्तो नियतिको लीला खेल ! संसारको रचना यस्तो कलापूर्ण आकर्षक छ कि विषय-छटालाई देखेर त्यसै पनि मानिसहरूका मन मोहमा मुग्ध भै रहेको वा परिरहेका छन्, यही त बन्धनको हेतु छ। विषयहरूका भोगहरूमा त्यसै लट्ठिएका जुन महान् व्याधि छन्, त्यसैलाई प्राप्त गर्न सरिमेटिरहेका मोह-ग्रस्त मूढ पुरुषमा भैरहेका यस्ता मृगमरीचिका सरी तृष्णाको जालमा परी त्यसै विनष्ट भै रहेका छन्।

तास्यानर्त्तनलोलाया जगन्मण्डलकोटरे।
अरुद्धस्पदंद रूपाया आगमापाय चंचुरे।११।
कालास्यंसमुपादाय कल्पान्तेषु किलाकुला।
नृत्यत्येषा पुनर्द्देवि स्फुटच्छैलवनारवम्।१२।
पश्चात्प्रालम्बविभ्रांत कौमार मुत बर्हिभिः।
नेत्र त्रय वृहद्रंध्र भूरिभांकारभीषणं।१३।
लम्ब लोल जटा चन्द्रार्यकीर्ण हर मूर्द्धभिः।
उच्चारच्चारुमन्दार गौरीकबर चामरैः।१४।

भाषा

विषयै तर्फ नै ढल्ने मन-इन्द्रिय शत्रु त्यो।
देहादि सत्य मानेर विनष्ट आत्मता अहो।११।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सन्तप्त कालले गर्दा भित्रभित्रै जल्दीकन ।
क्षीणबुद्धि मनुष्यैका रागमै भाव ।। मन ।१२।
मनुष्यै जीवनै कस्तो अस्थिर वृत्ति चंचल ।
क्षणैमा अहिल्यै हेर विनाशै पथ मानस ।१३।
जानेर किन हो यस्मा आस्था लौ गर्ने हो यहां ।
कारणै मानवै देह क्षण–भंगुर लालसा ।१४।

भावार्थः– विषयैतर्फ मात्रै लागिरहने यो मनुष्यको खास शत्रु नै छ तथा मन पनि वरिष्टरिपु नै भएको छ जुन कि असत देहादिलाई सत्य मानेको छ तथा आत्मालाई त्यसै ढाकेर नाश हुने पथमा जान अग्रसर गराउँछ । यस लोकमा त्यसले गर्दा मानिसको बुद्धि त्यसैले गर्दा बुद्धि क्षीण भै भित्र भित्रै आकुल–व्याकुल भै सन्तप्तमै रहने र विषयमै राग भैरहने हुँदा वैराग्यको भावना कहिल्यै पनि उदय नहुने हुन्छ । संसारमा मनुष्यको हृदयमा रजोगुण व्याप्त बढ्दै तमोगुणै तर्फ वृद्धिशील रहने हुन्छ । सत्वगुणको उदय हुन त परै जाबोस् तसर्थ यो अध्यात्मतत्त्वको सार बुझ्न कठिनै हुन्छ अर्थात् सत्वगुणी आत्मतत्त्वको ज्ञान हुँदै परमानन्दको प्राप्ति हुन कुरा थियो, त्यो त टाढै छ, मनुष्यको जीवनको स्थिति अस्थिर छ, क्षणैमा अहिल्यै नै नाश हुने, यस्तो स्वप्नकालीन जीवनमा पनि बुद्धि विषयैमा अनुरागमा नै उन्मुख भैरहेको हुन्छ धैर्य त्यसै छुट्ने हुन्छ, नचाहिने निरर्थक पदार्थहरूमा नै रति तथा प्रिय मानी रम्न खोज्दछ जुन कि ती पदार्थहरू नश्वर एवं क्षणभंगुर स्वरूप भएका छन् ।

उत्ताण्डवाचलाकार भैरवोदरतुम्बकैः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रणत्सशलरंध्रेन्द्र देहभिक्षा कपालकं: ।१५।
शुष्क शरीर खट्वाङ्ग भरैरापूरिताम्बरम् ।
भीषपत्यात्मनात्मानं सर्व–संहारकारिणी ।१६।
विश्वरूपशिरश्चक्र चारु पुष्कर–मालया ।
ताण्डवेषु विवल्गत्या महा कल्पेषु राजते ।१७।

भाष ।

संसार मोहमा पर्दै अत्यन्त कष्टमा जन ।
दुष्कृति भैरवी जालं, छैन आनन्द लो तन ।१५।
शरीर भावना शुष्क वृद्धावस्था अपूरण ।
सुखको चाहना व्यर्थ जगतै नाश कारण ।१६।
विश्वको मोहिनीमाया मनै त्यसमा सदा रत ।
करुणा भावना शून्य सुख के त्यसमा भन ।

भावार्थः– यो संसारमा माया–मोहको जलमा फँसेर प्राणीहरूको मन अत्तन्त मन्द एवं मलिन भै कष्टको भाजन भैरहेको मानव शरीर पतन–शीलताका साथै विनष्ट हुने, वृद्धता देहमा समागत भएर अह–र्निश जलाइरहने हुन्छ । तथा आफ्नो कृत्यबाट कुफल प्रतिस्फुरित भए–को भोग गर्दै रहने हुन्छ । यो क्षणिक जीवनको यौवन अवस्था कायम राख्न जति प्रयत्न गरे पनि क्षणमा विलाउने हुन्छ त्यसबेला अहंमदको कारणले सत्पुरुषको वचन पालन संगत के रूचाउने हुन्छ र ? अर्थात् सत्संगति तिनीहरूको लागि प्राप्य भएपनि अप्राप्य दुर्लभ जस्तो हुन्छ । स्वर्गादिको सुख पनि अनित्य जसलाई प्राप्त गर्नलाई मानिसहरू लोक-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



को देखौवा धर्म कृत्य गर्दछन्, यो लोकमा स्थिर रहने पदार्थ छैन सबै कालले ग्रस्त पारी भस्म पार्न हुन्छ। तसर्थ संसारी मोह मायामा यो मन असार सुखको लागि तांडव नृत्य गरी प्रमत्त भावमा नीच विचार-मै भावनामा करुणा शून्यमा परिरहेको छ।

प्रमत्त पुष्करावर्तऽमरे डुडो मरार वै।
तस्याः किल पलायन्ते कल्पान्ते तुम्बुरादयः।१८।
नृत्यतोन्तः कृतांतस्य चन्द्रमण्डलभासिनः।
तारका चन्द्रिका चारु व्योम पिच्छा वचलिनः।१९।
एकास्मिस्छ्रवणे दीप्ताहिम वानस्थिमुद्रिका।
अपरे च महामेरुः कांता कांचनकर्णिका।२०।
अत्रैव कुण्डले लोले चन्द्राकौगण्ड मण्डले।
लोका लोकाचल श्रेणी सर्वतः कटि-मेखला।२१।
इतश्चेतश्चे गच्छंति विद्युद्वलय कंकिणा।
अनिलां दोलितामाति नीरदांशुकपट्टिका।२२।
मुसलैः पट्टिशै प्रासैः शलैस्तोमरमुद्गरैः।
तीक्ष्णैः क्षीण जगद्व्रात कृतांतैत्रिव संभृतै।२३।

भाषा

अधथ भावनाचित्त अस्थिर जग-कारण।
दुःखज्वाला त्यसै चिन्ता, रम्ने त्या व्यर्थ जीवन।१८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



संसारी मुख्यकै इच्छा वासना मन चक्कर ।
खाँदै त्यो रहने व्यर्थ प्राणी भूत चराचर ।१९।
अदृश्य कालको मूर्ति हुँदा नै मोहमा नर ।
सद्वाक्य धारणै छैन कान्ता कांचनमा मन ।२०।
विशालाक्षी विनाशी त्यो चन्द्र आकाश धारण ।
कालकै चक्रमा नाश जगतै चूर्ण पावक ।२१।
चम्किँदै क्षण् क्षण्मानै कालरूपा भयङ्करी ।
बिजुली झैं देखा पर्दै लाने त्यो पुष्पमञ्जरी ।२२।
नदेखिने खड्ग वाण मुसल पट्टी पास त्यो ।
चट्ट चट्ट त्यसै नाश, काल त्यो भीषणै अहो ।२३।

भावार्थः— मानिसहरूमा धैर्य छँदैछैन सबै अधीर भै रहेका छन्, कारण, मनमा स्थिरताको अभावैबाट यी सबै दुःखका ज्वालाका मनुष्य सर्वदा जीवन मरणको बन्धनमा जकडिरहेका छन् । सत्पुरुष-हरूको समागम अत्यन्तै दुर्लभ रहने हुन्छ र धेरै जसो चारै तर्फ दुर्जन पुरुष मात्र देखा पर्दछन् जसमा त्यसको सगतबाट पतनै हुने हुन्छ । भावहरूको केही पनि सत्व नरहे तापनि संसारको बन्धन गराउने वासना बराबर स्थिर रहिरहेका छ र यही वासना प्राणीहरूका समुदायलाई यताउति अलमल्याई भट्काइरहेको छ । महान् बलबान् कालको प्रभा-वाट दिशाहरू पनि नदेखिने तथा सद्व्यवहार उपदेश विरुद्ध दृष्टिगत हुन गैरहेको छ । यो अत्यन्त विशाल कायशैल जहिले विशीर्ण हुन जाने हुन्छ, त्यसैवेला यो संसार पनि सबै विनाशको पथमा लाग्ने कुरा अवश्यम्भावी छ भने म जस्तो पुरुषको के आस्था यसमा हुन सक्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हो ? यो आकाश, समस्त भुवन, भूमि, सागर–तारागण, सिद्ध दानव तथा ध्रुव, अमर कहलाइएका देवगण पनि कालकै पंजामा पर्ने हुन्छ भने हात्तीजस्ता मानव तथा साधारण जीवको यसमा आस्था राख्ने र रहने कुरामा के आस्था धारण हुन सक्ने होला ? अदृश्य काल सबैको को नाश गराउने भयङ्कर रूप, माया मोह ममतामा क्षणिक जीवन धारण गर्ने प्राणीहरूले के देख्न सक्ने हो र ?॥

यसरी श्री योगवासिष्ट वैराग्यप्रकरणको
२२ सर्ग समाप्त भो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेइसौं सर्ग

# (२३)

# (दैवी दुर्विलास वर्णन)

श्रीरामोवाच:-

अन्यच्च तातातित राम रम्ये,
मनोरमे चैह जगत्स्वरूपे ।
न किञ्चिदायाति तगथं जातं
येनाति विश्रातिमुपैति चे तः ।१।

भाषा

निन्दित संसार असारताभा
मनै अहो यो किन रम्दछ प्रभो ।
पदार्थ यसमा सुख सार के छ ?
देखिन्न, नाथ मत लौ स्यसै अहो ।१।

भावार्थ:- श्रीरामचन्द्रजी बोल्नुहुन्छ:- हे प्रभो यो संसार निन्दित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


असार रूपमा के सुखको आशामा यो मनुष्यहरु त्यसै रमिरहेका छन् । यसमा मलाई रत्ति पनि आस्था नहुने अर्थात् यो जगतमा यस्तो कुन पदार्थहरू छन् जसमा प्राप्त भएमा सुख आनन्द तथा चित्त विश्रामको परम सुख हुने होला ?

बाल्ये गते कल्पित केलिलोले
मनो मृगे दार दरीषु जीर्णे ।
शरीरके जर्जरतां प्रयाते
विदूयते केवल मेव लोकः ।२।

भाषा

बालापना जो जुन खेल कल्पना,
युवापनामा तरुणी प्रसङ्ग ।
गर्दै अहो त्यो तन जीर्णतामा
जीवन् समाप्त दुःख–दर्दतामा ।२।

भावार्थः– मनुष्यको बालकपना त अनेक प्रकारका कल्पना गरिएका क्रीडा कौतुकहरूको चंचलताको साथै बालकको उमेर बितेर जान गर्दछ । युवावस्थामा प्राप्त भएपछि मनरूपी मृग कामिनी स्वरूप भएका गुफामा रमणीसंग रमण गर्दै जीर्ण हुँदै जान्छ र वृद्धावस्था प्राप्त भएपछि शरीर एकदम निकम्माको साथै शिथिल गराएर जर्जरित हुन जाने गर्दछ । त्यस दशामा मानव समुदाय केवल दुःखमात्र भोग गर्ने हुन्छन् । मनुष्यको कुनै अवस्थामा पनि सुख-शान्ति जीवन लेश मात्र पनि उपभोग गर्न नपाई त्यसै आकार्थमा आयु खतम हुने हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जरा तुषाराभिहतां शरीर
सरोजिनी दूर तरे विमुच्य ।
क्षणाद्गतै जीवित चंचरीके
जनस्य संसार सरोवशुष्कम् ।३।

भाषा

सेता कडा त्यो जुन हो तुषारो,:
पर्दा त्यसै नै तन वृद्धतामा ।
राम्रा सुदेह जुन हो नरैका,
संसारमा नै सब त्यो विलीन ।३।

भावार्थः- वृद्धतावको स्वरूप हिमको वृष्टिले यो सुन्दर काया जुन छ वेलाएर जाने हुन्छ, साथ यसमा बसेका जुन भ्रमराकीट प्राण देह त्याग गरेर टाढै जाने हुन्छन् । यसै दशामा या ससाररूपी सरोवर सूक्खा भै मनुष्यको लागि हमेशा नै नष्टभ्रष्ट हुने तथा भैरहेकै छ। प्रर्थात् संसारमै विलाइजाने हुन्छ।

यदा यदा पाकमुपैति नूनं
तदा तदेयं रतिमातनोति ।
जरामराऽलय नव प्रसून ।
विवर्जरा कायलता नाराणाम् ।४।

भाषा

जसै तसै त्यो तन जीर्णतामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बढ्दै त्यसै नै मन वासनाको ।
तृष्णा-लताकै भव-बन्धनैमा
परेर त्यस्तै सब नष्टतामा ।४।

भावार्थ वृद्धताको कारण असमर्थतावश जसै जसै बुढोपना बढ्दै जाने हुन्छ त्यसै त्यसै नै वासना बढ्दै तृष्णालताले जकडिँदै एकदम असामर्थतामा असक पारी संसारका माटोमा मिलाइ नै हाल्ने हुन्छ ।

तृष्णा नदी सारतर प्रवाह,
ग्रस्ताखिलानंतपदार्थजाता ।
तटस्थ सन्तोष सुवृक्षमूल
निकाषवेला वहतीहलोके ।५।

भाषा

तृष्णा नदी नै बहँदै निरन्तर
सन्तोष वृक्ष जुन हो किनार ।
टक्कर जरैमा नदीले गराई
बगाउने नै भव-बीच-सागर ।५।

भावार्थ यो असार संसारमा तृष्णा रूपी नदी निरन्तर अतिवेग संग बगिरहने हुन्छ र त्यसको किनारमा रहेका संतोष रूपीवृक्षको जरा हल्लाई त्यसै नै बगाइदिने हुन्छ ।५।

शरीर नोऽश्चर्म निबन्ध बद्धा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


भवां वुधा बालुलिता भ्रमन्तो ।
प्रलोढयते पञ्चभिरिन्द्रिया रव्यै-
रधो भवंत: मकरैरघोरा ।६।

भाषा

वेष्टित छा जः जुन हो शरीर
सागर बीचैं नउकै समान ।
शोकादि–वायु–दुःखकै तरङ्ग
यताउती त्यां बहने सुजीव ।६।

भावार्थ: - यो संसार एक सागर समान छ त्यसमा मनुष्यको देह काया जुन शरीर हो त्यो हड्डीमांस नशाको किल्लामा कांटारूपी तथा छाताले मोरिएको एउटा ठीक डुङ्गा समानको छ त्यसमा जीव सवार भएको छ । शोक व्याधिदि अनेक लहरहरूको समाहत भएर यताउती हल्लिदै घुमिरहेकालाई पाँच इन्द्रियहरू जुन गोही रूपमा त्यो डुङ्गालाई ठक्कर दिएर डुवाउने कोशिशमा लागेका यस्तो नौका शनैः शनैः पतन-कै बाटोमा लागेको. त्यसमा धैर्य र विवेकशून्य भएको जीव नै चढेको हुन्छ ।

तृष्णालता कानन चारिणोमी -
शाखा शतं काम महीरूहेषु–
परिभ्रमन्त: क्षपयन्ति काले
मनो मृगानो फलमाप्नुबन्ति ।७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

संसार रूपी वन त्यो विशाल
शाखा अनेकौं-कामादि-वृक्ष ।
बिताउने-यो कपि झैं घुमे रैं-
इच्छित वस्तु फल त्यो - अप्राप्त

भावार्थः- यो संसार जो छ त्यो ठूलो वन जस्तै सुन्दर छ जसमा कामादि तृष्णाको झाडी काँडाहरूले भरिएको वनमा सुखको इच्छामा बाँदर झैं मानिसहरू यताउति एक रूखबाट अर्को रूख हुँदै उफ्रँदै जीवन भरी नै व्यर्थ भट्किरहे तापनि मन अशान्तिमै इच्छित वस्तुलाई नपाएर आफ्नो अमूल्य जीवन व्यर्थमा बिताइरहेका छन् ।

कृच्छ्रेषु दुरास्त विषाद मोहाः
स्वास्थ्येषु नोत्सिक्त मनोभिरामाः ।
सुदुर्लभाः सम्प्रति सुन्दरीभी-
रनाहतांसः कारणा महोतः ।८।

भाषा

जस्तो सुखै दुःख विशादतामा,
निरोग सम्पति महानतामा ।
लावण्य रूपी जुन सुन्दरीमा
दुर्लभ त्यो ज्ञानो त्यागो रमन्ता ।८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थः– हे मुनिवर ! त्यो ज्ञानी दुर्लभ होला जसमा महान विषम आपत्तिको समयमा पनि मोह तथा विषाददेखि पर रहेको तथा स्वास्थ्यावस्था र सम्पत्तिवानको अवस्था पनि अहंकारको अभाव भएका तथा परम सुन्दरी आफ्नो अनुपम रूप अर्थात् रूप लावण्यवतीलाई पनि चर्मको थैला समान सम्झेर त्याग्ने अविकारी पुरुष यो संसारमा कठिनै प्राप्त हुने होला ।

तरंति मातङ्ग घटा तरङ्ग
रणाम्बुधिये मय तेन शूराः ।
शूरास्त एवेह मनस्तरंग
देहेन्द्रियां सोधिमिमं तरन्ति ।९।

भाषा

हात्ती समानै बल वीर्यताता
संसार पारै गरिने महान ।
समर्थ ज्ञानी शूर वोर वेश
भन्नो ममा लाग्दछ नाथ खास ।९।

भावार्थः– जो हात्तीहरूको समुदायले परिपूर्ण नेना रूपिणी तरङ्ग-हरूले बढेका शक्तिसम्पन्नबाट प्राप्त भएका समरभूमिमा विजय प्राप्त गर्ने शूरवीर शक्तिशाली झैं यो संसार पार गर्ने ज्ञानी शूरवीर यहाँ म त खोइ देख्दिनँ । म त त्यसैलाई नै त्यस ज्ञानी शूरवीरलाई नै मान्दछु जसले यो मन अत्युन्नत तरङ्गहरूबाट परिपूर्ण यस शरीर तथा इन्द्रियहरू रूपी समुद्रलाई पार गर्न विवेक वैराग्यकै द्वारा पार गरिजाने हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सन्निकृष्ट पर्यन्त फलाभिरामा
नदृश्यते कस्य चिदेव काचित् ।
क्रिया दुराशाहतचित्तवृत्ति-
र्यमित्य विश्रान्तिमुपैति लोक ।१०।

भाषा

आशा अनेकौं विषयादि राग
जुन कर्म गर्दा छ अशान्तिला मन ।
अप्राप्य आनन्द—स्वर्गादि सुख
सबै दुःखैका परिणाम अन्त्य ।१०।

भावार्थः- दुराशाहरूबाट आहत चित्तवृति भएका पुरुषहरू कुनै पनि कार्य गर्न सक्तैनन्, जुन कार्य गर्दा शाश्वतिक शान्ति प्राप्त हुने हो त्यो रागबाट हुनै सक्तैन । सबै रागयुक्त कर्महरू सबै क्लेशका-रकै हुन्छन् यहाँसम्म कि स्वर्गादि सुख वैभव पनि आखिर दुःखकै परि-णाम हुन आउने हुन्छ, अर्थात् आनन्द भन्ने वस्तु बाहिरबाट प्राप्त हुने कुरा होइन, मनको शान्तावस्थामा नै आनन्द प्राप्त हुने कुरा छ ।

कीर्त्या जगद्दिक्कुहरं प्रतापैः
श्रिया गृहे सत्त्व बलेन लक्ष्मीम् ।
ये पूरयंत्यक्षत धैर्यबन्धना
ते जगत्यां सुलभा महान्तः ।११।

भाषा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ज्ञानी सु सज्जन अति दुर्ल्लभैमा
कीर्तन छ त्यस्कै जगतै भरीमा–
उज्ज्वल प्रकाशै महदादि लोक
प्रताप सम्पत्ति सुलक्ष्मि सेविका ।

भावार्थः यस्ता महपुरुष त जगत्मा अत्यन्त दुर्ल्लभै हुने हुन्छन्। जसको कीर्तिबाट यो संसारको प्रतापबाटै समस्त प्रदेशहरू एवं दिशा–विदिशाहरू तथा सम्पदा याचना गर्नेहरूका घर घरमा र क्षमा उदारता आदि सात्त्विक गुणले संयुक्त लक्ष्मी हर–हमेसा सेविका समान धैर्यसाथ रहिरहने हुन्छिन् ।

अभ्यन्तरस्थं गिरि शैलभित्ते
र्वज्रालयाभ्यन्तर संस्थितं वा ।
सर्वं समायान्ति ससिद्ध वेगाः
सर्वाः श्रियः सन्ततमापदश्च ।१२।

भाषा

पहाड झर्ना गिरि कन्दरैमा
तपादि गर्ने जुन मानवैका ।
प्रारब्ध – भोग – जुन सिद्धि सम्पदा
स्वयं त्यसै नै परि आउने यता ।

भावार्थः– पुण्यादिकृत्यको फल भएका सिद्धिहरू तथा सम्पदाहरू तथा पापकृत्य परिणाम स्वरूप आपतहरू यी निरन्तर स्वतः सबैमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सबैलाई प्राप्त भै रहने नै हुन्छन् । यो प्रारब्ध भोग न भोगी सुखै छैन, चाहे गहन पहाडको गुफाभित्र बसोस् चाहे वज्रनिर्मित अभेद्य दुर्गमा बसोस् ।

**पुत्राश्च दाराश्च धनं च बुद्ध्या**
**प्रकल्प्यमेता तरसायनाभम् ।**
**सर्वं तु तन्नोपकरोत्यथांते**
**यत्नातिरम्या विष मूर्च्छनैव ।१३।**

**भाषा**

**पुत्रादिद्वारा धन मान वैभव**
**हत बुद्धिकै त्यो सुखकै विधान ।**
**त्यो अन्त्य वेला जब मानिसैका**
**रमणीय भोगै विष तुल्य बन्छ ।१३।**

भावार्थ:- यो संसारमा पुत्रादि सम्पन्न परिवार स्त्री र धन प्रभृत्तिमा आसक्त भएका हतबुद्धि मनुष्य भ्रममा पहिले त्यही सुखको साधन सम्झने जब अन्त्य मृत्युकालमा केही सहायता नपाएर प्रत्युत त्यस बेला अत्यन्त रमणीय भोग्य वस्तुहरू पनि विषपान समान मूर्छा पार्ने दुःखद प्रतीत हुन जाने हुन्छन् ।

**विषाद युक्तो विषमामवस्था-**
**मुपागःत काय वयोवसाने ।**
**भावान्स्मरन्स्वानिह धर्मरिक्तम्**
**जन्तु र्जरावानिहदह्यतेन्तः ।१४।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

बालादि यौवन बितिदै त्यो वृद्ध
विषाद भारी छ असक्तता मा ।
पापादिकर्म जुन भो पहिले
रहन्छ सम्झी मन दाहतामा ।१४।

भावार्थ:— बाल्यकाल र यौवनकाल समाप्त भै अब वृद्धावस्था असक्त अवस्थामा त्यो जीवात्मा अत्यन्त विषादमग्न भएर पहिले गरेका कुकर्महरू सम्झर त्यो भित्र भित्रै दुस्सह ज्वालामा जलिरहने हुन्छ ।

कामार्थ धर्माप्ति कृता तराभिः
क्रियाभिरादौ विवसान्निनीत्वा ।
चेतश्चलद् बर्हिण पिच्छलोलं
विश्रांतिमागच्छतु केन पुंसः ।१५।

भाषा

कामार्थकै लागि जुन धर्म कृत्य
भएको जो छन् विषयादि पूरण ।
अशान्तिभाव अब चित्त चंचल
उपाय विश्रान्ति—त्यसै विलीन ।१५।

भावार्थ:— मनुष्यले आरम्भदेखि अहिलेसम्म अर्थात् सम्पूर्ण जीवनमा केवल धनार्जन—विषय भोग र अभीष्ट मनोरथहरूको पूर्तिकै लागि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



धर्म-कर्म आफ्नो हृदयमा स्थान दिएको दिएको अव वृद्धावस्थामा केवल असमर्थतावश मुजुरको प्वांखसरी मन हल्लिएर चंचल भैरहने यस्तो दशामा शान्ति प्राप्तिको लागि उपाय कुन कुरो गर्न सकिने हुन्छ र ! तात्पर्य यही छ कि चित्त शुद्धिको लागि नै निष्काम कर्म गर्नुपर्ने हुन्छ, त्यहो निष्काम कर्मबाट चित्त शान्ति हुन हुन्छ अरू कर्मबाट शान्त अवस्था प्राप्त हुन कठिनै हुन्छ ।

पुरो गरौरप्यनवाप्त रूपै-
स्तरंगिणी-तुङ्ग-तरङ्ग-कल्पः ।
क्रियाफलै देर्वेवधादुपैते-
विडम्ब्यते भिन्नरूचिर्हि लोकः ।१६।

भाषा

प्रायः सबैमा नदीके तरङ्ग
समान रूचि बिषयादि सङ्ग ।
देखा त्यो पहिले सुखको जो भास
अन्त्य असुन्दर परिणाम दुःख ।१६।

भावार्थः- प्रायः मानिसहरूको रूचि नदीको तरङ्ग झैं शीघ्र विनष्ट हुने सांसारिक विषयहरूमा नै हुने हुन्छ । आत्म ज्ञानतर्फ बिलकुलै ध्यान नजाने हुन्छ । मनुष्यहरूको पूरा जीवन संसारमा यो गर्नु छ अब यो गर्न बाँकी छ यस्तैमा बित्ने तथा बिताइरहेको हुन्छ । विषादि सुख देखनामा झलक्क सुखको भास हुन्छ, तर परिणाम अन्त्यमा अत्यन्त दुःखकारक अनर्थकारी यो सबै कुनै काममै नलाग्ने विनष्ट हुने कुरामा त्यसैको विचार ध्यानमै जीवन नष्ट हुने हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यथा निपातः तरूणां समेत्य
जन्माशु जातं लयमाप्रयान्ति ।
तथैव लोकाः स्वविवेक हीनाः
समेत्य गच्छन्ति कृतोप्यहोभिः ।१७।

भाषा

पलाई रत्रै रूखमै पहिले
भई पहेंला–जमीनै त्यो झर्छ ।
त्यस्तै मनुष्य जुन देह मिल्छ
अकार्थमा नै त्यो बिलाइहाल्छ ।१७।

भावार्थः– जसरी वृक्षहरूमा पातहरू पलाई अन्त्यमा पहेंलो भैं झर्ने हुन्छन्, त्यस्तै मानिसहरू पनि यो असार संसारमा जीवन प्राप्त गरी आत्मज्ञानदेखि रहित भएर आफ्नो पूर्ण जीवन भरीमा लौकिक पदार्थहरूमा नै आसक्त भएर अंत्यमा सबै छोडेर थोरै कालमै असंतोष-को वासना लिइ बिलाइजाने हुन्छन् ।

इतस्ततो दूर तरे प्रहृत्य
प्रविश्य गेहं दिवसावसाने ।
विवेकि–लोकाश्रय साधु कर्म–
रिक्तेति रात्रौ क उपेति निद्राम् ।१८।

भाषा

विवेकि साधु जन संगतिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



के गर्न सक्थ्यो मन त्यो विलासी ।
घुमेर व्यर्थै घर भित्र साँझ
सुत्नै के सक्थ्यो विश्राम रातो ।१८।

भावार्थः- महामूढहरू विना कुनै पनि समझदार मनुष्य दिनमा टाढा-टाढा यताउति भड्केर विवेकशील महापुरुषहरूको संगति र सत्कर्महरुको अनुष्ठान नगर्दै सन्ध्या वेला घरमा आएर सुख निद्रामा त्यो सुत्न के सक्थ्यो ? अर्थात् अशान्त मन भएकोले आनन्द प्राप्त गर्न सक्ने होला र ?

बिहाबिते शत्रु जने समस्ते
समागता याम भितश्च लक्ष्याम् ।
सेव्यंत ऐतानि सुखानि यावत्
तावत्समायाति कुतोपि मृत्युः ।१९।

भाषा

बाधा दिने शत्रुहरू हटाई
सम्प्राप्त भोग सुख शैल वैभव ।
भोगेर आफ्नो जुन हो स्वरूप
नजानी व्यर्थै हुन जान्छ अन्त्य ।१९।

भावार्थः- बाधा अनेक प्रकार दिने शत्रुहरूलाई निभाई जुन वेला सर्वतिरबाट ऐश्वर्य वृद्धिका साथ सम्पत्ति प्राप्ति भएकामा त्यसैको भोगमा लिप्त भएर उपभोग गर्दा गर्दै आफ्नो स्वरूपको ज्ञान वास्त-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विक कर्तव्यलाई भुलेर रातदिन त्यसैमा भुलिरहने जुन प्राणी हो, त्यसको प्राण हर्ने काल व्यर्थै समीपमा आउने हुन्छ।

कुतोऽपि संवर्द्धि न तुच्छ रूपै -
मर्ग वैर मोभिः क्षण नष्ट दृष्टैः।
विलोह्यमाना जनता जगत्यां
नवेत्युपायात समह न पातम्। २०।

भाषा

लीला जगतमा जुन हो त्या काल
भएको देख्दा पनि चेतिँदैन।
आश्चर्य यै छ धन तुच्छतामा
मस्तै हुने त्यो नरभाव चैन।२०।

भावार्थः– यो जगतमा अहर्निश मृत्युको लीला भएको देख्दा पनि मनुष्यहरू चेतदैनन्। अवश्यम्भावी नटालिने कुरा अर्थात् काल एक न दिन अवश्यै आएर बिताउने कुरामा ख्याल नगरी केवल तुच्छ सम्पदा सुख वैभवहरू जुन कि क्षण मात्रमा नाश हुने, त्यसैमा मोहित भएर त्यसै नै मृत्युलाई भुलेर बसिरहने हुन्छन्।

प्रियासुभिः काल मुखं क्रियन्ते
जनैऽकास्ते हत कमबद्धाः।
यैः पीनतामेव बलादुपेत्य
शरीर बन्धे न च ते भवन्ति।२१।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

प्राण समानै जुन देह प्यारो
गर्ने त्यो भोग विषयादिबाट ।
क्षणैमा नाश जुन अन्त्यकाल
गर्दैन आस्था त्यो विद्वानबाट ।२१।

भावार्थः— प्राण भन्दा पनि प्रेम गर्ने जुन पुरुष हो त्यसले पनि प्राण सयुक्त देहको पोषण विषयादिको सुखको लागि भोगमा परायण भैरहने हुन्छ अन्त्यमा समय आएपछि विनष्ट हुने नै हुन्छ, जो तत्त्व-ज्ञानी विवेकी जन हुन्छ, त्यसले देहको पोषणको लागि विषयहरू सामग्री जोरेर भोग गर्न यो क्षणिक देहलाई प्रयास नगरी यो देहबाटै आत्म कल्याणको साधन मानी प्रयोगमा ल्याउने हुन्छ ।

प्राणापहारैकपरा नराणां
मनो मनोहारितया हरंति ।
रक्तच्छदाश्वं चलष पदाक्ष–
विषुद्रुमुमा ललना स्त्रियश्च ।२२।

भाव

बेली लहरा विषकै मनोहर,
पुष्पादि–लाली ललना सुचंचल ।
प्रारम्भमा नै मन चोरी व्यर्थ,
प्राणै त्यो हेर्न नरकै पु देह ।२२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थ:– जस्तो साधन वृक्षमा रमणीय विष बेला समान भ्रमराहरू अति चंचल एवं कोमल तथा रक्त पल्लवहरू सदृश अधर भएका मनोहारिणी सुन्दरीहरू आरम्भकालमा मनलाई हर्ने फेरि परिणाममा नरका प्राणहरू सर्व विनष्ट गराउने साधन हुन आउँछन्,

इतोन्यतस्वोधगतासुधैव
संधान संकेत निबद्ध भावा।
यात्रा सभा सङ्गसमा नराणां
कलत्र मित्र व्यवहार माया।२३।

भाषा

माता पितादि जुन हुन् कलत्र
व्यवहार माया परिपंच मात्र।
सभा तथा तीर्थ समान मेला,
क्षणिक संगै-जगकै छ भेल।।२३।

भावार्थ:– यो संसारको नाट्यशाला तथा रङ्गमंचमा प्राणीहरू मायाकै परिपंचमा आमा बाबु तथा पुत्र भाइ बन्धु दिदीबहिनी मित्र इत्यादिका वेशमा सभा तथा तीर्थको मेला क्षणिकभर सङ्ग भएको झैं हामीहरू पनि यहाँ सम्मिलित भएका छौं, त्यस्तै जगत् ससारमा स्वल्पसमयको लागि माया मोह तथा प्रेम फेरि भेट्ने आशाले गमना गमनको व्यवहार गैरहेको सबै आपना-आपना मार्गमा जानु पर्ने र गैरहेका छन्। यहाँ कसैसंग केही पनि सम्पर्क रहने होइन।

प्रदीप शांतिण्विवमुक्तभूरि

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दशास्वपि स्नेह निबंधनीषु ।
संसारमाला सुचलाचलासु
न ज्ञायते तत्त्व मतात्विकोष ।२४।

भाषा

बलीरहेका जुन दीपमाला
कोही त्यो बल्ने कोही ता त्यो निभ्ने ।
प्रारब्ध कर्मँवश प्राणी सारा
चलेका हुन्छन् जग बीच यस्तै ।२४।

भावार्थः— जसरी दीप मालाहरूमा कोही बल्ने कोही निभ्ने हुन्छन् त्यस्तै ठीक बाल्य, यौवन र वृद्धताको अवस्थाहरूमा भोग्दै जन्ममरणको परम्पराहरू कुलालचक्रकै समान वेगपूर्वक घुमिरहेको छ र अत्यन्त चंचल बत्ती तेल रहेसम्म बलि नै रहने र तेल खत्तम भएपछि त्यसै नै निभ्ने, यस्तो अतात्त्विक स्नेहजीवन तक नै रहने हुँदा यो सर्वथा मिथ्याभूत छ ।

संसार संरंभ कुचक्रिकेय
प्रावट्पयो बुद्बुद भंगुरापि ।
असावधानस्वजनस्य वृद्धौ
चिरस्थिर प्रत्ययमात नोतिः ।२५।

भाषा

कुमालेको चक्र सरी घुमेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



फालोको फोका सरी यो असार ।
अज्ञानतामा जुन हो मनुष्य
ठानेर नित्य जग बीच साझ ।२५।

भावार्थः– यो संसार कुमालेको चक्र झैं घुमिरहेको छ किन्तु असावधान पुरुषहरूको बुद्धिमा त्यसलाई चिर–स्थिरतामा नै प्रतीत भैरहेको, ठीक त्यस्तै वर्षाको जलमा बुलबुले फोकाहरू उठ्ने र विलाउने झैं यो सांसारिक प्रवृत्ति अनित्यमा नित्य झैं प्रतीत मानिरहेको छ ।

शोभोज्ज्वला हंसवशाद्विनष्टा
गुणाः स्थिताः संप्रति जर्जरत्वे ।
आश्चर्यमत्र दूर तरं यथाता
जलस्य हेमंतइवाम्बुजस्य ।२८।

भाषा

जस्तो शरद् काल महा सुवर्च,
हेमंतमा नै त्यो शुकेर जान्छ ।
त्यस्तै त्यो राम्रो नर–यौवनैको
बुढाइँमा नै सब नष्ट हुन्छ ।२६।

भावार्थः– जसरी शरद् ऋतुमा कमल पुष्पहरूको सौन्दर्य सौगंध्यादिक गुण शोभाप्रद हुने हुन्छ र हेमन्त ऋतु आएमा सुकेर नष्ट हुन जान्छ, त्यस्तै मानवको यौवन देह चमत्कृत देखाउने गुणहरू वृद्धतामा सबै नष्ट हुने हुन्छ । त्यस अर्थ यसको के विश्वास गर्ने हो ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पुनः पुनर्दैववशादुपेत्य-
स्वदेह भारेण कृतोपकारः ।
विलूयते यत्र तरुः कुठारै-
रास्वासने तत्रहि कः प्रसङ्ग ।२७।

भाषा

कृतघ्नतासा जुन स्वार्थतावश
फले फूलेका ति सुरम्य वृक्ष ।
परोपकारी जसको छ कार्य
विनष्ट पार्ने अपराधि मानव ।२७।

भावार्थ– यो संसार अति नै स्वार्थ एवं कृतघ्न छ । दैववश अनेक वार जन्म ग्रहण गरेर आफ्नै छाया - पत्र - पुष्प तथा फलले लटरम्म भएका परोपकारी जीव - निरीह निःस्वार्थ सेवक वृक्षलाई काट्ने यस्ता मानव उपकारदेखि रहित महान् अपराधी प्राणी जीवित रहने, यसमा विश्वास गर्ने कुनै पनि कारण हुनै सक्तैन, अर्थात् के विश्वास गर्ने ?

मनोरमस्याप्यति दोष वृत्ते
रंतविघाताय समुत्थितस्य ।
विषद्रुमस्येव जनस्य संगा-
दासाद्यते संप्रति मूर्च्छनैव ।२८।

भाषा

विष वृक्ष झैं त्यो जुन हो मनुष्य;

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सुरम्य भाव नर-देह सुन्दर ।
आसक्ति भित्र मन त्यो अशान्त
संक्रामक रोग विषाक्त श्वाँस ।२८।

भावार्थः– विष-वृक्ष र विषयमा समासक्त मनुष्य यो दुवै माथिबाट हेर्दा मनोरम प्रतीत हुने हुन्छ किन्तु त्यसको भित्र विषले भरिएको दोषै दोषले पूर्ण भएको हुन्छ । विष - युक्त वृक्ष हृदयमा स्थित प्राण-हरूका विघात गर्न तयारीमा लागेकै हुन्छ, साथै विषयहरूमा आसक्त पुरुषमा रहने शान्तिलाई विघातकै लागि हुने हुन्छन् । अर्थात् यी दुवैको सङ्गतिले गर्दा मनुष्यहरूमा संक्रामक रोगले आक्रमण गरी मूढ तथा मूर्च्छार्पनामा पार्ने हुन्छन् ।

कास्तादृशो यासु नसंति दोषाः
कास्ता दिशो यासु न दुःख दाहः ।
कास्ता: प्रजा यासु नभंगुरत्वं
कास्ता: क्रिया यासु न नाम माया ।२९।

भाषा

दिशादिमा त्यो दुःख दर्द दाह
संसार—माया—नरलोक जाल ।
दोषै नभएका कुन ठाउँमा छ ?
देखा परेका जुन हो जगत्मा ।२९।

भावार्थः– यो संसारको सबै वस्तु दोषै दोषले भरिएको छ । जगत्मा कुन वस्तु छ जसमा दोष नभएको ? जहाँ गए पनि म त पीडा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



देखि रहित अर्थात् रोग-रहित देश स्थान कुनै पनि कतै देखिन्दैनँ। कुन जीव धेरै अमर भै बाँचेको छ? तथा कुन क्रिया जाल कपटले नभरिएको संसारी माया कहाँ छैन र? सबै थान दशामा सबै दोषले भरिएका तथा कपट पाखण्डले भरिएको यो संसारको माया विचित्रको छ।

कल्पाभिधान क्षण-जीविनो हि
कल्पौघ संख्या कलने विरिञ्च्याः।
अतः कलाशालिनि कालजाले
लघुत्व-दीर्घत्व धियोस्तु सत्याः। २०।

भाषा

क्षणादिकाल गणना हिसाब
क्षणिक लामो भरको स्वभाव।
लघुत्व, दीर्घत्व, विचार मात्र
अनन्त कालै, छ अनन्त रहदै छ।

भावार्थः- यस कालको गणनामा एक क्षणदेखि लिएर कल्पसम्मको जुन गणना हो त्यो कल्पना पनि वास्तविक हुनै सत्यको आधार नभएको। जसमा कि जीवनको छोटो र लामो मानिसहरू कल्पना गणना मानिरहेका छन्। त्यस्तो काल कति बित्यो अब कति आउने हो यसको सख्या नै गर्न नसकिने, अनन्त, कल्प बित्यो, अनन्त कल्प आउँदैछ। तसर्थ काल जो छ अनन्त पार पाइ नसक्ने वस्तु छ। श्री विष्णु, रुद्र तथा ब्रम्हाजीको दृष्टिमा पनि कालको अगाडि कल्प क्षणै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



समान नै हुन्छ । ब्रह्मलोकको निवासीहरु पनि कल्पँतक जीवन राखी नै र्णं बिर्ने हुन्छन् । अन्तमा एक न एक दिन विनाश नै हुनु पर्ने हुन्छ। सर्वदा स्थायी भएर कुन चाहिं बसेको र बसिरहेका छन् । सबै कालको अगाडि कर्णका जीवन नै हुने हुन्छन् । अर्थात् कुनैलाई पनि कालले बाँकी राखेको छैन ।

सर्वत्र पाषाणमया महीध्र
मृदा मही दारू भरे च वृक्षा ।
मांस जनाः पौरुष बद्ध भाग
नापूर्वमस्तीह विकारहीनम् ।३१।

भाषा

पत्थर पहाडै, माटो भूमिकै
काठै तथा वृक्ष, नर मांस हाड ।
संसार वस्तु जुन हो जगत्का
नाना विकारै सब कल्प-भास ।३१।

भावार्थ:- यो जगत्मा मानिसहरूले नै आफ्नो कल्पित संकेतहरू-को रचना अनुसार समस्त पदार्थहरूलाई विशेष नामकरण गरेका छन् समस्त पदार्थहरुमा पत्थरै हुन्छन्, भूमिमा माटै हुन्छ, वृक्षमा काठै हुन्छ तथा मानिस हाड मासुकै बनेका हुन्छन् । भन्नाको तात्पर्य यही हुन्छ कि यी समस्त भोग्य वस्तुहरूमा कोही पनि अपूर्वता देखा पर्दैन, सबै विकारैले भरिएका पदार्थहरू हुन् ।

आलोकयसे चैतन कानुविद्धा—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पयोनुबद्धोस्तन यो नमस्थः
पृथग्विभागे पदार्थ लक्षण्या
एतज्जगन्नेतरदस्ति किञ्चित् ।३२।

भाषा

देखा परेको जुन हो जगत्‌त्यो
आकाश वायु जल तेज भूमि ।
ती तत्त्वबाटै रचना विचित्र
भएको मात्र, अरू के छ सार ? ।३२।

भावार्थः– संसारका समस्त पदार्थहरूको रचना, जल, अग्नि, वायु आकाश र भूमि यी पाँच भूतहरूको परस्पर समिश्रणबाटै भैरहेका अर्थात् बनेका विवेकहीन पुरुषका दृष्टिमा घरमा अनेक मणि आदिकै रूपमा भिन्न भिन्न प्रतीत भैरहेका छन् । विवेकका दृष्टिमा केवल यी पंच तत्वकं आधार तथा संमिश्रणबाट रचिएका विश्वदेखि अतिरिक्त अरू कुनै पनि वस्तु सिद्ध हुन आउँदैन अर्थात् त्यसमा सार वस्तु कुनै देखा पर्दैन ।

चमत्कृतिश्चेह मनस्विलोक–
चेतश्चमत्कारकरो नराणाम् ।
स्वप्नेपि साधो विषयः कदाचित्
केषांचिदस्त्येति न चित्ररूपा ।३३।

भाषा

तदर्थमिथ्या व्यवहार दृष्टि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सुकौसलैया रचना विचित्र ।
मन भोगादि जनविज्ञ जन्मा
जो जे रहेका सपनैं समान ।३३।

भावार्थ:– हे मुनीश्वर ! यो जगत् सर्वथा मिथ्या भए तापनि पदार्थ विषयमा व्यावहारिक कौशलताको कारण महान् विद्वान पुरूषहरूका मनमा पनि भोग सम्बन्धी चेष्टाको समुत्पन्न गराउने जुन व्यवहारको चमत्कृत अथवा व्यावहारिक प्रवृत्ति देखा परेका छन् । यी कुनै आश्चर्यको कुरा छैन, किनकि वहुधा स्वप्नहरूमा मिथ्याभूत विषयलाई लक्ष्य बनाएर केही मानिसहरूमा झैं चमत्कार पूर्णबाटै भएको प्रवृत्ति मात्र देखा परेका हुन् ।

आदातुमिच्छन् पदमुत्तमानां
स्व चेत सेवापहतोद्यलोकः ।
पतत्य शंकेपशु रद्रिकूटा
त्तालवल्लो फलवाञ्छयैव ।३४।

भाषा

जस्तो हरिया वन घांस पल्लव
देखी परै लोभ भिरालो–पर्वत ।
चिप्लेर खस्ने पशु झैं मनुष्य
वैभव पदैका धन मान गर्त ।३४।

भावार्थ:– जसरी हरिया काँसने भरिएका पहाडको टुप्पोमा पशुहरू लोभवश आनन्द मानी चढ्दै पुगेर अलिकति तलमाथि परेमा चिप्लेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तल खस्दछन् । त्यस्तै यो विश्वमा मनुष्यहरू श्रेष्ट पुरुषहरूको पद वैभव आदि प्राप्त गरेको देखी त्यस्तै लोभवशमा परी राग-द्वेष आदि दोषले गर्दा आफ्नै महान् चित्तकै खाल्टोमा पारेर संसारकै चक्रमा घुमिरहेका छन् ।

क्वचिज्जलाभाट्ट वसून्दरेषु
क्वचित्कठोरेषु च संचरंत ।
देशान्तरालेषु निरंतरेषु
वनात खण्डेष्विव कृष्णसारा: ।३५।

भाषा

मृगै त्यो काला भ्रमणै प्रदेश
कहीं नरम घाँस कहीं कठोर ।
त्यस्तै मनुष्य प्रभु मान सद्गुण,
कहीं कडा क्रोध-विवेक-हीन ।३५।

भावार्थ:- जस्तो कालो मृग विभिन्न वन प्रदेशहरूमा भ्रमण गर्दा कहीं अत्यन्त कोमल हुन्छन् र कहीं कठोर हुन्छन्, त्यस्तै मनुष्यहरू पनि कहीं सद्गुणसम्पन्न मान-पदमा विभूषित हुन्छन्, कहीं काम क्रोध असद् दयाहीन भावमा परी घुमिरहने हुन्छन् अर्थात् यो देह जो छ कहिल्यै अमीर कहिले गरीब, कहिले साधु कहिले असाधुको वेष लिई भ्रमण गरिरहने हुन्छन् ।

जनः कामासक्ता विविध कुकला चेष्टनपर,
सतु स्वप्नेऽस्मिन् जगति सुनलोनाथ सुजनः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



क्रिया दुःखा संगा विधुर विधरा नूनमखिला

नजाने कर्तव्या कथमिवदशा जीवितमयी ।३६।

भाषा

असारै संसारै जन सब नरै कामरतता ।

त्यसै व्यर्थै क्रिया चल पर सुख भावपरता ।

अहो कस्तो स्वप्न—जगबिच कसो के छ, भन लौ,

नरै दग्धचित्त दुःख सन सबका किन, प्रभा।।३६।

भावार्थ:– यो विश्व संसार जो हो त्यो स्वप्न झैं मिथ्या भूतमा मानिसहरू व्यर्थै अनेक कामनाहरूका लागि मग्न भएर अनेक दुष्कर्महरू गर्दछन्, जुन कि आपात रमणीय प्रतीत भैरहेको छ। यसको परिणाम अत्यन्त भीषण हुने हुन्छ। विवेकशील मनुष्य कतै देखा पर्दैन। मनुष्य त्यस्तै दुःखकै ज्वालामा दग्ध भैरहेका छन्। मनमा केही कुनै विचारै आउँदैन कि किन यिनीहरू यसरो जीवन-धारण गरेका होलान् तथा विवेक विचार शून्यता किन भएको होला ?

यसरी योगवासिष्टका २२ सौं सर्गको दैवीदुर्विलासको वर्णन समाप्त भयो !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## चौबीसौं सर्ग

## (२४)

# (निश्रेय–विरोधी भाव तथा नित्यता प्रतिपादन)

श्रीरामोवाच:–

यच्चेदं दृश्यते किंचिज्जगत्स्थावरजंगमम् ।
तत्सर्वमस्थिरं ब्रम्हम् स्वप्न–संगम–संनिभम् ।१।

भाषा

प्रभु यो जगतै सारा वस्तु जंगम स्थावर ।
मिले झैं दृश्य स्वप्नैका निस्सार भाव अस्थिर ।१।

भावार्थ:– श्रीरामजी बोल्नुहुन्छ:– हे मुनिवर ! यो यस बेला जुन स्थावर (अचर) र जङ्गम (चर) स्वरूप भएको दृश्य जगत्मा जो जे वस्तुहरू छन् ती प्रत्यक्ष झैं देखिरहेका सबै स्वप्नवत् एक छिनमा मिलाप र फेरि वियोग यस्तो निस्सार एवं अस्थिरै भएका मात्र हुन् । आखिर केही पनि कोही होइन ।

शुष्क सागर संकाशो निखातो योद्य दृश्यते ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सं प्रातरभ्रसंवीतो नगः संपद्यते मुने ।२।
यो वनव्यूहविस्तीर्णो विलीढ गगनो महान् ।
दिनैरवे सयात्युर्वी समतां कूपतां च वा ।३।
यदंगमद्य संवीतं कौशेय स्रग्विलेपनैः ।
दिगम्बरं तदेवश्वो दूरे विशरिता वटे ।४।

भाषा।

सुख्खा भूमिको खाल्टो रहेको जुन हो पर ।
भोलि नै मेघद्वारा त्यो भरेरै बन्छ सागर ।२।
आकाशै नीलिमा झैं त्यो रहेको घोर जंगल ।
त्यसैमा फेरि त्यो बन्छ विशालै नगरै पर ।३।
देह यो मूल्यवानैका वस्त्र लेप सुगन्धित ।
भोलि त्यो प्राण छुटेमा मिल्किने नदीकै तट ।४।

भावार्थः– हे मुनिवर ! जुन आज यो विशाल खाल्टो जुन जलविना त्यसै पडिरहेको छ भोलि मेघबर्षाबाट भरिपूर्ण सागर समानको जल भरिने हुन्छ । जुन स्थानमा हरिया जंगल नीलिमा आकाश झैं व्याप्त भै रहेको छ त्यो भोलि नै फाँडिएर विशाल नगर तथा सुन्दर भवनहरू बन्ने हुन्छ तथा भूमि समतल परमसुन्दर जुन मैदान हो त्यसमा केही समयमै झारहरू उम्री खाल्टो हिलोमा परिणत हुने हुन्छ । आज यो संसारमा जुन शरिर हो त्यमलाई मूल्यवान् रेशमी वस्त्र तथा सुगन्धित अत्तर–तेलले सयुक्त विविध–आभूषणले सजाइराखेको जुन छ, त्यही भोलि प्राण छुटेमा नदी किनार वा कुनै शून्य घोर जंगलका रूखमुनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भिल्काइने हुन्छ ।

अत्राद्य नगरं दृष्टा विचित्राचार चंचलम्
तत्रवोदेति दिवसैः संशून्यारण्य धर्मता ।५।
यः पुमानद्य तेजस्वी मंडलान्यधितिष्ठति ।
स भस्म कुटतां राजन् दिवसैरधिगच्छति ।६।
अरण्यानि महृभो माया नभो मंडलापमा
पताकाच्छादिताकाशा सैव संपद्यते पुरो ।७।

भाषा

सुन्दर नगर भित्र नर-नारी चहलपहल ।
महानगरी त्यसी भोलि बन्छ छ निर्जन वन ।५।
शासन तरको कर्ता -राजा विद्वान मानव ।
भोलि त्यो केही दिनमा दग्ध भस्म त्यसै सब ।६।
जंगलै घोरको जो हो फाँडिएर हुने दिन
नगरै बस्ति त्यो बस्ने भवनै दिव्य मङ्गल ।७।

भावार्थः– जहाँ आज अनेक किसिमका आहार -विहार तथा चहल पहलले परिपूर्ण चंचलताले युक्त नगर देखा परेको छ, त्यहीं भोलि वा केही दीन बाद एकदम सुनसान वनको रूपमा परिणत हुन जाने हुन्छ । यो जगत हिजो आज परम तेजस्वी बलवान् शूरवीर जुन कि अनेक मंत्री बुद्धिमान् जन तथा वीर सैनिक प्रजाजनको पूर्ण आधिपत्य जमाई शासन गर्ने राजा महाराजा केही दिन बाद राज्यभ्रष्ट भै यो हराभरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



देश खरानीको ढिस्को हुने हुन्छ । जसमा फेरि वनै वन झार-झंखार झाडीहरूले युक्त भूमि भोलि केही दिनपछि सुन्दर नगर बस्ती तथा महल आदि तयार हुने हुन्छन् ।

या लतावलिता भीमा मान्यद्य विपिनावली ।
दिवसैरेव सायाति पुरतरु महीतदम् ।८।
सलिलं स्थलतां याति स्थली भवति वारि भूः ।
विपर्यस्यति सर्वं हि म कष्ठांबु तृणं जगत् ।९।
अनित्यं यौवनं बाल्यं शरीरं द्रव्य-संचयाः ।
भावाद् भावान्तरं यांति तरंगवदनारतम् ।१०।

भाषा

भूमिको भाग जो पूर्व लता कुञ्जं वनस्थल ।
पछि फेरि त्यही स्थान मरुभूमि समस्थल ।८।
शुष्क भूमि जलै पूर्ण तालको रूप धारण ।
त्यस्तै काष्ट तृणं टम्म अदलीबदली कन ।९।
यौवन-धन सम्पत्ति, मान वृद्धि धनै सब ।
अनित्य स्थिरता छैन तरंग जल झैं पर ।१०।

भावार्थः- जुन यो भूमि विशाल क्षेत्रमा कहीं जलै जल कहीं जंगल कहीं मनोहर बाग बगैंचायुक्त भवन यो सबै क्षणैमा नाश भै कुनै जल भएको स्थान भूमि खाल्टो वन जंगल भएको स्थानमा जल आदिले भरित हुने कालचक्रको प्रभावले यो अदलबदल भै नै रहने हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यस्तै नै बाल–यौवन धन जनले आज मदमस्त भैरहेका भोलि फेरि फेरि कालचक्रका प्रभावले दीन–हीन अवस्थामा गुज्रने हुन आउने कुरा हामीले बुझ्नु पर्ने हो । कारण, यो जगतमा कुनै पनि स्थिरता छैन, जलको तरङ्ग झैं छिनमा हराउँछ र फेरि उत्पन्न हुने कुरा छ ।

वातांतद् दीपकशिखा लोलं जगति जीवितम् ।
तडित्स्फुरण संकाशा पदार्थ श्रीजगत् त्रये ।११।
विपर्यासमियं याति भूरि भूत परम्परा ।
बीज राशि रिधा जस्त्रं पूर्यमाणः पुनः पुनः ।१२।
दिवसास्तै महांतस्ते संपदस्ताः क्रियाश्च ता ।
सर्वं स्मृतिपथं यातं यामो वयमपि क्षणात् ।१३।

भाषा

दीप झैं वायुयुक्तका जीवनै खास चंचल ।
अस्थिरै शीघ्र त्यो नष्ट विद्युत्झैं चम्किने पर ।११।
धन–धान्य भरी पूर्ण भए तापनि यो अब ।
खालो त्यो भोलि नै सिद्ध विपय भावना अन ।१२।
संपदै युक्तको राज्य नामधारी सबै सब ।
स्मृतिकै पथ बन्ने छन् जानु पर्ने यसै क्षण ।१३।

भावार्थः– यो जगत्मा प्राणीहरूको जीवन हावा लागेका ठाउँको बत्ती झैं चंचल एवं चाहयो भने क्षणैमा बत्ती निभे झैं शीघ्र नष्ट हुने हुन्छन् साथै यी समस्त पदार्थहरूको जुन अहिले शोभाशालिता चमक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दमक छन्, ती सबै अगिक विजुली चम्केका झैं विनष्ट हुने कुरा छ। यो महोत्सवले विगारपूर्ण एवं विशाल वैभवले समन्वित एवं शोभा युक्त दिन–महान् प्रतापी राजा पुरूष–प्रचुर सम्पदाहरू तथा यो कार्य हरू जति छन् ती सबै पछि संज्ञना अर्थात् स्मृतिको विषय हुन जाने हुन्छन्। जस्तो हामी पहिलेका राजा तथा मुनिहरूको जुन वैभव वा तपस्याका काय हुन्, त्यो केवल चर्चा मात्र गर्दछौं, त्यस्तै यो चर्चा मात्र रहने गरी हामीहरूले पनि यो संसारलाई छोड्नु पर्ने हुन्छ, र नै अज्ञात स्थानमा जानु पर्ने हुन्छौं वा जाने छौं र अब अगाडि पब हुने पछिका मानिसहरूको लागि एउटा स्मरणको विषय बन्ने हुन्छ।

**प्रत्यहं क्षयमायाति प्रत्यह जायते पुनः।**
**अद्यापि हतरूपायां नान्तोस्या दग्धसंसृतेः।१४।**
**तिर्यक्त्वं पुरुष यान्ति तिर्यञ्चो नरतामपि।**
**देवाश्चा देवतां यान्ति किमिवेह विभा स्थिरम्।१५।**
**रचयन् रश्मिजालेन रात्र्यहानि पुनः पुनः।**
**अतिवाह्य रविः कालो विनाशावधिमोक्षते।१५।**

**भाषा**

**दिन् दिनै नाश उत्पन्न प्रवाह जगको बिच।**
**अदग्ध चक्र संसार घुमेका प्रति संसृत।१४।**
**मानिसै कहिले जन्तु, कहिले जन्तु मानव**
**देवता पनि त्यो अन्त छैन लो स्थिरता अब।१५।**
**रचना दिन र रात्री सूर्य देव घुमीकन।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**रचनाकार त्यो नष्ट एक दिन त्यसै क्षण ।१६।**

भावार्थ.– यस्तै प्रकारले यस संसारमा प्रतिदिन वस्तुहरू उत्पन्न हुने हुन्छन् साथै प्रति दिन नष्ट पनि हुँदै रहन्छन् । यसको प्रवाह गति उत्पत्ति विनाश बराबर भै रहनाको कारणले नै संसरणशील छ, त्यसैले यसलाई संसार भनिएको छ । आजसम्म यो नष्ट-प्राय: दग्ध भएको ससारको अन्त भएको देखिँदैन । यस संसारमा मानिस, पशुयोनिमा र पशु मानिसका योनिमा फेरि जन्म ग्रहण गरिरहेका छन् । मानिस मात्र होइन, देवताहरू अन्य देवेतर योनिहरूमा जन्म कर्मवश जन्मधारण गरिरहेका छन् । संसारमा कुनै वस्तु पनि स्थिरतवस्था रहेको छैन । रात-दिनको रचनाकार सूर्यदेव पनि आफ्नो काल बितेपछि जानु नै पर्ने हुन्छ ।

**ब्रम्हा विष्णु रुद्रश्च सर्वा वा भूतजातयः ।**
**नाशमेवानुधावंति सलिलातीव वाडवम् ।१७।**
**द्यौ क्षमा वायुराकाशं पर्वताः सरितो दिशः ।**
**विनाश वाडवस्यैतत्सर्वं संशुष्कमिन्धनम् ।१८।**
**धनानि बान्धवा भृत्या मित्राणि विभवाश्च ये ।**
**विनाशभय भीतस्य सर्वं नीरसतां गतम् ।१९।**

**भाषा**

**ब्रम्हा, विष्णु र शंकर, समस्त देवता गण ।**
**विनाश जल झैं सारा विलीन वडवानल ।१७।**
**स्वर्ग, वायु तथा भूमि, आकाश पर्वत नदी ।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दिशा सारा सबै नष्ट, शुष्क कष्ट सरी जलि ।१८।
नासिने वस्तु यो सारा संसारै परिकल्पित ।
भाइ–बन्धु तथा मित्र असार, छन लौ हित ।१९।

भावार्थः– जसरी सम्पूर्ण जल वडवानलैमा अनुसरण गरिने हुन्छन् त्यस्तै नै ब्रम्हा–विष्णु–शंकरादि समस्त देवगण अन्ततोगत्वा विलीनै हुने हुन्छन् । स्वर्ग–भूमि–वायु–आकाश–पर्वत–नदीहरू तथा दिशा सबै विनाशको रूपमा वडवानलैमा शुष्क इन्धन समानै जली विलीन हुन जाने हुन्छन् । अतएव यो जगत् सारा तथा जगत्का वस्तुहरू नाशवान छन्, भने यो भैरहेको धनवैभव–भाइ–बन्धु, भृत्यवर्ग, मित्रहरूका समुदायका साथै ऐश्वर्य सबै एक न एक दिन विनाश हुने हुँदा भयले युक्त पुरुषको लागि सबं नीरस तथा असारै प्रतीत भैरहेका छन् ।

प्रति क्षण विपर्यासि पानिना निहतात्मना ।
जगद् भ्रमगके राम धावता हि न मोहिता ।२०।
तमः पंक समालब्ध क्षणमाकाशमंडलम् ।
क्षणं कनक–निष्पंद कोमलालोक सुन्दरम् ।२१।
क्षणं जलद -नीलाब्ज माला–बलित–कोटरम् ।
क्षण मुड्डामरणं क्षण मूकमिवस्थितम् ।२२।
क्षणं ताराविरचितं क्षणमर्केण भूषितम् ।
क्षणमिन्दुकृताल्हादं क्षण सव बहिस्कृतम् ।२३।

भाग।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



छन्द:—दीन यसै क्रमले विपर्य भावना क्षण ।
घुमेका जगत स त भाङ त्यो पनि मोहित ।२०।
क्षणैमा ढाकिने धूलो आकाशै विश्वमण्डल ।
क्षणैमा नै हटी शुद्ध मणि जस्तै सु—उज्जवल ।२१।
क्षणै वर्षा घनघोर ढाकेर कालो बादल ।
क्षणैमा त्यो हटी शुद्ध लाटो झैं शान्त निर्मल ।२२।
झिलिमिली क्षण तारा आकाशै मणि—काञ्चन ।
क्षणै चन्द्र, रवि, फेरि अँध्यारो परिवर्त्तन ।२३।

भावार्थ:— यो संसारमा मनुष्यहरू क्षण भरी विपुल वैभव प्राप्त गरेर धनी हुन जान्छन्, र फेरि क्षण मात्रमा महा दीन दरिद्र दुखी हुन जान्छन् । क्षणमा रोगी क्षणमा निरोगी, यस्तै प्रकारले विपरीत दशा प्राप्त हुने यो नश्वर संसारमा भ्रमबाट प्राप्त भएका मोहन गर्दा वडे वडे बुद्धिमान्हरू पनि निमग्नै भएर बसेका हुन्छन् । यहाँ यस्तै कुनै पनि यो संसारमा मोहको जालमा नफँसेका होलान् अर्थात् मोह जाल देखि कोही पनि बचेका छैनन् । यो आकाश मण्डल क्षण मात्रमा घोर अन्धकार स्वरूप कालो हिलो समान ढाकिएको हुन्छ साथै फेरि सुवर्ण-को समान कोमल सुन्दर देखा पर्ने हुन्छ । क्षण भरमा घनघोर घटा बादल छाएर भीषण वर्षा हुन्छ र साथै क्षणैमा लाटो मूक समान एक-दम शान्त हुने हुन्छ । यस नभोमण्डलमा विभिन्न छटाहरू देखा पर्छन् र साथै तारागणहरू यताउति छरिएका देखा पर्दछन् र क्षण भरमा भगवान भास्करदेवबाट भूषित हुन्छन् । क्षण भरिमा पूर्ण चन्द्रमाको ज्योत्स्नाले मनमा परम अल्हादले परिपूर्ण गराउने हुन्छ, यस्तै प्रकारले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आकाशको स्थिति समान सांसारिक समस्त पदार्थहरूको दशा पनि क्षण क्षणमा परिवर्तन हुने स्वभाव भएको यो संसार छ ।

आगमापायपरया क्षण--संस्थितिनाशया ।
न बिभेति हि संसारे धीरो पिक इवानघा ।२४।
आपदः क्षणमायांति क्षयमायांति संपदः ।
क्षणं जन्म क्षणं मृत्युर्मुने किमिव नः क्षणम् ।२५।

भाषा

क्षणै स्थिर क्षणै नाश संसार परि कल्पना ।
भयभीत सबै प्राणी अधीर धीर कामना ।२४।
आपदै क्षणमा हुन्छ, साथै संपत्तिमा क्षण ।
जन्म-मृत्यु यसै चक्र भएको जानिल्यौ बरा ।२५।

भावार्थः- यो संसारमा यस्तो कुन पुरुष होला जुन परम धीर तथा धैर्यवान भएर पनि आगमात्र स्थिर र क्षणैमा नाशको आवागमन-का परम्परा युक्तको जगत्को स्थितिबाट भयभीत नभएको होला ? क्षणैमा सम्पत्तिवान् र क्षणैमा आपत दुःख हुने, क्षणमा जन्म, क्षणैमा मरण, यस्तो कुनै वस्तु नहोला जुन कि स्थिरता रहेको अर्थात् जगत्-का वस्तुहरू सबै नाशवानै छन् ।

प्राणासंरक्षय एवेह जातस्त्वन्यो नरो दिनैः ।
सदैक रूपं भगवन् किंचिदस्ति न सुस्थिरम् ।२६।
तनोत्युत्पादयत्यति निहत्या सृजति क्रमात् ।
सततं रात्र्यहानीव निवर्त्तन्ते नरं प्रति ।२७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अशूरेण हतः शूर एकेनापि हतं शतम् ।
प्राकृताः प्रभुतां याताः सर्वमावर्त्यते जगत ।२८।

भाषा

प्राप्तिसाथै विनाशैमा अदलो बदली तन ।
न रहने रूप एकैमा—संसारै भाव—अस्थिर ।२६।
उत्पन्न साथ त्यो देह वृद्धि साथै अपक्षय ।
प्रत्येक जन्तु वस्तुमा दिन रातै क्रमागत ।२७।
एकबाट सयौं नाश, अशूरैबाट शूरको ।
विपरीत दशा यस्तै संसारचक्र त्यो अहो ।२८।

भावार्थः– यो संसारमा जो मानिस मनुत्पन्न भएर आउने हुन्छन् त्यसको अर्कै रूप हुन्छ र त्यसपछि रूप बदलिदै आफ्नो पनाको हुन जान तथा भैरहेको देखिएको हुँदा यो संसारै परिवर्तनशील छ एकै रूपमा मानिस मात्र होइन अरू जन्तु तथा वस्तुहरू पनि स्थिरत्वमा रहेका छैन । वृद्धि–विपरिणाम–अपक्षय–विनाशको साथै पुनर्जन्म यो पाँच प्रकारको प्रभाव दिन रातकै समान प्रत्येक मनुष्यहरूमा भै रहेकै छ । यो जगत यस्तै कुनै बलहीन कातर पुरूषद्वारा शूरवीरलाई मारिएको र एकले शयौं मानिसहरूमारेका तथा साधारण मानिस पनि नेता तथा राजा भएका, यस्तै यो संसार अहर्निश विपरीत दशामा परिवर्तित भै रहेकै देखा परेको छ । अर्थात् संसारमा कुनै पनि स्थिरत्व भावमा एकै रूपमा रहेको तथा रहने कुरा देखा परेकै छैन ।

बाल्यमल्पदिनं तद्व यौवनं श्रीस्ततो जरा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



देहेपि नक रूपत्वं कास्था बाह्येषु वस्तुषु ।२९।
क्षणमानंदितामेति क्षममेति विषादिताम ।
क्षणं सौम्यत्वमायाति सर्वस्मिन्नटवन्मनः ।३०।

**भाषा**

बाल्यकाल बित्नी युवा–वृद्धकाल पुनः अस्थिर ।
भने नौ कसरी हुने–बाहिरी रूपता–स्थिर ।२९।
क्षणमा हर्ष आनन्द, विषाद क्षणमा मन ।
नट्वा झैं यसै चल्ने मनुष्य जग–कारण ।३०।

भावार्थः– मनुष्यको बाल्यकाल थोरै दिन खेल कौतुकमै व्यतीत हो हुन्छ जसमा समयको मूल्य नै थाहा नभै बितिहान्दछ। त्यस्तै यौवन अवस्था आउँछ, विभिन्न भोग विलासमा मग्नतामै दिन रात व्यतीत भएको ज्ञानै हुँदैन, त्यसपछि वृद्धता आउने हुन्छ, शरीर सारा शिथिल हुन्छन्, तर विषय तृष्णा बराबर बढिरहने हुन्छ, जसमा समयको सदुपयोग गर्ने ज्ञानै नभएर बित्ने हुँदा हाम्रै शरीरमानै एकै रूपको स्थिरता नभएकोमा बाहिरका पदार्थहरूमा एक रूपताको रहनु तथा रहने कुरा विश्वास गर्न सकिने के हुन्छ र ? यी मनुष्यहरूका शरीर तथा मन एउटा नटवाकै समान क्षण क्षणमा आनन्द र विषम विषादको अभिनय गर्दै जाने हुन्छन् । जगत् एक नाट्यशालाको रंगमञ्चमा आफ्ना आफ्ना भागको खेल रच्दै संसारको पर्दामा अदृश्य हुने कुरा सबैले देखेको बुझेकै कुरो छ ।

यसरी श्री योगवासिष्टको वैराग्य प्रकरणको २४ सर्ग विरोधाभासको वर्णन समाप्त ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पच्चीसौं सर्ग

# (२५ सर्ग)

## (सर्वभावा अविरत विपर्यास वर्णन)

श्रीरामोवाच:-

इति मे दोष दावाग्नि दग्धे महति चेतसि ।
प्रस्फुरंति न भोगाशा मृगतृष्णाः सरः स्विव ।१।
प्रत्यहं याति कटुतामेषा संसार संस्थितिः ।
काल-पाक-वशाल्लोला रसानिम्ब यथागति ।२।
राज्येभ्यो भोग पूगेभ्य श्चिन्तावद्भ्यो मुनीश्वर ।
निरस्त चिन्ता कलिला वरमेकान्तशीलता ।३।

भाषा

सन्तप्त मन यो मेरो दुःख रूपी जगै पछ ।
असार भोगमा इच्छा ममा छैन प्रभु अछ ।१।
संसार स्थितिको भोग तीतो नीम सरी तन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रसं हीन असारैमा वैराग्य बोलता मन ।२।
देख्नामा सुखका भाग क्षणिक राज्य वैभव ।
दुःख चिन्ता सबै छाडा इच्छा एकान्त सेवन ।३।

भावार्थः- श्री रामजी बोल्नुहुन्छ हे मुनीश्वर ! यो शरीर र विषयहरूको उपभोग पूर्णतया दुःख रूप एवं अनित्य छ । यसमा अनेक दोषहरू अर्थात् दोषै दोषले भरिएका विष सरीको वस्तुहरूलाई देखेर नै मेरो मन सन्तप्त भएको छ । मेरो चित्तमा सांसारिक वस्तुहरूको भोग भोग्नामा रत्ति पनि इच्छा छैन, जस्तो जलाशयहरूमा मृगतृष्णा-को कहिले पनि उदय हुन आउँदैन, त्यस्तै यो अनित्य जगत्का भोगहरू मा भोग गर्ने मनमा आशाको अंकुरित हुन आउँदैन । जगत्को दोषहरू-लाई देखेर मेरो हृदयमा तीव्र वैराग्य उत्पन्न भएको छ । जस्तो नीमका वृक्षमा रहेका रस शून्य तीतो मात्र हुने यो संसार स्थिति दिन प्रति-दिन ममा अनि नै नमीठो टर्रो तीतो प्रतीत हुन लागिरहेका छ । अनेक प्रकारका चिन्ता दोषले पूर्ण भएको यो क्षणिक नाशने पछि दुःख दिने यस्तो भोग-वैभवको इच्छाको अपेक्षा चिन्ता जलबाट मुक्त महात्मा पुरूषहरूद्वारा अङ्गीकृत एकान्त स्थान नै सेवन गर्न विशेष रूचिकर मलाई लाग्दछ ।

नानंदाय ममोद्यानं न सुखाय मम स्त्रियः ।
न हर्षाय ममार्थाशा शाम्यामि मनसा सह ।४।
अनित्यइच्छा सुखोलोक स्तृष्णा तात दुरूद्वहा ।
चापलोपहृतं चेतः कथं यास्यामि निर्वृतिम् ।५।
नाभिनन्दामि मरणं नाभिनन्दामि जीवितम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**यथा तिष्ठामि तिष्ठामि तथैव विगतज्वरम् ।६।**

**भाषा**

**रमणी, धन, उद्यान आनन्द दिन्छ के अभो ? ।**
**हर्ष-मोह ममा छैद, मनं शान्ति सुखै अह ।४।**
**देखनामा अति नं राम्रो संसार नित्य होन त्यो ।**
**न अन्तै हुन्छ यो तृष्णा, मिलछ के शान्ति लौ प्रभा।५।**
**मरण-जीवनै व्यर्थ गर्ने के अभिनन्दन ?।**
**बस्दछ शून्यतामा नै आनन्द मानि लौ मन ।६।**

भावार्थ:- साधारणतया सबैको मन रमाउने भएको जुन सुन्दर उद्यानमा मेरो मन त्यो सुन्दरतामा आनन्द मान्दैन तथा रमणीहरू हाव भाव-कटाक्ष मुस्कान जो तिनीहरू गर्छन् त्यो पनि पुतलीनाच जस्तो व्यर्थ लाग्न आउँछ । यी विशाल वसत्र प्राप्तिमा मेरो चित्तमा कुनै हर्ष हुन आउँदैन किनकि यी सबै अनित्य असार यस्ता वस्तुहरू हुन् । मेरो मन त अब शान्तिको साम्राज्य नै इच्छा तथा अभिलाषा गर्दछ । यो परम सुखमय प्रतीत संसारै अनित्य छ, त व्यर्थ विशाल तृष्णा किन गर्ने जसमा कि यसको अन्त्यै छैन । मनै अत्यन्त चञ्चल छ, कसरी जगत्मा शन्न्ति प्राप्त गरिने हो ? नथा गर्न सक्ने हो । मेरो मनको स्थिति यस्तो भएको छ कि न जीवनकै अभिनन्दन गर्न चाहन्छु, न बाँच्नाको नै स्वागत गर्न चाहन्छु । म त अहिल्यै जस्तो भावमा स्थित छ त्यस्तै स्थितमा रहिरहेको छु ।

**किं मे राज्येन किं भोगैः किमर्थेन किमीहितैः ।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अहंकारवशादेतत्स एव गलितो मम ।७।
जन्मावलि वर त्रायामिन्द्रिय ग्रंथयो दृढाः ।
ये बद्धास्तद्विमोक्षार्थं यतन्ते येत उत्तमाः ।८।
मथितं मानिनां लोकैर्मनो मकरकेतुना ।
कोमलं खुरनिष्पेषैः कमलं करिणा यथा ।९।

भाषा

राज्य भोग सुख लागि गर्नु के अर्थ–साधना ।
अहंकारै केको यस्मा सम्बन्ध व्यर्थ भावना ।७।
जन्म–मृत्यु कूमै चल्ने इन्द्रियै ग्रन्थि–बन्धन ।
नरै त्यो उत्तमै ठान्छु मुक्ति–इच्छा प्रयत्नतः ।८।
कोमल पद्म कुल्चेर हात्तीले जसरी पर ।
त्यस्तै त कामदेवैले नष्टप्राय: सु मानव ।९।

भावार्थ.– प्रभो ! मलाई विशाल वैभव सम्पन्न यो राज्यको सुःख-को भोगबाट, तथा यस्तै अनेक चेष्टाहरूबाट केही प्रयोजन छैन । मनुष्य अहंकारबाट विगलित भै सुकेका छन्, तसथ यसबाट केही पनि श्रेयः नभएको वस्तुहरूको आवश्यकता मला छैन । बारम्बार जन्म–मृत्युको जुन ताँती लागेको यो छालाको डोरीमा बाँधिएका प्रबल इन्द्रियहरूका जुन ग्रन्थिहरू छन् त्यसकै बन्धनमा परेर त्यसै दुःखका सागरमा रुमलिएर बसिरहेका छन् । केवल उत्तम श्रेणीका जन विद्वान् मात्र यसदेखि छुट्न प्रयत्न गरिने हुन्छ । जसरी गजेन्द्र आफ्नो पादले सरोवरको कोमल पद्मपत्रहरूले कुल्चेर नष्ट भ्रष्ट गर्ने हुन्छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्यस्तै कामदेव रूप कालले कामिनीहरूद्वारा मानवहरूका जीवन प्रायः नष्टै गरेको छ ।

अद्य चेत्स्वच्छया बुद्ध्या मुनीन्द्र न चिकित्स्यते ।
भूयश्चित्तचिकित्सायाः स्तत्किलावसरः कुतः ।१०।
विषं विषय वैषम्यं न विषं विषमुच्यते ।
जन्मांतरघ्न विषया एक देह हरं विषम् ।११।
न सुखानि न दुःखानि न मित्राणि न बान्धवाः ।
न जीवितं न मरणं बन्धा यज्ञस्य चेतसः ।१२।

भाषा

निवार्थ विषयी रोग यदि लौ स्वच्छ बुद्धिले ।
चिकित्सा नगरे व्यर्थ जीवनै बित्ने त्यो हरे ।१०।
विषैले मानिस एक अन्त्य गर्न समर्थक ।
विषयी विष त्यो साह्रो संसार-जन्म-मृत्यु छ ।११।
सुख, दुःख तथा मित्र बान्धवादि सबै जन ।
बन्धनै कारणं हेतु असंगी मुक्तिभाजन ।१२।

भावार्थः– हे मुनीन्द्र ! मनुष्यको जीवनैमा आरम्भमा नै स्वच्छ विवेकद्वारा चित्तको चिकित्सा अर्थात् विषयहरूदेखि परै वा विषयहरू हटाएर परमार्थतिर लगाउने चेष्टाको इलाज नगरिएमा यो मानव जीवन त्यसै बित्ने हुन्छ र यस्तो अमूल्य अवसर कहिले फेरि प्राप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गरिने हो ? अर्थात् मानव जीवन नै मुक्तिको पद प्राप्त गर्ने अवसर हो ।

यस लोकमा जुन प्रसिद्ध विष छ, त्यो वास्तवमा विष होइन, किनकि केवल त्यो विष खाएमा एक देह मात्र दग्ध हुने हुन्छ । यो विषयरूपी विष त यस्तो भयंकर छ कि त्यसको दृश्य मनोहरताबाटै त्यसै नै विषयीहरूलाई मोहको बन्धनमा पारेर जीवहरूलाई कर्मको फल भोग्नालाई घडीको जन्म घडीको मरण यस्ता महान् दुःखको सागरम डुबाई विविध योनिहरूमा जन्म-ग्रहण गराई रहिरहने नै हुन्छ । यस संसारमा सुख, दुःख, मित्र, भाइ-बन्धु-कुटुम्ब, परिवार जीवन-मरण यी सबै भव-बन्धनको कारण भए तापनि ज्ञानी पुरूषको मन बाँधिदैन, ज्ञानशून्य अविवेकीलाई मात्र बन्धन गराउने हुन्छ ।

तद्भवा्भि यथा ब्रम्हन् पूर्वापर विदांवर ।
वीतशोक भया यासोऽज्ञस्तथोपदिशो शुभे ।१३।
वासना जाल वलिता दुःख कंटक संकुला ।
निपातोत्पात बहुला भीमा रूपोऽडज्ञ ताड्वो ।१४।

**भाषा**

प्रभु, तिमी, सबै जान्ने मलाई अब लौ यहाँ ।
उपदेश दिई शीध्रै ज्ञान-दान- शुभै ममा ।१३।
वासना कालका सारा संसारै दुःख कंटक ।
सम्पत्ति-विपत्ति जो छन् अज्ञाने रूप बन्धन ।१४।

भावार्थः- हे ब्रम्हन् ! तपाईं खास ज्ञानीं हुनुहुन्छ, प्राचींन र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अर्वाचीन सबै कुराको ज्ञाताहरूमा परम श्रेष्ट एवं शिरोमणि हुनुहुन्छ, अतएव जुन रीतिबाट म यो शोक भय र खिन्नता आदिबाट छुटकारा पाई वास्तविक ज्ञानबाट सुसम्पन्न हुन सकूँ त्यही अहिले मलाई शीघ्राति शीघ्र उपदेश प्रदान गर्नुहोस् । अज्ञानी यो जगत्मा एउटा महान भयंकर घोर वन समानको छ । वनमा जसरी मृगहरूलाई फँसाउन जाल फैलाएर यी काँडायुक्त झ्याल र झाडी ढुङ्गा जो छन्, ती सबै जाल सरी स्थान स्थानमा तल-माथि वासनाको जालो अर्थात नाना प्रकारको अज्ञानरूपी जाल यो संसार जंगलमा फैलिएका विविध दुःख रुपी कंटक समान हुन् र सम्पत्-विपत्को दशाहरूनै यो विषम तल र माथिको स्थान छन् ।

**विद्येत एवं ह्यनंते महात्मन्**
**दुराधरो न क्षयमाप्नुवन्ति ।**
**ये संगमेनोत्तम मानसानां**
**निशातमांसीव निशाकरेणः ।१५।**

**भाषा**

**ज्योति त्यो चन्द्र प्रकाशमा नै**
**जुन अन्धकार सब नष्ट हुन्छन् ।**
**त्यस्तै प्रभु लौ सत्सङ्गद्वारा**
**जालादि दुःख सब मिट्नै हुन्छन् ।१५।**

भावार्थः- चन्द्रमा विमल ज्योति जब रातमा प्रकाश हुन्छ अनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अन्धकार सबै बिसाइहाल्ने हुन्छ; त्यस्तै महात्मा साधुहरूका सत्सङ्ग-द्वारा यो सांसारिक दुराधिहरू क्षीण भै अन्त हुने हुन्छन्। साधुहरूको विमल चित्तको उपदेशबाटै संसारका जाल विषयकहरू क्रमसंग हटने कुरा अर्थात् क्षय हुने कुरा निर्विवाद सत्यको कुरा छ। यसमा शङ्का मान्ने कुरै छैन।

आयुर्वायु विघट्टिताभ्रपटली लवांबु (बद्) भद्रं गुरु
भोग मेघ वितान मध्य विलसत् सौदामिनी चंचलाः।
लोला यौवन ललनाजल रयश्चेत्या कलय्य द्रुतं,
मुद्रं वाद्य दृढाषितानुमया चित्तो चिरं शान्तये।१६।

**भाषा**

आयु–वायु त्यो ठक्करै अब दिंदै मेघादि जल्कै कण।
भोगादि विषयै त्यो विद्युत सरी चम्केर त्यस्तै क्षण।।
यौवनकै जुन हो त्यो चंचलपना छाडेर, शान्ति मन।
गर्ने नै अब ठान्दछु प्रभु यहाँ आनन्दकै चिन्तन।१६।

भावार्थः– यो भैरहेको जुन हो आयु–हवाकै टक्करबाट चलेका मेघहरूका घटाबाट झर्ने जुन जलका कारणहरू झैं क्षण–भंगुर छन्। यी विषयहरूका उपयोग बादलको माझमा चम्किने विजुलीका मान झैं चंचल यौवन–काल मनोरञ्जन जलको वेग सरी चपल छन् भन्ने कुरा-मा नै खूब विचार गरेरै मैले त्याग गरेको छु। अब चिर काल पर्यन्त स्थिर रहने शान्तिकै चित्तमा धारण गर्ने प्रयास तथा शासन गर्नालाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पूर्ण अधिकार दिइसकेको छु अर्थात् पूर्णतया आफ्नो चित्तलाई सर्व-तिरबाट खिँचेर वा हटाएर शान्त बनाएको छु ।

यसरी योगवासिष्ट वैराग्य प्रकरणको सर्वभावा अविरत विपर्यास वर्णन २५ सर्ग समाप्त ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## छबीसौं सर्ग

## (२६)

## (समस्त पदार्थहरूको नाशवान्को वर्णन)

श्रीरामोवाच:-

एवमभ्युत्स्थितानर्थ शत संकट कोटरे ।
जगदालोक्य निर्मग्नं मनो मनन कर्दमे ।१।
मनो मे भ्रमती वेदं संभ्रमश्चोपजायते ।
गात्राणि परिकंपते पत्राणि वजरत्तरोः ।२।
नावस्थितिमुपायाति न च याति यथेप्सितम् ।
चिन्ता जीवेश्वरायत्ता कांतेव प्रिय सद्मनि ।३।
अपहस्तित सर्वार्थं मनवस्थितिरवस्थिता ।
गृहीत्वोत्सृज्य चात्मानं भवस्थितिरवस्थिता ।४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


## भाषा

अनर्थ संकटै जाल परेका मानवै सब ।
देखेरै मन यो दुःख भएको छ प्रभु अब ।१।
कल्याणै जसमा छैन त्यस्तो त्यो भोगमा रत ।
भएको देखिँदा हुन्छ—डरले अंग थर्थर ।२।
सदनै प्रिय कान्ताकै बसे तापनि लौ क्षण ।
अधीनै जीवकै वश शान्ति के पाउने भन? ।३।
सांसारिकै पदार्थैमा अस्थिर सुख भ्रष्ट छ ।
त्यस्तोमा कसरी चित्त स्थिर हुने प्रभु अब ।४।

भावार्थः— श्री रामजी बोल्नुहुन्छः— यसै प्रकारले सैंकडौं प्रकारका अनर्थहरूको सङ्कटहरू पूर्ण यस संसाररूपी अन्धकार कूपमा मग्न भएका जीवहरूलाई देखेर मेरो मन चिन्तामा फँसिरहेको छ । विविध प्रकारका भोगहरूमा निरत जीवहरुको कुनै कल्याणको मार्ग नदेखेको हुँदा ठूलो चिन्तामा मग्न भै मेरो मन त्यसै चक्कर खाइरहेको छ,साथै अत्यन्त भय पनि भएको छ, जसबाट जीर्ण वृक्षका पातहरुकै तुल्य मेरो अङ्ग कामिरहेको छ । जीवरूप पतिको अधीनमा रहने भएका न शान्ति पाउँछन् न आफ्ना प्रिय सदनमा रहेकी कान्ता समान कुनै अभीष्ट नै प्राप्त हुने हुन्छ । समस्त सांसारिक पदार्थहरुमा जुन भोगको उपभोग वस्तुहरु न स्थिरै छन् न पारमार्थिक सुखै प्राप्त भएको छ यस्तो सारहीन वस्तुहरको भोग तथा उपभोग उल्टो मेरो चित्त भ्रष्टताले अनवस्थित बनाइरहेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अतोऽतुच्छ मनायासमनुपाधिगत भ्रमम् ।
किं तत् स्थितिपदं साधो यत्र शोकेन विद्यते ।५।
सर्वारंभ समारूढाः सुजना जनकादयः ।
व्यवहारपरा एव कथमुत्तमतां गताः ।५।
लग्नेनापि किलांगेषु बहुधा बहु मानद ।
कथं संसारपंकेन पुमानिह न लिप्यते ।

## भाषा

अतः यो तुच्छ संसार उपाधि भ्रमको मल ।
छुटेर मन यो शान्त हुने यो प्रभु लौ भन ।५।
कम सम्पूर्णता साथं गर्दै त्यो कसरी प्रभो ।
जनकादि मुनि सारा उत्तमै पद प्राप्त भो ?
शान्तिदाता तिमी खास, उपाय के छ लौं पर ।
संसार पंकमा बस्दै, अलिप्त भावमा नर ।७।

भावार्थ:– अतएव हे महात्मन् ! यो जन्म–मरणदेखि रहित हुने शरीरादिको उपाधिहरुबाट विहीन साथै भ्रान्तिरहित महती विश्रान्ति प्रदान हुने परमपद कुन चाहिँ हो, जुन प्राप्त हुनासाथ सबै प्राणीहरु शोक मोहदेखि पार हुने हुन्छन् । सबै प्रकारका भोगहरु भोग्दै अर्थात् राज्य-वासनादि कार्यहरुमा कुशलता साथ व्यवहारमा परायण भएर जनकादि मुनिहरु कसरी उत्तम पदमा पुगे होलान् ?। प्रभु सबैलाई शान्ति तथा मान अधिक दिन सक्ने कृपालु हुनुहुन्छ तसर्थ यो संसार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रुपी पंकबाट सम्पर्क भए तापनि त्यसदेखि रहित भएर अलिप्त भावमा मानिसहरु कसरी हुने होलान् ।

कां दृष्टिं समुपाश्रित्य भवन्तो वीतकल्मषाः ।
महान्तो विचरन्तीह जीवन्मुक्ता महाशयाः ।८।
आत्मवत् तृणवच्चेदं सकलं कलयन् जनः ।
कथमुत्तमतामेति मनोमन्मथमस्पृशन् ।९।
कं महापुरुषं पारमुपायातं महोदधे ।
आचारेणानुसंस्मृत्य जनो याति न दुःखिताम् ।१०।

भाषा

कसरी प्रभु झैं खास वीतराग अकल्मष ।
हुँदै यो पार हुने हो वुद्धि शुद्ध समाश्रय ?।८।
आत्मवत्सब प्राणीमा भोगादि तृण झैं सम ।
कामादि भोग ता शून्य यस्ता व्यक्ति महाजन ।९।
चरित्र जनतासेवी दीनबन्धु प्रियै नर ।
अदुःखी भावका ज्ञानी, कुन चाहिँ प्रभो भन? ।१०।

भावार्थः- हे महामुने ! कुन प्रकारको बुद्धिको समाश्रय ग्रहण गरेर तपाईं जस्तो महापुरुष, पापरहित एवं विशुद्ध महात्मा यस संसारमा जीवन्मुक्त भएर विचरण गर्नु भएको हो ? सबै प्राणीहरूमा आफ्नै प्राणसमान सम्झने-समस्त भोगहरूका प्रपञ्च जो छन् त्यसलाई तृणवत् मान्ने तथा कामादि वृत्तिहरुदेखि मन जसमा अलिकति पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स्पर्श नभएका पुरुष कसरी त्यो श्रेष्ट पदमा प्राप्त हुन सकेको हो ? जसले यो संसाररूपी महासागरलाई पार गरिने यस्तो कुन महापुरुष जसको सुन्दर चरित्रको अनुसरण गरेर मानिस कहिल्यै पनि दुःखित नहुने हुन्छन् ।

किं तत् स्याद्दुचितं श्रेयः किं तत् स्याद्दुचितं फलम् ।
वर्तितव्यं च संसारे कथं नामासमंजसे ।११।
तत्त्वं कथय मे किंचिद्येनास्य जगतः प्रभो ।
वद्मि पूर्वापरं धातुं य इचेष्टि स्यानवस्थिते ।१२।
हृदयाकाश शशिनश्चेतसो मल मार्जनम् ।
यथा मे जायते ब्रम्हं स्तथा निर्विघ्नमाचर ।१३।

भाषा

जगतमा प्राप्य गर्ने के योग्य श्रेय उचितफल ।
कसरी पार गर्ने हो संसारै असमञ्जस ? ।११।
उपदेश प्रभु ममा तत्त्वज्ञान छ जो त्यही ।
हुनेछु पार संसार आदि–अन्त सवै बुझि ।१२।
हृदयाकाशमा स्थित जुन हो चन्द्रमा मन ।
गरिँदै मार्जन शुद्ध प्रदान ज्ञान निर्मल ।१३।

भावार्थ:– यो जगतमा प्राप्त गर्ने योग्य श्रेयको उचित फल के छ ? साथै यस्तो असमञ्जस विषयहरूले भरिएको संसारबाट पार हुनालाई कुन प्रकारका साधन तथा व्यवहार गर्नु पर्ने हो ? हे प्रभो, ममा तत्त्वज्ञानको उपदेश दिनुहोस्, जसमा म ब्रम्हाजीद्वारा विनिर्मित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यो अव्यवस्थित जगतको पूर्वापर अर्थात् आदि र अन्तलाई राम्रै सङ्ग बुझ्न सकूँ । हृदयाकाशमा रहेको जुन यो चन्द्रमा स्वरूप मन हो, त्यसलाई मार्जन गरेर शुद्धतामा पुग्न ममा निर्वाध रूपले उपदेश दिनुहोस् ।

किमिहस्या दुपादेयं किं वा हेयमथेतरत् ।
कथं विश्रांतिमायातु चेतश्चपलमद्रिवत् ।१४।
केन पावन मंत्रेण दुः संसृति विषूचिका ।
शाम्यतीय मनायास माया स शतकारिणी ।१५।
प्राप्यांतः पूर्णतां पूर्णो न शोचामि यथा पुनः ।
संतो भवंतुस्तत्त्वज्ञा स्तथेहोपदिशंतु माम् ।१६।

भाषा

पदार्थ कुन हो त्याज्य, कुन हो ग्रहणे यहाँ ।
के गर्दा चित्त लौ शान्त, उपदेश दिनू ममा ।१४।
मन्त्र त्यो कुन हो जस्मा संसार रोग झंझट ।
हटेर त्यो स्वयं शान्त हुने के छ प्रभु, भन ।१५।
तत्त्वको पूर्ण ज्ञाता छौं, प्रदान कृपया अब ।
जसबाट पूर्णता शान्त प्राप्त आनन्दता मन ।१६।

भावार्थः– प्रभु, अब ममा कृपापूर्वक बताउनुहोस् कि यो महान् विषम संसारको कुन वस्तु ग्रहण गर्न योग्यको छ र कुन पदार्थहरू त्याग गर्न योग्यका छन् तथा ग्राह्य र त्याज्य यी दुवै प्रकारका वस्तुहरूदेखि भिन्न वस्तुहरू के के छन् ? यहाँ कुन साधन गर्नु पर्ने हुन्छ जसबाट मनुष्यहरू यो महान् चंचल चित्त पर्वततुल्य स्थिरता एवं शान्ति प्राप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गर्ने हुन्छ । प्रभु त्यो कुन मन्त्र हो जसबाट यो संसाररूपी विसूचिका रोग सैंकडौं क्लेशको दोषहरू सृजन गर्ने भरिएका यस्ता विना परिश्रम शान्त हुने हो ? हे महात्मन् प्रभु ! सम्पूर्ण तत्वको ज्ञाता हुनुहुन्छ। यस बेला मलाई यस्तै प्रकारको उपदेश प्रदान गर्नुहोस् जसमा मेरो अन्तः करणमा पूर्ण शान्ति प्राप्त भै फेरि यो संसारिक चिन्तादिबाट उद्विग्न नहोऊँ ।

**अनुत्तमानंद पद प्रधानं**
**विश्रान्ति रिक्तं सततं महात्मन् ।**
**कदर्थयंतीह भृशं विकल्पाः**
**श्वानो वने देहमिवाल्पजीवम् ।१७।**

**भाषा**

**आनन्द ब्रम्ह जुन हो चिदामय,**
**विहीन यस्तै नर चित्त संशय ।**
**आधा मरेका तन त्यो वनैमा,**
**घिसारिने कुकुरले यता उता ।१७।**

भावार्थः– हे महात्मन् ! जसरी वनमा विभिन्न जन्तुहरूका आधा मरेका अर्थात् अधमरा शरीरलाइ वनमा यताउति घिसारेर कुकुरले दुःख पीडा दिने हुन्छन् त्यस्तै अनेक प्रकारका संशय आनन्दमय ब्रम्ह-पदको आत्यन्तिक निष्ठादेखि विहीन पुरूषहरूलाई सर्वदा कष्ट दिइ नै रहेकै छ । यस्ता कष्टहरूबाट कसरी छुट्ने हुन्छ ?

यसरी योगवासिष्ट वैराग्य प्रकरणको पदार्थ नाशवान्‌को वर्णन छब्बीसौं सर्ग सकियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## सत्ताईसौं सर्ग

## (२७ सर्ग)

## (प्रयोजन–कथन)

श्रीरामोवाच:–

कउपायो गतिः का वा का चिन्ता कः समाश्रयः ।
केनेयमशुभदर्का न भवेज्जोवितादवी ।१।
न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा क्वचित् ।
सुधि यत्तुच्छमप्येतद्यन्नयंति न रम्यताम् ।२।
अयं हि दग्ध संसारो नीरन्ध्र कलनाकुलः ।
कथं सुस्वादुतामेति नीरसो मूढतां विना ।३।
राग द्वेष महारोगा भोग पूर्णा विभूतयः ।
कथं जन्तु न वाधन्ते संसारार्णवचारिणम् ।४।

भाषा

उपाय गति के नाथ, चिन्तना कुन आश्रय ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



साधना कुन गर्दामा छुट्ने यो भव बन्धन ? ।१।
प्रभु जस्तो महाज्ञानी, छैन स्वर्ग–भूमितस ।
आनन्द सुखको शान्ति दिने नाथै समर्थक ।२।
असार दग्ध संसार दुःखैका जन पीडित ।
कसरी प्राप्त आनन्द, उत्तम अमृतै रस ।३।
राग र द्वेष संयुक्त भोग यो जुन वैभव ।
त्यसबाट न छुने के छ लिने लौ कुन आश्रय ।४।

भावार्थः– श्री रामचन्द्रजी भन्नुहुन्छः– हे मुनिवर ! यो मानिस जीवनरूपी वन भविष्यमा अशुभ नगराउने कुरा कुन उपाय छ ? कुन गति छ ? कसको आश्रय लिनु पर्छ ? र कसको कुन चिन्तना गर्नु पर्ने हुन आउँछ ? मेरो विचारमा मेरो मनको संशय हटाउन प्रभुबाहेक अरू स्वर्गका वासी र भूमिका र पातालका वासी केही पनि समर्थ भएको देखिँदैन जसमा मेरो चित्त शान्त भै आनन्दमा प्राप्त हुन सकूँ। यो संसार अत्यन्त नीरस छ साथै क्षण–भंगुर र दुःखै दुःखले भरिएको छ। हे भगवन् ! अब यस दुःखदेखि छुटेर परम आनन्द-स्वरूपमा स्थित हुने उपाय ममा प्रदान गर्ने समर्थक प्रभु नै हुनुहुन्छ। अतएव मउपर दया तथा कृपा गरेर यो संसाररूपी वनमा विचरण गरिरहने जीवात्मालाई राग–द्वेषरूपी ठूला ठूला दोषादिहरूले भरिएका ऐश्वर्य वैभव धनसम्पत्तिरूपी हिंस्रक जन्तुहरूबाट हुने कष्टबाट निस्तार प्राप्त गर्न सकूँ, अर्थात् यी दोषहरूबाट मुक्त हुन सक्ने उपायहरू के छन् मलाई बताउनुहोस्।

व्यवहारवतो युक्त्या दुःखं नायातिमेवया।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अथवा व्यवहारस्य ब्रूयतां युक्तिमुत्तमाम् ।५।
तत्कथं केन वा किं वा कृतमुत्तम चेतसा ।
पूर्वयेनेति विश्राम परमं पावनं मनः ।६।
यथा जानासि भगवंस्तथा मोह निवृत्तये ।
ब्रूहि मे साधयो येन नूनं निर्दुःखतां गताः ।७।

भाषा

सम्बन्ध व्यवहारैका दुःख सारा विनाशिका ।
उत्तमै युक्ति जो छन् त्यो उपदेशौ दिनू ममा ।५।
पहिलेका मुनिज्यूले कसरी मुक्ति पाउन ।
साधना गर्नु भो शुद्ध मन मोहै निवारण ।६।
सांसारिकै महामोह, उपाय निवृत्ति प्रभो ।
हुने हुन्छ उपायै त्यो बताउ शान्ति भावको ।७।

भावार्थः- प्रभु अब मलाई व्यवहार सम्बन्ध राखिने कुनै उत्तम युक्तिको उपदेश दिनुहोस् जसमा आश्रय लिएर लोकमा रहेर अर्थात् व्यवहारमा परायण भएर बसे पनि आत्मकल्याणको पथमा जान कुनै वाधा हुन नसकोस् । पहिलेका मुनिजनहरूले कसरी मोह निवारण गरी ज्ञान प्राप्त गरे, कुन रीतिबाट के कस्तो साधन उहाँहरूले गर्नु भएको थियो । जस्बाट त्यो साधन गर्नाले मन पूर्णतया पवित्र शुद्ध भएर परम शान्तिमा स्थित हुनुभयो । यो सांसारिक मोहको निवृत्ति हुनाको लागि जुन प्रकारका उपाय एवं साधनहरू छन् ठीक ठीकसङ्ग ममा उपदेश दिनुहवस् । यस्तो कुन उत्तम उपाय होला जसलाई अवलम्बन गर्नाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्रेष्ठ महापुरुषहरु यो दुःखदेखि पार भई उत्तम गतिमा पुग्नु भएको हो ?

अथवा तादृशी मुक्ति र्यदि ब्रम्हन्न विद्यते ।
न वक्ति मम वा कश्चिद् विद्यमानामपि स्फुटम् ।८।
स्वयं चैव न चाप्नोमि तां विश्रांतिमनुत्तमाम् ।
तदहं त्यक्त सर्वं हि निरहंकारतां गतः ।९।

भाषा

मुक्ति हुने यदि यस्तो नभए साधनै अत्र ।
अथवा स्पष्टता साथ उपदेशै कुनै पर ।८।
कसरी मुक्ति वा प्राप्त विश्रान्ति भावना मन ।
निरहंकारता चित्त त्याग इच्छा के साधन ।९।

भावार्थः– हे ब्रम्हन् ! यदि यस संसारको मोह जो छन्, त्यसबाट पार हुने कुनै साधन नभए कसरी मोहबाट निस्तार हुने हो, भए पनि तपाईंहरूबाट कुनै उत्तमको उपदेश ममा नभए कसरी अहङ्कार शून्य पवित्र आत्मामा विश्रान्तिमा प्राप्त हुने हो साथै अकर्मण्यता जीवन त्यसै नष्ट हुने हुन्छ ।

न भोक्ष्येन पिबाम्यम्बु नाहं परितर्धेवरम् ।
करोमिनाहं व्यापारं स्तानंदानाशनादिकम् ।१०।
नच तिष्ठामि कार्येषु संपत्स्वापद्दशासु च ।
न किं चेदपि वाधामि देह त्यागादृते मुने ।११।
नाहमस्य न मे नान्यः शाम्याम्यस्नेह–दीपवत् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सर्वमेव परित्यज्य त्याजमीदं कलेवरम् ।१२।

भाषा

कुनै छैन यदि यस्तो भने चूपै पर्से मन ।
स्नान दान तथा पान नगर्नें वस्त्रधारण ।१०।
सम्पत्ति विपत्ति कार्य कुनैमा पनि लौ अब ।
नगरी देह त्यागैको चिन्तना अरू के छ र ? ।११।
मेरो भन्नु कुनै छैन, विना तेल यो दीपक ।
निभ्नेछ देह यो खास, शान्त भाव अरूपक ।१२।

भावार्थः– हे मुनिश्रेष्ट ! यदि यो मेरा मनलाई कुनै प्रकारले पनि अथवा कुनै रीति वा युक्ति शान्ति एवं सन्तुष्टिमा प्राप्त नभएमा अवश्यै म निश्चयै खानपान तथा वस्त्रादि सबै परित्यागको साथै दान स्नानादि कार्यहरू केही पनि व्यापार हुन नआउने अर्थात् नगर्ने हुने हुन्छु । सम्पत्ति र विपत्ति कुनै कुरा पर्न आएमा पनि मबाट कुनै कार्यहरू हुँदैनन् । अरू के केवल यो निस्सार देह त्यागको अतिरिक्त अन्य कुनै वस्तु प्राप्त गर्नामा मेरो इच्छा अभिलाषा रहन आउँदैन । यो संसारमा मेरो भन्नु के छ र म कसैको पनि होइन, अर्थात् मेरो कुनै वसैसंग सम्बन्ध छैन । म विनातेलको बत्ती झैं शान्त हुन मात्र बाँकी, यो जगत्मा जो जति छन् सबैलाई छोडेर आफ्नो देह यो जुन छ, त्यो पनि त्यागि नै दिने हुन्छु ।

इत्युक्तवानमल शीत कराभिरामो,
रामो महत्तर विचार–विकासि–चेताः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तृष्णीं बभूव पुरतो महतां धनानां
केकारवं श्रमवशादिव नीलकण्ठ ।१३।

भाषा

आकाश मण्डल महा जुन मेघादि,
देखी केका–ध्वनि सुनाइ मयुर चूप ।
त्यस्तै प्रभो परम सुन्दर राघवेन्द्र
तत्त्वादि चिन्तन बिचै गुरुकै समीप ।१३।

भावार्थः– श्री बाल्मीकिजी भरद्वाजमा भन्नुहुन्छः– हे भरद्वाज ! जसरी मयुर मेघमालाको छटा देखेर केका ध्वनि सुनाएर श्रान्त भए-पछि स्वयं चूप लाग्ने हुन्छ, त्यस्तै सुनिर्मल चन्द्रको तुल्य परम सुन्दर र महान्‌तत्त्वको गहन विचार विकसित चित्त भएका श्री राघवेन्द्र प्रभु पनि श्री वसिष्टजी आदि गुरुका चरण सामु यस्तो भाषण गरेर चुप लाग्नु भयो ।

यसरी श्री योगवासिष्ट वैराग्य प्रकरण प्रयोजन–कथनको
सत्ताईसौं सर्ग समाप्त भो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अट्ठाईसौं सर्ग

## (२८ सर्ग)

## (श्रीरामजीको प्रश्नहरूबाट श्रोताहरू-मा अद्भुत प्रभाव वर्णन)

श्री वाल्मीकिवाच:—

वदत्येव मनो मोह विनिवृत्तिकरं वच: ।
रामे राजीवपत्राभे तस्मिन् राजकुमारके ।१।
सर्वे वभूवस्तत्रस्था विस्मयोत्फुल्ललोचना: ।
भिन्नावरादेहरूहे गिर: श्रोतुमिवाद धुरे ।२।
विराग वासनापास्त समस्त भववासना: ।
मुहूर्त्तममृताम्भोधि वीचीविलुलिता इव ।३।

भाषा

निवारण–महावाणी मन–मोहादि वृत्तिको ।
नयन पद्म श्रीराम राजपुत्र महानको ।१।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सुनेर सब लौ त्यस्तै विस्मय भावपूरक ।
जडता क्षीणता देह मग्न आनन्दता चुप ।२।
वासना सब त्यो नष्ट वैराग्य भावना पर ।
निमग्न त्यो सभासद् अमृतै भावसागर ।३।

भावार्थः- श्री वाल्मीकिजी भरद्वाजमा बोल्नुहुन्छः- श्री राम कमलदल समान शोभा परम सुन्दर राजकुमारका उचित योग्य मनको महामोह निवारणको लागि जुन वाणी बोल्नुभएको हो सो वाणी तहाँ राजसभामा संस्थित सबै सज्जनवृन्दमा आश्चर्य भावमा पुलकित भएर आफ्नो जडता क्षीण गरिसकेका थिए। ती सभासद्हरूका समस्त सांसारिक वासनाहरू वैराग्यको भावनाहरूबाट विनष्ट भै सकेको थिए र केही समयको लागि तिनीहरू अमृतपूर्ण सागरमा निमग्न परेका थिए ।

ता गिरो राम भद्रस्य तस्य चित्रार्पितैरिव ।
संश्रुताः श्रृणुकैरंतरानन्दपद पीवरैः ।४।
वसिष्ट विश्वामित्राद्य मुनिभिः संसदस्थितैः ।
जयंत धृष्टि प्रमुखै र्मन्त्रिभिः मन्त्र-कोविदैः ।५।
नृपै र्दशरथ प्रख्यैः पौरैः पारशवादिभिः ।
सामन्तं राजपुत्रैश्च ब्राम्हणै र्ब्रम्हवादिभिः ।६।
तथा भृत्यैरमात्यैश्च पंजरैस्थैश्च पक्षिभिः ।
क्रीडामृगैर्गत स्पन्दैः तरंगैस्त्यक्त चर्वणैः ।७।
कौसल्या प्रमुखैश्चैव निजवातायनस्थितैः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स शांत भूषणारावैरस्पदैर्वनितागणै । ८।

भाषा

सुनेर रामको वाणी निश्चल चित्र लिखित ।
हृदयपूर्णता हर्ष आनन्द भावमा स्थित ।४।
वसिष्ट विश्वामित्रादि मुनि सारा सभासद ।
जयन्त धृष्टि मंत्री जो प्रमुख सचिवै सब ।५।
महाराजा दशरथ भद्र सामंतहरू गण ।
महाजन राजपुत्र ब्रम्हवादी सुब्राम्हण ।६।
अमात्य भृत्यवर्ग र पशुपंछी लगायत ।
झाडी चर्न टर्सै बन्द निस्पन्द भावमा स्थित ।७।
महारानी कौसल्यादि अरू नारी पनि सब ।
रामको वाणी वैराग्य निश्चल मग्नता तब ।८।

भावार्थः– श्री रामचन्द्रजीको वाणी जसले सुनेका थिए ती सबैले त्यस वैराग्य युक्त सम्पन्नको महावाणी श्रवण गर्नाले यस्तो निश्चल भावमा मग्न भए कि मानौं चित्रवत् अथवा तसवीर झैं मूर्तभावको जडवत् जस्ताको तस्तै स्थित हुन गए साथै आनन्दले परिपूर्ण भएका थिए। सभामा स्थित भएका पुरुषहरूले श्रीरामजीको वचनामृत श्रवण गर्नेहरू मध्ये मुख्य मुख्य यितीहरू, श्रीवसिष्टजी, विश्वामित्र, मुनिजनहरू, सल्लाहकारी परम बुद्धिमान जयन्त, धृष्टि, तथा सुमंत्र प्रधानमंत्री, मंत्रीजन र सचिवमण्डल, श्री दशरथ महाराजा र अरु रजौटा नरेशहरू, विभिन्न समस्त माराशरहरू, नगरवासी सेठ साहुकार, वेदज्ञ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ब्राम्हणहरु, भृत्यवर्ग, महलका रानीहरू, कोसल्यादि पटरानी महारानी केटि सुसारेहरू सबै निश्चल भावमा स्थिर भैरहेका थिए। यति मात्र होइन, पिंजरा भित्र रहेका मनोहर सुन्दर सुगा सुगी र अरू पंछीहरू पनि चुपचाप मौनमा स्थिर भएका थिए र घोडा हात्ती पनि अचल भावमा स्थिर भएका थिए।

सिद्धैर्नभश्चरैश्चैव तथा गन्धर्वकिन्नरैः।
नारद व्यास पुलह प्रमुखै मुनिपुङ्गवैः ।९।
अन्यैश्च देवदेवेश विद्याधर महोरगैः।
रामस्य ता विचित्रार्थां महोदारा गिरः श्रुता ।१०।
अथ तूष्णी स्थितवति रामे राजीवलोचने।
तस्मिन् रघुकुलाकाश शशांके शशिसुन्दरे ।११।

भाषा

आकाशचारी गन्धर्व सिद्ध किन्नर नारद।
व्यासादि पुलह श्रेष्ट मुनि ज्ञानी विशारद ।९।
अरू जो इन्द्र देवादि, विद्याधर महामना।
सुनेका रामको बाणी अर्थसंयुक्त साधना ।१०।
रघु रूपो नभै माथि रहेको चन्द्र झैं पर।
मौन ध्यान त्यसै स्थित श्री रामचन्द्र सुन्दर ।११।

भावार्थः- आकाशमा सञ्चरण गर्ने भएका सिद्ध-गन्धर्व-किन्नर तथा नारद व्यास, पुलह आदि परम श्रेष्ट मुनिहरू तथा समस्त देवगण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ले युक्त देवराज इन्द्र, विद्याधर महान् दिव्य नामधारीहरूले पनि श्री रामजीको अद्भुत अर्थसमन्वित र अत्यन्त विवेकले भरिएका वाणी सुनेका थिए । राजा रघुकुलरूपी आकाशमा चन्द्र एवं शशीको समान परम सुन्दर नेत्र भएका श्रीरामचन्द्र जुन बेला ती सबै वाक्य भनेर चुप लाग्नु भएको थियो ।

**साधुवाद गिरा सार्धं सिद्ध सार्थ समीरिता ।**
**वितानक समा व्योम्नं पौष्पी वृष्टिः पपातहः ।१२।**
**आपूरित समालोके ज्ञाते कुसुमवर्षणे ।**
**इमं सिद्धगणालापं शुश्रुवुस्ते सभागताः ।१३।**

**भाषा**

**साधुवाद श्रीरामैमा ध्वनि गम्भीर गुञ्जन ।**
**सिद्ध गणहरूद्वारा पुष्पमाला सुवर्षण ।१२।**
**पुष्पवृष्टि समुत्पन्न श्रवण राम भाषण ।**
**सभासद परिपूर्ण अन्तर्वार्ता परस्पर ।१३।**

भावार्थः— सभासभा उपस्थित भएका मान्यगण ऋषि मुनि सिद्ध चारणगणद्वारा साधुवादको मधुर शब्दले गुञ्जायमान भयो र साथै पुष्पवृष्टि पनि सभामा आकाशबाट भयो । सभामा श्री रामजीबाट भएको भाषणको श्रवणबाट परस्परमा वार्तालाप गरेका थिए अर्थात् सिद्ध गणहरूका समुदायमा परस्पर श्री रामजीबाट भएको वाक्यमा समयोचित अन्तर्वार्ता भएको थियो ।

**आकल्पं सिद्धसेनासु भ्रमद्भिरभितो विवम् ।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अपूर्वमिदमस्माभिः श्रुतं श्रुतिरसायनम् ।१४।
यदनेन किलोदारमुक्तं रघुकुलेन्दुना ।
वीतराग तया तद्धि वाचस्पतेरप्यगोचरम् ।१५।
अहो वत महत् पुण्यमद्यास्माभिरिदं श्रुतम् ।
वचो राम मुखोद्भूतं महाल्हादकरं धियः ।१६।

भाषा

सृष्टि आरम्भदेखि त्यो अहिलेसम्म जे भयो ।
नसुनेको श्रुति सार सुतिया शास्त्र सारको ।१४।
साध ना वीतरागैका वाक्य–राम–महामति ।
शुक्रमा अनभिज्ञै त्यो सुर–गुरु वृहस्पति ।१५।
सौभाग्य श्रवण धन्य, श्रीराम–मुख–वाक्य त्यो ।
हर्षगद्गदमा हाम्रो, अल्हाद हृदयै अहो ।१६।

भावार्थः– सृष्टिको आरम्भदेखि लिएर आजसम्म ठूला ठूला सिद्ध पुरुषहरूका समुदायमा रहेर स्वर्गको सम्पूर्ण भागहरूमा भ्रमण गर्दाखेरि पनि हामीहरूले आज यस वेलाको अमृतको बुँद सरी सुखकारी वेदहरूका सारभूत यो अति अद्भुत भाषण कहिं सुनेका छैनौं। लोकमा वीतराग हुनाको कारण श्रीरघुनाथ श्रीरामजीबाट जुन उत्तम कुरा भन्नु भएको हो त्यो सम्भवतः शुक्रमा सुर–गुरु वृहस्पतिज्यूले पनि जान्नु भएको छैन । अहो ! यो हामी सबैको लागि परम सौभाग्यको कुरा छ कि आज हामीहरूले साक्षात श्रीरामजीको मुखारबिन्दबाट उद्गीर्ण परम पुण्यमय प्रवचन सुन्न पायौं। जुन कि अन्तः कर-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गमा अत्यन्त अल्हाद प्रदान गराउने विषय छ ।

उपशमामृतसुन्दरमादरा-
दधिगतो त्तमता मदमेषयत् ।
कथित वानुचितं रघुनन्दनः
सपदि तेन वयं प्रतिबोधिताः ।१७।

भाषा

समुचितै जुन सुन्दर रामको ।
अमृत भाषण सिद्ध भनै अहो !
श्रवणले जुन भो प्रभु हामिमा
जम सबै विरसै हुन गो यहाँ ।१९।

भावार्थः- यस वेला श्री रघुनन्दनवाट आदरपूर्वक समुचित भाषण जुन गर्नु भएको हो, त्यो शान्ति स्वरूप अमृतले परिपूर्ण छ साथै धेरै तथ्य सुन्दर भावको छ । भाषण परम श्रेष्ठ छ । सर्वोत्तम सिद्ध भएका छ, त्यस भाषणको श्रवणले गर्दा हामीमा पनि यो ज्ञान उत्पन्न भयो कि स्वर्गादि जो जति छन् ती समस्त सुखोपभोग निस्सार, रस नभएको छ ।

यसरी श्री योगवासिष्ट वैराग्य प्रकरण २८ को श्री रामको भाषण प्रभाव वर्णन समाप्त भो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## उनन्तीसौं सर्ग

## (२९)

श्री सिद्धगणोवाच।–

पावनस्यास्य वचसः प्रोक्तस्य रघुकेतुना।
निर्णयं श्रोतुमुचितं वक्ष्यमाणं महर्षिभिः।१।
नारद व्यास पुलह प्रमुखा मुनिपुङ्गवाः।
आगच्छता ह्यविघ्नेन सर्व एव महर्षयः।२।

### भाषा

रामबाटै गरिएको–प्रश्नको उत्तरै अब।
महर्षि गणबाटै दिएको सुन्नु पर्दछ।१।
नारद, पुलह, व्यास, महर्षि प्रभु मानव।
निर्णय–श्रवणै लागि सभामै लौ उपस्थित

भावार्थः– सिद्ध गणहरू परस्परमा भन्नु हुन्छ:– रघुकुल शिरोमणि श्री रामबाट गरिएका परम पावन प्रश्नको उत्तर तथा निर्णय के हुन्छ स्यो हामी सबैले सुन्नै पर्दछ। नारद, व्यास तथा पुलह आदि महर्षि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्रेष्ठ गणहरू हो ! तपाईंहरू सबैं यो निर्णयको श्रवण गर्न हामी पनि त्यस सभामा उपस्थित हुन जाऔं ।

**श्री अगस्त्योवाच:–**

इत्युक्तासा समस्तैव व्योमवास निवासिनी ।
तां पपात सभां तत्र दिव्या मुनि परम्परा ।३।
अग्रस्थितमनुत्सृष्ट रणद्वीणं मुनीश्वरम् ।
पय: पीन घनश्यामं व्यासमेव किलोतरा ।४।
भृग्वंगिर: पुलस्त्यादि मुनिनायकमण्डिता ।
च्यवनोद्दालकोशीर शरलोमादि मलिता ।५।
वसिष्ठ विश्वामित्रौतान् पूजयामसतु: क्रमात् ।
अर्घ्यै: पाद्यै: वचोभिश्च सर्वानेव नभश्चरान् ।६।
वसिष्ठ विश्वामित्रौ ते पूजयामालुरादात् ।
अर्घ्यै: पाद्यै: वचोभिश्च नभश्चर महागणा: ।७।

भाषा

भनेर सब लौ शीघ्रैं व्योमवासी ऋषि सब ।
उत्रनु भो सभाभित्रै आनन्द सर्वमङ्गल ।३।
वीणा वाद्य लिएका ती नारदै प्रभुजी अघि ।
महर्षि व्यासजी दिव्य मेघश्याम त्यसै पछि।४।
च्यवन शर लोमादि उशीर औ उद्दालक ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पुलस्त्य भृगु अङ्गिरा बिचै त्यो ऋषमिण्डल ।५।
उपस्थित नभश्चारी–सिद्ध ऋषि प्रभुकन ।
उठेर आदर भक्ति प्रेमसाथै सु स्वागत ।६।
विश्वामित्रै वसिष्टैले क्रमानुसारको तहाँ ।
अर्घ्य पाद्य तथा पूजा गर्नु भो हर्षले अहा ! ।७।

भावार्थः- श्री बाल्मीकिज्यूले भरद्वाजलाई सुनाउनु हुन्छः हे भारद्वाज ! श्री सिद्धहरूबाट यस्तो कुरा सुनेर दिव्य विमानमा राज भएका दिव्य महर्षिगणको मण्डल त्यस बेलामा श्री दशरथजीको राज सभामा उत्रनु भयो । मुनि–मण्डलको अगाडि वीणा लिनु भएका सुन्दर नारद अगाडि सबैभन्दा पछि श्याम वर्णको महर्षि प्रवर व्यास देव त्यसैको माझमा भृगु, अङ्गिरा पुलस्त्य, च्यवन उद्दालक उशीर तथा शरलोम र अन्य ऋषिहरूका मण्डलहरूले घेरिएका थिए । आकाश मण्डलबाट उत्रेका मुनिजनहरूको स्वागत श्री विश्वामित्र र श्री वसिष्ट जीले क्रमैसङ्ग अर्घ्य पाद्य तथा पूजनपूर्वक मृदुल मधुर वचनावलीद्वारा अति सम्मान साथ–समस्त आकाशचारी सिद्धगणहरू एवं महर्षिगणको समर्चन गर्नु भएका थियो ।

सर्वादरेण सिद्धौघं पूजयामास भूपतिः ।
सिद्धौघो भूपति चैव कुशल प्रश्नवार्तया ।८।
वसिष्टविश्वामित्राभ्यां सहते नारदादयः ।
इदमूचुरनूचाना राममानमिताननम् ।९।
अहोवत कुमारेण कल्याण गुणशालिनी ।
वागुक्ता परमौदारा वैराग्य–रसगर्भिणी ।१०।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



### भाषा

आदरै साथ राजाले पूजा गर्नु भयो पछि ।
सिद्धले कुशल वार्ता आनन्दै भावमा मति ।८।
विश्वामित्रै वसिष्टै भो वन्दना नारदावध ।
आनन्द प्रेमकै वार्ता लक्ष्याई राममा मन ।९।
अहो आश्चर्यको प्रश्न रामबाटै जो भो यहाँ ।
वैराग्यपूर्णता मान गुण शीलै उदारता ।१०।

भावार्थः– त्यसपछि भूमिपति महाराजा दशरथजीले अति प्रसन्नतापूर्वक आदरको साथ समागत सिद्धहरूको समुदायको पूजन गर्नु भयो। त्यस उपरान्त समागत सिद्ध-समुदायहरूबाट कुशल प्रश्नपूर्वक परम मधुर वार्तालापद्वारा महाराजाधिराज दशरथको समुचित समादर-संस्कार गर्नु भयो। यस पश्चात् वसिष्ट र विश्वामित्रजीको साथ देवर्षि नारदादि सिद्ध साङ्ग वेदादिको ज्ञाताहरूले मस्तक झुकाई आसनहरूमा विराजमान हुँदै श्री रामचन्द्रमा लक्ष्य गर्दै बोल्नुभयोः– अहो! अधिक आश्चर्यको कुरा छ कि राजकुमार श्रीरामबाट यसरी अनेक प्रकारको कल्याणपूर्ण गुणगणले युक्त शोभाशालिनी तथा वैराग्यको परम सारले भरिएको अत्यन्त उदारताको साथ जुन बोल्नुभएको हो त्यो–

परि निष्टित वक्तव्यं सबोधमुचितं स्फुटम् ।
उदारं प्रियमार्यार्हम् विह्वलमपि स्फुटम् ।११।
अभिव्यक्त पदं स्पष्ट मिष्टं स्पष्टं चतुष्ठयम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



करोति राघवप्रोक्तं वचः कस्य न विस्मयम् ।१२।
शतादेक तमस्यैव सर्वोदार चमत्कृतिः ।
ईप्सितार्थार्पणे कांत दक्षा भवती भारती ।१३।

भाषा

इदमित्थ अति राम्रो सरल वाक्य भाषण ।
सुबोध श्रेष्टता उत्कृष्ट प्रियता मन ।११।
व्यक्त जे भो पदै शुद्ध, स्पष्ट हित सुशीतल ।
स्थिर बुद्धि यथार्थैका भाव त्यो अति विस्मय ।१२।
सैकडा एकमा यस्तो दक्ष्य प्रश्नै जो साक्षर ।
नभएको, अहो कस्तो चमत्कारे—अभीप्सित ।१३।

भावार्थः— श्रीरामचन्द्रबाट जुन सुन्दर भाषण भएको हो, त्यसको अर्थ इदमित्थ रूपले भरिएका व्यवस्थितमा नै निहित छ, साथै सुगम सरल भाषामा व्यक्त भरिएको जसका श्रवण गर्नालि सुन्नेवाला वास्तविक अभिप्राय जो हो त्यो राम्रै सङ्ग बुझ्न सकिने श्रेष्ट पुरुषहरूबाट जुन भनिने हो योग्य एवं उचित हो त्यो स्पष्ट शब्दमा प्रतिपादित भएको छ, यी शब्दहरूमा अनेक उत्कृष्ट अर्थ एवं अभिप्राय लुकेका छन् त्यो श्रवण गर्नामा नै परम प्रिय प्रतीत हुन्छ। यसमा जुन कुरा उल्लेख भएको छ त्यो परम मधुर एवं प्रिय भाषणमै खुलेको छ, यो कुरा चित्तका चंचलताबाट भएको छैन, प्रत्युत स्थिर बुद्धिबाटै विचारद्वारा परम गूढ विचारबाटै अभिव्यक्त भएको छ। जसको भावार्थ स्पष्ट रूपमा सबैमा बोध हुन सक्ने अर्थात् सबैले बुझ्न सक्ने कुराको छ। श्रीरामजी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बाट भाषण भएको प्रत्येक पदहरू व्याकरणकै विशुद्ध एवं अर्थोच्चारणग्रस्त दोषहरूदेखि रहितको छ । श्रीरामजीको वाणी परम प्रिय हुनाको साथै सबैमा संतोष प्रदान गर्ने गराउने यस्तो आश्चर्यमय भाषण कुन पुरूषमा असर पर्दैन होला । यस्तो भाषण गर्ने पहिले कैयौं त्रिते सयमडौं ज्ञानीहरू बिते, तर यस्तो यथार्थ व्यक्त गर्ने पुरूषको वाणी पूर्ण रूपले समुत्कृष्ट–चमत्कारले परिपूर्ण र अभीप्सित अर्थ प्रकट गराउनामा समर्थ भएको छ ।

कुमार त्वां विना कस्य विवेक फलशालिनी ।
परं विकाशमायाति प्रज्ञा सरजता तता ।१४।
प्रज्ञा दीपशिखा यस्य रामस्येव हृदिस्थिता ।
प्रज्वलत्य समः लोक कारिणो स पुमान स्मृतः ।१५।
रक्त मांसास्थि यन्त्राणि बहून्यतितराणि च ।
पदार्थानभिकर्षन्ति नास्तितेषु सचेतनः ।१६।

भाषा

तिमीबिना कसैले त्यो कुशाग्रबुद्धि रूपको ।
विवेक भाषणै गर्न–सक्ने वैराग्यता अहो ।
हृदय स्थित रामैको प्रज्ञारूपी सुदीपक ।
फैलिएका प्रकाशै त्यो मानव–पुरूषार्थक ।१५।
नरैमा जुन त्यो बुद्धि नभए खास त्यो बुझ ।
रक्तमांस तथा हाडै शब्द–स्पर्शादि केवल ।१६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भावार्थ – हे राजकुमार ! तपाईं भाई छोडेर यरु कसले ; यस्तो वाणी–वाणको सदृश सूक्ष्माति सूक्ष्म अर्थको भेदन गरिने कुशाग्र बुद्धि रूप भएका लता विवेकरूपी फल संयुक्त समन्वित भएर वैराग्यरूपा विकासमा प्राप्त भैरहेको हुन्छ । श्री रामचन्द्र समान जुन पुरुषमा अनुपम प्रकाशको प्रसार गर्ने प्रज्ञारूपिणी दीपकको शिखा प्रज्ज्वलित भैरहेको त्यही संसारमा परम श्रेष्ट पुरुष भनिने हुन्छ । जुन पुरुषमा यस प्रकारको प्रज्ञा हुँदैन त्यसको देह खाली रक्त मांस तथा हड्डीको यन्त्र मात्रको हुन्छ र आत्म–बुद्धि हुनाको कारण शब्द स्पर्शादि पदार्थहरूको उपभोग गरिने मात्र हुने हुन्छन् तिनीहरुको स्थितिलाई देखेर यो यस्तो प्रतीत हुन्छ कि सित्र कुनै चेतन पदार्थ छ वा छैन अर्थात् यन्त्रवत् चलाए चलने जड झैं हुने हुन्छन् ।

जन्म मृत्यु जरा दुःखमनुयान्ति पुनः पुनः ।
विमृशंति न संसार पशवः परिमोहिताः ।१७।
कथंचित् क्वचिदेवैको दृश्यते विमलाशयः ।
पूर्वापर विचारार्हो यथेयमरिमर्दनः ।१८।
अनुत्तम चमत्कार फलाः सुभगमूर्तयः ।
भव्याहि विरलालोके सहकार द्रुमाइव ।१९।

भाषा

आसक्त मोहकै वशमा रहेका जुन मानिस ।
विचारशून्यता ज्ञान, जन्म मृत्यु बराबर ।१७।
विचार भावना शुद्ध भएका विरलै नर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


दुर्लभ प्राप्त संसार राम झैं परमेश्वर ।१८।
जसरी आँपकै वृक्ष घना त्यो मधुरै फल ।
त्यस तैं त्यो बुध्दि संयुक्त विरलै हुन्छ मानव ।१९।

भावार्थः- धेरैजसो यस लोकका मानिस तथा अन्य जीवहरू मोह कै वशमा परी संसारको गतिविधिको ज्ञान केही पनि नहुनाको कारण मानिस पशु समानैका हुन्छन् र वरावर घुमिरहने चक्र झैं यो संसारमा जन्मिनु, मर्नु को चक्करमा फँसि नै रहने हुन्छन् । जगत्‌मा अगाडि हुने पछाडि हुने जुन विचारमा परिपक्व योग्य विमल आत्म भएका पुरुष कहीं मात्र कहिलेकाहिं मात्र श्रीरामको तुल्य एकाद्य हुने हुन्छन् । अर्थात् त्यस्ता ज्ञानी पुरुषको दर्शन दुर्लभ हुने हुन्छ । जसरी संसारमा सर्वश्रेष्ट मधुर फल संयुक्त परम सुन्दर आकृति आँपको सघन वृक्षकैं समान उत्कृष्ट चमत्कार समन्वित तत्त्व-साक्षात्कार स्वरूप फलले सुसम्पन्न एव अतीव सुन्दर शरीर भएका भव्य सुन्दर पुरुष विरलै हुने हुन्छन् ।

सम्यग्दृष्ट जगद्यात्रा स्वविवेक चमत्कृतिः ।
अस्मिन्मान्य मतावन्त रियमत्रैव दृश्यते ।२०।
सुभगा सुलभा रोहाः फल पल्लव शालिनः ।
जायन्ते तरवो देशे न तु चन्दनपादपाः ।२१।
वृक्षाः प्रतिवनं सन्ति नित्यं सफल पल्लवाः ।
न त्वपूर्व चमत्कारो लवङ्गः सुलभः सदा ।२२।

भाषा।

दर्शन तत्वको शुध्द चमत्कार समुज्ज्वल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



देखा पर्नु अहो भाग्य बाल्याःस्था सुकोमल ।२०।

पाइन्छन् फल र पुष्प, वृक्ष सर्वत्र त्यो घना ।

चन्दनै वृक्ष पाइन्न, एकाधै वनमा सदा ।

वृक्ष त्यो फल पुष्पैका प्राप्त प्रत्येक जंगल ।

पाइन्न त्यागिको वृक्ष जतातते सुमंगल २२

भावार्थ – यो परम आदरणीय बुद्धि भएका श्रीरामजीमा अहिले यस्तो कलिलो कुरामावस्थामा आफ्नै विवेकी कारणबाट तत्वको दर्शन गराउने स्वरूप चमत्कारको उदय भैरहेको जसद्वारा यो जगतको व्यवहारहरूबाट समीभाग भैरहेको छ । जुन देखिने न परम सुन्दरका साथै समारोहण पनि वेरै नै सरलतासङ्ग गर्न सकिन हुन्छ । वृक्षहरू अत्युत्तम फलहरू एवं पुष्पहरूबाट शोभित भैरहेका वन बगैंचाहरूमा हुन्छन् तर चन्दनका वृक्ष एकाध कहीं कहीं मात्र हुन्छन्, अर्थात् सर्वत्र पाइँदैन । फेरि त्यस्तो त्यागको वृक्ष पनि हरेक जंगलमा पाइँदैन, एकाध कुनै जंगलमा पाइने हुन्छ । त्यस्तै श्रीराम सदृश पुरूष सर्वत्र अति दुर्लभै हुने हुन्छ । अर्थात् यस्तो पुरुष अवश्य एकात्र कुनै ठाउँमा मात्र त्यसमाको दर्शन प्राप्त हुने हुन्छ ।

ज्योत्स्नेव शीता शशिनः कुतरोरिव मञ्जरी ।

पुष्पादामोद लेखेव दृष्टा रामाच्चमत्कृतिः ।२३।

यतन्ते सार संप्राप्तौ ये धन्यो निमग्नो धियः ।

छन्धा धुरिसता गच्या स्तएव पुरुषोत्तमाः ।२४।

न रामेण समोऽस्तीह दृष्टो लोकेषु कश्चन ।

विवेकवानुदारात्मा न भावी चेति नो मति ।२५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाषा

शीतल चन्द्रको ज्योत्स्ना मंजरी पत्र पल्लव ।
त्यस्तै नै मन आनन्द राम-वाणी सुशीतल ।२३।
तत्त्वार्थं गूढका सार प्राप्तलागि प्रयत्न त्यो ।
पुरुषै श्रेष्ठ विद्वान संसारे धन्यवानको ।२४।
उदार चित्तको राम समान यो त्रिलोकमा ।
न भूतो न भविष्यैमा हुने देखिन्न लौं यहाँ ।२५।

भावार्थ:- जसरी चन्द्रमाबाट शीतल एवं नेत्रानन्दकारी चाँ समुत्पन्न हुने हुन्छ, सुन्दर वृक्षबाट मनोरम मञ्जरी पलाउने हुन्छ, पुष्पबाट सुन्दर चित्ताकर्षक सुगन्धको प्रवाह प्रादुर्भूत हुने हुन्छ नै श्रीरामजीबाट तत्त्वदर्शनरूपी चमत्कारको आविर्भाव यस वे देखा परेको छ । जो पुरुष सर्वदा तत्त्व चिन्तनमा तत्पर भै विवेकद्व आत्मज्ञान अथवा परब्रह्म परमात्माको प्राप्ति स्वरूप सार पदा लागि प्रयत्नशील रहन हुन्छन् त्यो वास्तवमा सुयशस्वी सत्पु हरूमा अग्रणी धन्य एवं सम्पन्न पुरुषहरूमा श्रेष्ट हुन्छ । तीनै लोक मा श्रीरामजी समान विवेकशील रे उदारचित्त पुरुषै न अत्र हुने न भविष्यमा नै देखिने हुन्छ । यस्तो हामीहरूले मान्यतापूर्ण वि गरेका छौं ।

यसरी, योगवासिष्टसार वैराग्य प्रकरण सम्पूर्ण समाप्त भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखक

मुद्रकः—- आभा छापाखाना, चाबेल फोन नं.: ४७००६७

65.00

Jayatu Sanskritam, Kathmandu, Nepal